दर्शन् पाइ हुनेछ नेत्र सफलै ❀ हाम्रो अवश्यै पनी ।
ऐल्हे ता हरि साथि हेरु सँगमा ❀ लीएर राजा बनी ॥
खेल्दा हुन् बछिया चराइ वनमा ❀ खुब् नाच गाना गरी ।
फिर्लान् फेर् जब यस् तरफ् खुशि भई ❀ दर्शन् दिनेछन् हरी ॥४॥
वंशीको सुनि शब्द सोहि घरिमा ❀ यौटी कुनै सुन्दरी ।
लागी भन्न अहो ! सखी सुन बज्यो ❀ श्रीकृष्ण को बाँसुरी ॥
यो जाबो सखि बाँसको मुरलिमा ❀ यस्तो कउन् गुण् भई ।
पाऊँछे गइ बस्न श्रीप्रभुजि का ❀ कोमल् अधर्मा रही ॥५॥



धन्यै भाग्य रहेछ यस् मुरलिको ❀ मुखमा सदा बास् गरी ।
पाऊँछे हरिको सदा अधरपान् ❀ गर्नै मगन्मा परी ॥
साह्रै हित् गरि श्रीहरि पनि सदा ❀ आफ्ना करैमा धरी ।
राखी बक्सनु हुन्छ प्राण सरि खुब् ❀ जानेर प्रीती गरी ॥६॥
सौता हाम्रि भएर बाँसुरि यहाँ ❀ गर्छे चयन् बेसरी ।
डाहा हुन्छ मलाइ यस् मुरलिको ❀ देखेर सुख् हर् घरी ॥
आर्कीले भनि फेरि हे सखि ! हरी ❀ पीताम्बरै ले जसै ।
पूर्छी वंशि बजाउँछन् अति मधुर् ❀ गायेर राग् फेर् तसै ॥७॥


घौता मानिस यक्ष किन्नर अरू * गन्धर्व दानव् जती ।
आफ्ना पत्निहरू लिएर सँगमा * मोहित भई सब् अती ॥
सुन्छन आइ मधुर् ध्वनी मुरलिको * सारा चित्तान्मा बसी ।
सुन्दा त्यो ध्वनि वंशिको सब भुली * बस्छन् ति प्रेम्मा फँसी ॥८॥

आश्चर्यैं म त मान्दछू भन कउन् * यस्ले गरी तप् यहाँ ।
फेर् कुन् कारणले गरेर वशमा * यस्का भए सब् जना ॥
अर्कीले भनि फेरि हे सखि ! प्रथम् * यस्ले त बाँसै भई ।
राप् ताप् कष्ट अनेक् सही हरि-चरण् * को ध्यानमा लीन् रही ॥९॥

घाम् पानी शित आदि कष्ट सहि नै * यस्ता प्रकार्ले जसै ।
त्यस्ले ध्यान् हरिको गरी र पछि फेर् * टुक्टुक् भई खुब् तसै ॥
तातो अग्नि समान् फलाम् शरिरमा * चर्चर् घसाई लिई ।
फेरी छिद्र अनेक् गराइ जिउमा * सर्वस्व सुम्पी दिई ॥१०॥

यो के कम् भनि ठान्दछौ तप यहाँ * त्यस्कै प्रभाव्ले गरी ।
प्राप्ते त्यस्कन हूनगो सकल फल् * वाञ्छित् यहाँ यस् घरी ॥
यस्ता बात सुनेर अर्कि युवती * फेर् भन्न लागिन् त्यहाँ ।
हाम्रो यो जिव व्यर्थ भैं हुन गयो * तेस्का अगाड़ी महाँ ॥११॥

ब्रह्माले यदि हामि लाइ पहिले * वेणू बनाई यहाँ ।
दिन्थे हामि पनी सदा प्रभुजिका * हुन्थ्यौं सखीभैं यहाँ ॥
राजन् ! यै रितिले हरी जब तलक् * वन्मा रहन्थे गई ।
गर्थे श्री हरिको चरित्र गुण-गान् * सब् गोपिनी खुश् भई ॥१२॥



चित्र सं० (५) चीर - हरण

चीर हरण लीला ( ५२ )

राजन् ! एक् दिन सब् पुजा गरन ती ※ श्री पार्वतीको त्यहाँ ।
पौंचे गोपिनि हेरु स्नान् गरुँ भनी ※ कालिन्दिका तिर् महाँ ।।
नाङ्गा भै सब वस्त्र राखि तिरमा ※ कीर्तन् हरीको गरी ।
जल्भित्रै पसि जल्-विहार गरने ※ लाग्दा भए त्यो घरी ।।१।।

त्यै बीच् श्रीहरिले पनी खुशि भई ※ गै वंशिवट् तिर् महाँ ।
गाई हेरु चराउँदै सब सखा ※ साथ्मा लिई धेर् त्यहाँ ।।
गान् गर्थे सब गोपिनी सुनि अकस्-※ मात् शब्द त्यै श्रीहरी ।
पाल्नूभो र सुरुक्क हेर्न पनि फेर् ※ लाग्नू भयो छक् परी ।।२।।

नाङ्गा भै जलमा पसी जल-विहार् ※ गर्थे ति नारी हरू ।
लाज् शर्म सब त्याग् गरी खुशि भई ※ वर्णन् कहाँ तक् गरूँ ।।
तिन्को यो सब चाल् कुचाल हरिले ※ देखेर आखिर् महाँ ।
मन्मा केहि विचारि झट् गइ हरे ※ वस्त्रादि तिन्को त्यहाँ ।।३।।

धोती-चादर-चोलि-भूषण सबै ※ बाँधेर जम्बा गरे ।
फेरि झट्ट कदम् उपर् चढि ति सब् ※ आफ्ना अगाड़ी धरे ।।
त्यै बिच्मा सब गोपिनी हरु गरी ※ स्नान्, वस्त्र पैह्रौं भनी ।
हेर्दा घाट महाँ न देखि कपड़ा ※ आश्चर्य माने पनी ।।४।।

"यो कस्तो हुनगो अचम्ब अहिले ※ आयो कउन् लौ यहाँ ।
ऐह्ले सब् कपडा थियो यहिं लग्यो ※ आएर कस्ले कहाँ" ।।
यस्तै रित्सित धेर् विकल् भइ तहाँ ※ नारी हरू मन् महाँ ।
लागे गर्न कुरा परस्पर अनेक् ※ चौतर्फि हेर्दै त्यहाँ ।।५।।

यौटी गोपिनिको नजर् कदमको * पौंची गयो रुख् महाँ ।
देखी श्री हरिलाइ वस्त्र हरुको * थुप्रो लिएका त्यहाँ ॥
शिर्मा मोर-मुकुट हात लटकी * वंशी अधर्मा धरी ।
केशर् छाप तिलक् लगाइ बहुतै * सुन्दर् स्वरुप्का हरी ॥६॥

पीताम्बर् पहिरी लिएर कपड़ा * पोको बनाई त्यहाँ ।
हेरी श्री हरि लाइ यस् तवरले * लूकी बसेका वहाँ ॥
लागिन् भन्न ति गोपिनी सखि हरू! * लौ हेर यै रुख् महाँ ।
चुप् चाप् वस्त्र हरेर के छल गरी * शोभायमान् छन् यहाँ ॥७॥

हाम्रा यी मनचोर चीर हरु सब् * चोरी चतूरा भई ।
हाम्रो गर्न फजीति व्यर्थ अहिले * बस्छन् कदम्मा गई ॥
सुन्नासाथ बचन्, यिनै ति सबले * देखे प्रभूजी जसै ।
लाज् मानी बहुतै पसेर जलमा * व्याकुल् भए सब् तसै ॥८॥

लागे गर्न पुकारि बिन्ति हरिका * साम्ने अगाड़ी सरी ।
हात् जोरी अति नम्र भै शिर नुही * कल्पेर हा ! हा ! गरी ॥
हेनाथ् ! कृष्ण ! दयालु ! हामि अबला * माथी दया प्रेम् धरी ।
हाम्रा भूषण वस्त्र बक्सनु हवस् * लज्जा निवारण् गरी ॥९॥

बीन्ती ति नारि हरुको सुनि हाँसि हेरी ।
भन्नू भयो प्रभुजिले पनि नेत्र फेरी ॥
येसै म दिन्न कपड़ा बुझि लेऊ याहाँ ।
निस्केर आउ जलदेखि किनार माहाँ ॥१०॥

जल् देखि बाहिर तिमी हरु निस्कि आऊ ।
एकेक् गरेर कपड़ा लिइ आफ्नु आऊ ॥

यस्ता वचन् सुनि अती भइ क्रुद्ध ताहाँ ।
भन्छन् ति गोपिनिहरू उहि बीच माहाँ ।।११।।

"यस्तो बात भन्यौ कसोरि अहिले * मूर्खै समान्का भई ।
नाङ्गी निस्कि कसोरि लीनु कपड़ा * तिम्रा अगाड़ी गई ।।
डर् लाज् केहि नमानि भन्नु यि कुरा * तिम्ले उचित् हो कहाँ ।
देऊ वस्त्र गरी कृपा रहुँ कती * नाङ्गा भई जल् महाँ ।।१२।।

दिन्नौ वस्त्र भने अवश्य अहिले * हामी हरू छौं जती ।
गर्छौं नालिश कंस का हजुरमा * हूने छ खुब् दुर्गती" ।
यस्ता हप्कि सुनेर गोपि हरुको * श्री कृष्णजीले जसै ।
भन्नू भो अति क्रुद्ध भैकन नजर् * लाल्लाल् गराई तसै ।।१३।।

आउन्नौ जब नाङ्गि भैकन सुन्यौ * जल्देखि निस्की यहाँ ।
क्यै रित्ले पनि दिन्न वस्त्र बुझिल्यौ * यो बात खुब् मन्महाँ ।।
शक्छौ गर्न फिराद् भने गर गई * मान्दीन डर् एक् रती ।
यस्ता बात् हरिका सुनी ति युवती * दुःखित् भए सब् अती ।।१४।।

लागे भन्न फकाइ फेरि सब ती * नारी हरू हे हरी ! ।
नाथ् बाहेक् अरु कस्कहाँ गइ गरौं * फीराद लौं यस् घरी ।।
ईश्वर् मालिक जे भने पनि सबै * हाम्रा हजुर्नै यहाँ ।
हूनू हुन्छ दयालु रक्षक सदा * आपत् विपद्काल् महाँ ।।१५।।

गर्छौं दिन्दिन न्वाहि यो व्रत पनी * प्रेम्मा हजुर्कै परी ।
पाऊँला भनि बस्न लाइ सँगभै * दासी भई हर् घरी ।।
दासी हौं सब हामि हेरु प्रभुको * आज्ञा हवस् जे पनी ।
गर्छौं हामि अवश्य खूशि गरनै * खातीर दासी बनी ।।१६।।

बिन्ती यै रितले ति नारि हरु सब् * गर्दा भएथे जसै ।
आज्ञा गर्नु भयो उसै बखत फेर् * नाथ्ले पनी झट् तसै ॥
मैंमा प्रेम् धरि गर्दछौ ब्रत भने * शंका न ली मन् महाँ ।
निस्की आउ र लाउ आफ्नु कपड़ा * चीन्हेर ऐह्ले यहाँ ॥१७॥

आज्ञा यो सुनि कृष्णचन्द्र प्रभुको * ती गोपिनी त्यै धरी ।
लागे भन्न विचारि आपस महाँ * भन्छन् यहाँ जो हरी ॥
मानौं सोहि हुकुम् भनेर खुशि भै * निस्केर जल्दी गरी ।
पौंचे श्रीहरिका नजिक् शरमले * योनी विषे हात् धरी ॥१८॥

हात्ले योनि छिपाइ यस् तरहले * मस्तक् नुहाई त्यहाँ ।
आएका सब लाइ देखि हरि खूब् * खुशी भए मन् महाँ ॥
भन्छन् फेर् हरि हाँसि हे युवति हो ! * निर्वाङ्ग नाङ्गी भई ।
पस्दा, धेर् जल-देवको गरि लियौ * अप्मान जलमा गई ॥१९॥

सोही कारण सूर्यजी तिर फिरी * सब्ले यसै बिच्महाँ ।
हात् जोरिकन लौ प्रणाम् गर सबै * दोष् नाश होला यहाँ ॥
आज्ञा यो सुनि हात् उठाइ कुचमा * यौटा लुकाए जसै ।
भन्नू भो गर लौ प्रणाम् कर दुवै * जोरेर चाँड़ो यसै ॥२०॥

आज्ञामाफिक त्याग् गरेर सब लाज् * हात् जोरी शिर्मा धरी ।
सूर्यैका तिर फर्कि झट् गरि लिए * सब्ले प्रणाम् त्यै धरी ॥
भन्नू भो हरिले म दिन्छु कपड़ा * आऊ अगाड़ी भनी ।
साम्ने श्रीहरिका गए खुशि भई * हाँस्तै ति गोपी पनी ॥२१॥

सारा भूषण-वस्त्र हेरु हरिले * दीए जसै त्यै धरी ।
पैह्नी वस्त्र ति गोपिनी हरि उपर् * मोहित् भए दड़् परी ॥

वार्बार् सुन्दर श्याममूर्ति हरिको * दर्शन् गरी प्रेमले ।
गद्गद् खूब भए ति गोपिनिहरू * भक्ती सहित् नेमले ।।२२।।

यो देखीकन लाग्नु भो हरि पनी * भन्नै दया ली अती ।
हे प्यारी सखि हो ! म खुश् भइगएँ * चिन्ता न ल्यौ एक् रती ।।
गर्नेछू पछि पूर्ण आश रचि रास् * नीकुञ्ज वन्मा गई ।
आज्ञा यो सुनि सब् प्रणाम् गरि गए* गद्गद् बहूतै भई ।।२३।।

पाल्नू भो प्रभुजी पनी खुशि भई * सब् साथि थीए जहाँ ।
फेर् ती गोप्हरु लाइ साथ लिगए * साम्ने ठुलो वन् महाँ ।।
देखी सब् वन-वृक्ष हेरु कन खुब् * तिन्को बखान् धेर् गरी ।
भन्नू भो हरिले यि वृक्ष हरु सब् * लौ हेर, भाई सरी ।।२४।।

गर्छन् यी उपकार् छहारि दिइ सब्* मानीसका जात्महाँ ।
दिन्छन् सुख् सब प्राणिलाइ यिनिले* भै घोर जंगल् महाँ ।।
यिन्को जन्म लिनू सुफल् छ जड भै* कर्तव्य पाल्छन् यिनी ।
तस्मात् गर्नु भलो छ उत्तम अती * जन्मैर दाता बनी ।।२५।।

## विप्रपत्नी संतोष लीला ( ५३ )

पौंचे श्रीहरि फेर् गएर यमुना * जीका नजिक्मा जसै ।
लौह्रो टेकि खडा भए रुख मनी * आनन्द पूर्वक् तसै ।।
लागे फेर् हरि खेल्न ग्वालहरुका * सङ्मा अनेक् खेल् गरी ।
कुश्ती डन्डिबियो लुकालुक समेत्* गर्दै अगाडी सरी ।।१।।

त्यो बिच्मा सब ग्वालबाल हरुले * भोक्ले विकल् धेर् भई ।
हात् जोरी विनती गरे हरिजिका * साम्नू नजिक्मा गई ।।

भोक्ले व्याकुल खुब् भयौं सब जना* हामी हरू छौं जती ।
खायौं सब् चिज भोक् मरेन किन हो* आश्चर्य मान्छौं अती ।।२।।

यस्तो बिन्ति सुनी ति ग्वालहरूका* मन्मा विचार् 'क्यै गरी ।
भन्नू भो हरिले उ हेर [illegible]मा * देख्छू धुवाँ यस् घरी ।
कंसैका डरले लुकीकन सबै * ब्राह्मण् हरूले त्यहाँ ।
गर्छन् यज्ञ गएर माग सब लौ * भोजन् तिनै सङ् महाँ ।।३।।

मेरो नाम लिई प्रणाम् गरि बहुत* हात् जोरि सामू रही ।
माग्नू भोजन भिक्षुकै सरि तहाँ * नम्रित् बहूतै भई ।।
आज्ञा यो हरिको सुनी उहि बखत्* दौडेर सब् ग्वाल् त्यहाँ ।
पौंचे ब्राह्मणहेरु यज्ञ गरथे * आनन्द पूर्वक् जहाँ ।।४।।

हात् जोरी गइ सामु नम्रित भई * कोमल् वचन् ले गरी ।
भन्छन् ती सब ग्वालबाल् द्विजपते !* हामीहरू यस् घरी ।।
आयौं कृष्णजिले पठाउनु भई * भोक्ले विकल् खुब् बनी ।
भोजन्को चिजबिज् तपाइँसित सब्* मागेर ल्याऊ भनी ।।५।।

तस्मात् भोजन दीनुहोस् गरि कृपा* श्रीकृष्ण खातिर् महाँ ।
होला पुण्य बड़ो विकल् हुन गयौं * भोक्ले सबै जन् यहाँ ।।
यस्ता बात् सुनि ग्वाल-बालहरूको* क्रोध्ले भई चुर् अती ।
लागे भन्न ति विप्रहेरु तिनि सब् * रेछौ बड़ा दूर्मती ।।६।।

माग्छौ भोजन मूर्खझैं 'न भइ लौ * यज्ञै समाप्ती यहाँ ।
दिन्नौं केहि गरे पनी बुझ तिमी * जाऊ फिरी घर् महाँ ।।
होला यज्ञ समाप्ति सोहि घरिमा * शेष् भाग बच्ला जती ।
थूँला बाँडि सबै तिमी कन यहाँ * उच्छिष्ट भोजन् तती' ।।७।।

यस्ता ब्राह्मण हेरुका सुनि वचन् * फेरी ति ग्वाला हरू ।
लागे कल्पि बहुत माग्न विनती * गर्दै तहाँ फेर् अरू ॥
'हे ब्राह्मण् ! घर आउँछन् अतिथि जो* तिन्लाइ आदर् गरी ।
दींदा भोजन मिल्छ फल् अति ठुलो* कोटी गऊदान् सरी' ॥८॥

मागे यै रितले बहुत् तर पनी * ध्यानै न दी क्यै त्यहाँ ।
मुख् फर्काइ ति भन्दछन् द्विजहरू * हेरेर आपस् महाँ ॥
हुन्छन् यी अति नीच मूर्ख बुझिल्यौ* गोपाल हेरू यहाँ ।
माग्छन् भोजन होम् नसिद्धि अहिले* आई अगाड़ी महाँ ॥९॥

यस्ता ब्राह्मण हेरुका सुनि वचन् * लाचार् बहूतै भई ।
एकेक् बिन्ति गरे सुनाइ ति कुरा * श्रीकृष्णका पास् गई ॥
माग्यौं हे हरि ! गै तथापि निजको * इज्जत् अफाल्नू भयो ।
पाएनौं कछु खान लाइ प्रभुजी * सब् आश टूटी गयो ॥१०॥

भन्नूभो हरिले सुनी कन यि बात् * हे भाई हो ! फेर् गई ।
मागी ल्यौ द्विज-पत्निका सँगमहाँ * अत्यन्त खूशी भई ॥
छन् ती सब् द्विज-पत्निहेरु मनका * कोमल् दयालू अती ।
धर्मात्मा हरि-भक्त ज्ञानि चतुरा * जस्को छ सुन्दर् मती ॥११॥

हेर्न्ना साथ् तिमि हेरु लाइ बहुतै * प्रेम् भाव धेरै गरी ।
दीनेछन् खुशि मानि भोजन ति सब्* जाऊ त्यहाँ यै घरी ॥
आज्ञा यो हरिको सुनेर ति सबै * फर्केर फेरी गए ।
ब्राह्मण्-पत्नि हरू थिए सब जहाँ * पोंचेर भन्दा भए ॥१२॥

हे मातर् ! अहिले हरी वन महाँ * व्याकुल् क्षुधाले भई ।
हामी लाइ यहाँ पठाउनु भयो * जाऊ भनी यस् घरी ॥

साग् सग् कछु लीन लाइ छ भने * दीनू हवस् प्रेम् धरी ।
खाने छन् सब साथिले सहित भै * ऐल्हे जगन्नाथ् हरी ।।१३।।

सूने नाम् हरिको जसै ति सबले * अत्यन्त खूशी भई ।
थालीमा पकवान् अनेक् तिसिमका * राखेर सोझै गई ।।
साक्षात् कृष्ण जहाँ थिए उहिं पुगी * टक्रयाइ दर्शन् गरे ।
आफ्नू जन्म सुफल् गराइ ति सबै * आनन्दमा खुब् परे ।।१४।।

तिन्का सब् पति हेरुले उहि बखत् * रोके न जाऊ भनी ।
मानेनन् कछु टेर् नलाइ सब ती * कौने प्रकारले पनी ।।
योटी लाइ हुँदैन जान भनि झट् * तिन्का पतीले त्यहाँ ।
पक्री हात रिसाइ फेर् लगि थुने * राखेर कोठा महाँ ।।१५।।
यो देखी भइ व्याकुलै मन महाँ * श्रीकृष्णको ध्यान् धरी ।
प्राण् त्यागीकन गै मिलिन् प्रभुजिमा * ती ब्राह्मणी त्यै घरी ।।
पूगे फेर् अरु ब्राह्मणी अन्न पक्री * साम्नू हरी का जसै ।
भक्ती ब्राह्मणि को नजर् गरि हरी * खूशी भए खुब् तसै ।।१६।।

हात् जोरी कन ब्राह्मणी हरु तहाँ * हर्षाश्रु मोचन् गरी ।
लागे गर्न स्तुती तसै प्रभुजि को * खुब् भक्ति-रस्मा परी ।।
हे नाथ् ! पूर्ण कृपा बिना हजुरको * पाइन्छ दर्शन् कहाँ ।
पायौं सो करुणा हुँदा प्रभुजिको * जन्मै सुफल् भो यहाँ ।।१७।।

कङ्गाल् ब्राह्मण-पत्नि हौं शरण छौं * साग्पात् जुऱ्यो जो यहाँ ।
ल्याईं हाजिर गर्दियौं हजुर का * साम्ने अगाड़ी महाँ ।।
नाथ्को लायक छैन यो तर पनी * ऐल्हे कृपालू बनी ।
हाम्रो जन्म सुफल् गराइ दिनुहोस् * सब्भैर आए भनी ।।१८।।

नाथ्को क्यै महिमा न जानि पतिले * रोक्थे न जाऊ भनी ।
तिन्का सब् अपराध् क्षमा गरिदिनोस् * हे नाथ् ! दयालू बनी ॥
सूने ब्राह्मणि हरुका प्रभुजिले * यस्तो स्तुती धेर् जसै ।
हाँसी प्रेम् सित भन्नुभो खुशि भई * कोमल् वचन्ले तसै ॥१९॥

कल्याणी हरु हो ! प्रसन्न म भएँ * यो भक्ति देखी अती ।
सेवा खुब् पतिदेव को गरि रहू * होला पछी सद्गती ॥
जाऊ लौ अब धेर बेर् भइ गयो * ब्राह्मण् हरु सब् यहाँ ।
बाटो हेरि रहे हुनन् ति बहुतै * व्याकुल् भई मन्महाँ ॥२०॥

आज्ञा येति सुनेर ब्राह्मणि हरु * भन्छन् ति मोहित् भई ।
आयौं हामि नटेरि तिन्कन यहाँ * के गनु फेरी गई ! ॥
ऐहे राखिलिनोस् प्रभो ! गरि कृपा * आफ्ने चरण्-तल् महाँ ।
आज्ञा भो सुनि कृष्णबाट उ बखत् * सम्झाइ यो बात् त्यहाँ ॥२१॥

तिम्रा स्वामिहरु सबै अब उपर् * मेरा कृपाले गरी ।
राख्नन् प्रीति ठुलो तिमीहरु महाँ * जानन् पछी ती तरी ॥
आज्ञा येति भयो जसै प्रभुजिको * ती विप्र - पत्नी अनी ।
फर्कें खुशी भएर भक्ति हरिको * राखेर धन्यै बनी ॥२२॥

हूँदा श्रीहरिको कृपा मति फिर्‍यो * ती विप्रको त्यै घरी ।
लागे फेर् पछितो ति गर्न मनमा * चिन्ता बहूतै गरी ॥
हेनाथ् ! आज नजानि काम् गरिलियौं * पाऊँ क्षमा त्यो भनी ।
सम्झी श्रीहरिलाइ सब् ति मनमा * लागे पुकार्नै पनी ॥२३॥

यस्तै धेर स्तुती ति विप्रहरुले * नाथ्को गरे मन् महाँ ।
खुश् भे ज्ञान प्रकाश गर्दिनु भयो * श्रीकृष्णले तिन् महाँ ॥

नाथ्को क्यै महिमा न जानि पतिले * रोक्थे न जाऊ भनी ।
तिन्का सब् अपराध् क्षमा गरिदिनोस् * हे नाथ् ! दयालू बनी ॥
सूने ब्राह्मणि हेरुका प्रभुजिले * यस्तो स्तुती धेर् जसै ।
हाँसी प्रेम् सित भन्नुभो खुशि भई * कोमल् वचन्ले तसै ॥१८॥

कल्याणी हरु हो ! प्रसन्न म भएँ * यो भक्ति देखी अती ।
सेवा खुब् पतिदेव को गरि रहू * होला पछी सद्गती ॥
जाऊ लौ अब धेर बेर् भइ गयो * ब्राह्मण् हरू सब् यहाँ ।
बाटो हेरि रहे हुनन् ति बहुतै * व्याकुल् भई मन्महाँ ॥२०॥

आज्ञा येति सुनेर ब्राह्मणि हरू * भन्छन् ति मोहित् भई ।
आयौं हामि नटेरि तिन्कन यहाँ * के गर्नु फेरी गई ! ॥
ऐले राखिलिनोस् प्रभो ! गरि कृपा * आफ्नै चरण्-तल् महाँ ।
आज्ञा भो सुनि कृष्णबाट उ बखत् * सम्झाइ यो बात् त्यहाँ ॥२१॥

तिम्रा स्वामिहरू सबै अब उपर् * मेरा कृपाले गरी ।
राख्नन् प्रीति ठुलो तिमीहरु महाँ * जानन् पछी ती तरी ॥
आज्ञा येति भयो जसै प्रभुजिको * ती विप्र-पत्नी अनी ।
फर्के खुशी भएर भक्ति हरिको * राखेर धन्यै बनी ॥२२॥

हूँदा श्रीहरिको कृपा मति फिर्‍यो * ती विप्रको त्यै घरी ।
लागे फेर् पछितो ति गर्न मनमा * चिन्ता बहूतै गरी ॥
हेनाथ् ! आज नजानि काम् गरिलियौं * पाऊँ क्षमा त्यो भनी ।
सम्झी श्रीहरिलाइ सब् ति मनमा * लागे पुकार्नैं पनी ॥२३॥

यस्तै धेर स्तुती ति विप्रहरुले * नाथ्को गरे मन् महाँ ।
खुश् भै ज्ञान प्रकाश गर्दिनु भयो * श्रीकृष्णले तिन् महाँ ॥

जस्की पत्नि मरिन् ति विप्र हरिका * गै लत्रि पाऊ परे ।
नाथ्को पूर्ण कृपा भयो र सहजै * संसार सागर् तरे ॥२४॥

—:❀:—

गोवर्धन गिरि पूजन लीला ( ५४ )

हे राजन्! अब फेर् म भन्छु हरिले * जस्ता प्रकार्ले गरी ।
इन्द्रै को सब गर्व चूर् गरि दिए * नङ्माथि पर्वत् धरी ॥
कार्तिक् कृष्ण चतुर्दशी तिथिमहाँ * सम्पूर्ण जम्बा भई ।
गर्थे पूजन इन्द्रको ब्रजकुमार् * नारीहरू सब् मिली ॥१॥

न्वाही ध्वाइ पवित्र भै फल-फुलै * धूप् दीप माला धरी ।
रङ्रङ्का पकवान् लगाइकन भोग् * आनन्द मङ्गल् गरी ॥
गर्थे उत्सव भारि वर्ष भरिमा * एक् दिन् उसै बिच्मिहाँ ।
आयो त्यै शुभ पर्व घर्घर भयो * उत्सव् बहूतै त्यहाँ ॥२॥

पूजाको सरजाम् उसै बखत सब् * श्री नन्दजी ले पनी ।
ठिक्ठाक् पारिलिए खुशी भइ बहुत् * पूजा गरौं लौ भनी ॥
त्यै बिच्मा तहिं पाल्नुभै जननिको * साम् अगाड़ी गई ।
भन्नू भो यहि बात श्री हरिजिले * अत्यन्त नम्रित् भई ॥३॥

हे मातर्! घर-घर् म देख्दछु ठुलो * उत्सव् भएको यहाँ ।
यस्को कारण हो कउन् कहनु होस् * मेरा अगाड़ी महाँ ॥
यस्तो प्रश्न ति कृष्णको यसुमती * जीले सुनीथिन् जसै ।
बाबू! फुर्सत छैन जाउ भनि फेर् * भन्दी भइन् यो तसै ॥४॥

जाऊ शोध पिताजिथ्यैं सकल हाल् * येती भनीथिन् जसै ।
पाल्नू भो हरि नन्दका नजिकमा * शोध्नू भयो यो तसै ॥

भन्नूहोस पिताजि ! कीन सरजाम् * जम्मा भए यी सबै ।
यस्तो उत्सव व्रज्महाँ अझतलक् * देखीनथें लौ कबै ॥५॥

भन्छन् नन्दजि सूनि प्रश्न हरिको * यस्ता प्रकार्को त्यहाँ ।
हे नानी ! सब हामि पूजन मिली * वर्षेनि गै वन्महाँ ॥
गर्छौं इन्द्रजिको हुँदा तिनि खुशी * वर्षन्छ पानी पनी ।
फल्छन् फल्फुल धान पात-तृण सब् * शोभित् बहूतै बनी ॥६॥

गर्छन् खूब् उपकार इन्द्र सबको * येती भनेथे जसै ।
लाग्नूभो हरि भन्न बात् सुनि पिता * जीका अगाड़ी तसै ॥
बाबा ! पूजन गर्नु यो सब वृथा * हो इन्द्रको एक् रती ।
यस्ले क्यै फल पाइँदैन भनि यो * सम्झाऊँ मैले कती ॥७॥

भुक्ती मुक्ती दिने सबैकन जउन् * छैनन् कि कोनै यहाँ ?
वर् देलान् कसरी यि इन्द्र विचरा * सोच्नोस् यही मन् महाँ ।
पाए आसन इन्द्रको फगत तप् * यज्ञादि धेरै गरी ।
सक्थे यि हुनलौ कसोरि जगका * मालिक् रमानाथ् हरी ॥८॥

यिन्मा केहि समर्थ छैन सब फल् * भाग्यै विना क्वै पनी ।
पाऊँदैन तसर्थ भाग्य छ प्रधान् * जान्नू उचित् हो भनी ॥
आठ् मैन्हा जल शोषि सूर्य भगवान् * फेर् चार मैन्हाभरी ।
वर्षाई जल अन्न फल्-फुलहरू * दिन्छन् सबै ताप् हरी ॥९॥

ब्राह्मण् क्षत्रिय वैश्य शूद्र विधिले * चार् वर्ण सृष्टी गरी ।
तिन्का माफिक कर्म चार् पनि दिए * मन्मा ठुलो प्रेम् धरी ॥
अर्थात् ब्राह्मण वेद् पढुन् र सबको * क्षत्रीय रक्षा गरुन् ।
खेती बन्द बेपार वैश्य ति गरुन् * शूद्रै टहल्मा रहुन् ॥१०॥

तस्मात् गौ बढ़ि धेर् पिताजि हुनगो * गोकुल् नगर् यो यहाँ ।
सोही कारण गोप नाम् परि गयो * हाम्रो पनी ब्रज् महाँ ॥
हाम्रो हो यहि कर्म खेति गरनू * फेर् विप्र गौको पनी ।
गर्नू योग्य टहल् सदा हित गरी * हुन् पूज्य हाम्रा भनी ॥११॥



जो प्राणी कुलधर्म आफ्नु सहजै * त्यागेर दोस्रो धरम् ।
लिन्छन् उत्तम ठानि भूल् गरदछन् * हुन् जन्मका ती अधम् ॥
तस्मात् पूजन इन्द्रको अब उपर् * छोड़ेर शुद्धै भई ।
पूजा गर्नु हवस् मिलेर गिरिको * लौ प्रेमपूर्वक् गई ॥१२॥

हुन् हाम्रा कुलदेव मालिक पिता * साक्षात् रमानाथ् हरी ।
यी गोवर्धन हुन् गिरी अधिपती * हाम्रा यही ब्रज् भरी ॥
यस्ता बात् हरिका सुनी सब जना * आनन्दमा खुब् परे ।
त्यागी इन्द्रपुजा गिरीकन पुजा * गर्नै विचार् ठिक् गरे ॥१३॥

यै ठीक् गरेर गहना कपड़ा लगाई ।
मीलेर सब् मधुर स्वर् सित गीत गाई ॥
खूबै सुशोभित भई सब गोप-नारी ।
एकत्र भै कन हिंड़े सब मोह पारी ॥१४॥

मिलिकन सब ग्वाला, नारिहेरू जसैता ।
पुजन भनि गिरि थ्यैं, जान लागे तसैता ॥
रचिकन सब सर्जाम्, खीर पक्वान्न आदी ।
खुशि भइकन निस्के, गाड़िमा माल लादी ॥१५॥

यै रित्ले सब ठिक् गरी सब जना * पौंचे जसै वन् महाँ ।
पूजा धेर् गिरिको गरे खुशि भई * वेद्का विधीले त्यहाँ ॥
पूजाको जब भो समाप्ति हरिले * सब् लाइ सूचन् गरी ।
भन्नूभो सब चिम्ल नेत्र, गिरिको * मन्मा ठुलो ध्यान् धरी ॥१६॥

खानेछन् गिरि आइ भोजन सबै * दर्शन् पनी त्यै घरी ।
दीनेछन् बुझिल्यौ अवश्य सबको * दुःख् ताप बाधा हरी ॥
आज्ञा यो हरिको सुनेर यसुदा * नन्दादि ग्वाला हरू ।
लागे गर्न ति ध्यान चिम्लि नयनै * शंका नली क्यै अरू ॥१७॥

त्यै बिच्मा हरिले स्वयं अति ठुलो * आर्को स्वरुप् ठिक् गरी ।
वन्माला उरमा, मुकुट् छ शिरमा * कम्बर् पिताम्बर धरी ॥
यस्तो सुन्दर रूप् धरी प्रकट फेर् * हूनू भएथ्यो जसै ।
देखी आफ्नु स्वरूप लाइ हरिले * भन्नू भयो झट् तसै ॥१८॥

हे भाई हरु हो ! नजर् गर सबै * जस्को स्वरूप्को यहाँ ।
गर्थ्यौं ध्यान उनै गिरि प्रभुजिले * तिम्रा अगाड़ी महाँ ॥
दर्शन् दीनु भयो प्रकट् भइ यहाँ * ऐहले नमस्कार् गरी ।
आफ्नू जन्म सुफल् गराउ तिमिले * शंका मनैको हरी ॥१९॥

देखा देखि प्रणाम् गरे सकलले * खूशी भई मन् महाँ ।
लागे भन्न यसोरि इन्द्र कहिले * दिन्थे ति दर्शन् यहाँ ॥

यस्ता दिव्य प्रत्यक्ष देव गिरिराज् * लाई वृथा त्याग् गरी ।
गर्थ्यौं पूजन इन्द्रको सब जना * दुनु मूर्खै सरी ॥२०॥

गर्थे बात परस्परै सब जना * यस्तै प्रकार्ले जसै ।
भन्नू भो हरिले चढाउ सब चिज् * नैवेद् भनी फेर् तसै ॥
आज्ञा येति सुनी उसै बखत सब् * नैवेद्य मेवा हरू ।
टक्र्याए सबले गिरी कन तहाँ * भोजन् अनेक् धेर् अरू ।२१।

साक्षात् श्रीहरि नाथ मूर्ति गिरिको * धारण् गरी प्रेमले ।
लागे खान समस्त षड्रस प्रकार् * व्यञ्जन् हरू नेमले ॥
भोजन् यै रितले गरेर हरिको * मूर्ती गिरी बिच्महाँ ।
अन्तर्ध्यान भई गयो उहि बखत् * सब्का अगाडीमहाँ ॥२२॥

सब्लाई लिइ साथ् गिरीवरजिको * घूमी परिक्रम् गरी ।
वृन्दावन् तिर पाल्नुभो फिरि पछी * हर्षित् भई श्रीहरी ॥
क्याबात् धन्य प्रभू हरी ! भनि सबै * राधादि नारी त्यहाँ ।
लागे गर्न प्रभूजिको स्तुति बहुत् * खूशी भई मन्महाँ ॥२३॥

श्री कृष्ण व्रज रक्षण लीला ( ५५ )

राजन् इन्द्रजिले सुने जब ठुलो * मेरो अनादर् गरी ।
पूजे पर्वत लाइ गै सकल ग्वाल् * नन्दादिले यस् घरी ॥
साह्रै क्रुद्ध भएर भन्न सुरराज् * लागे अनी फेर् त्यहाँ ।
साह्रै गर्व भएछ यी व्रजकुमार् * लाई अधिक् मन्महाँ ॥१॥

हे ग्वौताहरूहो ! मदेखि गिरि त्यो * ठुलो ठुलो भो अरे !
सोही कारण क्यै न टेरि म कनै * त्यस् लाइ पूजा गरे ॥

ठूलो भन्नु रहेछ कुन् अब बुझुन् * गोपाल हेरू त्यहाँ ।
अर्तीदायक कृष्णको म अभिमान् * तोड्नेछु छोड्छू कहाँ ॥२॥

यस्तै रित्सैंग गर्जि उफ्रि बहुतै * मेघ्लाइ डाकी अनी ।
आज्ञा इन्द्रजिले दिए 'व्रज उपर् * बर्साउ जल्' गै भनी ॥
आँधी पानि हुरी चलोस् प्रलय झैं * ऐह्ले बड़ो बेग् गरी ।
आज्ञा पाइ उसै बखत् चलि गए * ती मेघ हावा हुरी ॥३॥

लाग्यो चल्न हुरी धुलो उड़ि दिशा * दश्मा अँध्यारो भयो ।
मेघ्को गर्जन फेर् सुनी सकलको * सातो हराई गयो ॥
चम्की घेर् बिजुली अघोर् शब्दले * ठिक् अन्त्यकाल्कै सरी ।
लागे रुख्हरु टुट्न वायु चलि खुब् * ठूलै प्रबल् वेग् गरी ॥४॥

लाग्यो वर्षन जल् लिएर असिना * झम्-झम् गरी बेसरी ।
हाहाकार् हुनगो जलै जल भयो * सर्वत्र गोकुल् भरी ॥
त्यो देखी भय मानि कम्पित भई * नन्दादि गोपाल् त्यहाँ ।
दौड़े कृष्ण, बचाउ लौ अब भनी * श्रीकृष्ण थीए जहाँ ॥५॥

देखी श्रीहरिले भयातुर ति सब् * लाई कृपाले गरी ।
भन्नू भो तिमिहेरु क्यै मन महाँ * चिन्ता नल्यौ यस् घरी ॥
जाऊँ लौ गिरिराज रक्षण गरी * लिन्छन् अवश्यै यहाँ ।
येती बात् सुनि झट् गए हरि सबै * लाई लिई सङ् महाँ ॥६॥

झट् पौंची गिरिराजका नगिचका * बायाँ करैले गरी ।
पक्री पर्वत त्यो उठाउनु भयो * कान्छी अँगूली धरी ॥
छाताझैं गरि पानि ओति हरि झट् * हूनू खड़ा भो जसै ।
त्यस्कै भित्र गई बसे सब जना * वर्षा बचाई तसै ॥७॥

बारम्बार् हरि लाइ हेरि मुखमा * आश्चर्य मानी त्यहाँ ।
लागे भन्न यि बात नन्द यसुदा * गोपाल आपस् महाँ ।।
हून् यी कोहि अनादि-देव व्रजमा * श्रीकृष्ण औतार् धरी ।
आए रक्षण गर्न लाइ सबको * साक्षात् रमानाथ् हरी ।।८।।

हुन्थे यि मानिस्, कसरी मुरारी ।
हे भाइ ! पर्वत्, नङ बीच धारी ।।
लीए कृपा ली, व्रज यो बचाई ।
हाम्रा उपर् प्रेम्, अधिकै जनाई ।।९।।

यस्तै रित्सित इन्द्रले मन महाँ * अत्यन्त क्रुद्धै भई ।
वर्षाए जल वृष्टि खुब् सित अघोर् * सातदिन् तलक् थिर् रही।।
सारा जल् जति हो महाँ प्रलयको * वर्षाउँदा मा पनी ।
एक् थोपो जलको परेन व्रजमा * लाचार् भए मेघ् अनी।।१०।

यस्तो अद्भुत कर्म देखि हरिको * ताहीं चकित् झैं बनी ।
ध्यान् बाँधीकन इन्द्रले बुझिलिए * मालिक् हरी हुन् भनी ।।
लागे भन्न ति फेरि मन्मन हरी * आदी पुरुष्ले यहाँ ।
औतार् धारण लौ गरे बुझि लिएँ * व्रज्-भूमिका बिच्महाँ ।।११।।

यस्तै रित्सित सोचि सम्झि मनमा * साह्रै पछूतो गरी ।
सब् मेघ् बादल साथ ली चलि गए * श्री इन्द्रजी त्यै घरी ।।
याहाँ सब् व्रजवासि हेरु मनमा * शङ्का बहूतै परी ।
भन्थे पर्वत लाइ थाम्न न शकी * छोड्लान्कि लौ श्रीहरी ।।१२।

मन्को बात् सबको बुझेर हरिले * झन् एक हात्ले त्यहाँ ।
लागे वन्शि बजाउनै सुनि सबै * मोहित् भए मन् महाँ ।।

त्यै बिच्मा सब मेघ् हटी हुन गयो * दिव्यै प्रकाश् दिन्सरी ।
त्यो देखी ब्रजवासि हेरु सब खुश् * हूँदा भए दङ् परी ॥१३॥

सब्ले झट् जयकार् गरेर हरिको * साक्षात् प्रभू हुन् भनी ।
विश्वास् मानि गई परे चरणमा * लम्रेर नम्रित् बनी ॥
राख्नूभो गिरिलाइ ताहिं हरिले * पैह्ले समान्को गरी ।
फिर्नू भो सब लाइ ली सँग महाँ * त्रैलोक्यका नाथ् हरी।१४।

श्री कृष्ण-चरित्र वर्णन लीला ( ५६ )

राजन् ! जसै श्री हरीले सँभारी ।
नख् देखि लीए, गिरि झट् उतारी ॥
देखी हरीको, त विचित्र कर्म ।
लागे ति गोपाल् हरि-गान गर्न ॥१॥

भन्छन् ति फेरी सब गोप ताहाँ ।
जस्को अपार् शक्ति भएर याहाँ ॥
यो अन्त्य काल् बाट सहज् बचाई ।
लीए सबै यी ब्रजवासि लाई ॥२॥

यस्ता दिव्य पुरूष लाइ कसरी * हुन् नन्दका सुत् भनी ।
भन्नू लौ, यि त हुन् अनादि भगवान्* मानिस् सरीका बनी ॥
मारे धेनुक फेर् प्रलम्ब कन गै * क्यै डर् न मानी रती ।
दावाग्नी अनि फेरि पान् गरिलिए * वर्णन् गरौं धेर् कती ॥३॥

भन्थे गर्ग मुनी कुनै समयमा * भारी तपस्या गरी ।
खुशी श्रीहरिलाइ नन्द-यसुदा * जीले गरे त्यस् घरी ॥

सोही कारण पुत्र भै प्रभुजिले * श्रीनन्दका घर् महाँ।
आई जन्म लिए अनेक् किसिमका * गर्छन् यि लीला यहाँ ॥४॥

यस्तै रित्सित धेर् गरेर हरिको * गुण्-गान सामू गई।
लागे सोध्न गरेर प्रेम् अति ठुलो * मोहित् बहूतै भई ॥
हे नाथ्! यी अति कोमलै कर-महाँ * कस्ता प्रकार्ले धरी।
थाम्यौ यो अति भारि पर्वत यहाँ * ठूलो परिश्रम् गरी ॥५॥

फेरी श्रीहरिलाइ प्रेम् सित धरी * काख्माथि राखी त्यहाँ।
लागे चुम्बन गर्न नन्द-यसुदा * गद् गद् भई मन् महाँ ॥
पश्चात् श्रीहरिको मुसारिकन गाथ् * माईजिले कर् धरी।
भन्नूभो "अति दुख् गर्‍यौ कति दुख्यो * होलानि हात् हे हरी! ॥६॥

सात् दिन् सम्म गिरी उठाइ करमा * बाबू! तिमीले लियौ।
धन्यै हौ प्रिय पुत्र प्राण सबको * तिम्ले बचाई दियौ" ॥
त्यै बिच्मा सब गोपिनी हरु मिली * माईजिका पास् गई।
लागे भन्न तहाँ गरेर सहनी * श्रीकृष्णको खुश् भई ॥७॥

हे माई! ब्रजका यि रक्षक हरी * तिम्रा कुमार् हुन् जउन्।
यस्तै रित्सित दुख् हरेर सबको * सब् दिन् चिरायू रहुन्!!
मारे दानव दैत्य धेर् कति भनौं * साह्रै दयालू भई।
रक्षा सब् ब्रजवासिको गरि लिए * ठाम् ठाम् महाँ यी गई ॥८॥

यस्ता बात् सुनि गोपिनी सकलको * भन्छिन् यशोदा अनी।
साँचै हो सुनि गर्गजी पनि यि बात् * भन्थे यि ईश्वर् भनी ॥
यस्तै रित्सँग बात् गरेर सबले * श्रीकृष्ण लाई जसै।
जाने ईश्वर हुन् भनी अनि गरे * पूजा विधान्ले तसै ॥९॥

## इन्द्रकृत श्रीकृष्ण-स्तुति वर्णन लीला (५७)

राजन् ! इन्द्रजिले हरीकन जसै * ईश्वर् भनी मन् महाँ ।
चीन्हे, टूटि सबै घमण्ड बहुतै * सोच् गर्न लागे त्यहाँ ॥
मैले श्रीहरिको न जानि महिमा * ठूलो अनादर् गरेँ ।
तेसैको फल पाइ खूब अहिले * अफ्सोसमा लौ परेँ ॥१॥

जान्छू पर्न प्रभूजिका शरणमा * मन्मा विचार् यो गरी ।
आए इन्द्रजि कामधेनु ऋषिगण् * थोता हरू सङ् धरी ॥
सब् ग्वाला सँगमा लिई हरि पनि * वंशी बजाई जहाँ ।
खुश् भै गाइ चराउँथे गरि अनेक् * लीला गरी वन् महाँ ॥२॥

ताहीं गे हरिका परी चरणमा * नम्रित् बहूतै भई ।
हात् जोरी स्तुति गर्न इन्द्रजि अनी * लागे अगाड़ी गई ॥
हे नाथ् ! हे कमलापते ! गरि दया * त्रैलोक्यका नाथ् हरी ।
गर्नू हुन्छ लिला अनेक हजुरै * औतार नाना धरी ॥३॥

मूढ़ो म हूँ मन महाँ, लिइ गर्व भारी ।
नाथ्को न केहि महिमा, मनमा विचारी ॥
ऐश्वर्यको मद महाँ, भुलि नाथ ! एल्हे ।
ठूलो गरेँ प्रभुजिको, अपमान मैले ॥४॥

ठूला ठुला मुनिहरू, पनि नाथ लाई ।
गर्छन् पुकार मनमा, दृढ ध्यान लाई ॥
पार् तै पनी ति रति भर्, प्रभुको न पाई ।
बस्छन् फँसी विषय सुख्, तिर मन् लगाई ॥५॥

ब्रह्मादि रुद्र प्रभुकै, बसि ध्यान धर्छन् ।
नाथ्को कृपा बनि रहोस्, भनि पाउ पर्छन् ॥
दुष्टादि दैत्य हरुले, जब प्राणि माहाँ ।
गर्छन् उपाधि बहुतै, हरि आई ताहाँ ॥६॥

औतार् धरी पृथिविको सब भार् उतारी ।
सुख् दीनु हुन्छ करुणा, उर बीच धारी ॥
यस्ता अनन्त प्रभुका, अब पाउ पर्छू ।
पाऊँ क्षमा कसुर भो, भनि बिन्ति गर्छू ॥७॥

यस्तै रिसित धेर् पुकार् गरि तहाँ* नम्रित भएथे जसै ।
स्तुती इन्द्रजिको सुनेर खुशि भै * भन्छन् हरी फेर् तसै ॥
हे वासव् ! लिइ कामधेनु सँगमा * आयौ तिमी यस् घरी ।
फेरी शुद्ध मती भईकन गर्‍यौ * स्तूती पनी बेसरी ॥८॥

यस् कारण् म खुशी भएँ तिमि उपर्* माफ् दिन्छु लौ दोष् सबै ।
जाऊ निर्भय भै रहू अब उपर् * शेखी न गर्नू कबै ॥
यस्तो निर्भय वाणि श्री प्रभुजिको * मुख् देखि सूने जसै ।
पूजा झट् हरिको गरे विधि सहित् * ती इन्द्रजीले तसै ॥९॥

भक्ती-सहित् गरि पूजा, हरिको ति ताहाँ ।
घूमी परिक्रम गरी, परि पाउ माहाँ ॥
गोविन्द ! नाम् धरि हरी, गुण गान गाई ।
जाँदा भए सुरपती, सुरपुर् रमाई ॥१०॥

सोही बखत् सब मिली, कन देवताले ।
फूल् वृष्टि गर्न खुशि भै, नभ देखि थाले ॥

सब् अप्सरा हरु गई, कन नाच्न लागे ।
गन्धर्व हेरु पनि गान्, बसि गर्न थाले ॥११॥

बीदा भई जब फिरे सब देव ताहाँ ।
फर्के लिएर गउ सब्, हरि साथ माहाँ ॥
यस्लाइ जो मन लगा-, यर पाठ गर्लान् ।
ऐश्वर्य पाइ पछि तौ, भव पार तर्लान् ॥१२॥

---

नन्द वरुणलोक गमन र वैकुण्ठ दर्शन लीला ( ५८ )

राजन् ! एक् दिन नन्दजी व्रत बसी ❀ एकादशीको त्यहाँ ।
प्रातःकाल् उठि स्नान् गरूँ भनि गए ❀ कालिन्दिका तिर् महाँ ॥
सब् ग्वाला मिलि नन्दजी जल महाँ ❀ स्नान् गर्न लागे जसै ।
थीए चर् हरु ताहिं जल् बिच वरुण् ❀ जीका पनी घेर् तसै ॥१॥

आयो कौन पुरुष रात्रि बिचमा ❀ स्नान् गर्नलाई भनी ।
झट् काँध्मा धरि नन्दलाइ दगुरे ❀ बोकेर तत्काल् अनी ॥
लागे नन्दजिलाइ खोज्न कन फेर् ❀ खल्बल् गरी सब् त्यहाँ ।
पत्ता क्यै गरि खोजदा पनि कहीं ❀ लागेन सब् ठाम् महाँ ॥२॥

लागिन् रून यशोमती पनि बहुत ❀ दिक्दार् भए सब् जसै ।
देखी व्याकुल माइ लाइ हरिले ❀ भन्नू भयो यो तसै ॥
चिंता केहि नगर्नु होस् म अहिल्यै ❀ बाबा जहाँ छन् गई ।
खोजी ल्याउँछु येति बात् भनि विचार् ❀ गर्दा भए थिर् भई ॥३॥

बुझ्नू भो हरिले जसै सकल भेद् ❀ सोही बखत् झट् गरी ।
पाल्नू भो जल-मार्गले वरुणलोक् ❀ श्री राधिका-नाथ् हरी ॥

देखे कृष्णजिलाइ श्री वरुणले * आफ्ना समीप्मा जसै ।
पाऊमा परि बिन्ति झट् गरि लिए * आनन्द मानी तसै ॥४॥

दर्शन् पाउँ हजूरको भनि प्रभो ! * मन्सूब मैले धरी ।
राखेको छु पिताजिलाइ लिनुहोस् * सारा कसुर् माफ् गरी ॥
पाएँ दर्शन नाथको सुफल भो * मेरो जनम् यो पनी ।
दास् माथी करुणा रहोस् प्रभुजिको * सेवक् सदाको भनी ॥५॥

यै रित्ले अति नम्र भै वरुणले * आदर् बहूतै गरी ।
सिंहासन् बिच ल्याइ राखि खुशि भै * बिन्ती गरे प्रेम् धरी ॥
नाना रत्न चढाइ भेटि बहुतै * पूजा गरेथे जसै ।
खूशी भै हरिले पनी वरुणको * खातिर् गरे धेर् तसै ॥६॥

प्रेम् पूर्वक् लिइ नन्दलाइ सँगमा * फिर्नू भयो त्यै घरी ।
देखी नन्दजिलाइ गोपहरु सब् * चाँडै अगाडी सरी ॥
लागे सोध्न 'बताउनोस् सब हवाल्' * भन्दै अती खुश् भई ।
विस्तार् नन्दजिले पनी सब गरे * वृत्तान्त सारा कही ॥७॥

विस्तार् सब् सुनि छक् परी सकलले * तारिफ् हरीको गरे ।
क्या बात् धन्य हरी भनी ति सबले * पाऊ विषे शिर् धरे ॥
लागे फेरि परस्परै ति सब ग्वाल् * यो बात गर्नै पनी ।
त्यस्तै लोक् कहिं देख्न हामिहरुले * पाए हुँदो हो भनी ॥८॥

भन्छन् फेर् हरिलाइ हे प्रिय हरी ! * हाम्लाइ नाथ्ले यहाँ ।
धेर् दिन् देखि भुलाइ राखि लिनुभो * मायाकि बन्धन् महाँ ॥
पायौं भेद् अब नाथको सब जगत् * कर्ता र भर्ता पनी ।
आफैं एक् भइ बक्सिइन्छ सबमा * आत्मा-स्वरूपी बनी ॥९॥

तस्मात् आफ्नु अमरपुरी अति असल् * बैकुण्ठ-लोक्को यहाँ ।
दर्शन् बक्सनु होस् छ यै अति ठुलो * इच्छा प्रभो ! मन् महाँ ।।
यस्तो बिन्ति सुने ति गोपहरुको * श्री कृष्णजीले जसै ।
पल्भर्मा रचि ताहिं दर्शन दिए * बैकुण्ठ-लोक्को तसै ।।१०।।

देखी श्री हरिको प्रभाव महिमा * जानेर झट् त्यै घरी ।
लागे गर्न स्तुती मिली कन सबै * आनन्दमा खुब् परी ।।
माया आफ्नु उसै बखत् प्रभुजिले * सम्पूर्ण खैंची लिए ।
सारा ज्ञान् भुलि त्यै घरी ति सबले * मायातरफ् मन् दिए।।११।।

राास क्रीडारम्भ लीला ( ५९ )

राजन् ! गोपिनिका अघी हरिजिले * हर्दा महाँ चिर् जसै ।
दिल् तिम्रो भरुँला कुनै दिन भनी * मर्जी भएथ्यो तसै ।।
त्यै दिन् देखि ति गोपिनीहरु सबै * तन्-मन् हरीमा दिई ।
आऊला कब दिन् भनेर मनले * गर्थे पुकार् यै लिई ।।१।।

आयो कार्तिक पूर्णिमा हरिजिले * त्यो बात संझी त्यहाँ ।
गर्छु सोहि वचन् म पूर्ण भनि झट् * आँटी लिए मन् महाँ ।।
पैह्नी मोर मुकुट् र कुण्डल असल् * शोभित् बहुतै भई ।
उज्ज्वल् चाँदनि रातका बिच महाँ * श्रीकृष्ण वन्मा पुगी ।।२।।

डाक्नू मोहित पारि गोपिनि हरू * भन्ने विचारी त्यहाँ ।
थाल्नू भो हरिले बजाउन मधुर् * स्वर् राग वंशी महाँ ।।
कस्तो सुन्दर त्यो मधुर् स्वर थियो * खैंचेर तन्-मन् लिने ।
मानू मन्त्र फुकेर छिन् घरि महाँ * मुर्दा जियाई दिने ।।३।।

सुनी मधुर् मुरलिको, प्रिय स्वर् जसैता ।
मोहित् भए अधिक, गोपिनिगण् तसैता ॥
जागी मदन् विरहको, फिर चित्त माहाँ ।
दौड़े शरम् न लि हरी, कुञ्जकुञ्ज जाहाँ ॥४॥

क्वै गोपिनी चुह्लि उपर् सब दुध् उमाली ।
छोड़ेर हतपत उसै, सब काम् अफाली ॥
उल्टो पहीरि कन चोलि, लगाइ सारी ।
शृङ्गार भूषण सबै, अलपत्र पारी ॥५॥

क्वै एक नेत्र बिच गाजल झट् लतारी ।
क्वै ठेकि दूध दुहिका, जिम्मिमा बजारी ॥
क्वै काखमा बसि पती, सित ओठ् मिलाई ।
गर्यौं ति हाँसि कन चुम्बन, झट् छुटाई ॥६॥

क्वै केश बन्धन फुकेर, फिंजारिएका ।
क्वै चोलि ली कर महाँ, पटुका फुकेका ॥
यस्तै हिसाब् सित विहोस्, भइ हड्बड़ाई ।
राधादि गोपिनि हरू, अधिकै रमाई ॥७॥

निस्केर दौड़ि हरिका, गइ साम्नु माहाँ ।
स्थिर् भै रहे विकल मन्, सित हाँसि ताहाँ ॥
तिन्लाइ देखि हरिले पनि हाँसि हेरी ।
मीठो अवाज् गरि दिए, न लगाइ देरी ॥८॥

आज्ञा गर्नु भयो अनी प्रभुजिले * इच्छा छ कस्तो यहाँ ।
आयौ कुन् सुर ली बताउ मकनै * घर् छाड़ि रात्री महाँ ॥

प्यारी हे सखि! यो बताउ परिगो * कुन् काम पर्‍यो मनी ।
सोध्नूभो हरिले जसै ति युवती * मञ्छन् विकल् मन् गरी॥८॥

वंशीले मन चोरि हामि सबको * यो हाल् बनाई यहाँ ।
फेर् निष्ठुर् झहँ बात यो प्रभुजिले * भन्नू उचित् हो कहाँ ॥
हाम्रो तन्मन सब् हरेर अहिले * फेरी कठोर् यो वचन् ।
भन्नू हुन्छ रुखो भई कन हरी! * हेरेर तेसो नयन् ॥१०॥

यस्ता गोपिनिका सुनीकन वचन् * फेरी हरीले त्यहाँ ।
भन्नूभो सुन, नारि-धर्म अहिले * हो मुख्य जुन् लोकमहाँ ॥
हाँस् खेल् गर्न थियो भने मन यदी * आफ्नै पती सङ् महाँ ।
गर्दा हो, किन छोड़ि रात्रि बिचमा * आयौ दुगूरी यहाँ ॥११॥

अँन्धा रोगि कुरूपि दुःखि अथवा * कस्तै हउन् ता पनि ।
गर्नू पर्दछ स्वामिको टहल खूब् * ईश्वर् चिनी हुन् भनी ॥
कुलवन्ती सति साध्वि नारि हरुको * हो मुख्य धर्म यही ।
आज्ञा माफिक खुब् टहल् गरिलिनू * साथमा पतीकै रही ॥१२॥

येसैमा छ बड़ाइ नारि हरुको * खुब् हुन्छ आदर् पनी ।
त्यागी आफ्नु पती पराइ पतिका * सङ्मा गई नीच् बनी ॥
गर्छन् जो व्यभिचार नारिहरु ती * चौराशिमा पर्छन् ।
आखिर्मा सहि घोर कष्ट अपमान् * निन्दित् भई मर्दछन् ॥१३॥

तस्मात् जाउ तिमी हरु घर गई * सेवा पतीको गरी ।
आज्ञामा पतिकै रहू अब उपर् * तन्मन् उनैमा धरी ॥
यस्ता बात् हरिका सुनी मन महाँ * दुःखित् बहुतै भई ।
लागे गर्न ति बिन्ति हात दुइटै * जोरी अगाड़ी गई ॥१४॥

त्यागी कुदुम्ब घर बार् पति पुत्र प्यारा ।
त्यागेर आफ्नु कुलको पनि लाज सारा ॥
आयौं प्रभो ! शरणमा अब जाउँ काहाँ ? ।
हाम्रा अरू कउन छन् प्रभु भिन्न याहाँ ॥१५॥

मान् सम्मान बढ़ाइ लाज सबको * इच्छा रती क्यै पनी ।
मन्मा छैन फगत् छ आश यहि एक् * दासी चरण्की बनी ॥
पाऊँ बस्न सदा समीप् हजुरका * पत्नी स्वरुप्ले यहाँ ।
इच्छा पूर्ण गराइ बक्सनु हवस् * राखी दया मन् महाँ ॥१६॥

यस्ता बात् हरिले जसै सुनि तहाँ * खुब् मन्द मुस्कान् गरी ।
भन्नूभो छ भने यदी असल प्रेम् * लौं खेल रास् मन् भरी ॥
यस्तो प्रीय वचन् सुनी दुख सबै * बिर्सेर गद्-गद् भई ।
लागे हेर्न हरी कमल् मुख महाँ * साम्ने नजिक्मा गई ॥१७॥

त्यो देखी अतिखूशि भै प्रभुजिले * तिन्का उपर् प्रेम् धरी ।
योग् माया कन रास मण्डप तयार् * गर्नै भनी त्यैं घरी ॥
आज्ञा दीनु भयो जसै उहि बखत् * कालिन्दिका तीर् महाँ ।
यौटा सुन्दर रास-मण्डप तयार् * गर्दी भइन् झट् त्यहाँ ॥१८॥

त्यस्मा माणिक-मोति रत्नहरु सब् * राम्रा हिसाब्ले जड़ी ।
केराका पनि थाम् वरीपरि धरी * रत्नादिले बेस् जड़ी ॥
त्यस्मा तोरण पुष्पले सहितका * माला सजाई धरिन् ।
मायाले हरिका बमोजिम हुकूम् * मण्डप् तयारी गरिन् ॥१९॥

यस्तो सुन्दर रास-मण्डप तयार् * देखी बहुत् खुश् भई ।
पाल्नू भो हरि नारि हेरु सँगमा * लीएर झट्-पट् गई ॥

चन्द्रै मण्डल लाइ मात गरने * त्यो रास मण्डप् त्यहाँ ।
देखिन्थ्यो अतिपूर्ण शोभित चकित्* विद्युत्सरी जल् महाँ ।।२०।।

पवन पनि बहन्थ्यो, धेर् सुगन्धै फिंजाई ।
हरित सघन वन्को, पूर्ण शोभा गराई ।।
तहिं निकट बनेको, एक सुन्दर् सरोवर् ।
विमल जल रहेको, मानु मोती बराबर् ।।२१।।

गई कन सब गोपी, ताहिं जल्मा नुहाई ।
विमल पहिरि सारी, चोलि चादर् लगाई ।।
गरि कन सब शृङ्गार् , देह यौवन् सजाई ।
खुशि भइ सब प्रेम्मा, झुम्नलागे रमाई ।।२२।।

त्यजि कन सब लाज्गाल् केहि सङ्कोच् नलीई ।
हरिसित मिलि सब् खूब् , हातमा हात दीई ।।
यहि रित गरि सब् ती, नाच्न लागे जसैता ।
घुमिघुमि सब मोहित्, गाइ हुन्थे तसैता ।।२३।।

एकेक रुप् भइ मिली, सब साथ माहाँ ।
लाग्नू भयो हरि पनी, घुमि नाच्न ताहाँ ।।
चुम्बन् गरी पकड़ि अङ्ग, समाति सारी ।
खैंचेर चोलि कुच लाइ दिए उघारी ।।२४।।

यस्तै प्रकार्सित सबै, कन खूशि पारी ।
गर्नू भयो प्रभुजिले, त्यहिं रास भारी ।।
सब् नारिका बिच हरी, अति शोभिएका ।
नक्षत्रका बिच शशी, सरि देखिएका ।।२५।।

राजन्! त्यै बिचमा ति गोपिनि हरू * लाई घमण्डै अती ।
लाग्यो हून भयौं पियारि अधिकै * हामी हरीका कती ॥
त्यो देखी हरिले बुझी लिनु भयो * तिन्को घमण्डै जसै ।
राधा लाइ लिएर साथ् उहि बखत् * गायब् हुनू भो तसै ॥२६॥

## गोपिनि विरह वर्णन लीला ( ६० )

एकाएकि न देखि गोपिनि हरू * श्रीकृष्ण लाई त्यहाँ ।
लागे व्याकुल हून पागल भयीं * खूब् खेद ली मन् महाँ ॥
दुःखित् हुन्छ भुजङ्ग नष्ट मणि भै * जस्ता हिसाब्ले गरी ।
उस्तै विह्वल चित्तमा हरि विना * थीए सबै सुन्दरी ॥१॥

थोरी गोपिनिले उसै बखतमा * साह्रै अधिक् शोक् गरी ।
लागी भन्न अनेर हे सखि! कहाँ * पाल्नू भयो श्रीहरी ॥
हामी लाइ लपेटि दिव्य करले * प्रेमले प्रभूजी यहाँ ।
गर्थे नृत्य विलास रास गरदै * ऐह्ले हराए कहाँ ॥२॥

फेरी सब् युवती हरू विरहमा * साह्रै अनाथ् भै भई ।
लागे भन्न विलाप् गरेर वनमा * अत्यन्त कष्टै सही ॥
काहाँ जाउँ गरौं कसो भन सखी! * कस्लाई सोधौं यहाँ ।
मिल्छन् प्राणसमान् हरी कउन रित् * खोजौं गई लौ कहाँ? ॥३॥

यस्तै रित्सित खूब आपस महाँ * रोई-विलाप् धेर् गरी ।
भन्छन् फेरि पुकारि हा हृदयधन् ! * प्राणेश! नाथ् हे हरी ! ॥
निष्ठुर् भै कन हामि लाइ यसरी * त्यागेर घोर् वन् महाँ ।
शोक्का सागरमा डुबाइ किन हो * लुक्नू भयो गै कहाँ ॥४॥

गर्दै येहि पुकार यौटि सँगमा * अर्की बड़ो शोक् गरी ।
लागी सोध्न न ढाँटि लौ भन सखी * ऐह्ले कहाँ छन् हरी ॥
भन्छे त्यो सखि जानुँ लौ म कसरी * काहाँ गए निर्दयी ।
दिन्थें जान कहाँ उसै म सँगमा * बस्थें हरीकै रही ॥५॥

वन्मा यी पशु, पक्षि, वृक्ष लहरा * यावत् हरू छन् जती ।
सोधौं तिन् कन गै भनेर सब ती * दुःखित् भई झन् अती ॥
लागे शोध्न बताउ हे वन, लता ! * वृक्षादि जड्, जामुना ।
जूही, ताल, तमाल, आँप कटहर् * पीपल् खयर् क्यामुना ॥६॥

हे वन् ! बेलि, चमेलि, मालति कदम् * कर्बीर, गुन्-केशरी ।
देख्यौ की सब, छन् हरी भन कता * हाम्रा उपर् प्रेम् धरी ॥
हे तुल्सी ! हरिकी पियारि हरिका * साथ्मा सदा बास् गरी ।
बस्छयौ, हामि उपर् दया गरि कहू * देख्यौ कहीं की हरी ॥७॥

यै रित्ले गरि सोधि जन्तुहरु का * वृक्षादि का सङ् महाँ ।
खोज्थे कृष्णजिलाइ गोपिनि हरू * व्याकुल् भई धेर् त्यहाँ ॥
जाँदा क्यै पर पाइला प्रभुजिका * देखी लिएथे जसै ।
भक्तीपूर्वक पाउको लिइ धुलो * शिर्मा चढ़ाए तसै ॥८॥

नारी को पनि पाइला दुइ अरू * देखी लिए फेर् त्यहाँ ।
त्यो देखी अति छक् परी चलि गए * फेरी अगाड़ी महाँ ॥
केही दूर् पुगि फेरि कोमल असल् * फुल्का बिछौना उपर् ।
देखी दर्पण प्यारिको खुशि भई * भन्छन् उठी प्रेम्-लहर्॥९॥

हे ऐना ! तिमिलाइ श्रीप्रभुजिको * होला अवश्यै पता ।
दुःखी छौं मन हामिमाथि करुणा * राखी, गए नाथ् कता ॥

थीए दर्पण ती पनि विरहमा * नाथ्का रहेका अती ।
त्यस्कारण् दिन केहि उत्तर तहाँ * तिन्ले सकेनन् रती॥१०॥

योटीले यहि देखि फेर् त्यहिं भनिन् * हे प्यारि ! यो लौ यहाँ ।
आयो कौन कसोरि सोधनि गरिन् * सूनी उसै बिच्महाँ ॥
अर्की एक् चतुरी सखी भनि उठिन् * हे प्यारि ! नाथ्ले जसै ।
थाल्नू भो बसि बाँध्न प्यारि सखिको* चुल्ठो खुशीभै त्यसै ॥११॥

प्यारीको सब अङ्ग कोमल अती * देख्दा शशी झैं त्यहाँ ।
भुल्नूभो हरि बाँध्न चुल्ठि अनि झट् * प्यारीजिले हात्महाँ ॥
लीई दर्पण नाथलाइ खुशि भै * ल्याइन् अगाड़ी जसै ।
श्रीमुख्को प्रतिबिम्ब दर्पण महाँ * पर्दो भयो झट् तसै ॥१२॥

येती बात सुनेर गोपिनि हरू * क्यै रिस् न ली मन्महाँ ।
लागे भन्न रहीछ प्यारि सखि त्यो * खूब् भाग्यमानी यहाँ ॥
तेसै कारण प्राणनाथ सँगमा * एकान्तको बास् गरी ।
गर्छें निर्भय भै विहार सुख-भोग् * प्रेम्का वशैमा परी ॥१३॥

यै रित्का गरि धेर् प्रलाप सब ती * गोपी हरू वन् महाँ ।
खोज् गर्थे हरिलाइ व्याकुल भई * चिन्ता लिई मन् महाँ ॥
त्यै बिच्मा म पियारि छू प्रभुजिकी * सब्मा बहुतै भनी ।
राधाका मनमा घमण्ड हुन गो * जाने हरीले पनी ॥१४॥

राधा अभिमानभङ्ग लीला ( ६१ )

राधा भन्दि भइन् मलाइ बहुतै * लाग्यो थकाई यहाँ ।
हिंड्नैलाइ कठिन् भयो अब प्रभो !* बोकीलिनोस् काँध्महाँ ॥

राधाका यि वचन् सुनेर हरिले * बुझ्नू भयो यो पनी ।
छोड्छू तोड़ि घमण्ड सब् म अहिले * चेत्लिन् पछी फेर् भनी ।। १ ।।

भन्नूभो चढ़ आउ बोक्छु जसै * राधा अती दङ् परी ।
चढ्नै लाइ तयार् भइन् उहि बखत् * गायब् भए श्रीहरी ।।
राधा चढ् छु भनेर थिन् जसरि जुन् * भाव्ले गरी ती जहाँ ।
त्यै भाव्ले दुइ कर् पसारि उभिइन् * स्थिर् भै जहाँको त्यहाँ ।। २ ।।

मानू सुन्दर सुन्कि मूर्ति सुनकै * चम्-चम् पृथीवी महाँ ।
थीइन् एक् उभिएकि नेत्र दुइमा * आँसू बहाई त्यहाँ ।।
देखी सुन्दर त्यो कमल्-मुख भ्रमर् * अत्यन्त लुब्धै भई ।
आए रस् लिन सुर् गरेर घुनुनू * प्रेम्का अवाज् यै कही ।। ३ ।।

गर्थिन् खूब विलाप रोइ वनमा * राधा वियोग् मा परी ।
आए गोपिनि गण् पनी हरि कनै * खोज्दै त्यहाँ त्यै घरी ।।
राधाले सब गोपिनी कन तहाँ * देखेर साधार् लिइन् ।
सोधे फेर् सखि हेरुले गइ जहाँ * राधा बसेकी थिइन् ।। ४ ।।

हे प्यारी सखि ! लौ कहाँ हरि गए * बिस्तार् बताऊ यहाँ ।
देखीनौ हरि लाइ की किन तिमी * एक्लै बसेकी यहाँ ? ।।
राधाले पनि सूनि आफ्नु सब हाल् * विस्तार् गरीथिन् जसै ।
तिन्लाई पनि देखि दुःखिनि सबै * व्याकुलभए झन् तसै ।। ५ ।।

फेरी सब् मिलि एक् अघोर वनमा * पौंचेर व्याकुल् भई ।
लागे हा हरि ! कृष्ण हा ! भनि तहाँ * खोज्नै अती दुख् सही ।।
क्यै गर्दा पनि नाथ लाइ सबले * भेट्नै सकेनन् जसै ।
लाचार् भै यमुनाजिका तिर महाँ * जम्मा भए सब् त्यसै ।। ६ ।।

गोपिका कृष्ण स्तुति ली… ६२ )

राजन् ! गोपिनि हेरु घेर् जतनले * घ[illegible] खोज्दा पनी ।
दर्शन् श्रीहरिको न पाइ बहुतै * दुख्मानि लाचार् बनी ॥
कालिन्दी तट आइ भक्तिसित खूब् * जम्बा भई सब् त्यहाँ ।
लागे गोपिनी हेरु गर्न हरिको * स्तूती उसै बिच्महाँ ॥१॥

व्रज्मा हरी प्रकट भै जनमै लिंदामा ।
लीला अनेक गरि दिन्‌दिन सुख् दिंदामा ॥
लक्ष्मीजिको पनि निवास यहाँ हुनाले ।
भाग्यै खुल्यो सकलको प्रभु सौ गनाले ॥ २ ॥

गर्छौं प्रभू चरणको नित आश हामी ।
दर्शन् दिनोस् लिइ दया प्रभु सर्वगामी ॥
छौं नाथकै चरणका सब हामि दासी ।
छौं प्रेम रस् मधुर पान् कन गर्न प्यासी ॥ ३ ॥

त्यो श्याम मूर्ति प्रभुका मन बीच माहाँ ।
जुन् दीन देखि बसिगो छिन चैन याहाँ ॥
बिस्यौं, सबै भुलि गयौं, परिवार सारा ।
नाथ्कै फगत् छ अब एक फगत् सहारा ॥ ४ ॥

नाथ्को नयन् शर गड़ीकन मर्न लाग्यौं ।
भेट्छौं प्रभूकन भनी सब चीज त्याग्यौं ॥
निष्ठुर् न भैकन दया गरि झट्ट आई ।
दर्शन् दिबक्सनु हवस् प्रभु हामि लाई ॥ ५ ॥

मानैं थियो यदि भने किन हामि लाई ।
विष्-अग्नि देखि लिनुभो प्रभुले बचाई ॥
नाना असुर् प्रलय वेग् जलदेखि फेरी ।
व्यर्थैं बचाउनु भयो न लगाइ देरी ॥ ६ ॥

मथ्यौं सहज् सित सबै दुख देखि छूटी ।
बस्थ्यौं मगन् भइ प्रभू सित प्रेम लूटी ॥
खाली यशोमतिजिका सुत मात्र जानी ।
व्हैनौं, हुँ प्रीति गरने हरि एक मानी ॥ ७ ॥

ब्रह्मादि रुद्र भइ जुन् रुपका उपासी ।
गर्छन् ति नित्य भजनै हरि-भक्ति गाँसी ॥
तीनै अचिन्त्य-रुप कृष्ण अवश्य आई ।
चाँड़ै दिनोस् विपद् देखि प्रभो ! बचाई ॥८॥

हे नाथ् ! हे हरि ! जान्नु हुन्छ प्रभुले * मन्का कुरा हुन् जती ।
नाथ् देखी अरु कुन्छ गुप्त सब भेद् * जान्ने जगत्का पती ॥
तस्मात् कष्ट हरेर आश मनको * पूरा गरी दीनु होस् ।
हामी हौं अबला अजान् शरणमा * हे नाथ ! लौ लीनुहोस् ॥९॥

हे नाथ् ! हाँसि अलीकती हजुरले * हेर्दा कुटिल् क्यै भई ।
सुन्दर् नील कमल् सरी नयनका * आँखीभऊँ ती दुई ॥
लिन्थे चित्त हरेर हामि हरुको * मीठा वचन्ले अनी ।
हुन्थ्यो मर्जि पियारि आउ भनि त्यै * याद् हुन्छ ऐह्ले पनी ॥१०॥

फेरी पाल्नु हुँदा चराउन गऊ * बाछा लिई वन् महाँ ।
देख्थ्यौं त्यै शशिमुख् कमल्सरि शरीर् * हामी हरुले यहाँ ॥

वन्का कण्टक हेरु शूल सरि भै * गड्थे चरण्मा कती ।
सम्झी झल्झलि दुःख तेहि वनको * यो मन् चुड़िन्थ्यो अती ।११।

तेती चार पहर् बिछोड़ हुनु ता * मानू चतुर्युग् सरी ।
बित्थ्यो फेर् सनमुख् रही कमलझैं * हेर्दा वदन् त्यस् घरी ।।
भन्थ्यौं मन्मन दोष दीकन सबै * ब्रह्माजि लाई त्यहाँ ।
साह्रै मूर्ख भएर भौं किन दिए * तिन्ले बनाई यहाँ ।।१२।।

एक् टक् नेत्र नचिम्लि गर्न दरशन् * बाधा भयो यो अती ।
हेर्थ्यौं यो न भए बराबर मुहार् * टट्कार हामी कती ।।
तस्मात् लौ भइगो, हरी नदिनुहोस् * दुख्ताप धेर् रिस् गरी ।
दर्शन् बक्सनु होस् कृपालु हुनगै * हाम्रा उपर् प्रेम् धरी ।।१३।।

यै रित्ले गरि धेर् पुकारि हरि-गुण् * वर्णन् गरेमा पनी ।
दर्शन् पाउन दुर्लभै हुन गयो * गोपी ति व्याकुल् बनी ।।
लोटी छट्पटिई रुदन् गरि भने * हा कृष्ण ! हा प्राण् ! भनी ।
बाँच्नाको मनसूब् हटाइ उ बखत् * मूर्च्छित् भए सब् अनी ।१४।

गोपी कृष्ण संवाद लीला ( ६३ )

यस्तो गोपिनि हेरुको विमल प्रेम् * देख्नू भएथ्यो जसै ।
क्याबात्त् भक्त यि हुन् भनेर प्रभुजी * खूशी हुनू भो तसै ।।
फेरी मोहन रूप-धारि करमा * वंशी लिई त्यै घरी ।
देखापर्नु भयो अगाड़ि सहसा * त्रैलोक्यका नाथ् हरी ।।१।

पाल्नूभो जवता हरी उहि बखत् * आफ्ना पियारा त्यहाँ ।
दर्शन् पाइ ति गोपिनी हरु बहुत् * खूशी भए मन् महाँ ।।

प्रेम्ले मग्न भएर सुन्दरि हरू * खुशी भई त्यै घरी ।
थाले गर्न ति अंकमाल् हरिकनै * एक्का पछी एक् गरी ॥२॥

झटपट यउटीले, श्रीहरी-मुख्-कमल्को ।
गइ कन लिइ हालिन्, प्रेम चुम्बन् मगन्को ॥
अरुहरु गइ नाथ्का, पाउ क्वै दाब्न थाले ।
चरणकन खुशी भै, छातिमा राख्न लागे ॥३॥

अर्कीले म तँलाइ दिन्न अब छोड् * पाऊ भनिन् फेर् त्यहाँ ।
यस्तै रित्सित प्रेम् प्रगट् गरि सबै * मोहित् भए मन् महाँ ॥
डुब्दा खेरि अथाह सागर महाँ * पाएर थाहा जसै ।
हुन्छन् धेर प्रसन्न प्राणि जसरी * सोही प्रकार्ले तसै ॥४॥

साह्रै खुशि भएर सुन्दरि हरू * आई उसै बिच्महाँ ।
घेरे श्रीहरिलाइ हर्ष हुनगै * थीए प्रभूजी जहाँ ।
हे नाथ् ! पाल्नु भयो कता अघि भनी*सोध्दाभए जुन् घरी ।
याहीं छू म त जानिल्यौ यहि वचन्* बोल्दा भए श्रीहरी ॥५॥

ओछ्याइन् गइ यौटिले शरिरको * झीकेर चादर् अनी ।
क्रीड़ा तिन्सँग फेर् गरे प्रभुजिले * एक् एक् स्वरूप्का बनी ॥
यौटी गोपिनिले रिसाइ कन खूब् * भन्दी भइन् "हे हरी ! ।
यस्तो कष्टि हुनू भयो किन यहाँ * आज्ञा हवस् यस् घरी ॥६॥

आर्काको मनरूपि धन् लिन यहाँ * जान्ने सिपालू भई ।
दोस्राको उपकार गुन् रति पनी * मान्दै नमान्ने कहीं" ॥
भन्छिन् एक् सखि झट् उसै विचमहाँ* "बैह्नी ! तिमी चुप् रहू ।
सोध्छू श्रीहरिका सँगै उहि भनुन् * तीमी न क्यै बात् कहू" ॥७॥

येती बात् भनि फेरि मस्किकन खूब् * हाँसी उसै बिच् महाँ ।
सोधिन् "हे हरि ! भन्नुहोस् जउन बात् * सोध्छू म ऐह्ले यहाँ" ॥
"यौटा केहि पनी बिना गुन भई * गुन् मानि लीने पनी" ।
"दोस्रो फेर् उपकार मानि गुनको * सट्टा दिने झट् अनी" ॥८॥

"तेस्रो झन् गुनको दिएर बदला * औगूनले भर् दिने" ।
"चौथो गुन् मनमा रती पनि कहीं * मान्दैं नमानी लिने" ॥
यी चार्मा छ कऊन उत्तम प्रभो * शङ्का समाधान् गरी ।
आज्ञा गर्नु हवस् सुनेर हरिले * भन्दा भए प्रेम् धरी ॥९॥

सम्झाई सब भन्दछू सुन तिमी * एकाग्र मन्ले यहाँ ।
जो गर्छन् उपकार केहि न गरी * हुन् श्रेष्ठ ती सब् महाँ ॥
तेसै स्वार्थ बिना यकायक सहज् * उप्कार गर्नें जउन् ।
गर्छन् पुत्र उपर् पिता जसरि फेर् * उप्कार ती श्रेष्ठ हुन् ॥१०॥

दिन्छन् जो उपकारको ति बदला * उप्कारले जो यहाँ ।
तिन्लाई पनि जान्नु मध्यम असल् * फल् पाउँछन् ती कहाँ ॥
पालन् पोषणको जसोरि उपकार् * मानेर गौ दूध्-दही ।
दिन्छिन् सोहि प्रकार जान्नु तिनि हुन् * गुण्लाइ मान्ने कही ॥११॥

गर्छन् जो उपकारको दि बदला * अप्कार भै श्राप् सरी ।
जान्नू तिन्कन शत्रु हुन् भनि ति गै * सड्छन् नरक्मा परी ॥
मन्मा फेर् रति क्यै नमानि उपकार् * मेटी दिने ती जती ।
हुन् झन् दुष्ट अधम् कृतघ्न सबमा * बेस् छैन तिन्को मती ॥१२॥

यस्ता बात् सुनि कृष्णका ति युवती * लागे परस्पर् महाँ ।
हाँस्नै मुख्मुख हेरि यो हरिजिले * देखेर फेर् झट् त्यहाँ ॥

भन्नूभो किन हाँस्तछौ सँगिनिहो * पैल्हे बुझौ बात् अनी ।
हाँस्नू पर्दछ गोकमा तर उसै * हाँस्नौ हँसोटी बनी ॥१३॥

मेरो ता यहि रीति हो जउन जो * इच्छा धरी मन् महाँ ।
गर्छन् भक्ति मलाइ सम्झि मनमा * या नित्य गै बन् महाँ ॥
तिन्को गर्दछु पूर्ण सब् म अभिलाष् * प्रेमी उपर् प्रेम् धरी ।
दिन्छु मूल्य सुवर्ण लाइ कसि खूब् * पोलेर पिट् पाट् गरी॥१४॥

शङ्का गरौली तिमि फेरि मन्मा ।
छाड़ेर हामी हरु लाइ बन्मा ॥
जानू भयो कीन भनेर याहाँ ।
कारण् यही हो सुन भन्छु याहाँ ॥ १५ ॥

जाँच्नै लाइ भनेर येति अहिले * मैले परीक्षा लिएँ ।
सच्चा प्रेम रहेछ जानिकन फेर् * सर्वस्व सुम्पी दिएँ ॥
प्रेम्ले बाँधि लियौ मलाइ सहजै * बश्मा परी गै गएँ ।
मेरी प्राण पियारि हौ तिमि हरू * मै दास तिम्रो भएँ ॥१६॥

रासक्रीडा वर्णन लीला ( ६४ )

यस्ता वचन् सुनि बहुत् प्रिय कृष्णजीको ।
खूशी भयो हृदय गोपनि मानिनीको ॥
सब् गोपिनीहरु मिली उठि फेरि ताहाँ ।
मिल्दा भए मगन भै प्रभु साथ माहाँ ॥१॥

लागे ति हेर्न हरिलाइ कुटिल् नयन्ले ।
आसक्त भै हरि उपर् अति शुद्ध मन्ले ॥

घेर् काल देखि अभिलाष लिई रहेका ।
पूरेर वह्ल सब आश नरम् भएका ॥२॥


प्रेमले हरी - चरणमा रत भै झुकेका ।
विह्वल् भई मदनले कबरी फुकेका ॥
यौवन् कुसुम् खिली विचित्र छटा बदन्को ।
क्यै चेत् नपाइ सब बिर्सि गएर मन्को ॥३॥

लोहा जसोरि मिलि चुम्बकमा रमाई ।
स्थिर् भै रहन्छ उहि रित् गरि प्रेम् बढाई ॥
लागे ति मिल्न हरिमा अति प्रेम् गर्दै ।
खूब् अङ्कमाल गरि नेत्र समेत तर्दै ॥४॥

क्वै कण्ठ बेह्रिकन बाहु-रुपी लताले ।
जूही-लता झसि भईकन बेर्न थाले ॥
जुन् रीतिले फल हरू सब पाकि ताहाँ ।
सिंच्छन् चुहाइ रसले सब भूमि माहाँ ॥५॥

त्यै रीतिले सकल सुन्दरि कृष्ण लाई ।
लागे ति सिंच्न अति प्रेम् रस खूब् बहाई ॥
टक् पर्दथ्यो शशि विमल् रुपले उदाई ।
दङ्पर्दथे युवति हेरु पनी लजाई ॥६॥

रुख्माथी बसि पक्षिहेरु पनि सब् * बोल्थे मधुर् स्वर् गरी ।
जल्का बिन्दु उड़ाउँथिन् ति यमुना * आनन्द माहाँ परी ॥
नाच्थे मिर्गिनि हेरु आइ नजिके * अत्यन्त मोहित् भई ।
गर्थे दर्शन कृष्णको सुफल भो * भन्दै जनम् स्थिर् रही ॥७॥



रास - क्रीड़ा

चित्र सं० (६) हातले हात समाइ मण्डल गरी जुद् रास-लीला तहाँ ।
थाली बसन्तको विहार हरिले खुशी भई मनमहाँ ॥

यो देखी हरिले प्रसन्न मनले * रास्-गर्न इच्छा गरी ।
लीनू भो दुइ सुन्दरी बिच स्वरूप् * माया स्वरूपी बनी ॥
हात्ले हात समाइ मण्डल गरी * खूब् रास लीला त्यहाँ ।
थाली बक्सनुभो विहारि हरिले * खूशी भई मन्महाँ ॥८॥

द्यौता हेरु पनी खुशी भइ तहाँ * रास् हेर्न लाई भनी ।
आए किन्नर अप्सरा सहित सब् * गन्धर्व सिद्धै पनी ॥
मोहित् सब्कन पारि श्रीहरि पनी * खूब् खेल्न लागे जसै ।
गंगा-पृथ्वि पनी सबै रुप धरी * गै नाच्न थाले तसै ॥९॥

गीत् गाएर घुमी घुमी हरिकनै * हेर्थे बहुत् दङ् परी ।
तिन्का बाहु समाति श्रीहरि पनी * नाच्थे निकै प्रेम् गरी ॥
यस्तै रित्सित रास् रची कन तहाँ * क्रीडा गरे खूब् जसै ।
धेरै श्रम् परि तप्तपी बहन गो * धारा पसीना तसै ॥१०॥

क्रीड़ा येही तवर्ले गरिकन रहँदा गर्मि धेर् भो जसैता ।
साथ्मा ली परनु भो झट् हरि गइ सहजै स्वच्छ जल्मा तसैता ॥
मत्ताहात्ती जसोरी पसि कन जलमा ढोइ ली साथ माहाँ ।
खेल्छन् सोही प्रकार्ले युवतिहरु लिई खेल्नुभो नाथ ताहाँ ॥११॥

ये रित्ले केहि बेर्तक् गरिकन सबको पूर्ण इच्छा मुरारी ।
आए जल्देखि निस्की युवतिहरु लिई चित्तमा प्रेम धारी ॥
प्रातःकाल् हून लाग्यो भनि नजर गरी भन्नू भो "हेर प्यारी ! ।
ऐह्ले भैगो उज्यालो अब घर हिंडलौं मार्गमा बात मारी" ॥१२॥

यस्ता बात् हरिका सुनीकन सबै * राधादि प्यारी त्यहाँ ।
भन्छन् हामि कसोरि घर्तिर फिरौं * यी पाउ रुक्छन् यहाँ ॥

यस्ता दीन वचन् सुनेर हरिले * भन्नु भयो फेर् त्यहाँ ।
प्यारी हो ! तिमिलाइ छोड्दछु कहाँ * राख्नेछु चित्तै महाँ ॥१३॥

आज्ञा यो हरिको सुनेर मनमा * सन्तोष धारण् गरी ।
खुशी भै घरमा गए युवति सब् * भक्ती मनैमा धरी ॥
कौनैले पनि होश् न पाइ लव गोप् * चुप् भै रहे घर् महाँ ।
वर्णन् येति सुनी परीक्षित जिले * प्रश्नै गरे फेर् त्यहाँ ॥१४॥

हे सिद्धेश्वर ! योगिराज ! हरिले * श्रीकृष्ण औतार् धरी ।
भार् हर्छु भनि पृथ्विको दनुजगण् * ज्ञानेर संहार् गरी ॥
साधू-सन्त समाज लाइ सुख खुब् * दीने इरादा धरी ।
औतार् लीनु भयो गएर ब्रजमा * लीला नरैको गरी ॥१५॥

यस्ता श्रीहरिले परस्त्रि हरूमा * आसक्त साह्रै भई ।
गर्दा भोग विलास् अचम्म हुनगो * कारण् न जान्दा यही ॥
शङ्का पर्न गयो भनी नृपतिले * सोधे जसै त्यो घरी ।
भन्नू भो शुकदेवले नृपतिको * शंका समाधान् गरी॥ १६॥

हे राजन् ! सुन तत्व भन्छु अहिले * क्वै शक्तिवान् ले यहाँ ।
सकछन् गर्न सबै कुरा अलिकती * शंका न ल्यौ मन्महाँ ॥
जस्तै अग्नि महाँ परेर सब् चिज् * अग्नी समान् कै भई ।
हुन्छन् भस्म उसै प्रकार् सित सबै * मिल्छन् हरीमा गई ॥१७॥

जस्को नाम फगत् लिंदा सकल पाप् * छूटेर कंचन् सरी ।
जान्छन् निर्मल भै अधम् खल पनी * संसार सागर् तरी ॥
यस्ता श्रीहरिलाइ दोष कहिले * लाग्यो, सबै दोष् हरू ।
गै हुन्छन् सब नष्ट श्रीहरिजिमा * वर्णन् कहाँ तक् गरूँ ॥१८॥

द्यौता देवि समेत् ऋचा हरु जती * वेद्का थिए त्यस् घरी ।
गोप् गोपी भइ जन्म ली हरि सँगै * बस्थन् सदा ध्यान् गरी ।।
तस्मात् हे नृप ! गोपिनाथ हरिको * एकाग्र मन्ले गरी ।
गर्छन् जो जन भक्ति ध्यान भवमा * जान्छन् सहज् पार् तरी ।। ५८ ।।

केशी वध लीला ( ६५ )

राजन् ! एक् दिन प्रातकाल व्रजमा * घोड़ा भयंकर् बनी ।
उफ्री खूब हिहीलिंदै प्रभु कनै * टोकेर मार्छु भनी ।।
लाग्यो केशि असूर घुम्न गइ खूब् * उत्पात् गरी धेर् त्यहाँ ।
देखी त्यस्कन जन् डराउन सबै * लागे उसै बिच्महाँ ।। १ ।।



खातिर् सब् कन दीनु भो प्रभुजिले * देखेर व्याकुल् अती ।
भन्नूभो न डराउ मार्छु सहजै * फिक्री नल्यौ एक् रती ।।
यो आज्ञा गरि सिंहनाद् गरनुभो * साम्ने असुर् को गई ।
भन्नूभो कतिसम्म बाँचि रहलास् * काल्का वशैमा भई ।। २ ।।

यस्तो हाँक सुनी रिसाइ मनमा * अत्यन्त वेग्ले जसै ।
दौड्यो मार्छु भनेर टाङ् कन धरी * फ्याँके हरीले तसै ॥
चालिस् हात् पर पुगि वज्रन गई * मुख् बाइ फेरी पनी ।
दौड्यो खूब रिसाइ श्रीहरि कनै * निल्छू सहज्मा भनी ॥३॥

यो देखी हरिले पनी मुख महाँ * वज्रै समान् को गरी ।
दूवै बाहु हुली दिए थुनिइ सास् * राक्षस् मऱ्यो त्यै घरी ॥
यस्ता रित्सित केशि लाइ हरिले * मार्नू भएथ्यो जसै ।
धन्यै कृष्ण भनेर ग्वालहरु सब् * खूशी भए खूब् तसै ॥४॥

ताहाँ बाट कदम्ब वृक्ष मनि गै * देखेर छाया हरी ।
बस्नू भो लिइ वंशि, नारद मुनी * आए तहीं त्यै घरी ॥
हात् जोरी गरि दण्डवत् अतिमधुर् * वीणा बजाई त्यहाँ ।
लागे गर्न चरित्र गान् हरिजिको * गद्गद् भई मन् महाँ ॥५॥

हे नाथ् ! भक्त उपर् जनाइ करुणा * भू-भार हर्नै भनी ।
औतार् लीनु भयो प्रगट् भइ यहाँ * श्रीनन्दका लाल् बनी ॥
बेला लौ अब ठिक् भयो यदुपते ! * त्यस् कंस लाई गई ।
मारी भार् हरि बक्सियोस् हजुरले * साह्रै दयालू भई ॥६॥

नारद्जि येति दिइ सूचन फर्कि आए ।
फेर् खेल्नमा प्रभुजिले पनि मन् लगाए ॥
क्यै काल सम्म गरि कौतुक फेरि ताहाँ ।
फर्के हरी सँगि लिई कन साथ माहाँ ॥ ७ ॥

विद्याधर मोक्ष लीला ( ६६ )

विद्याधर् कन तार्नु भो जसरि श्री * त्रैलोक्य नाथ्ले अनी ।
मार्नु भो धरि शंखचूड कन फेर् * विस्तार सब् त्यो पनी ।।
गर्छू चित्त लगाइ लौ सुन भनी * श्री शुकदेवले जसै ।
आज्ञा गर्नु भयो परीक्षित सुनी * खूशी भए खूब् तसै ।।१।।

एक् दिन् नन्दजि ग्वालबालहरु सब् * लीएर त्यै बीच् महाँ ।
देवीको अब पूजनै गरुँ भनी * जाँदा भए झट् त्यहाँ ।।
हूँदा श्रीहरि बाह्र वर्ष उनको * कुल्-देविलाई अनी ।
भाकेका तिनिले थिए उस बखत् * गर्नेछु पूजा भनी ।।२।।

आयो औसर सोहि उत्तम जगत् * नाथ्का दयाले यहाँ ।
यस्ता नन्दजिका सुनी वचन सब् * ग्वाला भए खुश् त्यहाँ ।।
मंगल् वाद्य बजाइ सब् मिलि त्यहाँ * उत्सव् बहूतै गरी ।
पूजाको सरजाम् तयार् गरि लिए * जम्मा भई त्यै घरी ।।३।।

गाडामा सरजाम् लदाइ कन गै * पौंचे जसै सब् त्यहाँ ।
पैह्ले स्नान् गरि खूब् शुची भइ रहे * सब् गोप त्यै बीच् महाँ ।।
सब् लाई लिइ साथ वेद विधिले * देवल् महाँ झट् गई ।
पूजा नन्दजिले गरे फल र फूल् * धूप् दीपले खुश् भई ।।४।।

फेरी हात् दुइ जोरि देविकन झट् * न्यूह्रे र पाऊ परी ।
लागे नन्दजि विन्ति गर्न अनि फेर् * ऊठी परिक्रम् गरी ।।
हे मातेश्वरी ! बाह्र वर्ष हुनगो * पूरा हरीको यहाँ ।
आशीर्वाद दिनोस् रहोस् चिरजिवी * श्रीकृष्ण गोकुल् महाँ ।।५।।

त्यो दिन् रात तहाँ बसे सब जना * भो अर्धरात्री जसै ।
निद्रामा सब जन् परे उहि बखत् * योटा अजींगर् तसै ॥
निस्क्यो खूब विकट् ठुलो उहिं गई * श्रीनन्द लाई त्यहाँ ।
लाग्यो निल्न समाति पाउ र तिनी * लाहै कराए वहाँ ॥६॥



लागे फेर् सबले हटाउन गयो * लागेन क्यै हिप् जसै ।
पाल्नू भै हरिले चरण् धरि दिए * त्यस्का शिरैमा तसै ॥
स्पर्शौं भो जब पाउको र अजिंगर् * त्यो रूप छोड्दी अनी ।
भै गो दिव्य स्वरूपको उहि घरी * सोधे हरीले पनी ॥७॥
'को हौ तौ भन' येति प्रश्न हरिको * सूनेर खुशी भई ।
लागे दिव्य पुरुष् बताउन, प्रभो ! * एक् दिन् म बन्मा गई ॥
घुम्थें एक विमानमा बसि 'सुदर्-* शन्' नामको दुर्मती ।
विद्याधर् म हुँ, त्यै घरी बन महाँ * आए तपस्वी यती ॥८॥
देखें ती मुनि अंगिरा कन जसै * लाहै न शक्का भनी ।
हाँसें खूब् सित देखि येहि मुनिले * दीए शराप् एक् पनी ॥
सर्पै भै कन बस्न जा तँ अहिले * वृन्दा-वनैमा भनी
त्यो सूनी अति रोइ बिन्ति गरिले * गर्दौ भएँ दीन् बनी ॥९॥

भन्नू भो हरिले छुँदा तँ तरलास् * त्यै कारणैमा परी ।
बस्थेँ भै अजिंगर् यहीं प्रभुजिको * मनमा सदा ध्यान् धरी ।।
नाथ्ले दर्शन दीनुभो र अहिले * उद्धार मेरो गयो ।
बिन्ती एति गरी परी चरणमा * त्यो स्वर्गमा गै गए ।।१०।।

भोली पल्ट सबेर् उठेर हरिले * सब् लाइ सङ्मा धरी ।
पाल्नू भो फिरि घर् तरफ खुशि हुँदै * आनन्द मंगल् गरी ।।
रक्षा यै रितले गरेर हरि राज् * हुन्थ्यो तहीं ब्रज्महाँ ।
बस्थे गोकुलमा ति गोपहरु सब् * हर्षित् भई मन् महाँ ।।११।।

व्योमासुर वध लीला ( ६७ )

राजन् ! केशि मर्‍यो भनेर जब यो * समाचार सुन्दा महाँ ।
'व्योमासुर्' कन डाकि ताप मनमा * लीएर गर्जी त्यहाँ ।।
लाग्यो भन्न रिसाइ कंस अहिले * गोकुल् महाँ झट् गई ।
मारी आ दुइ भाइ कृष्ण-बलराम् * लाई तँ काल् झैं भई ।।१।।

व्योमासुर् यति बात् सुनेर गउ भै * जाँदो भयो त्यै घरी ।
गाई हेरु चराउँथे सब मिली * जाहाँ जगन्नाथ् हरी ।।
क्वै भेडा बनि फेरि क्वै अरु तहाँ * बाख्रा समान्का बनी ।
खेल्थे वन्‌बिचमा गई मिलि गयो * त्यो व्योम राक्षस् पनी ।।२।।

खेल्दा गोप्‌हरुलाइ चोरिकन सब् * एक् एक त्यस्‌ले गरी ।
ओड़ार्‌मा लगि थूनि राखि कन त्यो * पैह्ले समान् रूप् धरी ।।
लाग्यो मन्सुब गर्न मार्न जब त्यो * देखे जगन्नाथले ।
मन्टो भाँचि समाति मारि दिनु भो * घुस्सा दिई हातले ।।३।।

यहि रित सित मारी 'व्योम' लाई मुरारी ।
लहड़ लिइ त केही बेर तक् खूब भारी ॥
लिइकन सब गाई गोप का साथ् रमाई ।
खुशि भइ घर फर्के नाथ बंशी बजाई ॥ ४ ॥

## शङ्खचूड़ वध लीला (६८)

एक दिन बलराम्का साथमा श्रीमुरारी ।
वन बिच गइ खेल्थे चित्तमा मोद धारी ॥
लिइकन ब्रज-नारी खेल गर्थे जसैता ।
उहि समय त आयो यक्ष कोही तसैता ॥१॥



थीयो यक्ष कुबेरको चर ठुलो * नाम् 'शङ्खचूड्' हो, त्यहाँ ।
शिरमा दिव्य मणी हुँदा विर अती * थीयो अरू सब् महाँ ॥
आई श्रीहरिको चरित्र लुकि खूब् * त्यो हेर्न लाग्यो जसै ।
देखी सुन्दरि गोपिनी हरु अती * मोहित् भयो त्यो त्यसै ॥२॥

पक्री गोपिनि हेरु लाइ उबस्वत् * सम्पूर्ण जम्मा गरी ।
लाग्यो लीकन जान बल्जफतिले * त्यो देखि डर्मा परी ।।
लागे गर्न पुकार गोपिनि हरू * हा कृष्ण ! हाराम् ! भनी ।
दौड़े त्यो सुनि कृष्णजी र बलराम् * अत्यन्त क्रोधित् बनी ।।३।।


देख्यो सिंह समान कृष्ण बलराम् * लाई जसै त्यो घरी ।
भाग्यो गोपिनि लाइ छोड़ि तहिं त्यो * वीर् शंखचूड् डर् गरी ।।
पोंची झट् हरिले समातिकन खुब् * मुड्की बजारे जसै ।
गिर्दोभो मरि त्यो सहज् जमिनमा * खुशी भए सब् तसै ।।४।।

शिर् काटी झिकि फेर् मणी असुरको * बल्देव लाई अनी ।
दीनूभो पछि फिर्नु भो सँगिहरू * लीई जगत्का धनी ।।
यस्तै रित्सित नित्य खेल् गरि अनेक् * पर्थे विपद् जो जती ।
छिन्मा दूर् गरि विघ्न टारि खुशि भै * वास् गर्दथे श्रीपती ।।५।।

वृषभासुर बध लीला ( ६८ )

राजन् ! एक् दिन कृष्णजी र बलराम् * गाई चराई वरी ।
आऊँथे घर साँझमा खुशि भई * कौतुक् अनेकौं गरी ।।
आयो एक असुर् ठूलो वृषभ-रूप् * धारेर साम्ने जसै ।
देखी त्यस्कन गोप गाइ हरु सब् * व्याकुल् भए खूब् तसै ।।१।।

लाग्यो डुक्न खूब् वरीपरि घुमी * साह्रै भयंकर् बनी ।
लागे गर्न पुकार साथिहरु सब् * हे कृष्ण ! आऊ भनी ।।
देख्नूभो हरिले असुर् कन जसै * ठीक् रूप साँढ़े सरी ।
कंसैको चर ठानि भन्नु पनि भो * सब्लाइ खातिर् गरी ।।२।।



माछ्र् यस्कन डर् नमान तिमि सब् * येती भनी झट् गई ।
हुंकार् गर्नु भयो जसै असुर त्यो * अत्यन्त क्रोधित् भई ।।
सिङ् थाप्दै हरिलाइ हान्न चुरिंदै * दौड्यो जसै झट् त्यहाँ ।
पक्री सिङ् दुइटै उखेलि दिनुभो * गीन्यो जमीनै महाँ ।।३।।

त्यै चोट्ले गरि प्राण् त्यजीकन मन्यो * त्यो दुष्ट फेर् त्यै घरी ।
धौंता सब् अतिखुश् भए हरि उपर् * वर्षा फुलैको गरी ।।
नन्दादी व्रजवासि हेरु पनि सब् * हर्षित् भई मन् महाँ ।
लागे यश् हरिको बखान गरनै * आफ्ना बसी घर् महाँ ।।४।।

~~~~~

राधा-कृष्ण कुण्ड लीला ( ७० )

राजन् ! त्यै बिचमा अगाडि हरिका * भन्छिन् ति राधा सरी ।
मार्दा गोरु त लागिगो बहुत पाप् * यस् निम्ति चाँड़ै गरी ।।
तस्मात् स्नान् अहिल्यै गरीलिनु हवस् * तीर्थै हरूमा गई ।
सूनी त्यै घरि भन्नुभो प्रभुजिले * हाँ सेर माया फिंजी ।।१।।
~~~~~

प्यारी डाक्छु समस्त तीर्थ म यहीं * आज्ञा गरी फेर् त्यहाँ ।
जोड़ा कुण्ड तयार् गरी दिनु भयो * झट्पट् उसै बिच्महाँ ॥
गोवर्धन् गिरिका नजीक् जब दुई * कुण्डै तयार् भै गए ।
सारा तीर्थ हरू गएर तहिं फेर् * चुप्चाप पस्दा भए ॥२॥

यस्ता रित् सित खैंचि तीर्थहरु सब् * ताहीं हरीले गई ।
स्नान् गर्नू पनि भो पवित्र हुँ भनी * राधा सहित् खुश् भई ॥
त्यस्दिन् देखि गएर प्राणि पनि सब् * स्नान् गर्न लागे त्यहाँ ।
राधा-कुण्ड र कृष्ण-कुण्ड भनि ती * प्रख्यात् भए ब्रज् महाँ ॥३॥

कंस नारद संवाद लीला (७१)

राजन्! एक् दिन कंसका नजिकमा * नारद्जि पौंचे गई ।
त्यस्को क्रोध बढ़ाउना कन तहाँ * मानू हितैषी भई ॥



लागे भन्न समस्त भेद हरिको * चाँड़ै मरोस् यो भनी ।
गर्ला यो जति पाप् उती हरि यहीं * आएर मार्लान् पनी ॥१॥

छल् पारी अघि भाइ दूइ जसरी * पौंचे ति गोकुल् महाँ ।
त्यो सब् भेद् कहि कंसलाइ सुनिले * सम्झाइ दीए त्यहाँ ॥
यस्ता नारदका सुनीकन वचन् * ठीक् भन्नुभो यो भनी ॥
डाकी श्रीवसुदेवलाइ रिसले * बाँधेर पाता अनी ॥२॥

लाग्यो भन्न रिसाइ गर्जि बहुतै * हे कप्टि ! नीच् दुर्मती ।
पैह्ले पुत्र दिएर फेर् पछि छलिस् * डर्-भर् न ली एक् रती ॥
कृष्णै लाइ पठाइ गोकुल महाँ * कन्या मलाई यहाँ ।
साटी ल्याइ नजर् गरिस् मकन धेर् * राखी कपट् मन् महाँ ॥३॥

स्वास्नीको भँडुवा भएर सबमा * विश्वास घाती भई ।
गर्छन् पाप कपट् ति घोर् नरकमा * पर्छन् अवश्यै गई ॥
यस्तै रित्सित गर्जि खूब रिसले * मार्छू तँलाई भनी ।
ऊठ्यो कंस जसै समाति करले * भन्छन् ति नारद् अनी ॥४॥

हे राजन् ! यिनिलाइ मार्न म त क्यै * देख्दीन जाती यहाँ ।
तिम्रा शत्रु त कृष्ण हुन् तिनिकनै * पो मार्नु ठीक् हो यहाँ ॥
तस्मात् जौन उपायले गरि लिंदा * श्रीकृष्ण बल्राम् यहाँ ।
आउन् सोहि उपाय लौ गर भनी * नारद् गए धाम् महाँ ॥५॥

नारद्जी जब जानुभो उहि घरी * मन्मा अती क्रोध् गरी ।
दूबै बैन्हि र ज्वाइँ लाइ लगि एक् * कोठी बिचैमा धरी ॥
राख्यो बन्द गरेर, मंत्रिहरू सब् * डाकेर फेरी त्यहाँ ।
लाग्यो भन्न 'बताउ मंत्रि हरु हो * कस्ता प्रकार्ले यहाँ ॥६॥

मेरो बैरि मरेर शूल मनको * निस्केर जावस् सबै ।
यस्को केहि छ युक्ति ता यदि भने * चाँड़ो बताऊ अबै' ॥

आज्ञा यो सुनि कंस को ति सबले * बिन्ती गरे झट् त्यहाँ ।
'बल्राम् कृष्ण जिलाइ मानु त कठिन् * क्यै छैन मन्छौं यहाँ ।।७।।

राजन् ! ये मथुरा महाँ अति असल् * यौटा अखाड़ा रची ।
त्यस्मा श्रीशिवको पिनाक् धनु पनी * राखौं उसैमा सजी ।।
यो बिन्ती सुनि मन्त्रिको खुशि भई * बेसै बतायौ भनी ।
उर्दी झट्ट दियो तयार् गरन फेर् * उत्तम् अखाड़ा पनी ।।८।।

हे वीर् हो ! निहुँ पारि उत्सव ठुलो * कुश्ती छ याहाँ भनी ।
निम्ता दीकन डाकि भाइ दुइटै * मार्नू पर्‍यो वीर् बनी ।।
शंभूको धनु लाइ ल्याइ विधिले * राख्नू सजाई अती ।
चाणूर् ! मुष्टिक वीर् ! तिमीहरु पनी * तैयार् रहे सब् जती ।।९।।

ती भाई दुइ आइ बाँच्न न सकुन् * कौने प्रकार्ले यहाँ ।
माहूते ! तँ तयार राख् 'कुवलया- * पीड्' हात्ति ढोका महाँ ।।
बाँचे राम र कृष्ण क्यै गरि भने * कुल्चाइ मारेस् भनी ।
यस्तै रित्सँग कंसले गरि लियो * सब् काम ठिक् ठाक् अनी १०

फेर् व्योमासुर केशि लाइ नजिकै * डाकेर झट् त्यौ घरी ।
भन्दो भो गइ मार कृष्ण बलराम् * लाई कुनै रित् गरी ।।
मार्लान् जो तिनि दूइ लाइ सहजै * ईनाम भारी दिई ।
ठूलै मान दि राखुँला सँग महाँ * बस्नेछ आराम् लिई ।।११।।

## अक्रूर व्रजागमन लीला ( ७२ )

सब् काम् ठिक्क गरेर फेर् हरिकनै * डाकेर ल्याऊ भनी ।
अक्रूर् लाइ हुकुम कंस विरले * दींदो भयो झट् अनी ।।

लागे अक्रूर शोच्न मन्‌मन हुकूम् * सूनी लिए यो जसै ।
व्यर्थै हो खल लाइ बात हितको * सम्झाउनू लौ यसै ॥१॥

तस्मात् दर्शन गर्छु श्रीहरिजिको * यै नीहुले यस् घरी ।
जस्को दर्शन निम्तिमा सुर-मुनी * जप्छन् सदा ध्यान् धरी ॥
जस्को पूर्ण कृपा हुँदा सब जना * जान्छन् जगत् पार् तरी ।
धन्यै लौ म पनी हुनेछु दरशन् * यस्ता प्रभूको गरी ॥२॥

यस्तो कुन् अघि तप् गरेंछु मयिले * जस्का प्रभावले यहाँ ।
मेरो भाग्य खुल्यो नहीं त यसतो * मिल्थ्यो सु-औसर् कहाँ ॥
शत्रूको चर हो भनेर मकनै * के जानि हेलाँ गरी ।
गर्लान् की अपमान केहि हरिले * जानेर कप्टी सरी ॥३॥

ठान्नन् के तर नाथ तुच्छ मकनै * भक्ती सदा गर्दछू ।
राख्नन् पूर्ण कृपा म माथि र सहज् * संसार पार् तर्दछू ॥
ठान्छू धन्य म कंसलाइ पनि खूब् * त्यस्ले कपट् ली यहाँ ।
डाकी ल्याउ हरीकनै भनि विदा * दीयो म जान्छू त्यहाँ ॥४॥

यस्ते बात बिचारि झट् चलि गए * अक्रूर रथ्‌मा चढ़ी ।
साँझ् पर्दा पुगि गोकुलै खुशि भए * शोभा निहारी वरी ॥
साँझ्‌मा राम र कृष्ण गाइ सँगली * वन् देखि फर्के जसै ।
ओर्ह्ले अक्रुर देखि श्री हरिकनै * रथ्‌देखि भैंमा तसै ॥५॥

ईश्वर् हुन् भनि ठानि पाउ परनै * अक्रूर् अगाड़ी सरे ।
पाऊ छून न दीइ झट्ट हरिले * खातिर् बहूतै गरे ॥
आदर्‌पूर्वक पक्रि हात हरिले * अक्रूर लाई अनी ।
घर्‌मा ल्याउनु भो र खातिर गरे * श्रीनन्दजीले पनी ॥६॥

रङ् रङ्का चिजबिज् बनाइ बढ़िया * भोजन् गराए त्यहाँ ।
आए अक्रुरजी भनी सुनि खबर् * जम्मा भए सब् वहाँ ॥
सोधे फेर् सबले समस्त समचार् * कस्तो छ वाहाँ भनी ।
यो यस्तो छ भनी गरे सब बयान् * अक्रूरजीले पनी ॥७॥

जान्नू हुन्छ अनीति कंस खलको * इ्रमा परी सब् वहाँ ।
पाऊँछन् दुख सब् प्रजाहरु पनी * छन् दुःखि धेरै त्यहाँ ॥
यस्ता अक्रुरका सुनी कन वचन् * अत्यन्त प्रेमूले गरी ।
भन्नू भो हरिले असल् भइ गयो * आऊनु भो यस् घरी ॥८॥

काका ! भन्नु हवस् पिता र जननी * हाम्रा दुवै कैद् महाँ ।
कस्ता रित्सित दुःख काटि निशिदिन् * होलान् बसेका वहाँ ॥
मामा कंस भएर पापि बहुतै * उत्पात गर्दो भयो ।
दुःखित् छन् सब उग्रसेन-कुलको * यो राहु जस्तै भयो ॥९॥

पाल्नूभो कति कामले यस बखत् * आज्ञा हवस् लौ भनी ।
भन्दा श्रीहरिले खुशी भइ अती * भन्छन् ति अक्रूर् पनी ॥
हे नाथ् ! ज्ञात सबै छ हाल प्रभुमा * वर्णन् गरूँ के अरू ।
आएँ दूत् भइ कंसको प्रभु यहाँ * विस्तार् कहाँ तक् गरूँ ।१०।

जुन् मत्लब् सँग आउनू परिगयो * जस्ता हिसाब्ले यहाँ ।
भन्छू सुन्नु हवस् छ उत्सव ठुलो * ऐल्हे मथूरा महाँ ॥
कुश्ती खेल्न भनेर विर्हरु बहुत् * जम्मा गरी कंसले ।
निम्त्याई कन आ भनेर म यहाँ * आएँ खुशी साथले ॥११॥

यो सूनी हरिले उसै बखत झट् * उर्दी दिए यो त्यहाँ ।
जानू पर्दछ भोलि हामि सबले * सौगात् समेत् ली वहाँ ॥

तैयार् ह्रौं सब चीज बिज् लिइ नजर् * पर्नेछ दीनू गई ।
आज्ञा यो सुनि ठीक गर्नभनि झट् * लाग्दा भए खुश् भई ॥१२॥

श्रीकृष्ण मथुरागमन लीला (७२)

ब्रजवासी हरु मोलिपल्ट सब ती * सौगात धेर् साथ् महाँ ।
पौंचे नन्द पनी तयार् भइ गए * चिज्बीज ली धेर् त्यहाँ ॥
यस्ता रित्सित जान लाइ सब ती * जम्बा भएथे जसै ।
बल्राम् कृष्णजि का संगै रथ महाँ * अक्रूर् चढे झट् तसै ॥१॥



नन्दादी ब्रज गोप हेरु सबले * गाड़ा उपर् चिज् भरी ।
ताँती लागि चले सबै पछि-पछी * खुशी हुँदै त्यस् घरी ॥
सूने गोपिनि हेरुले जब सबै * लाई तहाँ त्याग् गरी ।
लाग्नू भो हरि जान लाइ मथुरा * भै आज निष्ठुर् सरी ॥२॥

सम्झी श्रीहरिका रहेर सँगमा * लीला भएका जती ।
लागे छोड्न प्रभूजिले अब भनी * मन्मा लिई ताप् अती ॥

दौड़े हत्पति आँसु ली नयनमा * अत्यन्त व्याकुल् भई ।
पौंचे श्रीहरिको थियो रथ जहाँ * त्यस्लाइ घेरा दिई ॥३॥

घेरी रथ्कन फेर् वरीपरि सबै * हात् जोरी रूँदै त्यहाँ ।
लागे गर्न ति विन्ति नम्र भइ खूब् * श्रीकृष्णका सङ् महाँ ॥
कस्का ऊपर हामि लाइ प्रभुजी ! * छोड़ेर ऐह्ले यहाँ ।
लाग्नूभो नि कसोरि जान रति भर् * माया न ली मन् महाँ ॥४॥

यस्तो के अपराध् गर्‌यौं र यसरी * त्यागी अनाथ् झैं गरी ।
पाल्नू हुन्छ उ प्रेम छोड़ि प्रभुले * मन्‌लाइ सब्को हरी ॥
यो चन्द्रैसरि मुख्-कमल् प्रभुजिको * एक्छिन् नदेख्दा महाँ ।
हुन्थ्यौं व्याकुल फेरि बस्नु कसरी * नाथ्लाइ छोड़ी यहाँ ॥५॥

हेरेर अक्रुरजिका मुख तर्फ फेरी ।
भन्छन् ति गोपिनि रिसाइ नलाइ देरी ॥
अक्रूर क्रूर हुनगै कन आज आई ।
यो कष्ट दीकन गयौ लगि नाथ लाई ॥६॥

जस्का बिना भइ अनाथिनि हामि याहाँ ।
बस्छौं, उनै कन हिंड्यौ लिइ साथ माहाँ ॥
हे कप्टि ! अक्रुर ! वृथा दुख यो बढ़ायौ ।
श्रीकृष्णको विरह दी कन ज्यान लीयौ ॥७॥

यस्तै गोपिनिका विलाप हरिले * सूनी लिनू भो जसै ।
खातिर् दी बहुतै बुझाउनु भयो * नाना प्रकार्ले तसै ॥
मानेनन् व्रज-सुन्दरी हरु बरु * झन् रुन लागे अनी ।
लाग्नू भो हरि भन्न फेरि सबका * साम्ने दयालू बनी ॥८॥

चिन्ता क्यै मनमा नलेउ सखि हो ! * चाँड़ो मथूरा गई ।
फिर्नेछु म न बिर्सि प्रेम गरुँला * प्रेमी सदा काल् भई ॥
आँखैमा भरि आँसु विह्वल भई * माई यशोदा पनी ।
लागिन् भन्न कुरा बुझाइ 'तिमि झट् * आए न बिर्से' भनी ॥९॥

रथ् देखी झट उत्रि फेर् चरणमा * माईजिका शिर् धरी
सम्झाई कन आशिषै लिइ बिदा * हूँदा भए श्री हरी ॥
हाँके अक्रुरले पनी रथ बड़ो * वेग्ले उसै बिच् महाँ ।
दौड़े तै पनि धर्न लाइ रथ फेर् * ती गोपिनी-गण् त्यहाँ ।१०।

सक्थे भेट्न कहाँ उ रथ् चलि गयो * हार् मानि लाचार् भई ।
हेर्थे ती रथको ध्वजा जब तलक् * देखींदथ्यो स्थिर् रही ॥
भन्थे नाथ पुकारि जाउ घरमा * चिन्ता न ली क्यै पनी ।
चार्-पाँचै दिनमा म फर्कि गरुँला * भेट् जल्दि आई भनी ॥११॥

दूर् भै गयो नजरदेखि उ रथ् जसैता ।
सब् गोपिनी गिरिगए भुमिमा तसैता ॥
विह्वल् भई अति पुकार् गरि नाथ लाई ।
लागे ति रून सब क्यै पनि चेत् न पाई ॥१२॥

घोप्टो परी कन लड़े कति दौड़ि जान्थे ।
क्वै जानु हुन्न भनि चद्दर खैंचि तान्थे ॥
यो देखि श्री यशुमती सब लाइ वाहाँ ।
लागिन् बुझाउन सबैकन रोइ ताहाँ ॥१३॥

यै रित्ले गरि हाइ-हाइ पत्नि फेर् * क्यै बेरमा होश् भई ।
सम्झाई घरमा फिरिन् यशुमती * सब्लाइ साथ्मा लिई ।

त्यै बिच्मा रथ कृष्णको पुगि गयो * कालिन्दिका तीर् महाँ ।
सब् ग्वाला जलपान् गरी चलि गए * फेरी अगाड़ी त्यहाँ ॥१४॥

## दिव्य रूप दर्शन लीला ( ७४ )

राजन् ! रथ् जलका नजीक् गरि खड़ा * स्नान् गर्न लाई भनी ।
ओर्ल्हे अक्रुर फेर् जसै जल महाँ * देखे अचम्मै पनी ॥
जलमा श्रीहरि लाइ रथ् सहित फेर् * देखे बसेको जसै ।
जलका बाहिर शिर् निकालि तिरमा * हेर्दा भए फेर् तसै ॥१॥

रथमा श्रीहरिलाइ देखि अघिझैं * साह्रै अचम्भित भई ।
लागे गर्न विचार जल् थल महाँ * सर्वत्र व्याप्ते रही ॥
भित्रै बाहिर एक् समान रूपले * बास् गर्दछन् श्रीहरी ।
लागे गर्न ति स्नान जल् बिच पसी * मन्मा विचार् यै गरी ॥२॥

त्यै बिच्मा धरि शंख चक्र करमा * नाथ्ले चतुर्भुज् भई ।
दर्शन् दीनु भयो प्रकट् भइ त्यहाँ * शेष्-शायि रूप्मा रही ॥
दर्शन् पाइ हरीजिको खुशि भई * अक्रूर खूब् मन् महाँ ।
लागे स्तव् कर जोरि गर्न बहुतै * भक्ती सहित्ले त्यहाँ ॥३॥

हे नाथ् ! ईश्वर ! आफु नै जगतका * कर्ता र हर्ता बनी ।
संहार् पालन सृष्टि आदि सब काम् * गर्नें हजूरै पनी ॥
आफैं आफ् हुनु हुन्छ आत्मस्वरुपी * सब्मा प्रकट् एक् रही ।
भक्तैका हित लीनु हुन्छ अवतार् * नाना स्वरूप्का भई ॥४॥

हुन्छन् देव, मनुष्य-साधु हरु सब् * नाथ् देखि पैदा यहाँ ।
आखीर्मा लय भै ति सब् प्रभु महाँ * जान्छन् मिली फेर् त्यहाँ ॥

थाहा छैन प्रभूजिको छ महिमा * यस्तो अगमको भनी ।
ध्यान् गर्छन् प्रभुकै सदा ऋषिमुनी * ब्रह्मादि यौता अनी ॥५॥

यस्ता श्रीहरिले मलाइ अहिले * राखी दया मन् महाँ ।
दर्शन् दीनु भयो र ज्ञान हुनगो * सामान्य हो ज्ञान् कहाँ ॥
ठूलो मूढ़ बनी भएर विषयी * भूली रहेको थिएँ ।
ऐल्हे यो करुणा हुँदा प्रभुजिको * रुपलाइ चीह्नी लिएँ ॥६॥

रहोस् भक्ती मन्मा दृढ भइ, सदा काल् रति पनी ।
न ढाकोस् मायाले सफल सब, होस् जन्मनु भनी ॥
यही बिन्ती गर्छु प्रभु ! हरि !, शरन्‌मा परि यहाँ ।
थिए बिन्ती गर्दै यहि रित ति, अक्रूर् जल महाँ ॥७॥

हरायो मूर्ती त्यै घरी झट, जसै अक्रुर पनी ।
नुहाई निस्के झट् तिर उपरमा, गद्-गद बनी ॥
अलिक् हाँसी सोध्नू प्रभुवरजिले, भो अनि त्यहाँ ।
अचम्मै देखीयो कउन कहु काका ! जल महाँ ॥८॥

भन्छन् अक्रुर सूनि येति हरिको * आज्ञा ति मोहित् भई ।
मैले हे भगवन् ! अपार-महिमा * देखें प्रभूको गई ॥
जल्‌मा दिव्य स्वरूपको दरशनै * हूँदा प्रभूको वहाँ ।
पाप्-ताप् देखि रहीत भै तरि गएँ * संसार-सागर् महाँ ॥९॥

पाल्नू होस् मथुरा महाँ अब प्रभो ! * चाँड़ो तुरुन्तै गई ।
रक्षा गर्नु हवस् दुखी जन कनै * सङ्कष्ट तिन्‌को हरी ॥
यस्तै रित्सँग बिन्ति पारि प्रभुका * पाऊ कमल्‌मा परी ।
ढोग् दीए जब कृष्ण खुशि हुनुभो * त्रैलोक्यका नाथ् हरी ।११।

श्रीकृष्ण बलराम मथुरा गमन लीला ( ७५ )

हाँके अक्रुरले पनी रथ बड़ो * वेगले जसै त्यै घरी ।
नन्दादी सब गोप् पुगेर पहिले * चिन्ता मनैमा धरी ॥
आएनन् हरि भो विलंब भनि सब् * हेरेर बाटो त्यहाँ ।
बस्थे गै मथुरा महाँ हरि पनी * आई पुगे झट् त्यहाँ ॥१॥

नन्दादी सब गोपले लगि सबै * सौगात् चढ़ाए जसै ।
अक्रूरले पनि कंस लाइ गइ सब् * बिन्ती चढ़ाए तसै ॥
सूनी कंस भयो अती खुशि दुबै * राम्-कृष्ण आए भनी ।
फर्की अक्रुरले समीप हरिका * आएर फेरी अनी ॥२॥

घर्मा पाल्नु हवस् भनेर विनती * पारे उसै बिच् महाँ ।
भन्नू भो हरिले पनी खुशि भई * मीठा वचन्ले त्यहाँ ॥
जानू होस् घरमा तपाइँ अहिले * हामी पनी फेर् पछी ।
घूमी सुन्दर यो नगर् गरि सयल् * आऊँदछौं काम् सकी ॥३॥

आज्ञा यो सुनि हर्ष मानि बहुतै * अक्रूर गए घर् जसै ।
हेरौं गै मथुरा-पुरी अब भनी * राम्-कृष्ण निस्के तसै ॥
थीए रत्न जड़ीत सुन्दर महल् * सुनका बनेका त्यहाँ ।
भ्याल् ढोका फुलबारिहेरु पनि धेर् * थीए असल् तिन् महाँ ॥४॥

काहीं सुन्दर फूल् फुलेर बहुतै * शोभा दिने मन् हरी ।
काहीं स्वच्छ तलाउमा विमल जल् * देख्दामहाँ दुध् सरी ॥
शोभा यै तिनको नजर् गरि-गरी * राम् कृष्ण घुम्नै त्यहाँ ।
लागे दिव्य पुरी सरी सड़कमाँ * खुशी भई मन् महाँ ॥५॥

देखी राम र कृष्ण लाइ युवती * हेर्न अती लठ् भई ।
थाले हेर्न चकोर हेर्छ जसरी * भयालभ्यालमा सब् गई ॥
जस्को सुन्दर दिव्य रुप् मदनझैं * देखेर गोपी सबै ।
हुन्थे मोहित फेर् यि नारिहरु मन् * सक्थे ति रोक्ने कबै ॥६॥

कति बसि परखालमा, दिव्य शोभा ति हेर्थे ।
कति गइ चढि छत्मा, टक्टकै लाइ हेर्थे ॥
कति हिंडि बिच बाट्मा, हेरथे हड्बडाई ।
कति-झुकि कन थाले, हेर्न राम्-कृष्ण लाई ॥७॥


मन हरण स्वरुप्का, देखि खूब् हर्ष पाई ।
अबिर, सिंदुर, लावा, फूल वर्षा गराई ॥
जय जय हरि भन्दै, भारि सत्कार गर्थे ।
नयन कमल हेर्दै, नारि सब् मोह पर्थे ॥८॥

यस्तो सुन्दर रूप दिव्य शशिझैं * देखी दुबैको त्यहाँ ।
गर्थे बात् सब नारिहेरु मिलि धेर् * मोहित् भई मन् महाँ ॥
क्या राम्रा हरि-राम यी ब्रज महाँ * खेल्छन् भनी सुन्दर्थ्यौं ।
देखौंला कहिले भनी कन सबै * आशा लिई झुल्दथ्यौं ॥९॥

इच्छा पूर्ण भयो सबै यस बखत् * पाएर दर्शन् यहाँ ।
हुन् ती गोपिनिहेरु धन्य सब दिन् * खेल्ने हरी सङ् महाँ ॥
गर्थे यै रितले त्यहाँ उस बखत् * तारीफ् ति सब् सुन्दरी ।
हेर्थे राम्-हरिजी पनि तिनि उपर् * खूब् प्रेम् नजर्ले गरी ॥१०॥

रजक मोक्ष लीला ( ७६ )

यै रित्ले त्यो शहर् भर् घुमि हरि—बलराम् फर्कि आए जसैता ।
भेटे एक् धोबिलाई उहि बखत तहाँ, मार्ग बीच्मा तसैता ।।
देखी राम्रा लुगा फेर् किसिम-किसिमका, धोबिका सामु जाई ।
भन्नु भो श्रीहरीले रजकसँग तहीं, बोल्नमा क्यै लजाई ।।१।।



ब्रज्वासी—हामिहेरू यस घरि उतसव्, हेर्न खातीर याहाँ ।
आयौं निम्ता हुनाले असल चिजहरू, छैन क्यै पास माहाँ ।।
एक् दिन्का निम्ति मात्रै गरिकन करुणा, दे लुगा हामि लाई ।
धूँला फेर् वस्त्र एक् एक् गनिगनि बुझिले, ल्याइ फिर्ता गराई ।।२।।

यस्ता बात् सुनि धोबी खिसि गरि बहुतै, भन्छ क्यै सामु जाई ।
'गोठालाहेरु ह्वौ सब् कसरि तिमि लुगा, लाउँछौ चाल् न पाई ।
थोटा मैलो लँगोटी कटि बिच पहिरी, लासु कन्था झुलाई ।।
हातमा ली वंशि घुम्ने वनवन कसरी, माग्दछौ वस्त्र आई' ।।३।।

धोबीका सुनि वाक्य यी हरिजिले * भन्नू भयो फेर् त्यहाँ ।
सोझो भैकन दे लुगा नहिं भने * खोसेर लिन्छौं यहाँ ।।
लाग्यो भन्न रिसाइ धोबि अनि फेर् * बात् खूब् कड़ा त्यस् घरी ।
कंसैको म त धोबि हूँ सुन कहाँ * डर्थें म धक्कू सुनी ।।४।।

भन्नेछू गइ कंसका हजुरमा * सब् बात ऐह्ले अनी ।
पाऊलास् अति शास्ति व्यर्थ किन हो * बोल्छस् घमण्डी बनी ।।
भागी जा नत मार्दछू म अहिले * यस्तो भनेथ्यो जसै ।
हान्नूभो अति रिस् गरेर करले * मर्दो भयो झट् तसै ।।५।।

यो देखी सब धोबिहेरु पनि झट् * भागे डराई त्यहाँ ।
नाथ्का हात् परि प्राण त्याग गरदा * भो मुक्त धोबी वहाँ ।।
फेरी खुश् भइ नाथले पनि असल् * छानेर पोशाक्-हरू ।
पैह्री लीनु भयो जती तति गरी * वर्णन् कहाँतक् गरूँ ।।६।।

'नायक' दर्जी वर प्रदान लीला ( ७७ )

थाले पैह्रन वस्त्र गोप् हरु पनी * खुश् भै बहूते त्यहाँ ।
बाहूला तिर पाउ हालि बहुते * दिक् मान्दथे मन् महाँ ।।
ग्वालाहेरु कहाँ ति वस्त्र कसरी * लाऊन लौ जान्दथे ।
हात्मा लीकन वस्त्र हेरि बहुते * आश्चर्य ती मान्दथे ।।१।।

यो राम्रो छ भनेर कोहि खुशि भै * हेर्थे लिई हातमा ।
क्वै धोती पगरी बुझेर न चिह्नी * गुत्थे धरी माथमा ।।
योटा दर्जि उसै बखत् प्रभुजिको * खूब् भक्त ठूलो थियो ।
आई श्रीहरिको नजीक उसले * यो बिन्ति पारी लियो ।।२।।

हे नाथ् ! मर्जि भए म वस्त्र अहिले * पैह्राउँथें बेस् गरी ।
हुन्थ्यो जन्म सुफल् प्रभो ! गरि टहल् * मेरो सहज् यस् घरी ॥
देखी भक्ति अचल् प्रसन्न हुनुभो * त्रैलोक्यका नाथ् हरी ।
पैह्रायो अनि कृष्णका शरिरमा * त्यस्ले लुगा प्रेम् धरी॥३॥

दीनू भो वरदान् खुशी भइ अती * हो भक्त मेरो भनी ।
बाचुन्ज्याल् सुख भोगि अन्त्य पछि फेर् * जालास् तँ मुक्तै बनी ॥
यस्तो वर् प्रभु देखि पाइ बहुतै * आनन्द मानी त्यहाँ ।
फर्क्यो घर् तिर नाथको पद-धुलो * लीएर झट् शिर् महाँ ॥४॥

'सुदामा' माली वर प्रदान लीला ( ७८ )

राजन् ! श्रीहरि, राम साथिहरु सब् * यस्तै प्रकार्ले गरी ।
पैह्री सब् कपड़ा तयार् हुन गए * शोभित् भई त्यस् घरी ॥
सोही औसरमा हरी भगत एक् * माली 'सुदामा' थियो ।
आई प्रेम् सित त्यो हरी कन तसै * घर् बीच लाँदो भयो ॥१॥

चिन्ही नाथ् लाई यी जगतपति हुन् ईश्वर भनी ।
बड़ो खातिर् भाव्ले पद परि अती नम्रित बनी ॥
गरी पूजा माला धरि असल नाथ्का उर महाँ ।
दियो पैह्राई सब् कन हरि सहित् खुश् भइ त्यहाँ ॥२॥

ठुलो भक्तै जानी खुशि भइ हरीले पनि अनी ।
दीनू भो वर् स्वर्गै बिच गइ बसौला पछि भनी ॥
दिई वर्दान् येती प्रभु अति खुशी भै कन तहाँ ।
हिंड़े फेर् बाटो मा सब सँगिहरू ली सँग महाँ ॥३॥

कुब्जा उद्धार लीला ( ७९ )

राजन् ! पहीरी जब पुष्प माला ।
हुँनू भयो शोभित नन्द-लाला ॥
लीएर साथ्मा बलराम लाई ।
पाल्नू भयो झट्ट कदम् बढ़ाई ॥१॥

तेसै बखत् एक बुढ़ी न राम्री ।
कुप्री बहुत् बेरुपकी मस्याँग्री ॥
थाली उपर् चन्दन बेस लीई ।
आएर साम्ने हरिका उभीई ॥२॥

देखी त्यसकन सोध्नु भो प्रभुजिले * खुशी भई प्रेम् गरी ।
को हौ हे बुढ़िया ! बताउ यसरी * जान्छयौ कहाँ यस् घरी ॥
कस्को खातिर यो सुगन्धित असल् * लीएर चन्दन् यहाँ ।
आयौ, देउ लगाउँछौं अलिकती * हामी पनी शिर् महाँ ॥३॥

यस्ता श्रीहरिका सुनी प्रिय वचन् * आनन्दमा खूब् परी ।
लागी गर्न विनम्र भै विनती यो * हात् जोरि सामू सरी ॥
हे नाथ् ! कंसकि दासि हूँ म कुबिजा * चन्दन् सदा काल् घसी ।
कंसै लाइ लगाउँछू तर सदा * नाथ्लाइ जपूछू बसी ॥४॥

आज्ञा बक्सनु होस् चढ़ाउँछु प्रभु- * लाई म चन्दन् यहाँ ।
इच्छा पूर्ण गराइ बक्सनु हवस् * राखी दया मन् महाँ ॥
आफूमा कुबिजा कि देखिकन यो * भक्ती दयालू बनी ।
आज्ञा बक्सनु भो छ प्रेम् यदि भने * पैह्लाउ चन्दन् भनी ॥५॥

आज्ञा पाइ प्रभूजिको खुशि भई * त्यस्ले अती प्रेम् धरी ।
चन्दन् ल्याइ दिई हरी र बलराम्- * लाई बड़ो हित् गरी ।।
यो देखी हरिले अती खुशि भई * गर्छू म उद्धार् भनी ।
घोप्टो त्यस्कन पारि टेकि दिनुभो * पिठ्मा चरण्ले अनी ।।६।।

सोझ्याई दिनुभो समाति करले * शिर्मा बुढ़ीका जसै ।
आफैं दिव्य स्वरूपकी भइ उठी * नाथ्का प्रभावले तसै ।।
दर्शन् यस् रितले गरेर हरिको * जन्मै सुफल् भो भनी ।
आफूलाइ बहूत धन्य बुझि त्यो * हर्षित् भई घेर् अनी ।।७।।

कूबीजा भै तरुणी रूपवति बहुतै, षोड़शी दिव्य नारी ।
हेरी तेस्रा नयन्ले लठ परि बहुतै, भन्दछे हे मुरारी ! ।।
दासी माथी दया खुब् गरिकन प्रभुले, देह सुन्दर् बनाई ।
दीनूभो, लौ सवारी भइकन घरमा, भेट् दिनोस् आज आई ।।८।।

कुब्जाका सुनि बात हाँसि प्रभुले * भन्नू भयो सुन्दरी ! ।
आऊँला म अवश्य काम् सब सकी * तिम्रा उपर् प्रेम् धरी ।।
राखूँला सब दिन् म प्रीति तिमिमा * वीर् कंस मारी अनी ।
इच्छा पूर्ण कुनै बखत् म गरुँला * ऐल्हे म जान्छू भनी ।।९।।

पाल्नूभो हरि यो सुनेर कुबिजा * अत्यन्त हर्षित् भई ।
लागी बस्न सजाइ सुन्दर भवन् * ली आश घर्मा गई ।।
फेरी श्रीहरि लाग्नुभो मन महाँ * गर्नै विचार् यो अनी ।
सूचन् क्यै गरि दूँ गएर अहिले * त्यो कंसलाई भनी ।।१०।।

धनुष भंग लीला ( ८० )

राजन् ! सूचन यूँ भनेर हरि-राम् * दूबै जना त्यै घरी ।
ढोकाको नजिकै गएर उभिए * मानू ती सिंहै सरी ॥
देखी तिन्कन रोक्तथे पहलवान् * केही न टेरी त्यहाँ ।
दौड़ी ताहिं गए ठुलो धनुष त्यो * थीयो धरेको जहाँ ॥१॥

बायाँ हात लगाइ चट् शिवजिको * ठूलो धनू त्यै घरी ।
भाँची फ्याँकि दिनू भयो उहि बखत् * नाथ्ले टुकूरा गरी ॥
टुट्दा त्यो धनु भारि शब्द हुनगो * सब् वीर् डराए त्यहाँ ।
जो आए सबलाइ मारि दिनुभो * नाथ्ले उसै बीच्महाँ ॥२॥

येती काम् गरि राम-कृष्ण दुइ फेर् * अत्यन्त खूशी भई ।
थीए नन्दहरू जहाँ उहिं पुगे * फर्केर चाँड़ो गई ॥
सोधे नन्दजिले कहाँ यि कपड़ा * पाएर लायौ भनी ।
बिस्तार् गर्दिनु भो सबै कहि कुरा * राम्-कृष्णजीले पनी ॥३॥

कंस दुःस्वप्न लीला ( ८१ )

राजन् ! शब्द ठुलो सुनी धनुषको * त्यो कंस डर्मा परी ।
लाग्यो व्याकुल हून खूब मनमा * जानेर मर्ने घरी ॥
दिन्मा चैन न रातमा निंद भई * श्रीकृष्ण लाई त्यहाँ ।
काले रूप नजीक सामु हरदम् * देख्तो भयो मन्महाँ ॥१॥

चिंतामा परि जल्न अग्नि सरि खुब् * लाग्यो जसै त्यो अनी ।
जाँदो भो तब सेजमा अलिक बेर् * आराम् गरूँ लौ भनी ॥

डर्ले जागि रह्यो गरेर छटपट् * सेज्का उपर् रात् भरी ।
बीत्यो तीन प्रहर् निशी जब अलिक् * भैगो बिचेत् निद् परी ।।२।।

देख्दो भो तब एक् भयङ्कर अती * दुःस्वप्न त्यै बिच् महाँ ।
एक्लै आफ्नु शरीरमा शिर नभै * घुम्दो छँदो त्यो त्यहाँ ।।
नाङ्गो भै कहिले गएर नदिमा * धूलो घसी आङ् महाँ ।
तेल् मर्दन् गरि न्वाहुँदो पनि छँदो * देख्तो भयो खूब् त्यहाँ ।।३।।

जाँदो दक्षिण तर्फ फेर् चढ़ि गधा * माथी अती खुश् भई ।
भूत्-प्रेत् डङ्किनि हेरु फेर् सँग लिई * डुल्दो मशान्मा गई ।।
रातो धेर् फुलको सुगन्धि रहितै * माला गलामा धरी ।
हिंड्थ्यो स्वप्न खराब देखिकन त्यो * जाग्दो भयो डर् परी ।।४।।

देख्यो स्वप्न खराब तैपनि बहुत् * मन्लाइ रोकी लियो ।
मार्छू राम र कृष्णलाइ भनि झट् * सब्लाइ उर्दी दियो ।।
हे मन्त्री ! अब शीघ्र गैकन सजी * देऊ अखाड़ा अनी ।
हाजिर् हुन् सब कुश्ति खेलन अहिल्यै*आएर सब् वीर् पनी ।।५।।

व्रजवासी कन डाक्नु नन्द सहितै * राख्नू असल् ठाम् महाँ ।
देश्-देशका सब भूपतीहरु पनी * जम्मा हउन् गै त्यहाँ ।।
भोलीपल्ट बिहान कंस उठि झट् * यस्ता तबर्को जसै ।
दीयो हुकुम त्यै बमोजिम भयो * ठिक्ठाक् तुरुन्तै तसै ।।६।।

आफ्ना-आफ्ना उचा स्थान् बिच बसि रहनै भूपतिहेरु आए ।
चाणूर्, मुष्टिक् पहल्वान्हरु पनि बहुतै ताल ठोकी रमाए ।।
गर्थे कश्रत् अखाड़ा बिच घुमि-घुमि ती आफ्नु ताकत् जनाई ।
लागे त्यो दृश्य हेर्नै सुरहरु नभमा हत्पताएर आई ।। ७ ।।

गद्दी एक थियो उँचो अति असल् * सुन्दर् बनेको त्यहाँ ।
बस्तो भो उस माथि कंस गइ फेर् * तर्वार ली हात् महाँ ॥
पाई हूकुम कंसको सब वहाँ * थीए पहल्वान् जती ।
लागे लड्न भिड़ेर कुशित सब ती * उन्मत्तभै खूब् अती ॥८॥

कुवलयापीड गज बध लीला ( ८३ )

राजन् ! भो जब प्रातकाल उठि ती * नन्दादि गोपाल् त्यहाँ ।
पौंचे उत्सव हेर्न लाइ भनि सब् * खूशी भई मन् महाँ ॥
सब् साथी लिइ साथमा हरि र राम् * शोभित् बहुतै बनी ।
ढोकामा गइ झट् पुगे महलको * हेरौं तमाशा भनी ॥१॥



दश् हज्जार् गजको समान बलियो * हात्ती बड़ो एक् त्यहाँ ।
झुम्थ्यो मत्त भई तहीं 'कुवलया- * पीड्' नाम ढोका महाँ ॥
देखी त्यो अति मत्त हात्ति हरिले * माहूत लाई अनी ।
भन्नू भो गज दे हटाइ तर झन् * आयो भयङ्कर् बनी ॥२॥

"दे जान मित्र तईंले अब हामिलाई ।
मर्ने छ नत्र गज निश्चय प्राण् गुमाई ॥
ल्यायो न टेरि कन झन् नजिकै जसैता ।
पेल्दै अगाडि गज माहुतले तसैता ॥३॥

हान्दा अंकुशले रिसाइ गज त्यो * रामूलाइ मार्छु भनी ।
दौड्यो बेग्सित मुड्कि एक् सुँडमहाँ * रामूले बजारे अनी ॥
वज्रैका सरि चोट खाइ गज त्यो * अग्घोर शब्दै गरी ।
हट्दो भो पछि, देखि जन्हरु सबै * छक्कै परे त्यस् घरी ॥४॥

रामूको भारि प्रभाव देखि सबले * आश्चर्य मान्दा भए ।
लागे तारिफ गर्न वीर्हरु सबै * शेखी सबैका गए ॥
हात्ती लौ हटिगो पछाडि भनि खूब् * माहूत डर्मा पर्‍यो ।
हान्यो अंकुशले उ गज् कन जसै * त्यो फेर् अगाडी सर्‍यो ॥५॥

बेर्‍यो आइ प्रभूजि लाइ गजले * सुँड्ले बडो क्रोध् गरी ।
चट् फुत्के धरि सूक्ष्म रुप्धरि तहाँ * त्रैलोक्यका नाथ् हरी ॥
फेरी झट्ट समाति दाँत विचमा * त्यस्ले दबायो जसै ।
सुर् धौता नर नारि व्याकुल भई * डर्मा परे सब् तसै ॥६॥

कंसैका विरहेरु देखि भइ खुश् * गर्जी उठे झट् अनी ।
बालक्झैं गरि खेल फुत्किकन झट् * निस्के हरीजी पनी ॥
फेरी खूब रिसाइ त्यो हरि तरफ् * झम्टेर जाँदो भयो ।
निस्के टाङ्मुनि बाट श्रीहरि जसै * माहूत् चकित् भैगयो ॥७॥

दीनू भो पछिबाट हाँक हरिले * फेरी जसै त्यै घरी ।
लात् हान्यो हरिलाइ बेग्सित अनी * रामूले लिए सुँड् धरी ॥

कैह्ले जोर्सित पक्रि पुच्छर हरी * तान्थे तहाँ खेल् गरी ।
कैह्ले राम् धरि सूँड खेल गर्थे * गज्लाइ तुच्छै गरी ।।८।।

मूसालाइ बिडाल मार्छ जसरी * खेलाइ त्यै रित् गरी ।
लीला ताहिं शुरू गरे ति दुइले * मार्नै अगाडी सरी ।।
यस्तै रित्सित खेल् गरी अलिक बेर् * पश्चात् थकाई त्यहाँ ।
पट्के ताहिं घुमाइ जोर्सित हरी- * जीले जमीनै महाँ ।।९।।

हानि लात्ति र मुड्कि फेरि बहुतै * गज्लाइ बेहाल् गरी ।
मार्नु भो गजलाइ श्री हरिजिले * भाँचेर दाँत् बेसरी ।।
हात्ती मर्न गयो भनेर रिसले * त्यो माहुते झट् अनी ।
आयो झम्टि हरी तरफ् लिइ ठुलो * अंकुश मार्छु भनी ।।१०।।

ठोक्नुभो तहिं हात् उठाइ शिरमा * नाथ्ले जसै त्यै घरी ।
माहूते पनि शिर् फुटी मरि गयो * काल्का मुखैमा परी ।।
यस्तो अद्भुत कर्म देखि हरिको * आश्चर्य भै सब् त्यहाँ ।
लागे हेर्न, हरी र राम सहजै * पोंचे सभा बिच् महाँ ।।११।।

## चाणूर मुष्टिक वध लीला (८३)


राजन् ! त्यस् घरि नाथलाइ जसले * जुन् भावले प्रेम् गरी ।
देखे त्यै रुपले प्रत्यक्ष हुनुभो * त्रैलोक्यका नाथ् हरी ।।
राजा हुन् भनि भूपती सकलले * जानी लिए मन् महाँ ।
देखे विर्हरुले विरै भनि ठुलो * हुन् यी लडाका यहाँ ।।१।

जाने बालक हुन् भनी हरिकनै * नन्दादि गोप्ले अनी ।
इन्द्रादी सब देवले बुझि लिए * साक्षात ईश्वर् भनी ।।

बालक् ग्वाल्हरुले सखा भनि अरू * यादव् हरूले त्यहाँ ।
माने नाथ्कन हुन् सहायक भनी * खूशी भई मन् महाँ ॥२॥

देखे फेर् युवतीहरू सकलले * प्रेमी भनी प्रेम् गरी ॥
शत्रू दल् सब देखि श्री हरिकनै * हुन्थे बहुत् थर्-हरी ॥
देख्यो श्री हरिलाइ काल रुपको * त्यो कंसले फेर् त्यहाँ ।
डर् मान्थ्यो बहुतै झसङ्ग हुनगै * कालै बुझी मन् महाँ ॥३॥

देखे यै रितले अनेक रुपका * नाथ्लाइ सब्ले जसै ।
दीयो हाँक समात यिन्कन भनी * त्यो कंसले झट् तसै ॥
आज्ञा यो सुनि त्यै घरी कसि कछाड् * ताल् ठोकि सामू सरी ।
लाग्यो चाणुर भन्न श्रीहरि कनै * सूचन् दिएझैं गरी ॥४॥



आऊ कुश्ति लडौं मिलीकन दुबै * दर्शक् र राजा पनी ।
हूने छन् अति खूशि देखि मनमा * क्या बात यी वीर् भनी ॥
घुम्थे गै हरि–राम् नजीक अखडा * बीच्मा सुशोभित भई ।
सूनी चाणुरका यि बात हरिले * भन्नू भयो स्थिर् रही ॥५॥

हे भाई ! तिमिले भन्यौ जउन बात् * साँचो भनी जान्दछू ।
बालक् हामि कसो गरी लडुँ भनी * मनमा यही ठान्दछू ।।
तिम्रा साथ मिलाइ जोड़ि कसरी * लड्नू मईं ले यहाँ ।
शत्रुता अरु मित्रता उचित हो * गर्नू बराबर् महाँ ।।६।।

लड्दा बालक साथ शर्म न लिई * होला कि निन्दा भनी ।
ठान्छू यो अवगाल भारि तिमिमा * पर्नेछ साह्रै पनी ।।
सूनी चाणुर भन्छ जानुँ कसरी * तिम्लाइ बालक् भनी ।
मार्‍यौ मत्त गजेन्द्र एक् छिन महाँ * झींगा समान्को गनी ।।७।।

तोड्यौ फेर् शिवको धनुष् अति ठुलो * सिन्कै समान् को गनी ।
कैनौ मानिस ठान्छु तीमि दुइ जन् * आयौ यही छल् गरी ।।
ठूलै विर् तिमि हौ र निश्चय गरें * तस्मात् खड़ा छू यहाँ ।
लड्नू क्यै अनुचित् म ठान्दिन सुन्यौ * तिम्रा भिड़ी सङ् महाँ ।।८।।

येती बात् गरि ताल ठोकि गइ झट् * श्रीकृष्णका सङ् महाँ ।
भीड्यो चाणुर, रामका सँगमहा * मुष्टिक् भिड्यो फेर् त्यहाँ ।।
शिर्मा शीर भिड़ाइ बाहुलि दुबै * पक्रेर खूब बल् गरी ।
लागे लड्न दुबै अनेक् रकमले * उन्मत्त सिंहै सरी ।।९।।

दाऊ पेंच लगाइ धेर् किसिमका * चाणूर लड्थ्यो पनी ।
खेलाई हरि लड्दथे सहजमा * चाणूर् थकाऊँ भनी ।।
मुष्टिक्का सँग राम् पनी लडदथे * यै रीतले खूब् त्यहाँ ।
हेर्ने मानिस यो अयोग्य बुझि बात् * गर्थे परस्पर् महाँ ।।१०।।

बालक्का सँग वीर्हरू लड़ि लिंदा * साह्रै अनीति भयो ।
हेर्दैमा पनि हुन्छ पाप बुझिल्यौ * कुन् देशको चाल यो ।।

खेलाई कन केहि बेर् प्रभुजिले * हेलाँ गरी फेर् त्यहाँ ।
चाणूरलाइ पछारि मारि दिनुभो * पट्की जमीनै महाँ ॥११॥

मुष्टिक्लाइ पनी उही रित गरी * पक्रेर कम्मर् धरी ।
रामले पट्कि दिएर छादि रगतै * मर्दो भयो त्यै घरी ॥
मारे ती दुइलाइ राम-हरिले * सोही बखत्मा जसै ।
आए फेर् अरु वीर्हरू अघिसरी * नाथ्का अगाडी तसै ॥१२॥

तिन्लाई पनि कृष्णले सहजमा * मारी दिनूभो अनी ।
भागे फेर् अरु बाँकि वीर्हरु सबै * लौ मार्न आँट्यो भनी ॥
यस्तो अद्भुत काम देखि हरिको * खूब् उच्च स्वर्ले गरी ।
तारीफ् सब् हरि-भक्तले गरि लिए * आनन्द माहाँ परी ॥१३॥

कंस वध, वसुदेव देवकी बंधन मुक्ति लीला (८४)

राजन्! यो सहनी सुनेर हरिको * त्यो कंस खूब् क्रोध् गरी ।
लाग्यो भन्न कराइ पक्र अहिल्यै * यिन्लाइ लेऊ कसी ॥
लैजाऊ अनि फेरि बाँध सब ती * ब्रज्वासि लाई पनी ।
झ्याल्खान्मा लगि हाल बेस् तबरले * पाउन् यि शास्ती अनी ॥१॥

फेर् उग्रसेन वसुदेव् कपटी कुचक्री ।
यी दूइ लाइ पनि देवकि साथ पक्री ॥
ल्याएर मार तहिं राम र कृष्णलाई ।
मानूँ ठुलो दुख दिई सुन वीर ! भाई ॥२॥

दौड़े सबै विर हुकुम् सुनि यो जसैला ।
श्रीकृष्णले पनि उसै घरि झट् तसैला ॥

सारा असुर् दलविनाश् गरि फेरि ताहाँ ।
सोच्नू भयो गम गरीकन चित्त माहाँ ॥३॥

मारेर कंस, भुमिको अब भार हर्छू ।
सब् भक्त दुःखि जनको दुख दूर गर्छू ॥
येती विचारि हरिले उहि बीच माहाँ ।
पुग्नू भयो झट, थियो खल कंस जाहाँ ॥४॥

देखेर काल् सरि हरीकन खूब् डराई ।
थाल्यो यता उति नजर् गरि हड्बडाई ॥
डर्मा पर्‍यो तर पनी तरवार् चलाई ।
मार्छू भनी सुर लियो मनमा जमाई ॥५॥

यो देखी कृष्णजीले उहि घरि रिस ली, क्रोध मूर्ती बनाई ।
उफ्री सिंहासनैमा गइ झट करले, खिंच्नु भो केश् समाई ॥
फेरी ताहाँ अधमूले पनि मन बिचमा, धैर्य साहस् बढाई ।
लाग्यो क्रुद्धै भई खूब् हरिसित लडनै, तीक्ष्ण तर्वार् चलाई ॥६॥

कैह्ले जुल्फी समाती चरण धरि दुबै, हातले तानि-तानी ।
कैह्ले मुड्की बजारी वरिपरि खिंचि फेर्. जोर् सँगै हानि-हानी ॥
यस्तै धेरै प्रकार्ले गरिकन थकितै, पट्कि फेर् भूमि माहाँ ।
मार्नूभो कंसलाई उहि घरि हरिले, तुच्छ मानेर ताहाँ ॥७॥

लिन्थ्यो नाम् हरिकै सदा मनमहाँ * रिस्ले हवस् ता पनी ।
सोही कारण कंस मुक्त हुनगो * निर्मल् स्वरूप्को बनी ॥
मार्नू भो यस दुष्ट लाइ प्रभुले * भन्दै बड़ा खुश् भई ।
लागे गर्न पुकार जै हरि भनी * यादव्हरू सब् गई ॥८॥

द्यौताहेरु पनी अती खुशि भई * आनन्द मङ्गल् गरी ।
लागे उत्सव गर्न स्तुति गरि धेर् * वर्षा फुलैको छरी ।।
आठ् भाई अरु कंसका जति थिए * ती सब् पनी त्यै घरी ।
आए लड्न भनेर श्री हरिजिका * सामू अगाड़ी सरी ।।९।।

ती दुष्टलाइ पनि कृष्णजिले निभाई ।
दीनू भयो उहि घरी भुमिमा गिराई ।।
यै रीतले सकल राक्षसलाइ मारी ।
निष्कंट पारि दिनुभो सब भार् उतारी ।।१०।।

फेर् कंसको त्यो मृत देह लाई ।
राम्-कृष्णले जुल्फि धरी समाई ।।
तानी घिसारी कन झट्ट ताहाँ ।
ल्याए यमूना तट बीच माहाँ ।।११।।

फेर् राम-कृष्ण दुइ भाइ थकाइ मारी ।
बस्नू भयो अलिक बेर् तक गाथ् सुसारी ।।
त्यै दीन देखि हुनगो सब लोक माहाँ ।
'विश्रामघाट्' भनि ठुलो एक तीर्थ ताहाँ ।।१२।।

सम्चार् कंस मर्‍यो भनेर जब ता * रानी हरूले त्यहाँ ।।
सूने, रोइ विलाप धेर गरदै * आए उसै बिच् महाँ ।।
स्वामीको शिर काखमा लिइ ठुलो * स्वर्ले बिलौना गरी ।
लागे शिर् पिटि रून दुइ करले * लोटी जमिन्मा परी ।।१३।

हा नाथ ! हा प्राण ! यसोरि ऐह्ले ।
थीयो उचित् त्याग् गरि जानु कैह्ले ।।

हे नाथ् ! कसोरी अब बाच्नु याहाँ ।
प्राण् त्याग गर्छौं यहिं तीर माहाँ ॥१४॥

हामी दुखीया अबला कसोरी ।
लाई भुलाई किन हा ! यसोरी ॥
पाल्नू भयो दुःख दिएर भारी ।
चटक्क छोडी अलपत्र पारी ॥१५॥

यस्तै रितुसित घेर् विलाप् जब गरे * रानी हरूले त्यहाँ ।
सम्झाई सब बात् बुझाउनु भयो * नाथ्ले उसै बिच् महाँ ॥
माईज्यू ! जुन आउला भव महाँ * बाँच्तैन हर्दम् पनी ।
झूटो येहि शरिर् छ सब्कन झुटो * जान्नोस् हजुर्ले अनी ॥१६॥

माता, पुत्र, पती, पिता, प्रिय-सखी * नारी सुशीला अनी ।
चार् दिन्का सब साथि हुन् सँगमहाँ * जाँदैन कोही पनी ॥
तस्मात् त्याग् गरि शोक, धैर्य धरि खुब् * मामाजिको यै घरी ।
गर्नू होस क्रिया–करम् जल महाँ * जल्दान दी प्रेम् धरी ॥१७॥

सम्झाई यहि रीतले हरिजिले * चीता बनाई त्यहाँ ।
त्यस् माथी धरि कंसको मृत शरीर् * आगो दिए मुख् महाँ ॥
यस्तै रितुसित खुद् जगत्पतिजिले * त्यस् कंसको सद्गती ।
गर्नू भो जब रानिहेरु पनि सब् * फर्के रुँदै हत्पती ॥१८॥

पाल्नू भो अनि फेरि कृष्ण-बलराम् * दूबै जना झट् वहाँ ।
थीए श्री वसुदेव देवकि दुबै * बन्धन् परेका जहाँ ॥
बन्धन्मा रहि एक् फगत् मनमहाँ * आशा हरीको धरी ।
बस्थे, ती दुइका नगीच सहजै * पुग्दा भए श्रीहरी ॥१९॥

फोई बन्धन राम्-हरी चरणमा * माता पिताका परी ।
हात् जोरीकन सामुमा उभिनु भो * नम्रित भई त्यै घरी ।।
देखे श्री वसुदेव देवकिजिले * राम्-कृष्णलाई जसै ।
साक्षात् ईश्वर हुन् भनेर मनमा * जानी लिए झट् तसै ।।२०।।

दानव् वंश विनाश पारि भुमिको * भार् हर्नलाई भनी ।
आएका यिनि हुन् धरेर अवतार् * साक्षात् जगत्का धनी ।।
यस्तो ज्ञान् वसुदेवलाइ हुनगो * सोही बखत्मा जसै ।
माया आफ्नु प्रबल् गराइ दिनुभो * नाथ्ले पनी झट् तसै ।।२१।।

मोहित् धेर् भइ फेर् पिता र जननी * जानेर पुत्रै सरी ।
भन्छन् नानि ! बिताइ सोह्र बरसै * आयौ तिमी यस् घरी ।।
बस्थ्यौं सम्झि सदा मुहार दुइको * यै बीच बन्धन् महाँ ।
ऐह्ले दुख् छुटि सब् सुखी भइगयौं * हामी दुबै जन् यहाँ ।।२२।।

यस्तै धेर कुरा गरी कन दुबै * लाई धरी काख् महाँ ।
लागे प्रेम् अति गर्न ताहिं वसुदेव् * श्री देवकीजी त्यहाँ ।।
यी बात् मात-पिताजिका सुनि हरी * नम्रै भई फेर् त्यहाँ ।
भन्नू हुन्छ पिताजि ! हामि परवश् * थीयौं परेका वहाँ ।।२३।।

गर्थ्यौं चिन्तन रात-दिन् उदरमा * नौ मास जस्का बसी ।
लीयौं जन्म तथापि एक् दिन पनी * तिन्लाइ सुख् क्यै न दी ।।
फाल्यौं जन्म वृथा पराइ घरमा * हामी हरूले पनी ।
पाएनौं कछु सुख् पिता जननिको * कौनै प्रकार्को भनी ।।२४।।

गर्नू भो हरिले प्रकट् दुख जसै * गद्-गद् भई त्यै घरी ।
दुख् आफ्नू अधिको सबै भुलि गए * हर्षाश्रु मोचन् गरी ।।

ल्याए फेर् वसुदेव देवकिजिले * राम्-कृष्णलाई त्यहाँ ।
घर्मा लौ हिंड बाबु, जाउँ भनि खूब् * खूशी भ न्महाँ ॥२५॥

स्नान् ध्यान् दान अनेक् गरी शुचि भई * उत्तम् प्रकार्ले गरी ।
चिज्-बिज् धेर बनाइ ख्वाउन दिए * राम्-कृष्णमा प्रेम् धरी ॥
फेर् भाई दुइ उग्रसेन नृपका * हात् जोरि साम्नू गई ।
भन्छन् राज् अब गर्नुहोस् पृथिविको * आनन्द मन्मा लिई ॥२६॥

यस्ता प्रीय वचन् सुनेर हरिका * मुख्देखि सोही घरी ।
हात् जोरी विनती गरे नृपतिले * नाथ्का चरण्मा परी ॥
'हे नाथ् ! दानव-दल् निभाइ जसरी * त्यस् कंसलाई पनी ।
मारी खूब् सुख भक्तलाइ दिनुभो * नाथ्ले दयालु बनी ॥२७॥

सोही रित्सित हे दयानिधि ! दया * लीएर फेर् मन् महाँ ।
गर्नू होस्, बसि गादिमा मधुपुरी- * को राज्य प्रेम्ले यहाँ ॥
आज्ञा भो हरिले सुनेर यति बात् * हे भूपते ! यो पनी ।
जान्नू होस् अधिकार छैन यदुकुल्- * मा राज्य गर्नै भनी ॥२८॥

तस्मात् गर्नुहवस् स्वराज्य निति साथ् * रैती उपर् प्रेम् धरी ।
गर्नेछौं सब काम् बनेर सरदार् * आनन्दले हर् घरी ॥
आज्ञा यो गरि उग्रसेन् नृप कनै * सिंहासनैमा धरी ।
राज्यैको अभिशेष गर्दिनु भयो * नाथ्ले बहुत् प्रेम् गरी ॥२९॥

त्यस् बेला मथुरा निवासिहरुमा * आनन्द धेरै भयो ।
नाथ्को पूर्ण कृपा हुँदा सकलको * संकष्ट दूर् भै गयो ॥
यस्ता रित्सित उग्रसेन् नृप कनै * दी राज्य फेर् त्यै घरी ।
थीए नन्द जहाँ उहीं खुशि भई * पाल्नू भयो श्रीहरी ॥३०॥

नन्दादि गोप विदा लीला ( ८५ )

राजन् ! राम्-हरि भाइ दुइ सँगमा ❀ रत्नादि धेरै लिई ।
आई नन्दजिका अगाडि धरि सब् ❀ आदर् सहित् ढोग् दिई ॥
दर्शन् भेट गरी अनेक् तरहले ❀ लम्रेर पाऊ परी ।
हात् जोरीकन नन्दलाइ प्रभुले ❀ भन्नू भयो प्रेम् गरी ॥१॥

हे बाबा ! म तपाइँको गुण बखान् ❀ सक्तीन गर्नै रती ।
राख्नू भो दुइ भाइ लाइ मनमा ❀ राखेर प्रीती अती ॥
माई श्रीयशुदाजिले पनि अधिक् ❀ पुत्रै समान् प्रेम् गरी ।
पालन्-पोषण यत्न-पूर्वक गरिन् ❀ साक्षात माता सरी ॥२॥

गर्छौं बिन्ति रिसानि माफ् गरनु होस् ❀ हामी अलिक् दिन् यहाँ ।
बस्छौं मात-पिता जिलाइ सुख क्यै ❀ दींदै मथुरा महाँ ॥
हाम्रा निम्ति अनेक् विपत्ति सहने ❀ माता कहाँ पाउँला ।
जानू होस् व्रजमा तपाइँ अहिले ❀ हामी पछी आउँला ॥३॥

चाँडै गै व्रजमा ति गोपिनि समेत् ❀ माताजि लाई पनी ।
सम्झाई दिनुहोस् बुझाइ सब बात् ❀ आऊँदछन् फेर् भनी ॥
पाऊमा परि ढोग भन्दिनु हवस् ❀ माताजि लाई गई ।
हाम्रा ऊपर प्रेमभाव अघिझैं ❀ सब्दिन्रहोस्थिर्रही॥४॥

यस्तो बात् हरिको सुनेर बहुतै ❀ नन्दादि शोक्मा परी ।
लागे रून समाति पाउ हरिको ❀ हे बाबु ! निष्ठुर् सरी ॥
यस्तो बात् न सुनाउ जान्न भनि यो ❀ के काम भन्छौ यहाँ ।
ठान्छू बाँच्नु कसोरि हा ! तिम बिनु ❀ धैर्यै धरी मन् महाँ ॥५॥

त्यै बिच्मा हरिको सखा जउन हो * नाम्को 'सुदामा' त्यहाँ ।
त्यस्ले बिन्ति गर्न्यो न भूल मथुरा-* को राज्य पाई यहाँ ॥
हाम्रा ऊपर गोकुलै गइ गरे * राज् वंशि वट्मा बसी ।
मोहन् ! वंशि बजाइ सुन्दर स्वरूप् * धारी कछाड़ै कसी ॥६॥

काहाँ कल्कल नादिनी ति यमुना- * को जल् कहाँ कुञ्ज वन् ।
काहाँ गोपिनिहेरुको सुख विहार् * ग्वालाहरूको सु-सङ् ॥
निर्मोही भइ कृष्ण ! आज तिमिले * माता पिताको पनी ।
माया मोह भुलाइ जान्न भनि लौ * भन्छौ नि-ठुर् भै बनी ॥७॥

यस्तै रित्सित बात् गरीकन अनेक * श्रीकृष्ण लाई त्यहाँ ।
छेकी घेरि खड़ा रहे वरिपरी * सब् गोप त्यै बिच् महाँ ॥
भन्छन् नन्दजि फेरि बाबु ! तिमिले * यस्ता प्रकार्ले छली ।
लाग्यौ छोड्न रजाइँ पाइ मथुरा- * को प्रेम मन्मा न ली ॥८॥

फेरी सब् व्रजनारिले सहित भै * तिम्री ति माता पनी ।
व्याकुल् भैकन हेर्दि हुन् सडकमा * आए हरी की भनी ॥
शोध्लिन् फेरि विलाप् गरेर जननी * मेरा सँगैमा त्यहाँ ।
एक्लै चित्त बुझाउँला म कसरी * तिन्को गई घर् महाँ ॥९॥

राधादी व्रज—बालिकाहरु पनी * सम्पूर्ण तेसै घरी ।
मर्ने छन् तिमिलाइ देख्न न मिले * तिम्रा वियोग्मा परी ॥
एक् पाली घर गै बरू पछि तिमी * फर्केर आए यहाँ ।
बस्ने सुर् अहिले न लेउ सबका * दीएर ताप् मन् महाँ ॥१०॥

यस्तै रित्सित नन्दजी अरु विलाप् * नाना प्रकार्को गरी ।
लागे खूब् सित रून श्रीहरिजिका * पाऊ करैले धरी ॥

व्याकुल् नन्दजिलाइ देखि बहुतै * जाउन् घरैमा भनी ।
माया आफ्नु प्रबल् फिंजाइ दिनु भो * श्रीकृष्णजीले अनी॥११॥

मायाले सबको भुलाइ मति फेर् * नाथ्ले उसै बिच् महाँ ।
भन्नू भो समझाइ यी सब कुरा * श्रीनन्दलाई त्यहाँ ॥
हे बाबा ! किन गर्नु हुन्छ मनमा * सन्ताप व्यर्थैं पनी ।
टाढा क्यै पनि छैन गोकुल यहाँ * एक्‌दिन्‌कि रस्ता छनी ।१२।

यस्तै रित्‌सित नन्दलाइ हरिले * सम्झाउनू भो जसै ।
भन्छन् चित्त बुझेर नन्दजि अनी * श्री कृष्णलाई तसै ॥
जान्छू बाबु ! म केहि दिन् बसि तिमी * आए न बिर्सी वहाँ ।
आएनौ अथवा गर्‍यौ ढिल भने * हूनेछ ताप् मन्महाँ॥१३॥

येती बात् सुनि नन्दको प्रभुजिले * सब्लाइ झट् त्यै घरी ।
बीदा गर्दिनुभो, गए सब जना * रस्ता सरा-सर् धरी ॥
फिर्नू भो बलराम लाइ सँगमा * लीई मुरारी पनी ।
माता देवकिको गएर घरमा * सुख् दीनलाई भनी ॥१४॥

यशोदा विलाप लीला ( ८६ )

राजन् ! दुःखित धेर् हुँदै ब्रज महाँ * नन्दादि गोपाल् जसै ।
पूगे भै टुहुरा, बिचै सडकमा * माई यशोदा त्यसै ॥
सारा गोपिनि साथमा लिइ गइन् * भेट्छू भनी झट् गरी ।
देखीनन् हरि-रामलाइ जब फेर् * आकुल् भइन् त्यै घरी ॥१॥

फेर् वस्त्र भूषणहरू सब देखि साथ्मा ।
सोधिन् भई विकल धेर् धरि हात माथ्मा ॥

"देख्तीन राम्-हरि दुई  सुतलाइ याहाँ ।
पाल्नू भयो प्रिय कुमार हरु छाडि काहाँ ।।२।।

हे नाथ ! आउनु भयो  सुतलाइ छोडी ।
काहाँ यसोरि  प्रिय-बन्धन  लाइ तोडी ।।
फ्याँकेर कञ्चन लिई कन काँच  याहाँ ।
पाल्नू भयो असल रत्न गँवाइ काहाँ ।।३।।

छाडेर अमृत मिठो, विष पान  लाई ।
ठान्नू भयो अति असल् मुखमा लगाई ।।
उत्तम् सुपुत्र धनलाइ  गुमाउनू  भो ।
यी तुच्छ रत्न मणि लीकन आउनू भो ।।४।।

के हुन्छ यी सकल भूषण  वस्त्र  लीई ।
बीना मणी सरप झैं तिरमा  उभीई ।।
जस्लाइ एक्छिन  पलक्  बिचदेखि कैह्ले ।
राखीन दूर कसरी सहुँ पीर मैले ।।५।।

यी बात् श्री यशुदाजिका सुनि अनी * धैर्यै धरी  मन्  महाँ ।
विस्तार् पूर्वक सब्  कुरा कहि दिए * श्री नन्दजीले  त्यहाँ ।।
भन्छन् प्यारि ! नमान शोक् रति पनी * श्रीराम्-हरी यस् घरी ।
आएनन् खल कंस  लाइ  सहजै * मारेर भेट्-घाट् गरी ।।६।।

भन्थे एहि पिताजि आज अहिले * हामी दुबै  जन् यहाँ ।
बस्छौं पाल्नु हवस् तपाइँ  मनमा * चिन्ता न ली घर् महाँ ।।
यस्ता बात् सुनि कृष्णको गरि विलाप् * धेरै  प्रकार्ले  अनी ।
जिद्दी धेर् गरि प्रार्थना पनि गरें * घर् जाउँ बाबू भनी ।।७।।

मेरा बात सुनेर कृष्ण यि कुरा * भन्दा भए फेर् त्यहाँ ।
थीयो कंस निभाउनू र यति काम् * आएँ मथुरा महाँ ॥
त्यै कारण् परदा तपाईं हरुका * घर्मा लुकी बास् गरें ।
पापी दुर्मति कंसको गरि विनाश् * भूभार सारा हरें ॥ ८ ॥

पुत्रै हूँ वसुदेव देवकिजिको * यादव् कुलैमा रही ।
लीएँ जन्म र बस्न काम् परि गयो * गोकुल्-निवासी भई ॥
कारण्ले गरदा तपाईं हरुले * पुत्रै सरी हित् गरी ।
पालन् पोषण गर्नु भो सहि सबै * कष्टादि धेर् प्रेम् धरी ॥९॥

आफ्नू पुत्र नजानि ईश्वर भनी * दिन्-रात मेरो भजन् ।
गर्नू फेर् पछि जानु हुन्छ भव पार् * त्यागेर आवा-गमन् ॥
सम्झाई यहि रीतले घर महाँ * जानू हवस् लौ भनी ।
भन्दा वश् न चली फिरें घर तरफ् * लाचार् बहूतै बनी ॥१०॥

फेर् यी भूषण रत्नहेरु सब ली * जानू हवस् घर् महाँ ॥
आऊँला पछि हामि येति अरु बात् * भन्दा भए फेर् त्यहाँ ॥
येती वाक्य सुनिन् यशोमतिजिले * श्री नन्दजीका जसै ।
साह्रै पुत्र-वियोग दुःख बढ्दा * रूँदै ति भन्छिन् तसै ॥११॥

हे स्वामिन् ! अति मूर्खता हुन गयो* यस्तो अनर्थै गरी ।
प्राणै थाम्न कठिन् भयो गरुँ कसो * यो पुत्र-शोक्मा परी ॥
यस्तै रित्सित सम्झि-सम्झि हरि-राम्* लाई पुकारी त्यहाँ ।
गर्थिन् दुःख मनाउ श्री यशुमती * विह्वल् भई मन् महाँ॥१२॥

फेर् कैह्ले हरि लाइ ईश्वर भनी * सम्झी पुकारा गरी ।
गर्थिन् ध्यान् गुण-गान श्री हरिजिकै* मन्मा अती प्रेम् धरी ॥

यस्तै रित्सित शोक फेरि कहिले * हर्ष लिइ मन् महाँ ।
आफ्नू चित्त बुझाउँथिन् यसुमती * कौनै प्रकार्ले त्यहाँ ॥१३॥

समचार् यो सुनि गोपिनीहरु पनी * रूँदै बिलौना गरी ।
आए नन्दजिका अगाड़ि बहुतै * सन्ताप मन्मा परी ॥
फिर्छन् कृष्ण नरोउ तिन्कन पनी * यस्तै प्रकार्ले भनी ।
सम्झाइन् यसुदाजिले नबुझि ती * रुन्थे विकल् झन् बनी ॥१४॥

फर्के ये रितले समस्त व्रजका * नारी पुरुष् सब् जती ।
रूँदै श्री हरिलाइ सम्झि मनमा * शोक्ले विकल् भै अती ॥
भोक् तिर्खा निद त्यागि केवल फगत् * सन्ताप ली मन् महाँ ।
बस्थे, भै व्रजवासि हेरु टुहुरा * जस्तै सदाकाल् त्यहाँ ॥१५॥

व्रज्का सब् पशु-पक्षिहेरु पनि खूब् * दिन् रात रोदन् गरी ।
लागे बस्न वियोग कष्ट हरिको * लीएर ती हर् घरी ॥
आऊँछन् कि हरी भनेर मनमा * साधार एही लिई ।
सब्का नाथ न भै अनाथ् हुन गए * तन्मन् हरीमा दिई ॥१६॥

श्री कृष्ण व्रतबन्ध विद्याभ्यास लीला ( ८७ )

राजन् नन्दजि फेर् विदा भइ फिरे * श्रीकृष्ण रामजी पनी ।
फर्की घर् तिर पाल्नुभो उहि बखत् * अत्यन्त हर्षित् बनी ॥
फेर् श्री गर्गजिलाइ डाकि वसुदेव्- * जीले पनी त्यौ घरी ।
व्रत्बन्धै दुइ भाइको गरुँ भनी * सोधी लिए ठिक् गरी ॥१॥

उत्तम् लग्न तिथी विचारी मुनिले * व्रतबन्ध संस्कार् सबै ।
गर्दीए दुइ भाइको खुशि भई * गायत्रि दान् दी तबै ॥

फेरी मन्सुब गर्नु भो प्रभुजिले * विद्या पढौं गै भनी ।
सङ्मा ली बलरामलाइ खुशि भै * पाल्नूभयो झट् अनी ।।२।।
सान्दीपन् भनि नामका अति ठुला * पंडित् थिए एक् त्यहाँ ।
लाग्नू भो दुइ भाइ पढ्न अनि फेर् * तिन्का गई घर् महाँ ।।
सेवा खूब् गुरुको गरी सब पढी * विद्या अरू फेर् पनी ।
सिक्नू भो सब युद्ध-शास्त्र सहजै * हो मुख्य काम् यो भनी ।।३।।

सब् विद्या पढि दूइ भाइ गुरुको * एक् दिन् समिप्मा गई ।
हात् जोरी विनती गरे विनय साथ् * अत्यन्त गद्-गद् भई ।।
हामीलाइ गुरो ! पढाउनु भयो * विद्या हरू सब् जती ।
त्यो ऋण् लौ कसरी तिरौं अब भनी * मन्मा भयो ताप् अती ।।४।।

आज्ञा होस् घर जानलाइ गुरुजी ! * कुन् काम गर्दा महाँ ।
हुन्छौं त्यस् ऋणदेखि मुक्त सहजै * हामी दुई जन् यहाँ ।।
यस्तो बिन्ति हरीजिको र बलराम्- * जीको सुनी खुश् भई ।
पत्नी उन्कि थिइन् जहाँ गरिलिए * सल्लाह झट्पट् गई ।।५।।


सल्लाहै लिइ पत्निको उहि बखत् * सान्दीपनीले त्यहाँ ।
आई श्री बलराम-कृष्ण प्रभुका * भन्दा भए सङ् महाँ ।।
गर्छू तीर्थ भनेर पुत्र पहिले * मेरो कुनै काल् महाँ ।
गर्दामा गइ स्नान सागर महाँ * डुब्दोभयो त्यो त्यहाँ ।।६।।

बाँचेको छ कि छैन या मरि गयो * पत्ता न पाई रती ।
व्याकुल् मन्सित पुत्रशोक् लिइ सदा * बस्छौं दुखित् भै अती ।।
माग्छू यै गुरु-दक्षिणा म अहिले * जस्ता प्रकार्ले पनी ।
खोजी त्यस्कन ल्याइ देउ भगवन् ! * माग्छन् गुरूले भनी ।।७।।

## गुरु-पुत्र आनयन, शंखासुर बध लीला ( ८८ )

आज्ञा यो गुरुको सुनी त्यहि बखत् * रथ्मा चढी श्रीहरि ।
साथ्मा ली बलरामलाइ गुरु-सुत् * खोज्नै भनी झट् गरी ॥
पौंचे बेग्सित सिन्धुका तिर जसै * क्रुद्धै भई फेर् त्यहाँ ।
भन्नू भो 'सुन सिन्धुराज ! गुरुका * छन् पुत्र ऐह्ले कहाँ ॥१॥

देऊ शीघ्र बताइ' येति हरिका * सूनी वचन् डर् परी ।
सागर्ले पनि झट् प्रकट् भइ प्रभू- * जीका अगाडी सरी ॥
हात् जोरी विनती गरे यदुपते ! * हेर्नू हवस् जल् महाँ ।
शङ्खासुर् भनि नामको असुर एक् * याहीं छ पानी महाँ ॥२॥



पैह्ले त्यस्कन मार्नु होस् र पछि फेर् * लाग्नेछ पत्ता अनी ।
मेरो दोष् रति छैन माफ् दिनुहवस् * हे नाथ् ! दयालू बनी ॥
सागर्का सुनि बात यी प्रभुजिले * जल्मा पसी त्यै घरी ।
शङ्खासुर् कन पेट् चिरेर सहजै * मार्नूभयो क्रोध् गरी ॥३॥

त्यस्का पेट महाँ पनी गुरुजिका * छोरा न देखी हरी ॥
पाल्नू भो यमपूर शङ्ख मुखले * फुक्दै ठुलो स्वर् गरी ॥

शङ्खै नाद् सुनि त्यो डराइ यमराज् * निस्केर साम् परी ।
पूजा श्री हरिको गरे खुशि भई * पाऊविषे शिर् धरी ॥४॥

भन्छन् श्री यमराज विन्ति गरि झट् * कुन् कामले नाथ् यहाँ ।
पाल्नू भो दरशन् दिनै मकन खूब् * राखी दया मन् महाँ ॥
येती बात् यमको सुनेर हरिले * भन्नू भयो फेर् अनी ।
'सान्दीपन्-गुरु-पुत्रलाइ लिनका * खातिर् म आएँ भनी ॥५॥

देऊ शीघ्र बुझाइ पुत्र गुरुका * जान्छू म ली यै घरी ।
योटै पुत्र फगत् हुँदा गुरु तहाँ * बस्छन् सदा शोक् गरी ॥
आज्ञा यो हरिको सुनेर यमले * सोही बखत् झट् गई ।
ल्याई सुम्पि दिए ति पुत्र गुरुका * अत्यन्त खूशी भई ॥६॥

साथ्मा ली गुरु-पुत्र फर्कनु भयो * श्री कृष्णजी त्यै घरी ।
सान्दीपन् गुरुका गई चरणमा * पर्नू भयो शिर् धरी ॥
फेरी पुत्र लगेर सुम्पनु भयो * सब् बात् बुझाई जसै ।
पाई पुत्र खुशी भए गुरु पनी * आशिष् दिए घेर् तसै ॥७॥

फेरी सान्दिपनैजिले 'खुशि भएँ * हे बाबु ! जाऊ' भनी ।
बीदा दिनु भयो हरी र बलराम्- * लाई मयालू बनी ॥
यो आज्ञा गुरुको सुनेर खुशि भै * श्री राम्-हरी त्यै घरी ।
पाल्नू भो घरमा फिरी, सिकि सबै * शिक्षा समाप्ती गरी ॥८॥

उद्धव वृन्दावन गमन लीला ( ८९ )

राजन् ! एक् दिन नन्द फेर् यशुमती * याद् भै हरीले त्यहाँ ।
भन्नू भो बलरामलाइ नजिकै * डाकेर गोकुल् महाँ ॥

होलान् दुःखित सम्झि हामिकन सब् ॐ तस्मात् यि उद्धव् गई।
सम्झाउन् सबलाइ ज्ञान उपदेश् ॐ दीएर दूत् भैं भई ।।१।।

फेरी उद्धव लाइ डाकि हरिले ॐ आज्ञा दिनू भो त्यहाँ ।
हे उद्धव् ! बहुतै तिमी त चतुरा ॐ ज्ञानी हुनाले यहाँ ।।
भन्छू गोकुलमा गएर अहिले ॐ मेरा निमित्तक् सही ।
येती कष्ट ति नन्दलाइ तिमिले ॐ सम्झाइद्यौ ज्ञान् कही।।२।।

माई श्रीयशुदा, पिता अरु सबै ॐ ब्रज्का कुमारी पनी ।
होलान् व्याकुल रात-दिन् मनमहाँ ॐ सम्झी मलाई अनी ।।
ती सब्लाइ दिएर ज्ञान उपदेश् ॐ सम्झाइ चिन्ता हरी ।
भन्नू दूर् मकनै नठान्नु घटमा ॐ बस्छू सदा बास् गरी ।।३।।

आज्ञा यो हरिको सुनेर खुशि भै ॐ जान्छू भनी त्यै घरी ।
तैयार् उद्धवजी भए र हरिले ॐ पोशाक एक्-एक् गरी ।।
आफ्ना सब् पहिराइ तिन्कन अनी ॐ नन्दादिको नाम् महाँ ।
चिट्ठी लेखि दिनू भयोसब खबर् ॐ लेखेर चाँड़ै त्यहाँ ।।४।।

अर्को एक् चिठिमा समस्त उपदेश् ॐ ज्ञान्का कुरा लेखि सब् ।
राधादी ब्रज-नारिलाइ तिमिले ॐ दीनू भनी, ताहिं झट् ।।
यस्ता रित्सित भै बिदा रथ चढी ॐ उद्धव्जि खूशी भई ।
जाँदा साँझ महाँ पुगे ब्रज महाँ ॐ अत्यन्त वेग्ले गई ।।५।।

शोभा त्यो ब्रजको अती नजरले ॐ हेरेर खुब् दङ् परी ।
मोहित् उद्धवजी भए नगर त्यो ॐ देखेर स्वर्गै सरी ।।
जात्-जात्का पशु-पक्षिहेरु रुखमा ॐ आनन्दले बास् गरी ।
बोल्थे खुब् चमकी मधुर् स्वर गरी ॐ कोमल् मिठो राग् भरी ।।६।।

वन्का बेलि चमेलि फुल्हरु पनी * रुख्मा सुशोभित् भई ।
शोभा दिव्य गराइ गम्कि रहँदा * वासन्ति वन्मा रही ।।
फिर्थे गाइहरू यता उति सबै * व्रज्का वनैमा गई ।
पूगे उद्धव मस्त भैकन उहीं * व्रज्का पथिक्झैं भई ।।७।।

को आयो, भनि, हेर्न देखि रथ त्यो * नन्दादि आए जसै ।
देखी उद्धवलाइ खुशि भइ झट् * ल्याए घरैमा तसै ।।
सत्कार् पूर्वक राखि आसन महाँ * पैह्ले कुशल् च्तेम् सबै ।
सोधे फेर् पकवान व्यञ्जन असल् * भोजन् गराए तबै ।।८।।

सुन्दर् भोजन बेस् गरेर अनि फेर् * विश्राम् गरी क्यै घरी ।
जागे उद्धवजी जसै यशुमती * श्री नन्दजी प्रेम् गरी ।।
लागे सोध्न हरीजिका सकल गुण् * गाएर गद्-गद् भई ।
उद्धव्जी ! कहु च्तेम् कुशल् सकलको * विस्तार पूर्वक् गरी ।।९।।

सम्झन्छन् कि कवै ति राम हरि मब् * हाम्रा सखा छन् भनी ।
जस्को प्रेम वियोगमा परि विकल् * छौं आज दुःखित् बनी ।।
सक्तैनौं तिनिलाइ बिर्सन रती * मान्दैन मन् क्यै गरी ।
रोई रोइ बिहाल छौं हरबखत् * सुर्ता मनैमा परी ।।१०।।

लाग्थ्यो शून्य जगत् न देखि रहँदा * एक्छीन मात्रै पनी ।
धेरै दिन् भइगो कसोरि रहने * बीछोड् सही लौं अनी ।।
खान्-पान्मा र शयन्महाँ अरु पनी * काम्मा कसैमा रती ।
श्री राम्-कृष्ण बिना समस्त व्रज यो * ठान्छौं अँध्यारो अती।।११।।

सारा विघ्न अरिष्ट दूर् गरि सदा * हाम्रा उपर् प्रेम् धरी ।
रक्षा खूब् गरि बस्तथे सकलको * श्रीराम्-हरी हर् घरी ।।

साँचै निष्ठुर भै ति हामि उपरै * बस्छन् कि ऐह्ले वहाँ ।
मर्जी होस् कति कामले गरि हजुर् * पाल्नूभयो लौ यहाँ ॥ १२॥

भन्छन् उद्धवजी सुनीकन वचन् * मानेर खूशी त्यहाँ ।
भन्छू सुन्नु हवस् तपाइँहरु क्यै * चिन्ता न ली मन् महाँ ॥
बस्नूहोस् हरिलाइ जानि प्रभु हुन् * साक्षात ईश्वर् भनी ।
तप्को पूर्ण तपाइँको बल हुँदा * क्यैकाल् बसेथे भनी ॥ १३॥

इच्छा पूर्ण गराइ प्रेमसित अनी * पाल्नू भयो श्रीहरि ।
उन्कै हो रचना समस्त जगमा * छन् व्याप्त संसार् भरी ॥
त्यस्ता श्री हरिलाइ जानि सुत झैं * भुल्नू उचित् हो कहाँ ।
राखी ईश्वर भाव तिन्कन सदा * जप्नू असल् हो यहाँ ॥ १४॥

यस्तो भक्ति लिए सदा मन महाँ * हुन्छन् हरी खुश् अती ।
जान्नोस् छन् नजिकै सदा प्रभु भनी * छैनन् ति टाढा रती ॥
यस्तै उद्धवले दिएर सब ज्ञान् * भन्छन् ति फेरी पनी ।
आएँ श्री हरिले पठाउनु हुँदा * यै निम्ति याहाँ भनी ॥ १५॥

यस्तो उद्धवबाट पाइ उपदेश् * शान्ती धरी मन् महाँ ।
सूती उद्धव नन्दजी र यशुदा * आनन्द पूर्वक् त्यहाँ ।
प्रातःकाल भयो र न्वाहुन भनी * उद्धव्जि निस्के जसै ।
घर्-घर्मा उठि कृष्णको विरह-गान् * गर्थे ति गोपी तसै ॥ १६॥
सुन्दै त्यो हरि-गान स्नान यमुना- * जीमा गई झट् अनी ।
लागे गर्न, ति गोपिनीहरु पनी * जल् लीनलाई भनी ॥
निस्के त्यै घरि देखि एक् रथ यशो- * दाका पटाङ्गी महाँ ।
आपस्मा मिलि बात गर्न सब ती * लागे चकित्भै त्यहाँ ॥ १७॥

हे बैहिनि ! अक्रुर फिरी पनि हेर याहाँ ।
आएछ आज पनि त्यो व्रजबीच माहाँ ॥
जन्ले लग्यो छल गरीकन नाथलाई ।
पारी बिछोड़ बिरहाग्नि दियो बढ़ाई ॥१८॥

चाँडो नुहाइकन जल् लिइ फर्कि आउँ ।
त्यै हो अवश्य गइ त्यस्कन लौ समाउँ ॥
भन्दी भइन् अरकि छैन सँगीनि वाहाँ ।
हाम्रो खबर् लिन भनीकन कोहि याहाँ ॥१९॥

याहाँ पठाउँनु भयो यहि तर्क गर्दै ।
कालिन्दिका तिर पुगे अलि छक्क पर्दै ॥
देखे जसै हरि समान स्वरूप धारी ।
उद्धव्जिलाइ अति प्रेम लिएर भारी ॥२०॥

भन्छन् गोपिनिहेरु हे सँगिनि हो ! * श्री कृष्णको रूप् धरी ।
आएछन् चिन्हुँ कोहि लीकन यहाँ * हाम्रा उपर् प्रेम् गरी ॥
भन्थे नाथ पठाउनेछु पछि क्वै * सुर्ता न माने भनी ।
आएछन् प्रभु तर्फ बाट बुझियो * उस्तैछ यो रथ् पनी ॥२१॥

आपस्मा यहि रीतले गरि कुरा * रूख्मा कदम्का मनी ।
उद्धव्लाइ लगेर प्रेम सित सब् * बात् सोध्न लागे अनी ॥
देखी श्री हरिको उपर् अति अटल् * ती गोपिनी को त्यहाँ ।
निर्मल् प्रेम बुझेर उद्धव बहुत् * खुशी भए मन्महाँ ॥२२॥

त्यै बिच्मा उड़ि एक् गएर भँवरो * भूँ भूँ गरी त्यै घरी ।
लाग्यो घुम्न उड़ेर ती सकलका * सामू अगाड़ी सरी ॥

देखी त्यस्‌कन एक्‌ झलक्‌ हरिजिको * लागेर मन्‌मा त्यहाँ ।
लागे छेड्‌ गरि भन्न उद्धवजिका * सामू अगाड़ी महाँ ।।२३।।

भ्रमर गीत वर्णन लीला ( ९० )

तैंले हे मधुकर्‌ ! चरण्‌ कमलको * नाथ्‌को पिइस्‌ रस्‌ अनी ।
तेसैले मधुकर्‌ भनेर भवमा * प्रख्यात भो नाम्‌ पनी ।।
जा-जा मित्र तँ होस कप्टि हरिको * जस्ले तँलाई यहाँ ।
दूते का रूपमा पठाउँनु भयो * के काम तेरो यहाँ ।।१।।

हामीलाई छ थाह यो किन भने * काला जती छन्‌ सबै ।
हुन्छन्‌ कप्टि नगर्नु एक्‌ रति पनी * विश्वास तिन्को कबै ।।
गर्छस्‌ कीन वृथा बठ्याईं तँ यहाँ * श्रीकृष्ण छन्‌ ती जहाँ ।
रस्‌ चाखी हरिझैं सदा तँ पनि झट्‌ *हिंड्छस्‌ घुमी फुल्‌ महाँ ।२।

त्यै विच्‌मा ललिता सखी अघि सरी * भन्छिन्‌ वचन्‌ यो अनी ।
कप्टी कृष्ण हुँदा अभागिनि भयौं * हामी दुखीया बनी ।।
कुब्जाका सँगमा बसेर प्रभुजी * गर्छन्‌ ठुलो सुख्‌ जहाँ ।
हाम्रो हाल्‌ हविगत्‌ सबै कहि दिएस्‌ * ऐह्ले गई यो त्यहाँ ।।३।।

गर्दा हुन्‌ तहिं सौख भारि मथुरा- * वासीहरू मन्‌ भरी ।
चाखी श्री हरिका अधर्‌ रस बहुत्‌ * नारीहरू बेस्‌ गरी ।।
हाम्रो प्रेम भुलाइ नौलि युवती- * को प्रेममा मन्‌ धरी ।
गर्दा हुन्‌ हरि सौख हामि दुखिया * बिर्सी गयौं यो घरी ।।४।।

कप्टी हुन्‌ तिनिलाइ व्यर्थ छ कुरा * भन्नू बिलौना गरी ।
बेस्‌ हो प्यारि रहुन्‌ ति नारि हरिका * आखीर हामी सरी ।।

भै, रूनू न परोस् भनेर अनि फेर् * उद्धव्जिका सङ् महाँ ।
हात् जोरी सब भन्न गोपिनिहरू * लागे अनाथ् भै त्यहाँ ।।५।।

त्याग्दा श्री हरिले अनाथिनि भयौं * उद्धव्जि ! हामीहरू ।
हामी लाइ पनी लिएर सँगमा * जानू हवस् लौ बरू ।।
घूँला दर्शन आइ फेर् पछि भनी * जानू भएथ्यो हरी ।
त्यो आशा पनि मट्टिमा मिलि गयो * आयो मरण्को घरी ।।६।।

उद्धव गोपिनी सम्बोधन लीला ( ६१ )

राजन् ! केहि गमी अगाडि सरि फेर् * भन्छिन् ति राधा तहाँ ।
कैल्हे श्रीहरि फिर्नु हुन्छ भन लौ * उद्धव्जि ! चाँडो यहाँ ।।
जान्छौं हामि पनी, न ता विरहको * यो ताप ठूलो भयो ।
सारा भोग विलास् बतास सरि भै * फुरैं उड़ी गै गयो ।।१।।

यी बात् गोपिनि राधिकादिहरुका * सूनेर चिट्ठी दिई ।
भन्छन् उद्धव हाजिरैछु हरिका * समचार धेरै लिई ।।
यो सूनी सब गोपिनी गरि प्रणाम् * भन्छन् अनी फेर् त्यहाँ ।
भन्नोस् उद्धवजी ! लिएर समचार् * कुन् चाहिं आयौ यहाँ ।।२।।

कुब्जा प्यारि भई छ श्रीप्रभुजिकी * दुख् हामिलाई दिई ।
सौता भै गरछे उ खूब् सुख-विलास् * सङ्मा हरीका रही ।।
हामीलाइ त त्याग्नु भो हरिजिले * निष्ठुर साह्रै भई ।
बस्छौं तैपनि नाथलाइ मनमा * संझी वियोग् सब् सही ।।३।

जुन् रित्ले भमराहरू रस पिई * फुल्लाइ त्याग्छन् अनी ।
धन् चूसी सब फेर् पुरुष्कन यहाँ * त्याग्छन् ति रण्डी पनी ।।

त्यै रित् कृष्णजीको पनी छ बुझियो * मत्लब् सकीए पछी ।
कस्को को, कति हो पियार मनमा * लाग्दैन बनै एक्रती ॥४॥

यस्ता गोपिनिहेरुका सुनि कुरा * उद्धव्जिले फेर् त्यहाँ ।
भन्न् भो सुन भन्छु श्रीहरिजिले * आज्ञा भएको यहाँ ॥
आशा त्यागि बिलास भोग सुखको * योग्मा सदा ध्यान् दिई ।
चिन्तन् गर्नु मलाइ सम्झि मनमा * एक्मात्र भक्ती लिई ॥५॥

कैह्ले कष्ट वियोगको तिमिहरु- * लाई न होला रती ।
तिम्रै पास भई सदा म रहुँला * जानेर प्यारी अती ॥
सम्झाए गइ यै तवर् सित भनी * आज्ञा हुँदा यो घरी ।
आएको म हुँ जानि ल्यौ सब कुरा * भन्छु म बिस्तार् गरी ॥६॥

साक्षात् आदि पुरुष छन् हरि जउन् * त्रैलोक्यका नाथ् यहाँ ।
गर्छौ प्रेम् तिमिहरु नित्य खुशि भै * यस्ता प्रभू को यहाँ ।
जस्लाई सबले अलख्-रुप भनी * गर्छन् बखान् प्रेम् गरी ।
गर्छौ पूजन तिन्कने मन महाँ * ठानेर स्वामी सरी ॥७॥

जुन् रित्ले पृथिवी पवन् जल र तेज् * आकाशको बास् यहाँ ।
देहैमा छ उसै प्रकार् सित हरी * तिम्रा सदा सङ् महाँ ॥
गर्छन् नित्य निवास केवल यहाँ * मायादि गुण्ले गरी ।
देखिन्छन् हरिजी पृथक् न त सदा * छन् व्याप्त संसार्भरी ॥८॥

ज्ञान् ध्यान्को सब नाश हुन्छ रहँदा * पास्मा सदाकाल् भनी ।
टाढा गैकन बस्नु हुन्छ प्रभुजी * साह्रै दयालू बनी ॥
रास् गर्दा अघि जुन् तवर्सित सबै * तीमीहरू बन् महाँ ।
अज्ञान्मा परि भूलदा यदुपती * गायब् हुनूभो त्यहाँ ॥९॥

फेरी ध्यान् हरिको लिएर मनमा * एकाग्रताले गरी ।
निश्चल् भक्ति गरी लिंदा हरिजिले * दर्शन् दिए त्यै घरी ॥
मोही रित्सित मोह दूर् गरि सबै * नाथ्का उपर् प्रेम् धरी ।
भक्ती गर्नु सदा ति आइ रहनन् * मन्मा सदा बास् गरी ॥१०॥

यस्तै रित्सित ज्ञानका जति कुरा * उद्धव्जिले सब् भनी ।
सम्झाए जब खूशि भै ति सबले * घर्मा लगे झट् अनी ॥
कीर्तन् श्री हरिको गरेर सनमान् * तिन्को गरे बेसरी ।
बस्थे गोपिनिहेरु उद्धव पनी * खूशी भए त्यो घरी ॥११॥

भन्छन् उद्धव केहि दिन् बसि यहाँ * जान्छू मथूरा भनी ।
लागे गोपिनिहेरु भन्न समचार् * एक्-एक् गरी झट् अनी ॥
जान्नू हुन्छ सबै हबीगत जती * हाम्रो अरू के भनूँ ।
के सक्छौं अरु ज्ञान जान्न अबला * केवल् छ बल् यै रुनू ॥१२॥

कौनै रित्सितले भए पनि फगत् * सम्झेर एक् बार् यहाँ ।
आई दर्शन बक्सियोस् लिइ दया * हाम्रा उपर् मन् महाँ ॥
यस्तै रित्सित बिन्त्ति गर्दिनु हवस् * नाथ्का हजुर्मा गई ।
भन्दै गोपिनि 'हेरु रून बहुतै * लागे विकल् खूब् भई ॥१३॥

प्रेम्ले फेरि अनेक चिज्-बिजहरू * सौगात अर्पण् गरी ।
दीए गोपिनिहेरुले मन महाँ * सम्झी रमानाथ् हरी ॥
दुःखित् धेर भएर नन्द यशुदा * फेरी अगाड़ी सरी ।
भन्छन् उद्धवलाइ याद कहिल्यै * हाम्रो नबिर्सुन् भनी ॥१४॥

दुःखित् छन् जननी पिता भनि दया* राखुन् हरी मन् महाँ ।
दीउन् दर्शन आइ कृष्णजि भनी * इच्छा छ एक् बार् यहाँ ॥

बलराम् कृष्णजिलाइ त्यौं लगिदिनोस् * हाम्रो कोसेली भनी ।
दीए नन्दजिले बहुत् किसिमका * चीज्बीज छार्नी अनी ॥१५॥

बीदा भै लिइ रोहिणी सँग महाँ * हीँड़े ति उद्धव् जसै ।
रथ् वायू-गतिले चल्यो मधुपुरी * पुग्दा भए ती तसै ॥
श्री राम्-कृष्णजिका गई नजिकमा * सब् हाल विस्तार् गरी ।
सारा गोपिनिका वियोग् कहि दिए * उद्धव्जिले त्यै घरी ॥१६॥

सम्चार् सब् सुनि खुशिभै प्रभुजिले * उद्धव्जिलाई अनी ।
आज्ञा बक्सनुभो गएर घरमा * विश्राम गर्नोस् भनी ॥
उद्धव्जी उठि फेर् बिदा भइ गए * आफ्ना हवेली महाँ ।
खुशी रोहिणि भै गइन् मिलन भै * बलरामका साथ् त्यहाँ ॥१७॥

## कुब्जा केलि विहार लीला (६२)

राजन् एक् दिन सम्झि झट्ट मनले * श्री कृष्णजी त्यै घरी ।
कुब्जाका घर पाल्नुभो सँग महाँ * उद्धव्जिलाई धरी ॥
कैह्ले दर्शन पाउँला प्रभुजिको * येही मनैमा गुनी ।
बस्थिन् आश ठुलो लिएर कुबिजा * मोहित् हरीमा बनी ॥१॥

कोठा, झूल, पलङ् सिंगारि बहुतै * उत्तम् प्रकार्ले त्यहाँ ।
बस्थिन् कृष्णजि पुग्नुभो त्यहि बखत् * खूशी हुँदै मन् महाँ ॥
दर्शन् श्री हरिको गरेर कुबिजा * हर्षित् बहुतै भइन् ।
पाऊ धोइ पिएर जल् चरणको * हात्जोरि सामू रहिन् ॥२॥

सत्कार् खूब गरेर आसन महाँ * राखेर फेर् प्रेमले ।
मेवा, पान, सुपारि आदि चिज-बीज् * अर्पण् गरिन् नेमले ॥

फेरी प्रेम् सित पक्रि बाहु हरिको * भक्ती मनैमा धरी ।
खोपीमा लिइ झट् गइन् खुशि हुँदै * काम्का बशैमा परी ।।३।।
शैय्यामा हरिलाइ राखि अनि फेर् * नाथ्का सँगैमा रही ।
लागिन् गर्न टहल् अनेक् तरहले * सौभाग्यवन्ती भई ।।
कस्तूरी, धूप, दीप, चन्दन, कपूर् * अत्तर् सुवासित् जती ।
यी सब्को खुशबू मिली पवनमा * गम्काइ कोठा अती ।।४।।



शृंगार् सोह्र गरेर पाउ हरिको * मिच्थिन् मगन्मा परी ।
खुशी हूनु भयो हरी पनि त्यहाँ * प्रीती मनैमा धरी ।।
अन्तर्यामि थिए बुझेर हरिले * इच्छा पुर्‍याऊँ भनी ।
पक्री बाहुलिले दुई कुच युगल् * संकेत् दिनू भो अनी ।।५।।
जानी आशय कृष्णको ति कुबिजा * अत्यन्त मोहित् भई ।
लागिन् गर्न ति हाउभाउ नखरा * काख्मा हरीका गई ।।
हेर्थिन् चञ्चल नेत्रले प्रभुजिका * मुख्मा कटाक्षै गरी ।
अंकैमाल् गरि नाथले उहि बखत् * चुम्बन् लिए बेसरी ।।६।।
यस्तै रित्सित धेर् गरी प्रभुजिले * क्रीड़ा बहूतै त्यहाँ ।
बाधा हर्नु भयो सबै मदनको * तिन्को उसै बिच् महाँ ।

जान्छू लौ भनि केहि कालपछि विचार् * नाथ्ले गरेथे जसै ।
ऐह्ले क्यै दिन राज् हवस् प्रभु भनी * बिन्ती चढाइन् तसै ॥७॥

प्रेम्को वेग अधिक् बढ़ेर न सकी * त्याग् गर्नलाई त्यहाँ ।
लागिन् रून समाति पाउ हरिको * व्याकुल् भई मन् महाँ ॥
यो हाल् देखि दया लिएर मनमा * साह्रै कृपालू भई ।
सम्झाई कन भन्नुभो प्रभुजिले * मीठा वचन्ले गरी ॥८॥

खुश् छू सदा तिमि नबिर्स मलाइ मन्मा ।
हे सुन्दरी ! घर महाँ अथवा कि वन्मा ॥
पर्दैन गर्न तप ध्यान नजीक जानी ।
भक्ती सदा हृदयमै गर मुख्य ठानी ॥ ९ ॥

साथ्मा सदा म रहुँला तिमि सत्य जान ।
मैलाइ सम्झि गर भक्ति चरित्र-गान ॥
मैले कृपा अब गरें तिमि मोक्ष हौली ।
वैकुण्ठमा गइ सदा तिमि बास् गरौली ॥१०॥

यस्ता वचन् प्रभुजिका सुनि हर्ष मानी ।
लत्री परिन् चरणमा मनबाट मानी ॥
पश्चात् बिदा भइ उधव्कन सङ् लिएर ।
फिर्नू भयो घर तरफ् हरि खुश् भएर ॥ ११ ॥

अक्रूर हस्तिनापुर प्रवेश लीला ( ६३ )

राजन् ! थिए सुमति अक्रुर बेस ज्ञानी ।
गर्थे ति भक्ति सब दिन् हरि ईश जानी ॥

सेवा म गर्न हरिको नि कसोरि पाऊँ ।
नाथ्‌लाइ कुन् जतनले गरि लौं रिझाऊँ ॥ १ ॥

होला सवारि कहिले नि दया गरेर ।
गर्थे ति चिन्तन यही घरमा बसेर ॥
तिन्को बुझेर मनको सब भाव ताहाँ ।
पाल्नू भयो हरि उधव् लिइ साथ माहाँ ॥२॥

देखी कृष्णजिलाइ अक्रुर गिरे * पाऊ महाँ त्यै घरी ।
पक्री झट् करले उठाउनु भयो * नाथ्‌ले पनी प्रेम् गरी ॥
फेरी आदर साथ भक्ति गरि खुब् * राखेर आसन् महाँ ।
पूजा राम र कृष्णको गरि लिए * आनन्द पूर्वक् त्यहाँ ॥३॥

षड्‌रस् व्यंजनखूब् अनेक् किसिमका* रामका अगाड़ी धरे ।
ज्यूनार् होस् प्रभु ! तुच्छ भक्त भनि यै* बोल्दै अगाड़ी सरे ॥
बलराम् कृष्णजिले पनी खुशि भई * प्रीती सहित् त्यै घरी ।
खाई बक्सनु भो बड़ो हित गरी * प्रेमका वशैमा परी ॥४॥

त्यो देखी अति हर्ष मानि मनमा * हात् जोरि सामू सरी ।
लागे ईश्वर जानि गर्न स्तुति खूब् * अक्रूरले त्यौ घरी ॥
अन्तर्यामि दयालु नाथ् ! हजुरका * लीला जती हुन् यहाँ ।
सब् एकेक् गरि जान्दछू बुझि अलख्* साक्षात रुप् मन्‌महाँ ॥५॥

दुष्टादी खल नाश गर्न प्रभुजी * श्रीकृष्ण औतार् धरी ।
मार्नू भो खल कंस लाइ सहजै * भक्तौ उपर् प्रेम् गरी ॥
पाऊँ भक्ति अचल् भनी प्रभुजिको * गर्छू म ध्यान् मन् महाँ ।
इच्छा पूर्ण गराइ बक्सनु हवस् * हे नाथ ! जाऊँ कहाँ ? ॥६॥

यस्तो विन्ति सुनेर अक्रुरजिको * खुशी भए श्री हरी ।
आज्ञा भो तिमि मोक्ष भैकन पछी * जान्छौ जगत् पार् तरी ।।
मेरो भक्ति अचल् भएर रहला * फिक्री न लेऊ रती ।
आज्ञा येति गरेर भन्न अनि फेर् * लाग्नू भयो श्रीपती ।।७।।

काका ! आज तपाईंलाइ मइले * यौटा कुरा भन्दछू ।
पाण्डू-पुत्र कुमार पाँच फुपुका * छन् बेस् भनी सुन्दछू ।।
सानैमा टुहुरा भएर सब ती * छन् रे पराधीन् महाँ ।
मैले पर्दछ खोजि गर्न तिनको * आफ्ना हुनाले यहाँ ।।८।।

छन् राजा धृतराष्ट्र ती मन महाँ * कूट् भाव व्यर्थै गरी ।
गर्छन् की पर तिन्कनै, गइ सबै * सम्चार एक्-एक् गरी ।।
बुझ्नू होस् अब हस्तिनापुर महाँ * दुर्योधनादी सबै ।
दिन्छन् पाण्डवहेरुलाइ दुख खूब् * दिन्-रात् ठुला दुष्ट भै ।।९।।

साँचो बात रहेछ यो यदि भने * उद्धार् म त्याहाँ गई ।
गर्नेछू पछि लौ, तपाईं अहिले * जानू हवस् दूत् भई ।।
सब् भेद् लीकन फिर्नुहोस् बसि त्यहाँ *क्यै दिन् अनी फेर् यहाँ ।
पाल्नू होस् सुनि यी वचन् खुशि भए* अक्रूरजी मन् महाँ ।।१०।।

जान्छू नाथ ! भनी चढ़ी रथमहाँ * अक्रूर् गएथे जसै ।
पौंचे कौरव आदि वीर हरुका * साम् सभामा तसै ।।
दुर्योधन् , धृतराष्ट्र, कर्ण हरुले * आदर् बहुतै गरी ।
सोधे क्षेम कुशल् अरू पनि तहाँ *जो-जो थिए त्यस् घरी।।११।।

द्रोणाचार्य, विदूर, भीष्म सबले * वार्ता कुशल्को गरे ।
फेर् दुर्योधन, कर्ण छेड़ गरदै * साम् अगाड़ी सरे ।।

लागे कृष्णजिलाइ भन्न कु-वचन् * कापठ्य मन्मा धरी ।
अक्रूर्जी, बल-कृष्णको सकल बात् * सूने अती पेट् भरी ॥१२॥

होलान् यस् घरी हर्षमा बहुत ती * मामा निभाएँ भनी ।
छोरालाइ मराइ गादि मिलदा * ती उग्रसेन्जी पनी ॥
राज्-पाट्को सब काम खुब् खुशि भई * गर्दा हुनन् यस् घरी ।
यस्तै रित्सित हानि बाण्-वचनले * भन्दा भए छेड् गरी ॥१३॥

ऊठे अक्रुर झट् सुनेर सबका * छेड्का वचन् यो जसै ।
उत्तर् क्यै न दिई विदुर् सँग लिई * निस्केर आए तसै ॥
साह्रै क्रुद्ध भइ चले विदुर फेर् * भेट्छू म पाण्डव् भनी ।
पौँचे झट् गइ कुन्तिका महलमा * दुःखित् बहूतै बनी ॥१४॥

बस्थिन् कुन्ति पती-वियोग मनमा * लीई बहुत् शोक् गरी ।
दुर्योधन् हरुले दिएर दुख खूब् * उस्माथि झन् ताप् परी ॥
देखी व्याकुल कुन्तिलाइ दुखले * झट्टै अगाड़ी गई ।
भन्छन् अक्रुरले बुझाइ सब बात् * साह्रै दयालू भई ॥१५॥

मर्नू पर्छ अवश्य जन्मि सबले * यो बात जानी यहाँ ।
हे बैह्नी ! तिमि शोक ताप् न गर क्यै * व्याकुल् भई मन् महाँ ॥
सब् दुख् हर्नु हुनेछ कृष्णजि यहाँ * आएर हित् बात् गरी ।
पाण्डव् हेरु उपर् सहाय गरने * छन् लौ रहू धीर् धरी ॥१६॥

श्रीकृष्ण-नाम मुखले निशि-दिन् पुकारी ।
चिन्ता हटाइ, रहु निर्भय धैर्य धारी ॥
तिम्रो सबै खबर सोधन, याद आई ।
ऐह्ले, पठाउनु भयो प्रभुले मलाई ॥१७॥

यस्तै प्रकार् सित ति अक्रुरले बुझाई ।
सम्झाउँदा लिइ सहास् अनि कुन्ति माई ।।
भन्छिन् ति, दाज्यु ! छ कुशल् कि कसो छ वाहाँ ।
गर्नन् सहाय हरि कुन् घरि आइ याहाँ।।१८।।

दुर्योधनादि कपटी भइ हामि लाई ।
दिन्छन् अनेक् दुख विपद् बहुतै सताई ।।
मेरा यि पुत्र प्रिय पाण्डव हेरुलाई ।
मार्ने उपाय गरछन् अति द्वेष् जनाई ।।१९।।

जुन्दिन् देखि भएर मुक्त पतिदेव् * पाल्नू भयो धाम् महाँ ।
गर्छन् मार्न उपाय दिन्-दिन अनेक् * दुर्योधनादी यहाँ ।।
आँटे मार्न खुवाइ लड्डु विषको * तिन्ले अनी फेर् अरू ।
लाहाका घरमा जलाउन पनी *सक्भर् गरे छल् हरू ।।२०।।

ईश्वर्को करुणा हुँदा सुतहरू * बाँच्ता भए तैपनी ।
तिन्को बल् शतिभर् चलेन अझतक् * बस्छन् ति वैरी बनी ।।
के होला अझ फेर् पछी भनि बहुत् * लागेर पीर् मन् महाँ ।
बस्छू थर्-थर काँपि डर् परि सदा * भागेर जाऊँ कहाँ ।।२१।।

सम्चार् लीकन आउँदा प्रभुजिको * ऐह्ले तपाईं यहाँ ।
आधार् खूब भयो मलाइ हरिले * सम्झी लिंदा मन् महाँ ।।
रक्षा गर्नु हवस् अनाथ टुहुरा * पाण्डव्हरूको भनी ।
येही बिन्ति तपाईंले गरिदिनू *श्रीकृष्ण-राम्मा पनी ।।२२।।

यस्तै दुःख-कथा कहेर पहिले * सम्भेर मन्ले हरी ।
लागिन् गर्न पुकार माधव ! हरी ! * भन्दै ति भक्ती धरी ।।

यो देखीकन धेर् प्रकार् सित अरू * अक्रूर् विदुर्ले त्यहाँ ।
सम्झाए दिइ धैर्य कुन्तिकन फेर् *आए कुरूराज् कहाँ ॥२३॥

सम्झाई धृतराष्ट्रलाइ सब ज्ञान् * अक्रूर्जि फेरी त्यहाँ ।
भन्छन् राजन ! तीमिमा कुनिति खूब् * देखिन्छ ऐह्ले यहाँ ॥
लोभी धेर भएर दुष्ट मतिको * ली अर्ति कू-पुत्रको ।
गर्नू काम उचीत छैन बुझिल्यौ * दोषी भई लोकको ॥२४॥

मर्नू पर्दछ हक् मरेपछि फगत् * पाप्-धर्म ली सङ् महाँ ।
जानू पर्दछ सब् हिसाब् दिन, जगत् * कर्ता प्रभू छन् जहाँ ॥
तस्मात् धर्म न छोड़ि हक् गर सबै * पाण्डव् हरूको दिई ।
हिंसा भाव न लेउ जानि भतिजा *मन्मा दया क्यै लिई ॥२५॥

ये रित्ले अरु धेर अर्ति उपदेश् * नाना रकम्का गरी ।
आए अक्रूर फर्कि फेरि मथुरा * ध्यान् कृष्णजीको धरी ॥
यो-यो भो यसरी भनेर सब हाल् * बिस्तार् बताई त्यहाँ ।
फर्के फेर् हरि देखि भैकन बिदा * अक्रूर्पनी घर् महाँ ॥२६॥

* इति श्रीमद्भागवत कृष्णचरित्र पूर्वार्द्ध समाप्तम् *

असली

# श्रीमद्भागवत कृष्ण-चरित्र

## * उत्तरार्द्ध प्रारम्भः *

जरासन्ध पराजय लीला ( ६४ )

पूर्वार्ध भागवत कृष्ण-चरित्र लाई ।
अमृत् समान् सब कथा शुकले सुनाई ॥
उत्तर् कथा अब कहन्छु भनेर ताहाँ ।
भन्दा भए ति शुकले उहि बीच महाँ ॥१॥

राज् गर्थे नृप उग्रसेन निति साथ् * खुश् भै मथुरा महाँ ।
रक्षा सब् गरि राज्यको हरि र राम् * राज् गर्नु हुन्थ्यो जहाँ ॥
राजा देखि लिएर रैतिहरु सब् * त्रस्थे खुशी भै अती ।
दुख्को नाम कहीं थिएन रति भर् * वर्णन् गरूँ धेर् कती ॥२॥

नारी अस्ति र प्राप्ति नाम दुइटी * रानी थिए कंसका ।
स्वामी मर्न गए पछी चलि गए * घर्मा जरा-सन्धका ॥
मारे श्री हरि-रामले सब असुर् * कंसै समेत्का भनी ।
सम्चार् येहि कहे पितासँग रुँदै * दुःखित् बहूतै बनी ॥३॥

सुन्नासाथ् अति क्रोध् गरेर मनमा * व्याकुल् बहूतै भई ।
पौँच्यो सोहि बखत् जरासुत सभा * बिच्मा ठुलो इख् लिई ॥
मेरी छोरि कनै गरेर विधवा * जस्ले अनेक् दुख् दियो ।
मारी कंस उपाधि धेर् गरि यहाँ * यो शत्रुता पो लियो ॥४॥

यस्ता ती बलराम कृष्णकन गै * पक्रेर पाता कसी ।
थुन्नैलाइ सकीन पो यदि भने * खैंचेर याहीं बसी ॥
धिक्कार् भन्नु मलाइ जान्छु अहिल्यै * सेना लिई सङ् महाँ ।
खाक् गर्छू मथुरा र शेखि दुइको * तोड्छू म छोड्छू कहाँ ॥५॥



सब्का साम्ने प्रतिज्ञा गरिकन रिसले चूर् भई कृष्ण माथी ।
तेइस् अक्षौहिणी साथ् लिइकन सब फौज् अश्व ऊँट् रथ् र हात्ती ॥
अन्गिन्ती साथमा ली चढ़िकन गजमा त्यो जरासन्ध गैगो ।
सेनाको त्यो दमक्ले उहि बखत महाँ भूमि सब् कम्प भैगो ॥६॥

यस्ता रित्सित त्यो जरासुत जसै * पौंच्यो मथूरा गई ।
डर्ले यादव थर्कमान् हुन गए * व्याकुल् बहूते भई ॥
पृथ्वी कम्प गराइ सैन्यहरुले * तोड़ेर किल्ला जसै ।
घेरे चार् तिर बाट देखि हरिले * चिन्ता गरे धेर् तसै ॥७॥

भन्नू भो बलराम लाइ हरिले * 'हेर्नू हवस् यस् घरी ।
आयो लड्न भनी जरासुत ठुलो * फौज्लाइ साथ्मा धरी ॥
मानू पर्छ अवश्य हामि दुइले * चाँड़ो गई रण् महाँ ।
शङ्का भाग्न कहाँ बचाइकन ज्यान् * मारिन्छ पक्का यहाँ' ॥८॥

फेरी सब् पुरवासिलाइ हरिले * सम्झाइ भन्नू भयो ।
डर् मान्दा यसरी बताउ विरको * पानी रह्यो की गयो ? ॥
डर्नू योग्य कदापि छैन विरले * सामू परी रण् महाँ ।
मार्नू पर्दछ शत्रुलाइ लड़ि खूब् * साहस् लिई मन् महाँ ॥९॥

क्षत्रीको यहि धर्म हो कर महाँ * आफ्ना धनुर्बाण् धरी ।
प्राण्को मोह न राखि बैरिकन बेस् * मार्नू अगाड़ी सरी ॥
यस्तै रित्सित कृष्णजी र बलराम् * सब्लाइ धैर्यै दिई ।
सल्लाहा गरदै थिए उहि बखत् * सुन्दर् दुई रथ् लिई ॥१०॥

आए मातलि इन्द्रका हुकुमले * आकाश देखी त्यहाँ ।
भन्नू भो बलरामलाइ हरिले * देखेर रथ् पास् महाँ ॥
हेर्नू होस् ! रण गर्नलाइ दुइ रथ् * हाम्रा निमित्तै यहाँ ।
इन्द्रै बाट पठाइए यो रथ चढ़ि * पाल्नूहवस् रण्महाँ ॥११॥

चाँडो यिनै रथ उपर् चढ़ि लड्न जाऊँ ।
मारेर फौज् मगधका सब साफ् गराऊँ ॥
यस्ता बचन् भनि लिई बलराम लाई ।
पाल्नू भयो हरि तसै रण गर्न लाई ॥११॥

रथ्मा चढ़ेर दगुरे हरि राम भाई ।
तेसै बखत् सकल यादव दाँत बजाई ॥
लागे पछी प्रभुजिका भुमि कम्प गर्दै ।
हात्मा अनेक हतियार् धनु-बाण धर्दै ॥१३॥

रण्मा पुगेर हरिले लिइ शंख फेरी ।
फुक्नू भयो अति कठोर् गरि मानु भेरी ॥

त्यो शंखको कठिन शब्द सुनेर भारी ।
मूर्च्छित् भए रिपु सबै डरले पुकारी ।।१४।।

देखी दुश्मनका असंख्य फउजे * बल्रामले त्यै घरी ।
भन्नूभो हरिलाइ 'भाइ ! अब लौ * शत्रू विनाश् झट् गरी ।।
भू-भार् हर्नु पर्‍यो सुनेर इ वचन् * श्रीकृष्ण हाँस्नू भयो ।
मानू यादव सैन्यमा उस घरी * तागत् दुगूना भयो ।।१५।।

दुष्टात्मा कन मारि साधुजनको * रक्षा निमित्तक् यहाँ ।
औतार् लीनु भयो जगत्-पति प्रभू- * जीले धरातल् महाँ ।।
भन्थे श्री हरिलाइ राम यहि बात् * रण्मा अगाड़ी सरी ।
देख्यो फेर् मगधेन्द्रले हरि र राम्- * लाई बड़ो छक् परी ।।१६।।

देख्नासाथ् मनमा झसङ्ग भइ धेर् * क्रोधित् बहूतै बनी ।
लाग्यो त्यो मगधेन्द्र भन्न हरिको * नाऊँ पुकारी अनी ।।
हे कप्टी म लड्डूँ कसोरि अहिले * तेरा सँगैमा यहाँ ? ।।
पापी होस् तँ अधर्मि दुष्ट बहुतै *शाख्लस्कपट्मन्महाँ।।१७।

तस्मात् जा रणदेखि भागि अहिल्यै * काल्का अगाड़ी परी ।
फाल्लस्ज्यान् किन जा तँ लड्छु बलराम्*जीथ्यैं म येही घरी ।।
मामा लाइ जसोरि मारि पहिले * पाप् धेर् लिइस् शिर्महाँ ।
तेसैको बदला म दिन्छु अहिले * उम्केर जालास् कहाँ ।।१८।

येती बात् मगधेन्द्रका प्रभुजिले * सुन्नू भएथ्यो जसै ।
उत्तर् यो दिइ भन्नुभो प्रभुजिले * सोही बखतमा तसै ।।
हे वीर् ! वीर पुरूषले रण महाँ * शेखी बहूतै गरी ।
बक्वाद् गर्नु अयोग्य हो बल भए * आऊ अगाड़ी सरी ।।१९।।

बल्रामलाइ बुझेर तुच्छ मनमा * [illegible] जो जहाँ ।
थीयो कंस अधर्मि त्यो मरि गयो * जस्ता प्रकार्ले वहाँ ॥
सोही रित्सित मर्नलाई तँ पनी * आँटिस् बुझीले मनमा ।
भन्नूभो हरिले जसै मगधराज् * क्रोधित् बहूतै बनी ॥२०॥

आयो शर् धनुमा चढाई बहुतै * झन् रन्किई मन् महाँ ।
बर्साई शर घेर रथ् प्रभुजिको * ढाकी दियो छिन् महाँ ।
त्यस्का बाण प्रहारले गरि कठोर् * यादव्हरू पीर् परी ।
भागे हे बलराम ! हे हरि ! भनी * व्याकुल् भई त्यै घरी ।२१।

यो चाल देखि बलराम हरी रिसाई ।
सर्नूभयो अघि धनुष् बिच शर् चढाई ॥
खैंचेर बाण हरिले जब घेर् चलाए ।
दुश्मन्हरू सकल व्याकुल भै डराए ॥२२॥

बल्रामले पनि हान्नुभो मुशलले * फेरी गदाले जसै ।
लागे मर्न पटा-पटी असुर सब् * लाखौं हजारौं तसै ।
मर्दा घेर् विरहेरु त्यस् बखतमा * खोलो रगत्को बह्यो ।
सब् दानव् मरि गैगए फगत एक् * बाँकी जरासुत् रह्यो॥२३॥

आयो फेरि मगध्-पती कर महाँ * भारी गदा एक् धरी ।
ताकी श्री बलरामलाइ रिसले * हान्दो भयो बेसरी ॥
त्यस्लाई छलि रामले पनि गदा * जोर्ले प्रहारै गरी ।
रथ् चूर्णै मगधेन्द्रको सहजमा * गर्नूभयो त्यै घरी ॥२४॥

पैह्ले यै रितले गराइ विरथी * मार्नू पर्‍यो लौ भनी ।
आँट्नू भो शिर काट्नलाइ जब झट् * पक्रेर क्रोधित् बनी ॥

साम्नेमा बलरामका गई हरी- * जीले उसै बिच् महाँ ।
मानूँ यस्कन योग्य छैन अहिले * भन्दा बच्यो खल् त्यहाँ ॥२५॥

दुर्मत् ली हरिले पठाइ दिनु भो * यस्ता तवर् ले जसै ।
साह्रै लज्जित भै जरासुत गयो * फर्केर घर्मा तसै ॥
सब् श्रोताहरुले पनि उहि बखत् * खूशी भई मन् महाँ ।
वर्षा धेर् फुलको गरे प्रभु उपर् * आनन्दपूर्वक् त्यहाँ ॥२६॥

घर्मा फेरि मगध्-पती जब फिर्‍यो * मानूँ मरेझैं भई ।
धिक्कार् धेर् गरि आफुलाइ दुखि भै * सब्का सँगैमा रही ॥
सल्लाहा गरि सैन्यदल् बहुत ली * लड्छू म फेरी भनी ।
आयो खूब चुरीइँदै म जितुँला * भन्दै शुरो धेर् बनी ॥२७॥

त्यो सेना पनि झट् सखाप् गरि दिए * मारी प्रभू ले जसै ।
भाग्यो प्राण बचाइ घर् तिर फिर्‍यो * राजा मगध्को तसै ॥
फिर्नू भो दुइ भाइ जब् विजय साथ् * श्रीउग्रसेन् छन् जहाँ ।
लावा चन्दन फुल् छरे हरि उपर् * नारीहरूले त्यहाँ ॥२८॥

सत्कार् खूब् हरिको गरे सकलले * आनन्द मानी अती ।
संग्राम्मा जय भो भनी खुशि भए * यादव्हरू छन् जती ॥
यस्तै रित्सित सत्र चोटि मथुरा * जित्ने इरादा धरी ।
आई हारि फिरी गयो मगध-राज् * भारी लडाईं गरी ॥२९॥

भयो इज्जत् पानी यश पनि खरानी भइ भयो ।
मरे भैं भो धिक्कार् फगत सहि बाँच्नू अब अयो ॥
गरी चिन्ता यस्तै अधिक लिइ ताप् त्यो मन महाँ ।
गयो तप् लौं गर्छू भनि कन विचारी वन महाँ ॥३०॥

कालयवन मथुरा प्रवेश लीला ( ६५ )

राजन्! त्यै बिच एक् कुरा हृदयमा * नारद्जिले गम् गरी ।
जानू भो वनमा जहाँ मगध-राज् * तप् गर्दथ्यो त्यस् घरी ।।
भन्नू भो गइ सामु त्यस् कन त्यहाँ * नारद्जिले भूपती ! ।
हित्को भन्छु म एक् कुरा सुनि लिए * पुग्नेछ इच्छा जती ।।१।।

राजा कालयवन् छ वीर् अति ठुलो * काबुल् महाँ यस् घरी ।
त्यस् लाई म पठाइ दिन्छु अहिले * सल्लाह पक्का गरी ।
त्यस्को मदत् ली लड्यौ यदि भने * जित्छौ तिमी रण् महाँ ।
येती सूचन दी ऋषी चलि गए * थीयो यवन् त्यो जहाँ।।२।।

काबुल्मा पुगि काल्-यवन् कन तहाँ * नारद् अगाडी सरी ।
भन्छन् छौ तिमि नामि वीर् पृथिविमा * त्यस् निंति चाँडो गरी ।।
जाऊ भेट जरा-सुतै कन तिमी * मदत पनी द्यौ त्यहाँ ।
लड्छन् श्रीहरिसीत फेर् मगधराज् * साम्ने परी रण् यहाँ ।।३।।

नारद् का यि वचन् सुनी खुशि भई * त्यो भन्न लाग्यो अनी ।
'दिन्छू मदत झट् गएर मथुरा * आउन् मगध्-राज् पनी ।।
सज्जित् सब् गरि सैन्य जान्छु पहिले * तस्मात् हुजुर्ले यहाँ ।
लक्षण् रङ् रुप कृष्णको कहनुहोस् * मेरा अगाड़ी महाँ ।।४।।

यस्तो प्रश्न सुनेर लक्षण सबै * यस्तो छ रङ्-रूप् भनी ।
विस्तार् पूर्वकले सबै कहि दिए * नारद् ऋषीले पनी ।।
भागे कृष्ण भने लखेटि तिमिले * पीछा न छोड्नू त्यहाँ ।
येती अर्ति दिएर नारद् गए * फेर् लोक-यात्रा महाँ।।५।।

## द्वारिका पुरी निर्माण लीला (६६)

राजन् ! नारद् देखि पाइ अरती * श्रीकृष्ण लाई गई ।
मद्दत् दी मगधेन्द्र लाइ, जितुँला * भन्ने विचार्मा रही ।
आयो कालयवन् लिई यवन दल् * साथ्मा जसै त्यै घरी ।
घेऱ्यो गै मथुरा पुरी चउतरफ् * हल्-चल् बहुतै गरी ॥१॥

त्यै बिच्मा मगधेन्द्रले पनि गऱ्यो * सुर् लड्न लाई अनी ।
सुन्नू भो हरिले पनी सकल हाल् * आयो यवन्-राज् भनी ॥
सोच्नू भो तब कृष्णले उहि बखत् * किल्ला ठुलो एक् अबै ।
तैयार् गर्नु पऱ्यो समुद्र बिचमा * टुट्नै न सक्ने कबै ॥२॥

याहाँ बस्न भएन ठीक् किन भने * यो दुष्टका पापले ।
होला भक्त समाज लाइ दुख धेर् * दुष्टात्मका तापले ॥
येती बात विचारि विश्वकरमा- * लाई हरीले त्यहाँ ।
डाकी झट् दिनु भो हुकुम् रच भनी * सुन्दर् नगर् एक् वहाँ ॥३॥

राम्रो एक पुरी समुद्र बिचमा * यस्ता गजब्को बनोस् ।
सुख् पूर्वक् सब रैति गै कन बसुन् * कोही न पस्नै सकोस् ॥
जाहेर् होस् न कुनै उपर् सकल यो * भेद्का कुरा एक् रती ।
छिन्भर्मा सब लाइ ताहिं धरनू * धेरै बताऊँ कती ॥४॥

यो आज्ञा हरिको सुनी उहि बखत् * राम्रो पुरी एक् त्यहाँ ।
तैय्यार् झट्ट गरेर विश्वकरमा * जीले समुद्रै महाँ ॥
सब् यादव् हरुलाइ रात्रि बिचमा * पौंचाइ राखी दिए ।
माया श्रीहरिको प्रबल् अति हुँदा * बेहोश् सबै जन् थिए ॥५॥

सागर्का बिचमा सुदर्शन उपर् * सुन्दर् नगर् एक् रची ।
त्यस्का बीच असल् महल् मणिजड़ित् * तैय्यार् गरे फेर् पछी ।।
त्यै बिच्मा यदुवंशिहेरु सब जन् * जागा भएथे जसै ।
आयौं हामि कहाँ यसोरि भनि सब् * आश्चर्य माने तसै ।।६।।

फेरी 'श्रीहरिको चरित्र सब हो' * भन्ने बुझी मन् महाँ ।
सन्तोष् मानि रहे ति यादवहरू * आनन्द पूर्वक् त्यहाँ ।।
पाल्नू भो बलराम श्री हरि पनी * सोही बखत्मा जसै ।
'द्वारीका-पुरि' नाम् भनी नगरको * राख्नू भयो फेर् तसै ।।७।।

यस्ता रित्सित द्वारिकापुरि तयार् * पारेर यादव् जती ।
सब्लाई लगि राखि ताहिं अनि फेर् * साक्षात् रमाका पती ।।
लाग्नू भो हित बात भन्न बलराम्- * जीका हजूर्मा त्यहाँ ।
लौ रक्षा झट गर्नुहोस् गइ प्रजा- * गण्को अबै व्रज्महाँ ।।८।।

फेरी कालयवन् असुर्कन पनी * मार्नू हवस् लौ भनी ।
पाल्नू भो व्रजमा लिएर सँगमा * बल्राम लाई पनी ।।
व्रज्मा गै बलदेव लाइ मथुरा * छोड़ेर आफू हरी ।
पुग्नू भो सब सैन्य-दल् यवनको * थीयो जहाँ त्यै घरी ।।९।।

कालयवन वध लीला ( १७ )

पीताम्बर् पहिरेर सुन्दर असल् * शृङ्गार भारी गरी ।
आएका हरि लाइ त्यो यवनले * देख्यो जसै छक् परी ।।
लाग्यो भन्न अवश्य कृष्ण यहि हो * नारद् ऋषीले जउन् ।
भन्थे लक्षण सब् बताइकन त्यो * देख्छु म यिन्मा तउन् ।।१।।

मन्मा येति विचारि त्यो यवनले * डाकेर खूब् हाँक् दिई ।
लाग्यो भन्न 'मुरारि! भागि यसरी * जान्छौ कहाँ ज्यान् लिई ।।
आयो औसर पर्न आज रणमा * मेरा अगाड़ी परी ।
स्थिर् भै लौ गर युद्ध ह्वैन म जरा- * सन्धै र कंसै सरी ।।२।।

येती बात भनेर पक्रन भनी * दौड़ेर आयो जसै ।
मार्छू यस्कन लौ छकाइ म भनी * भाग्नू भयो नाथ् तसै ।।
उद्धार् श्रीमुचुकुन्द लाइ गरनू * पर्ने हुँदा काम् त्यहाँ ।
भाग्नृ भो हरि त्यो यवन् पनि अती * क्रोधित् भई मन्महाँ ।।३।।

लाग्यो श्रीहरिको पछाड़ि दिइ हाँक् * सोही बखत्मा हरी ।
पुग्नू भो गइ मन्दराचल महाँ * गूफा विषे त्यै घरी ।।
थीए श्री मुचुकुन्द मस्त निदमा * सूती रहेका त्यहाँ ।
पीताम्बर् हरिले ओढ़ाइ दिनु भो * तिन्का शरीरै महाँ ।।४।।



लुक्नू भो पछि एक तर्फ गइ फेर् * कुदे यवन् वीर् गयो ।
थाकी कृष्ण सुतेछ लौ भनि विचार् * त्यो दुष्ट गर्दो भयो ।।
मन्मा येति विचारि खूब रिसले * एक् लात्ति हान्यो जसै ।
ब्यूँभे ती मुचुकुन्द झस्किकन झट् * खोलेर आँखा तसै ।।५।।

हेर्दैमा तिनिको असह्य तपले * सोही बखत्मा जली ।
भैगो भस्म यवन् लिएर हरि नाम् * पाप्ताप्समेत् गो गली ।
निर्मल् देह भएर त्यो चलि गयो * उत्तम् परम् लोक् महाँ ।
सोधे येति सुनी परीक्षितजिले * फेरी उसै बिच् महाँ ।।६।।

मुचुकुन्द उद्धार लीला ( ६८ )

को हुन् ती मुचुकुन्द हे मुनिपते! * विस्तार पूर्वक् गरी ।
आज्ञा गर्नु हवस् म सुन्छु बहुतै * इच्छा भयो यस् घरी ।।
येती बात सुनेर श्री शुक मुनी * सोही बखत् फेर् त्यहाँ ।
लागे भन्न सुनाइ त्यै सब कथा * खूशी भई मन् महाँ ।।१।।

मान्धाता नृप सूर्य-वंशि बिच एक् * थीए अघी लोक् महाँ ।
छोरा हुन् मुचुकुन्द नाम तिनिकै * सो जानि लेऊ यहाँ ।।
कौनै काल महाँ अघी असुरका * हात्बाट दुख् धेर् सही ।
पौंचे श्री मुचुकुन्दका नगिचमा * धौता विकल् धेर् भई ।।२।।

मागे मद्दत फेरि देवगणले * राजन्! दयालू भई ।
हामी लाइ सहायता दिनु हवस् * ऐह्ले समर्मा गई ।।
बढ्दा दानव-वंश हामि अहिले * साह्रै सकस्मा परी ।
आयौं पर्न शरण् पिछा लिनु हवस् * हाम्लाइ रक्षा गरी ।।३।।

बिन्ती यो मुचुकुन्दले सुनि लिए * ती देवगण्को जसै ।
दानव्का सँगमा गएर भिड़ि ती * खूब् लड्न लागे तसै ।।
गर्दा युद्ध बिती गयो बहुत युग् * त्यो देखि खुशी भई ।
राजा लाइ भने ति देवगणले * मानौंस् थकाई गई ।।४।।

तिम्रो आज सहायता हुन गई * जीत्यौं असुर् दल् सबै ।
आराम् देउ शरीर लाइ गइ क्वै * एकान्त स्थलमा अबै ॥
सूने श्रीमुचुकुन्दले जब यि बात् * ती देवगणका अनी ।
भन्छन् खूशि भई 'बताउनु हवस् * हे देवता ! यो पनी।५॥

काहाँ खूब एकान्त स्थान् छ मकनै * चाँड़ो बताई दिनोस् ।
पाऊँ सुत्न म खूब निश्चित भई * वर्दान येही दिनोस्' ॥
यी बात् ती मुचुकुन्दका सुनि खुशी * मानेर तिनले पनी ।
भन्छन् गैकन मंद्राचल महाँ * सुत्नू हवस् बेस् भनी ॥६॥

आज्ञा यो दिइ फेरि वर् पनि दिए * अत्यन्त खूशी भई ।
'राजन् ! कोहि तपाईंको निद खराब् * गर्ला त आफैं गई ॥
होला भस्म तपाईंको परि नजर् * सोही बखत्मा त्यहाँ' ।
यस्तो वर् सुर देखि पाइ ति गए * हर्षित् भई मन् महाँ ॥७॥

त्यै कारण् हुन गै त्यहाँ ति नृपती * सूती रहेका थिए ।
भस्मै भो जब त्यो यवन् प्रभुजिले * प्रत्यक्ष दर्शन् दिए ॥
दर्शन् श्री मुचुकुन्दले प्रभुजिको * प्रत्यक्ष पाए जसै ।
लागे गर्न स्तुती परेर पदमा * नम्रै भई झट् तसै ॥८॥

प्रभो ! दर्शन् पाई सुफल अब, मेरो जनम भो ।
भई निर्मल् सारा शरिर, सब पाप्ले रहित भो ॥
सदा बस्थें ध्यान् यै गरि मन महाँ, रूप प्रभुको ।
दया ऐह्ले नाथ्को हुन गइ सबै, आश पुगिगो ॥९॥

रहोस् मन्मा भक्ती अचल, भइ नाथ्को हर घड़ी ।
मिलोस् मुक्ती-पद् लौ कठिन, भवसागर् अब तरी ॥

स्तुती यस्तो धेरै जब नृपतिले, खूब् गरि लिए ।
खुशी भै नाथ्ले यो पनि सहज, आज्ञा तहिं दिए।१०।

ह्वौ मेरो तिमि भक्त उस् जनमका * राजन् ! म ऐह्ले यहाँ ।
सोही कारण मुक्तिपद् दिन तयार् * छू खुशि भै मन् महाँ ।।
धन्-जन् खातिर पाप धेर् गरि लिंदा * कौने हिसाब्ले पनी ।
पाउन्नौ तिमि मुक्ति यस् जनममा * बेगर् तपस्वी बनी ।।११।।

तस्मात् तप् गर बद्रिकाश्रम महाँ * गै भक्ति मन्मा धरी ।
यो चोलाकन त्यागि जन्मि ऋषिका * कुलमा, अनी पार् तरी ।।
जाने छौ भइ मुक्त फेर् पछि तिमी * उत्तम् परम्-धाम् महाँ ।
पाऊमा मुचुकुन्द झट् परिगए * पाए र यो वर् त्यहाँ।।१२।।

फेरी त्यै घरि भै विदा चलि गए * श्री बद्रिकाश्रम् महाँ ।
पाल्नू भो मथुरा तरफ् हरि पनी * थीयो यवन्-दल् जहाँ ।।
बल्राम्जी पनि साथमा लिइ फउज् * पाल्नू भयो त्यै घरी ।
छिन् भर्मा सब सैन्यदल् यवनको * संहार् गरे बेसरी ।।१३।।

श्रीकृष्ण बलराम पलायन गौतम पर्वतारूढ लीला ( ९९ )

राजन् ! जरासन्ध उसै बखत्मा ।
तेइस अक्षौहिणि सैन्य साथ्मा ।।
लीएर फेरी मथुरा पुरीमा ।
पुग्दो भयो ईख धरी हरीमा ।। १ ।।

घेर्‍यो नगर् चार् तिरबाट आई ।
गर्जेर खूब् जोर्सित हाँक् लगाई ।।

लाग्यो हरी लाई पुकार्न फेरी ।
भाग्नू भयो श्रीहरि क्यै नटेरी ।।२।।

छल्छू भनी कृष्णजिले चिताई ।
भाग्नू भयो ली बलराम लाई ।।
झन् हाँक दींदै मगधेन्द्र धायो ।
सारा फउज् ली चढि जल्दि आयो ।।३।।

भागेका बलराम श्री हरि कनै * देखी लिएथ्यो जसै ।
शोक् ताप् सब् अघिको भुली मन महाँ* हर्षित् भयो खूब् तसै ।।
भाग्दै श्री हरि-राम 'गौतम' भनी * पर्वत् ठूलो एक् त्यहाँ ।
थीयो ताहिं पुगेर झट् चढि गए * त्यै उच्च पर्वत् महाँ ।।४।।

पुग्यो ताहिं लखेटि त्यो मगधराज् * सोही बखत्मा जसै ।
लाग्यो गर्न विचार चढ्न न सकी * पर्वत् उपर्मा तसै ।।
देख्छू पर्वत ग्याह्र योजन ठुलो * अल्गो भयङ्कर् अती ।
साह्रै दुर्गम चढ्नलाइ छ कठिन् * यस्मा छ ज्यान्को खती।।५।।

मन्मा येति विचारि त्यो अधमले * फेरी उसै बिच् महाँ ।
आगो बालि जलाइ देउ गिरि सब् * ऐह्ले तुरुन्तै यहाँ ।।
आज्ञा येति दियो जसै फउज सब् * राक्षस् हरूले गई ।
आगो लाइ दिए गिरी वन महाँ * चौतर्फि खूशी भई ।।६।।

हर्-हर्-हर् गरि अग्नि खूब्सित बली* टुप्पा विषे त्यै घरी ।
पुग्दो भो र सुरुक्क घर् तिर फिरे * बल्रामजी श्री हरी ।।
देखेनन् दुइ भाइ लाइ यसरी * जाँदा कसैले पनी ।
पश्चात् पर्वत त्यो डढी भइ गयो * भस्मै खरानी बनी ।।७।।


बलराम् कृष्णजिलाइ त्यो गिरि सँगै * भस्मै भए लौ भनी ।
जानी निश्चय त्यो मगधपति फिऱ्यो * घरमा अती खुश् बनी ॥
बल्राम् कृष्णजि फेरि बाँचि कहिल्यै * फिर्नन् भनी मन् महाँ ।
शङ्का एक् रति क्यै न ली रहन त्यो * लाग्यो जरासुत् त्यहाँ ॥८॥

यस्ता रित्सित कृष्णले मगधराज्- * लाई छली बेसरी ।
पुग्नू भो गइ द्वारिका नगरिमा * हर्षित् भई त्यै घरी ॥
देखे सब् पुरवासिले जब हरी * राम्लाइ खूब् प्रेम् गरी ।
ल्याए आदर साथ हर्षित भई * भक्ती मनैमा धरी ॥९॥

बलराम रेवती विवाह लीला ( १०० )

राजन् ! रैवत नाम भूपति कुनै * थीए प्रतापी अती ।
जस्की लक्ष्मि समान रूप गुणकी * पुत्री थिइन् रेवती ॥
द्यौताको उपकार गर्न नृपती * पुत्री लिई सङ् महाँ ।
एक् दिन् स्वर्गपुरी गए रथ चढी * खूशी भई मन् महाँ ॥१॥

आए कुण्डल देशका नृप भनी * श्री इन्द्र खूशी भए ।
ऊठी लौ अगवानि गर्दछु भनी * आफैं अगाडी गए ॥
राजा रैवत सीत भेट् हुन गयो * मेज्मानि खूबै गरी ।
इन्द्रासन् बिच ल्याइ तिन्कन धरे * आनन्द सागर् परी ॥२॥
पाहूना झइँ भै ति रैवत रहे * क्यै दिन् पछी फेर् अनी ।
जुन् काम् गर्नु थियो उही गरि दिए * रण्मा प्रतापी बनी ॥
ब्रह्माजीसँग भेट् भयो र नृप फेर् * पस्री चरण्मा परे ।
यी पुत्री कसलाई द्यूँ प्रभु ! भनी * हात्जोरि बिन्ती गरे ॥३॥



रुक्मिणी - हरण

चित्र सं० (८) साथ्मा रुक्मिणीलाई राखि अनि फेर् अत्यन्त शोभित् भई ।
आज्ञा दारुकलाई हाँक भनि रथ् दौड् भयो थिर् रह्यो ॥

ब्रह्माले उपदेश् दिएर नृपती * सोही बमोजिम् गरी ।
कन्या लीकन द्वारिका नगरिमा * आए ठूलो धीर् धरी ॥
छोरी श्री बलराम लाइ अहिले * दिन्छू भनी फेर् त्यहाँ ।
सामग्री सब ठीक् गरे नृपतिले * खूशी भई मन् महाँ ॥४॥

पैह्ले रेवतिको स्वयमूवर भयो * बल्रामका सङ् महाँ ।
बीहाको पछि लग्न ठीक् गरि लिए * श्री गर्गजीले त्यहाँ ॥
फेरी श्री वसुदेवले सकल चीज् * सामग्रि जम्मा गरी ।
मङ्गल् उत्सव धेर् गरे उहि बखत् * द्वारावती पुर् भरी ॥५॥

जूहार्को गहना र रेशमि लुगा * पैह्राइ शृङ्गार् गरी ।
वर्-कन्या कन यज्ञमा धरि लिए * साइत् भएकै घरी ॥
बीहा रेवति-रामको हुन गयो * बाधा सबैका गए ।
पाई योग्य वधू ति सासु-ससुरा * अत्यन्त खूशी भए ॥६॥

रुक्मिणी श्रीकृष्ण पति वरण लीला ( १०१ )

राजन्! कुण्डिनपुर् थियो नगर् एक् * बीदर्भ देश्मा त्यहाँ ।
गर्थे भीष्मक राज्य त्यस् पुरि विषे * खूशी भई मन् महाँ ॥
थीए पुत्र पनी ति भीष्मकजिका * पाँच् कांतिवान् बिर् अती ॥
जेठा रुक्म थिए शुरा ति सबमा * क्रोधी बड़ा दुर्मती ॥१॥

जन्मिन् फेर् पछि छोरि रुक्मिणि अती * राम्री महल् बिच् महाँ ।
सीता सुन्दरिले गई कन जनम् * लौंदी भइन् झट् त्यहाँ ॥
पण्डित् ज्योतिषिहेरुले लगन सब् * साइत् विचारी लिए ॥
फेरी रुक्मिणि नाम् भनेर सबले * यै नाम राखी दिए ॥२॥

फेरी येति भने यि रूप गुणमा * लक्ष्मी समान्की भई ।
हूनेछन् यिनि पूज्य सब् जन महाँ * औतारिका सङ् रही ।।
बीहा हुन्छ कुनै महा-पुरुषका * सङ्मा अवश्यै पनी ।
कन्याको सुनि यो भविष्य शुभ बात् *भीष्मक् थिए खुश्अनी।।३।।

लागिन् दिन्दिन बढ्न रुक्मिणि पनी * मानू ति चन्द्रै सरी ।
तिन्को रूप् अति दिव्य देखि सब जन् * बस्थे सदा लठ् परी ।।
खेल्दा सब् सखिहेरुका सङ महाँ * अत्यन्त शोभित् भई ।
तारागण् बिच चन्द्रमा सरि सदा * घुम्थिन् लहड्मा रही ।।४।।

एक्दिन् श्रीहरिको समस्त यश गान् * कीर्ती जसै प्रेमले ।
सूनिन् त्यै घरि देखि आशक भइन् * श्री कृष्णमा नेमले ।।
लागिन् फेर् व्रत गर्न रुक्मिणि त्यहाँ * श्रीशम्भुको ध्यान् धरी ।
पाऊँ कृष्ण पती भनेर मनमा * भक्तीसहित् हर् घरी ।।५।।

नारद्ले गइ द्वारिका नगरिमा * सूचन् दिए फेर् त्यहाँ ।
गर्नू पर्छ विवाह रुक्मिणि सँगै * नाथ्ले विधीवत् यहाँ ।।
नाथ्कै योग्य कुमारि छन् ति सुशिला * ध्यान् गर्दछिन् हर् घरी ।
पाऊँला भनि नाथ लाइ पति ती * बस्छिन् सदा सुन्दरी ।।६।।

नार्दको मुख देखि रुक्मिणिजिको * सूनी प्रशंसा अती ।
थाल्नू भो तन-मन् दिएर रहनै * दिन्-रात् जगत्का पती ।।
बेला रुक्मिणिको भयो जब बिहा * गर्नै उसै बीच् महाँ ।
वर्को खोज् गर योग्य लायक भनी * उर्दी दिए झट् त्यहाँ ।।७।।

रुक्मीकेश् भनी नामका सुत कुमार् * भीष्मक्जिका जो थिए ।
तिन्ले कृष्णजिलाइ रोजिकन वर् * सल्लाह झट् यो दिए ।।

बीहा रुक्मिणिको गरी दिनु हवस् * श्रीकृष्णका सङ् महाँ ।
लायक् श्री यदुनाथदेखि अरु क्वै * देख्तीन मैले यहाँ ॥८॥

कान्छा पुत्र कुमारका सुनि यि बात् * अत्यन्त खूशी भई ।
भन्छन् भीष्मक ठीक् भन्यौ यदुपती * लाई अहिल्यै गई ॥
वाग्दान् दी सब बात ठीक् गर भनी * आज्ञा दिएथे जसै ।
जेठा रुक्म-कुमार झट् अघि सरी * भन्दा भए यो तसै ॥९॥

ग्वाला अती नीच गँवार जाति ।
गर्नें सदा औंधि अनेक भाँति ॥
के जान्दछन् कृष्ण रिवाज रीति ।
नीच्का सँगै गर्नु कसोरि प्रीति ! ॥१०॥

सोह्रै बरस् तक् रहि नन्द काहाँ ।
ग्वाला र गाई लिई साथ माहाँ ॥
वन्मा गई गाइ चराउँथे ती ।
खेल्थे अहिर् का सँग हात् समाती ॥११॥

जात्-भात्को रति छैन जुन् सकसको * कौनै ठिकाना पनी ।
त्यस्तालाइ कसोरि छोरि दिनु लौ * लत्रेर लज्जित् बनी ॥
बीहा, वैर समानका सँग महाँ * गर्नू सदा हो असल् ।
काहाँ कृष्ण अहीर जाति कमसल् * काहाँ सुगंधित्कमल् ॥१२॥

त्यस्ताका सँग गर्नु हुन्न कहिल्यै * सम्बन्ध नीच् हुन् भनी ।
छन् राजा शिशुपाल यस् घरि ठुला * नामी बड़ा वीर् पनी ॥
बेह्री पर्छ दिनू तिनैकन भनी * ठान्छू असल् मन् महाँ ।
यस्ता बात् सुनि पुत्रका ति नृपति * शोच् गर्न लागे त्यहाँ ॥१३॥

चुप् लागी नृप फेर् रहे न दिइ क्यै * उत्तर् जसै त्यै घरी ।
चाल्पाईकन रुक्मिणी सकल बात् * चिन्तित् भइन् बेसरी ।।
तन्-मन् कृष्णजिलाइ अर्पण गरी * बस्थिन् सदा सुन्दरी ।
लागिन् गर्न विचार कुन् तरहले * जाला विपद् यो टरी।।१४।।

त्यै बिच्मा हरिलाइ दिन्छु समचार् * भन्ने विचार् यो गरी ।
डाकी ब्राह्मणलाइ चिट्ठि दिइ एक् * भन्दी भइन् त्यै घरी ।।
गर्नू होस् उपकार हे द्विजपते ! * ऐह्ले दयालू भई ।
बिन्ती सब् गरि पत्र यो दिनु हवस् * नाथ्लाइ ऐह्ले गई ।।१५।।

जान्छू लौ भनि विप्रजी चलि गए * श्रीकृष्णका पास् महाँ ।
पौंची चिट्ठि दिई अगाडि हरिका * बिन्ती गरे सब् त्यहाँ ।।
हे नाथ् ! रुक्मिणि मग्न छन् प्रभुजिको* आशा लिई हर्-घरी ।
भन्छिन् पाइन स्वामी नाथ्कन भने *प्राण्त्याग्छु हत्यागरी।१६।

गर्छू बिन्ति हजूरमा म पनि यो * नाथ्ले दयालू भई ।
ल्याई बक्सनु पर्छ रुक्मिणि कनै * बीहा गरी झट् गई ।।
सब् बात् ठिक्क थियो हरीकन दीनू * कन्या असल् हो भनी ।
भन्दा भीष्मकले उसै बखत एक् * बाधा पर्‍यो फेर् अनी।।१७।।

बेह्ली श्रीहरिलाइ दिन्न म भनी * ज्येठा कुमार्ले त्यहाँ ।
हप्काई शिशुपालका सँग महाँ * पक्का गरे छिन् महाँ ।।
खूशी भै शिशुपाल् पनी सँग महाँ * खूब् सैन्यदल् धेर् लिई ।
आयो गर्छु म रुक्मिणी सित बिहा * भन्दै बड़ो ठाँटिई ।।१८।।

ब्राह्मण्का मुखदेखि येति सब हाल् * श्री कृष्णजीले जसै ।
सुन्नू भो अति प्रेम पूर्वक चिठी * बाँचेर खुश् भै तसै ।।

भन्नू भो सुन, विप्रदेव ! अहिल्यै * कुण्डिन् नगर्मा गई ।
गर्छु रुक्मिणिको हरण् सहजमा * खूब् तेजशाली भई ।।१९।।
प्यारीको सब आश पूर्ण गरि फेर् * मारी असुर् दल् जती ।
फिर्नेछु लिइ रुक्मिणी सँग महाँ * चिन्ता न ल्यौ एक् रती ।
येती बात् भनि विप्रलाइ हरिले * दारूक लाई अनी ।
आज्ञा दीनु भयो उसै बखत लौ * तय्यार गर् रथ् भनी।।२०।।

रुक्मिणी हरण लीला ( १०२ )

राजन् ! फेर् गइ उग्रसेन नृपका * सामू अगाड़ी सरी ।
बिन्ती गर्नु भयो नृपेन्द्र ! म त लौ * कुण्डिन् नगर् यै घरी ।।
जान्छु रुक्मिणिलाइ गर्दछु हरण् * निम्ता छ मेरो वहाँ ।
राजा भीष्मकबाट ब्राह्मण चिठी * लीएर आए यहाँ ।।१।।

आज्ञा दीनुहवस् ति भीष्मकसुता- * लाई म ऐह्ले गई ।
लीई आउँछु झट् विवाह गरनै * भन्नू भयो झट् तहीं ।।
यस्ता बात् हरिको सुनेर नृप क्यै * शङ्कित् झई भै त्यहाँ ।
भन्छन् जानु हवस् तथापि बलदेव्- * लाई लिई सङ् महाँ ।।२।।

लश्कर् सब् लिइ साथमा गरि बिहा * झट् फर्कनु होस् हरी ।
आज्ञा यो सुनि खुशि भै प्रभुजिले * भन्नू भयो त्यै घरी ।।
चिन्ता केहि न लीनुहोस् म अहिले * जान्छु पछी फेर् वहाँ ।
दाज्यू लाइ पठाइ बक्सनु हवस् * सब् फौजली सङ् महाँ।।३।।

दारूकले पनि उही घरि रथ् सजाई ।
हाजिर् गऱ्यो प्रभुजिका झट सामु आई ।।

बीदा भएर हरि ब्राह्मण लाइ पैह्ले ।
रथ्मा चढ़ाइ लिनु भो अति आदरैले ।।४।।

चढ्नू भयो हरि जसै अनि दारुकैले ।
हाँक्दो भयो रथ पवन् सरि खूब् बलैले ।।
छिन् मात्रमा प्रभुजिलाइ लगेर वाहाँ ।
दाखिल् गर्‍यो सहित विप्र विदर्भ माहाँ ।।५।।

थीयो उत्सव भारि रुक्मिणिजिको * बीहा हुनाले गरी ।
बीच्-बीच्मा अति रङ्-बिरङ्गि बहुतै * तोरण् पताका धरी ।।
थीयो मङ्गल खूब् सिंगारि सब घर् * सारा नगर् भर् महाँ ।
हेर्दै ठाँट् यहि कृष्णजी खुशि भई * पुग्नू भयो गै त्यहाँ ।।६।।

पश्चात् विप्रजि लाइ श्रीहरिजिले * भन्नू भयो फेर् अनी ।
संचार् रुक्मिणिलाइ जल्दि दिनुहोस् * आई म पूगें भनी ।।
भन्छन् ब्राह्मण हे जगत्पति ! यहाँ * सारा शहर् भर् महाँ ।
बीहाको छ तयारि खूब् प्रथम दिन् * मानेर धूम्धाम् यहाँ ।।७।।

बिन्ती येति गरेर झट् चलि गए * ती विप्रदेव् फेर् जसै ।
आयो गर्छु बिहा म रुक्मिणि सँगै * भन्दै शिशूपाल् तसै ।।
बाजा खूब बजाइ त्यै बखतमा * मङ्गल् बहुतै गरी ।
रथ् माथी चढि झट् पुग्यो नगरमा * धेर् सैन्यदल् सङ् धरी ।।८।।

राजा पौंड्रक, दन्तवक्त्र, दमघोस् * राजा विदूरथ् भए ।
फेरी वीर् मगधेन्द्र आदि अरु जो * जन्ती भई सब् गए ।।
आई रुक्मिणिलाइ कृष्ण हरि ली * जालान् भनी शक् गरी ।
चेदीराज् कन नै दिलाउन भनी * कन्या, हतीयार् धरी ।।९।।

आएका सब द्वेषि भू-पति हरू * श्रीकृष्णका सङ् महाँ ।
लड्ने मन सबका ति रुक्मिणिजीले * देखिन् जसै झट् त्यहाँ ॥
लागिन् भन्न, भएर चिन्तित बहुत् * मन्मा ! अहो के भयो ? ।
आएनन् द्विज नाथको खबर ती * रात्री विती गैगयो ॥१०॥

पाल्नू भएन अझतक् किन नाथ याहाँ ।
लाग्यो विनाश् सकल काम् हुन आज याहाँ ॥
यस्तै प्रकार् सित हरीकन सम्झि मन्मा ।
बस्थिन् लिएर फिकरी तहिं एक छिन्मा ॥११॥

फुर्दो भयो भुज उसै घरि बाम तिन्को ।
पौंचे ति ब्राह्मण पनी हरि आगमन् को ॥
सम्चार ली जब खुशी भइ फेरि ताहाँ ।
सोधिन् कहू द्विज ! प्रभू हुनुहुन्छ काहाँ ॥१२॥

ब्राह्मण्ले सब हाल् कहे प्रभुजिको * जो जो भएको जसै ।
गद्-गद् भैकन खूब् प्रणाम् गरिदिइन् * ती रुक्मिणीले तसै ॥
त्यै बिच्मा बलराम् पनी सकल वीर् * यादव्हरू साथ् लिई ।
मद्दत् खातिर कृष्णका पुगि गए * चौतर्फि घेरा दिई ॥१३॥

सूने श्री बलराम कृष्णजि यहाँ * आए भनी त्यै घरी ।
ल्याए भिष्मकले गएर कछु दूर् * सन्मान धेरै गरी ॥
फेर् आसन् बिच राखि भाइ दुइको * भक्ती र पूजा गरे ।
हात् जोरी अति खूशि भै प्रभुजिका * लत्रेर पाऊ परे ॥१४॥

फेरी उसै बखतमा शिशुपाल आयो ।
भन्दा ति रुक्मिणिजिको सुनि मन् डरायो ॥

ती ब्राह्मणैकन पठाइ दिएर ताहाँ ।
सम्चार् दिइन् सब, थिए प्रिय नाथ जाहाँ ।।१५।।

दुर्गा पुज्नु विवाहको प्रथम दिन् * हाम्रो छ चाल् कुलमहाँ ।
गर्छु बिन्ति मलाइ हर्न सजिलो * होला अवश्यै तहाँ ।।
जो गर्ने प्रभु जान्नु हुन्छ अबला * जानी दयालू भई ।
इज्जत् नाथ ! बचाइ बक्सनु हवस् * बिन्ती म गर्छू यही ।।१६।।

त्यै बिच्मा सब पौरवासि जति छन् * आए हरी-राम् भनी ।
सम्चार् यो सुनि गर्न दर्शन तहाँ * आएर हर्षित् बनी ।।
लागे हेर्न प्रभूजिको मुख-कमल् * क्या बात तारिफ् गरी ।
भन्थे योग्य यिनै ति रुक्मिणिजिको * छन् कामदेवूका सरी ।।१७।।

यी बाहेक् अरु कोहि छैन वर लौ * श्री रुक्मिणीको यहाँ ।।
जोड़ी खूब् छ असल् यि रुक्मिणिजिको * श्रीकृष्णका सङ् महाँ ।
गर्थे सब् पुरवासि हेरु मिलि यै * बात् आपसैमा जसै ।।
मङ्गल् स्नान् गरि पैह्रि भूषण अनेक् * सोही बखत्मा तसै ।।१८।।

निस्किन् सुन्दरि रुक्मिणी सखिहरू * लीएर धेर् सङ् महाँ ।
गौरी पुज्न भनेर मन्सुब लिई * जाँदी भइन् ती त्यहाँ ।।
बाजा मङ्गलका बजाइ कन फेर् * अत्यन्त शोभा गरी ।
हिंड्थे रुक्मिणिलाइ घेरि सखि फेर् * ब्राह्मण्-वधू त्यस्घरी ।।१९।।

यात्रा मङ्गलको यही तवर ले * गर्दै सबै दङ् परी ।
पौंचे मन्दिर्मा जगत्-जननिका * श्रीरुक्मिणी सङ् धरी ।।
मन्दिर्मा पुगि हात पाउ जलले * धोई पवित्रै भई ।
धूप-दीप् चन्दन फूल-फल् सब धरी * भक्तीसहित् स्थिर् रही ।।२०।।

पूजा खूब् विधि साथ रुक्मिणिजिले * दुर्गाजिको झट् गरिन् ।
फेर् स्तुती गरदै प्रसन्न मनले * हात् जोरि पाऊ परिन् ॥
हे मातर् ! जगदम्बिके ! चरणमा * लम्लेर पाऊ परी ।
बिन्ती गर्दछु पाउँ कृष्णजि पती * यै आश मन्मा धरी ॥२१॥

हजुर्को ध्यान् गर्ने सकल जन, हुन्छन् सुखि यहाँ ।
विनाश् सारा सङ्कट् गरि वर, दिने एक्छिन महाँ ॥
हजुर् बाहेक् कोही अरु म त, यहाँ देख्दिन पनी ।
पुकार् गर्छु स्वामी प्रिय-हरि मिलुन्, झट् अब भनी ॥२२॥

यसोरी गौरीको स्तुति गरि सखी सब् सँग लिई ।
यता-ऊती हेर्थिन् हरि-पद-कमल्मा मन दिई ॥
रहिन् स्थिर् भै क्यै दूर् गइ छिन भरी, जब् उहि घरी ।
लिई झट् पुग्नू भो रथ हरि पनी, खूब् प्रिय-गरी ॥२३॥

देखिन् कृष्णजिलाइ सामु रथ ली * पाल्नू भएको जसै ।
हर्षित् भैकन झट्ट रुक्मिणिजिले * बाहू पसारिन् तसै ॥
देखी सुन्दरि प्यारिलाइ खुशि भै * नाथ्ले पनी प्रेम् गरी ।
दूबै बाहूलिले उठाइ लिनु भो * रथ्माथि झट् त्यै घरी॥२४॥

साथ्मा रुक्मिणिलाइ राखि अनि फेर्* अत्यन्त शोभित् भई ।
आज्ञा दारुकलाइ हाँक्न भनि रथ् * दीनू भयो स्थिर् रही ॥
बाघ्ले हर्छ जसोरि भाग् पसि अगम्* गै स्यालका फौज् महाँ ।
त्यस्ले रित्सित रुक्मिणी हरि लिए * नाथ्लेपनी झट् त्यहाँ ॥२५॥

बलराम्जी पनि साथमा लिइ अगम्* फेर् सैन्यदल् झट् गरी ।
पाल्नू भो हरिका पछाड़ि गरदै * सब् शत्रु-दल् थर्-हरी ॥

केही दूर् पुगि रुक्मिणीकन जसै * शङ्कित् हुनीले त्यहाँ ।
देख्नू भो त्यहिं धैर्यपूर्वक प्रबोध् * दीनूभयो मन्महाँ ॥२६॥

शिशुपाल रुक्म आदि पराजय लीला ( १०३ )

राजन् ! रुक्मिणिलाइ बल्जफतिले * श्री कृष्णजीले हरी ।
रथ् माथी धरि ली गए खबर यो * भन्ने जसै त्यस् घरी ॥
सून्यो खूब् शिशुपाल् रिसाइ मनमा * जित्ने इरादा धरी ।
आयो लड्न हरी र रामूसँग तहाँ * दौड़ेर सामू सरी ॥१॥

बे-इन्साफ गर्न्यो नि यस् अहिरले * भन्दै चुरींदै अती ।
आए फेर् अरु भूपतीहरु पनी * थीए त्यहाँ सब् जती ॥
जालास् कृष्ण ! तँ उम्कि कुन् तरहले * हाम्रा अगाड़ी महाँ ।
डर् कत्ती मनमा न ली हरि लिइस् * कन्या अनाहक् महाँ ॥२॥

आएका सब शत्रु-दल् यसरि ती * यादव् हरूले जसै ।
देखे सन्मुखमा खड़ा भइ गरे * टङ्कार् धनूको तसै ॥
लागिन् देखि समर् ति रुक्मिणि ठुलो * डर् मान्न खूब् मन महाँ ।
साहस् दीकन कृष्णले रहनु भो * तिन्लाइ त्यै रथ् महाँ ॥३॥

भिड्नू भो बलरामजी सब अरी- * दल्का अगाड़ी सरी ।
छोड़े वीर्हरुले पनी शर अनेक् * तिन्का उपर् क्रोध् गरी ॥
लाग्नू भो जब लड्न सैन्य सँग ली * बल्रामजी रण् महाँ ।
गर्दै खूब प्रहार् ठुलो मुसलले * एकदम् बराबर् त्यहाँ ॥४॥

लाखौं रथ् टुटि अश्व हात्तिहरु धेर् * पैदल् रथी वीर् पनी ।
अनगिन्ती मरि, भारि युद्ध हुनगो * व्याकुल् भए सब् अनी ॥

एक्छिन्मा शिशुपालका तरफका * सब् सैन्य संहार् गरी ।
त्यस् रण्मा जय पाइ बक्सनु भयो * बल्रामले त्यस् घरी ॥५॥

आखिर् दिक् भइ हार खाइ शिशुपाल्* मन्दो भयो फेर् त्यहाँ ।
हे विर् हो ! म मरे सरी भइ गएँ * ज्युँदै यसोरी यहाँ ॥
शत्रूका सँग हारि दुर्गति भयो * मन्को त साहस् मन्यो ।
मैले ता घर जानु चाहिं अब बेस् * वन्-बासि हूँनू पन्यो ॥६॥

यस्तै धेर सुनी विषाद् मगधराज् * भन्छन् सहास् खूब् गरी ।
फिक्री क्यै न लिनोस् हवीगत छ यै * मेरो पनी यस् घरी ॥
मैले सत्र पटक् यसै सँग अघी * हार्दा सहास् तै पनी ।
ली अट्ठारउँ चोटिमा जिति लिएँ * शांतै भयो मन् अनी ॥७॥

फिर्नू होस् घर यस् बखत् भइ गयो * जे हूनु धीरज् धरी ।
मौका हेरि पछी गएर लिउँला * साटो जिती बेसरी ॥
सम्झाए सबले यही रित गरी * मन्मा दिई बोध् जसै ।
फर्क्यो घर् तिर धैर्य्य धारि मनमा * राजा शिशूपाल् तसै ॥८॥

लाचार् भै बहुतै अरू हरु पनी * राजा जती वीर् थिए ।
रथ् माथी चढि फर्कि जान भनि फेर् * बाटो घरैको लिए ॥
हार् खाई शिशुपाल आदि विरगण् * लज्जीत साह्रै बनी ।
फर्कै त्यै घरि रुक्म वीर रणमा * लड्छू म आफैं भनी ॥९॥

एक् अक्षौहिणि फौज् तयार् गरि लियो* त्यस्ले उसै छिन् महाँ ।
जस्ले बैह्नि हरी लग्यो नजिति त्यस् * लाई म कैह्ले यहाँ ॥
फिर्नै छैन कदापि यस् घरि ठुलो * अन्याय त्यस्ले गन्यो ।
यस्तै प्रण् सबका अगाड़ि गरि त्यो * निस्केर रथमा चढ्यो ॥१०॥

आयो हाँक् दिइ क्रुद्ध भैकन तहाँ * सामू अगाड़ी सरी ।
मेरी बैह्नि हरेर भागि तँ कता * जालास् बतायस् घरी ।।
यादव् ! तुच्छ तँलाइ मारि सहजै * लिन्छू म सट्टा यहाँ ।
यस्तै हाँक् गरि कृष्णका उपरमा *शर्झोड्नलाग्योत्यहाँ।।११।।

त्यो देखी हरिले पनी शर अनेक् * हानेर झट् त्यै घरी ।
काटी दीनु भयो सबै शर र फेर् * पाँच् बाण कर्मा धरी ।।
घोड़ा रथ् ध्वज सारथी सहित सब् * हानेर मार्नू भयो ।
त्यो देखीकन रुक्म मन्-मन अती * रिस्ले चुरींदै रह्यो ।।१२।।

हान्यो फेर् शर धेर् चढ़ाइ धनुमा * जित्ने इरादा धरी ।
काट्नू भो धनुको पनी हरिजिले * ताँदो दुई टुक् गरी ।।
फेरी शस्त्र गदादि रुक्म विरले * धेरै अरू सब् जती ।
हान्यो, काटि दिए सबै प्रभुजिले * बाँकी नराखी रत्ती ।।१३।।

फेरी ली तरबार ढाल करमा * रथ् बाट उफ्री गयो ।
बत्तीमा पुतली झईं हरि उपर् * आएर गिर्दो भयो ।।
त्यस्को ढाल् तरबार् पनी प्रभुजिले * काटेर टुक्रा गरी ।
लीनू भो तरबार एक करमा * मार्ने इरादा धरी ।।१४।।

झट् पक्रीकन बाँधि काट्तछु भनी * आँट्नू भएथ्यो जसै ।
हात् जोरी लिइ दाज्यु माथि करुणा * भर्-पुर् गरी झट् तसै ।।
भन्छिन् रुक्मिणि नाथ ! माग्छु जिउदान्*यिन्को म दीनू हवस् ।
हुन् अज्ञानि यि मूर्ख भारि अपयश् * नाहक् नलीनू हवस् ।।१५।।

बालक्को अपराध साधु-जन क्यै * मन्मा लिंदैनन् रती ।
यिन्को प्राण् लिनुभो भने दुखित भै * रुन्छन् पिताजी अती ।।

प्यारी रुक्मिणिका सुनीकन वचन् * मन्‌लाइ शान्ती गरी ।
ज्यान् बक्सिस् गरि सारथीकन दिनू * संकेत् भयो त्यै घरी ॥१६॥
सङ्केत् पाइ मुड़ी दियो सकल केश् * बे-रूप् गराई त्यहाँ ।
बाँधी खूब् सित रथ् पछी धरि लियो * फेरी उसै बीच् महाँ ॥
बल्‌रामजी अरु एक् तरफ् अरि सँगै * लड्‌दै थिए बेसरी ।
जीती सब्‌कन सामुमा प्रभुजिका * आई पुगे त्यै घरी ॥१७॥
देखे दुर्गति रुक्मको जब सबै * बल्‌रामजीले त्यहाँ ।
भन्नू भो सुन भाइ ! यो कउन काम् * तिम्ले गऱ्यौ लौ यहाँ ॥
आफ्नो खास कुटुम्ब लाइ यसरी * बाँधी फजीती गरी ।
अप्‌यश् भारि लियौ अनाहक महाँ * यस्माथि रिस्बेर् धरी ॥१८॥
काट्नू मुड्‌नु धपाउनू यि तिन बात् * एकै भनी जानि ल्यौ ।
आफ्नै इज्जत जान्छ यस् करमले * मेरो वचन् मानि ल्यौ ॥
यो हो एक अधम् तथापि अब यस्- * लाई दया ली यसै ।
छोडी द्यौ भनि खास श्रीबलजिले * भन्नू भएथ्यो जसै ॥१९॥
बन्धन् देखि फुकाइ श्रीप्रभुजिले * छोड़ी दिनू भो अनी ।
माफ् पाऊँ भनि पाउमा परि गयो * त्यो रुक्म लज्जित् बनी ॥
फेरी कृष्णजिले पनी सब कुरा * सम्झाइ खूशी भई ।
लौ घर् जाउ भनी विदा दिनु भयो * हिल्का कुरा धेर् कही ॥२०॥
घर्मा जान्न भनेर सम्झि मनमा * आफ्नू प्रतिज्ञा अनी ।
भोज्कट् नाम शहर् महाँ गइ रह्यो * लज्जित् बहूतै बनी ॥
फेरी श्रीहरि-राम रुक्मिणि लिई * श्रीद्वारिका पुर् महाँ ।
फिर्नू भो हरिलाइ देखि सब जन् * खूशी भए धेर् त्यहाँ ॥२१॥

रुक्मिणी विवाह लीला ( १०४ )

राजन्! रुक्मिणि साथली हरि र राम् * फिर्नू भएथ्यो जसै ।
मङ्गल् उत्सव खूब् भयो पुर भरी * उत्तम् रितीले तसै ।।
कन्या लाइ समस्त नारि हरुले * आदर् बहूतै गरी ।
गर्दै मङ्गल आरती घर महाँ * ल्याए अबिर् फुल्छरी ।।१।

सब्का सङ् मिलि भेट् गरी कुशलक्षेम्* सोद्धै हरी-राम् पनी ।
दर्बार्मा त्यहिं उग्रसेन नृपका * पुग्नू भयो झट् अनी ।।
थीए श्री वसुदेव यादव हरू * दर्बार् महाँ सब् जती ।
गर्नू भो झुकि तिन्कनै प्रभुजिले * आदर् प्रणाम् धेर् अती।।२।

भन्नू भो सब हाल फेर् गरि बयान् * राजन्! लड़ाईं गरी ।
ल्याएँ रुक्मिणिलाइ जीति सबका * सामू अगाड़ी सरी ।।
बीहा राक्षसि यो भनेर बुध-जन् * भन्छन् त कन्या हरी ।
तस्मात् मन्त्र विधानले शुभ-बिहा * हाम्रो हवस् यै घरी ।।३।।

आज्ञा यो सुनि उग्रसेन नृपले * सोही बखत्मा त्यहाँ ।
डाकी गर्गजि लाइ सोधनि गरे * भन्नू हवस् लौ यहाँ ।।
कुन्चाहीं छ लगन् यहीं नजिकनै * ऐल्हे विचार् सब् गरी ।
बीहाको सब ठिक् गराउनु हवस् * श्रीकृष्णको यै घरी ।।४।।

यस्ता भूपतिका सुनीकन वचन् * झट् गर्गजीले पनी ।
उत्तम् लग्न विचारि ठिक् गरि लिए * तीथी बिहाको अनी ।।
श्री गोवर्धन-धारिका सँग महाँ * श्री रुक्मिणीको जसै ।
बीहा हून तयार् भयो उस घरी * खूशी भए सब् तसै ।।५।।

केराका पनि थाम् वरीपरि धरी * माला र तोरण् गरी ।
ढोका चौतरफी सिंगारि अनि फेर् * मण्डप् बन्यो त्यै घरी ॥
नाना रङ्ग-विरङ्ग घेर अरु फेर् * चित्रित् ध्वजाले गरी ।
शोभा पूर्ण भयो सिंगारि बहुतै * श्री द्वारिकापुर् भरी ॥६॥

सुन्दर् दीपक झाड़ पानस हरू * नाना किसिम्का पनी ।
लागे झलमलि बल्न विद्युत सरी * शोभित् बहुतै बनी ॥
यस्तै रित्‌सित भारि उत्सव गरी * वेद्‌का विधीले त्यहाँ ।
बीहा रुक्मिणि-कृष्णको हुन गयो * त्यै दिव्य मण्डप् महाँ ॥७॥

वरि-परि सब कन्या, सुन्दरी हात माहाँ ।
लिइ अबिर र रोरी, फेरि लावा ति ताहाँ ॥
छरिकन सब थाले, गर्न खूब् गान मङ्गल् ।
उहि घरि तहिं भैगो दिव्य शोभा झकाझक् ॥८॥

क्वै सुन्दरी चमर, लीकन हात माहाँ ।
श्रीकृष्ण रुक्मिणि उपर्, लठ भै ति ताहाँ ॥
हाँक्थे, नटी कसबि, ती पनि स्वाँग पारी ।
नाच्थे नचाइ कन, कम्मर ताल मारी ॥९॥

ठाँट् पारि खूब् कुलबधू, हरु हेर्नलाई ।
गै भ्यालमा कति बसे, मनमा रमाई ॥
बारादरी उपरमा, गइ कोइ ताहाँ ।
पैह्रेर भूषण अनेक, शरीर माहाँ ॥१०॥

हेर्थे बिहा प्रभुजिको, अति खूशि मानी ।
श्रीकृष्ण रुक्मिणिजिको, रुप-गुण् बखानी ॥

चौताहरू पनि बसी, नभ बीच माहाँ ।
हेर्थें चरित्र हरिको, खुशि मानि ताहाँ ।।११।।

यस्तै प्रकार् सित बिहा, हरिको गराई ।
श्री गर्ग नाम मुनिले, मनमा रमाई ।।
पूर्णौं गरे सब विधान्, जब फेरि ताहाँ ।
रानी लिई रहनु भो, हरि साथ माहाँ ।।१२।।

विस्तार् येति गरेर श्री शुक मुनी * भन्छन् अनी फेर् त्यहाँ ।
हे राजन् ! सुन रुक्मिणी हरणको * जस्ले कथा यो यहाँ ।।
सुन्ला ध्यान दिएर कोटि गउको * दान्ले जउन् फल् रती ।
पाईं दैन उही अवश्य फल लौ * मिल्नेछ उत्तम् गती ।।१३।।

प्रद्युम्न जन्म लीला ( १०५ )

राजन् ! श्री शिवजी कुनै दिन बसी * कैलाशका बिच् महाँ ।
विष्णूको गरि ध्यान मग्न ति थिए * सोही बखत्मा त्यहाँ ।।
आई श्री रतिका पती मदनले * सामू अगाड़ी गई ।
काम्को बाण्कन हानि ध्यान शिवको*तोड़ी दिए खुश् भई ।।१।।

खूल्यो श्री शिवको अनल् सरि नयन्* सोही बखत्मा जसै ।
भस्मै श्री रतिका पती हुन गए * त्यै दिव्य तेज्ले तसै ।।
यस्ता रित्सित कामदेव् हुन गए * भस्मै जसै त्यै घरी ।।
लागिन् रून विकल् भई रति तहीं * आई विलौना गरी ।।२।।

स्वामी बिना कसरि, जीवन राख्नु मैले ।
के सार् छ बाँचि रहनू, भवमा अहीले ।।

नारी उपर् भइ निठुर् शिवले मलाई ।
दीनू भयो कठिन ताप, पती जलाई ॥३॥

जान्छु पती सँग मलाइ, पनी जलाई ।
दीनू हवस् पशुपते !, करुणा जनाई ॥
यस्तै प्रकार् सित, लड़ी-बड़ि भूमि माहाँ ।
गर्दै विलाप गरथिन्, रति भारि ताहाँ ॥४॥

साह्रै दयालु भइ त्यै घरि सासु आई ।
दीएर धैर्य मनमा, करुणा जनाई ॥
भन्नू भयो गउरिले, रति लाइ ताहाँ ।
रुन्छयौ वृथा किन तिमी, न बुझेर याहाँ ॥५॥

मिल्ने छन् पति फेरि जुन् तवरले * तिम्रा म सोही यहाँ ।
भन्छू भेद कहेर सब् सुन सखी ! * साँचो बुझे मन् महाँ ॥
आऊँछन् हरि मर्त्य-लोक बिचमा * श्रीकृष्ण औतार् धरी ।
हूनिन् रानि ति रुक्मिणी हरिकि झट् * आनन्द मङ्गल् गरी ॥६॥

तिन्कै पुत्र भएर जन्म ति लिनन् * तिम्रा पती फेर् पछी ।
शम्बर्का घरमा गएर रहुली * तीमी पनी लौ रती ॥
गै त्यस्कै घरमा रहू भनि कहिन् * श्री पार्वतीले जसै ।
शम्बर्कै घरमा गई रहन ती * लागिन् रती फेर् तसै ॥७॥

बाटो हेरि ति बस्दथिन् रति पती- * देव् आउने छन् भनी ।
शम्बर्का घरमा लुकाइ कन भेष् * चाकर्नि जस्ती बनी ॥
शङ्कर्का वरदानले गरि प्रकट् * भै द्वारिका पुर् महाँ ।
जन्मे रुक्मिणि-पुत्र भै रति-पति * कन्दर्प आई त्यहाँ ॥८॥

देखी बालक लाइ सुन्दर अती * तेजस्वि सब् पुर् भरी ।
उत्सव् खूब भयो खुशी हुन गए * श्रीरुक्मिणी फेर् हरी ।।
पण्डित् ज्योतिषि हेरुले उहि घरी * सम्चार पाए जसै ।
राशी लग्न विचारि सब् पछि हुने * भन्दाभए फल् तसै ।।९।।

राम्रो यो सुकुमार बालक अती * कन्दर्प भैं रूप् महाँ ।
लायक् श्री हरि तुल्य हुन्छ गुणमा * येती भनी फेर् त्यहाँ ।।
सूचन् यो पनि झट् दिए तर पछी * क्यै काल जल्मा रही ।
फिर्नेछन् लिइ पत्नि सुन्दरि असल् * अत्यन्त खूशी भई ।।१०।।

यै रित्ले सब ज्योतिषीहरु दिई * सूचन् विदा भै गए ।
बालक्को पछि नाम गर्ग मुनिले * प्रद्युम्न राख्ता भए ।।
नारद्ले गइ शम्बरासुर कहाँ * विस्तार पूर्वक् गरी ।
जन्म्यो शत्रु भनेर सूचन दिए * प्रद्युम्न वीर् नाम् धरी ।।११।।

नारद्देखि सुनेर येति सब बात् * शत्रू बुझी मन् महाँ ।
वायू रूप् भइ झट् पुग्यो शिशु जहाँ * थीए सुतेका वहाँ ।।
मार्छु यस्कन लौ भनेर झटपट् * पक्रेर काखमा लियो ।
उड्दै गैकन सिन्धुका जल महाँ * फाली बहाई दियो ।।१२।।

थीए बालक ती अठार दिनका * फाल्दा समुद्रै महाँ ।
माछाले निलि झट् लियो खुशि भई * आफ्ना उदर् बिच् महाँ ।।
बालक्लाइ न देखि व्याकुल अती * भै रुक्मिणीजी जसै ।
लागिन् रून पुकार् गरेर बहुतै * सोही बखत्मा तसै ।।१३।।

गयौ बाबू ! काहाँ मकन यसरी, त्यागि अहिले ।
कठिन् दुख् यो भारी कसरि सहनू, आज मइँले ?

लग्यो कोही चोर्ले छलिकन कि, खोजूँ गइ कहाँ ?
म आँटैं लौ मर्नैं तिमि बिनु, कसोरी रहुँ यहाँ ॥१४॥

रुन्थिन् रुक्मिणि यै तवर् सित लिई * शोक् पुत्रको मन् महाँ ।
आए नारदजी बुझाउन भनी * सोही बखत्मा त्यहाँ ॥
त्यो भेद् रुक्मिणिका अगाड़ि कहि फेर् * भन्दा भए यो पनी ।
मारी शम्बरलाइ ली रति-कुमार * फिर्नें पछी छन् भनी ॥१५॥

धन्दा केहि न मान्नुहोस् भनि जसै * नारद् जिले बेसरी ।
सम्झाई चलि फेर् गए अनि रहिन् * श्रीरुक्मिणी ध्यान् धरी ॥
लागिन् चित्त बुझाइ बस्न मुनिले * साँचो भने हुन् भनी ।
माछाका भुँड़िमा रहे नव कुमार् * फेर्वर्षतिन्तक् अनी ॥१६॥

त्यै माछा पछि माझिले धरि लिई * शम्बर् कहाँ झट् गई ।
दीयो बेचि जसै, बनाउन भनी * तर्कारि खूब् खुश् भई ॥
आज्ञा शम्बरले दियो, उहि घरी * त्यो मत्स्यलाई त्यहाँ ।
चिर्दा बालक एक सुन्दर अती * निस्क्यो उदर् बिच्महाँ ।१७।

भान्सेले सब हाल शम्बर कहाँ * गै बिन्ति पार्‍यो अनी ।
निस्क्यो बालक एक मत्स्य चिरदा * भन्दै चकित् खुब् बनी ॥
शम्बर्ले लगि पाल बालक भनी * आज्ञा दिएथ्यो जसै ।
आइन् झट् रति पाल्छु बालक भनी * माग्दै अगाड़ी तसै ॥१८॥

आफ्ना स्वामि म भेटँला भनि रती * माया स्वरूप्की भई ।
बस्थिन् काम् गरि तेहि शम्बर कहाँ * सोही बखत्मा गई ॥
तिन्ले मागि लिइन् बड़ा जतनले * खूशी भई मन् महाँ ।
थालिन् पाल्न र फेर् कुमार् हुन गए * ठूलो कछू दिन्महाँ ॥१९॥

स्वामीका झइँ भावले प्रिय गरी * अत्यन्त मोहित् भई ।
गर्थिन् ती रति खूब् टहल् दिन दिनै * प्रद्युम्नका साथ् रही ॥
तिन्को भाव अनर्थ यो बुझिलिंदा * अत्यन्त चिन्ता गरी ।
सोधे एक् दिन ती प्रद्युम्न विरले * तिन्का अगाड़ी सरी ॥२०॥

यस्तो भाव वृथा अनर्थ किन हो * राख्छयौ कहू सुन्दरी ।
येती बात् सुनि फेरि झट्ट रतिले * बिन्ती गरिन् प्रेम् धरी ॥
हे नाथ् ! पत्नि म हूँ हजूरकि यहाँ * यस्ता प्रकार्ले गरी ।
नाथ्का सङ्ग बिछोड् हुँदा बसि रहें * आशा मनैमा धरी ॥२१॥

बिन्ती यो गरि फेर् कहिन् सब कुरा * भेद्का जसै त्यो घरी ।
जानी पत्नि भनेर तिन्कन कुमार् * बस्दा भए प्रेम् गरी ॥
यस्तै रित्सित बास् गरेर रहँदा * धेर् दिन् बिती गो जसै ।
हात् जोरी रति भन्दछिन् अनिपछी * प्रद्युम्नलाई तसै ॥२२॥

हे नाथ् ! बस्नु कती यसोरि अब ता * मारेर शम्बर् अबै ॥
जानू पर्दछ रूँदि हुन् हजुरकी * माता अरू जन् सबै ।
द्वारीका पुरिमा गएर दरशन् * माता पिताको गरी ।
तिन्लाई सुख दीनुहोस् हजुर लौ * मारेर शम्बर् अरी ॥२३॥

शम्बासुर वध लीला ( १०६ )

यस्तो बिन्ति सुनेर प्यारि रतिको * प्रद्युम्न-जीले त्यहाँ ।
मार्छू शम्बर लौ भनी पुगि गए * त्यस्का अगाड़ी महाँ ॥
दीए हाँक् अनि फेरि लड्दछु भनी * प्रद्युम्न-जीले जसै ।
शम्बर्ले सुनि हाँक् चकित् हुन गयो * सोही बखत्मा तसै ॥१॥

मन्‌ले तुच्छ गरेर त्यै असुरले * यो बात भन्दो भयो ।
यो पाजी भतुवा बढ़ेर अब लौं * हाँक्ने पनी भैं गयो ॥
अर्को कौन प्रद्युम्न यो भइ कउन् * देश्‌बाट आयो यहाँ ।
पालें जस्कन दूध ख्वाइ उहि लौं * चढ्‌दो भयो शिर् महाँ ॥२॥

शम्बर्‌का मुखदेखि येति सब बात् * सुनी कुमार् फेर् त्यहाँ ।
भन्छन् काल् म हुँ जानिले मसँग आ * संग्राम - भूमि महाँ ॥
तैंलाई वध गर्न खातिर यहाँ * आई बसेको थिएँ ।
आँटिस् मर्न तँ जानिले सब कुरा * सूचन् गराई दिएँ ॥३॥

धेरै बात् भनुँ के छ ताकत भने * आ लड् अगाड़ी सरी ।
बालक् होन, म काल हूँ यस बखत् * देख्लास् परेका घरी ॥
सूनी शम्बर हाँक यो मन महाँ * अत्यन्त क्रुद्धै भई ।
मार्छू यस्कन लौं भनी कन छुट्यो * भारी गदा एक् लिई ॥४॥

त्यो देखेर प्रद्युम्नले पनि गदा * हाने रिसाई त्यहाँ ।
त्यस्ले शम्बरको गदा भइ धुलो * गिर्दो भयो भैं महाँ ॥
अग्नी-बाण्‌कन त्याग् गर्‍यो असुरले * पोल्ने विचार्‌ले जसै ।
वारूणी शर हानि साफ् गरि दिए * प्रद्युम्नले झट् तसै ॥५॥

यो देखी अति क्रुद्ध भैं अरु सबै * शस्त्रास्त्र जो-जो थिए ।
हान्यो शम्बरले, प्रद्युम्न विरले * काटी गिराई दिए ॥
आखिर्‌मा सकिए सबै शरहरू * भाला हतीयार् जसै ।
कुश्ती लड् छु भनी अगाड़ि सरि झट् * भिड्‌दोभयो त्यो तसै ॥६॥

क्यै बेर् सम्म असूरका सँग कुमार् * खूब् मल्ल-युद्धै गरी ।
लड्‌दा शम्बरले लिईकन उड्यो * मार्ने इरादा धरी ॥

केही बेर् लडि फेरि पक्रि करले * तरवार् उसै बिच् महाँ ।
शम्बरको शिर झट् प्रद्युम्न विरले * काटी गिराए त्यहाँ ॥७॥

इन्द्रादी सब देवले गरि लिए * तारिफ् बहुत त्यै घरी ।
वर्षाए नभबाट फुल् खुशि भई * आनन्द सागर् परी ॥
मारी शम्बर लाइ यै तरहले * लीएर साथ्मा रती ।
लागे जान जसै उही घरि विमान् * आयो असल् एक् अती॥८॥

दुवै तेहि विमानमा रति-पती * आनन्द पूर्वक् चढी ।
झर्के जान ति द्वारिका पुरि तरफ् * वायू समान् वेग् धरी ॥
सुन्का रत्न जडीत सुन्दर महल् * उच्चा सुमेरु समान् ।
थीए धेर जहाँ उहीं पुगि गयो * प्रद्युम्नजीको विमान् ॥९॥

एक् साथ् उत्रि रती-पती महलमा * पौंचे गई झट् जसै ।
देखी कृष्ण समान् प्रद्युम्नकन सब् * आश्चर्य माने तसै ॥
कृष्णै हुन् भनि जानि रानिहरु सब् * आश्चर्य भै मन् महाँ ।
लागे तर्क वितर्क गर्न न चिह्नी * प्रद्युम्नलाई त्यहाँ ॥१०॥

सौता अर्कि लिएर आउनु भयो * लौ हेर नाथ्ले भनी ।
आपुस्मा गरि शक् ति रानिहरु सब् * भन्थे अती छक् बनी ॥
मेरो पुत्र भनेर चिह्न न सकी * श्री रुक्मिणीजी पनी ।
हेर्थिन् छक्क परेर श्री हरि समान् * आए कउन् यी भनी ॥११॥

फेरी यी हरिका अवश्य सुत हुन् * भन्ने विचार् यो जसै ।
आयो रुक्मिणिका त चित्त बिचमा * सोही बखत्मा तसै ॥
स्तन्देखी दुधका ति रुक्मिणिजिको * धारा बह्यो वेग् गरी
नारद्ले पनि झट्ट आइ सब भेद् * भन्दाभए त्यै घरी ॥१२॥

छोरा हुन् यि भनी चिन्हाइ दिनु भो * श्री कृष्णजीले पनी ।
लागिन् गर्न ति प्रेम पुत्रकन फेर् * श्री रुक्मिणीजी अनी ।।
चुम्बन् ली शिरको मुसारिकन आङ् * प्रद्युम्नजीको त्यहाँ ।
आफ्ना पुत्र, वधू दुवै कन लगिन् *आदर् गरी घर्महाँ ।।१३।।

बालक्-काल बिताइ फेरि रिपुको * संहार् गरी ली रती ।
साथ्मा फर्कि ति द्वारिका-पुरि गए * प्रद्युम्नजी फेर् पछी ।।
यो सब् भेद सुनेर जानि सुत हुन् * श्री रुक्मिणीका भनी ।
हर्षित् सब् पुरजन् भए पुर भरी *आनन्द भो खूब् अनी।।१४।।

स्यमन्तक मणि उपाख्यान लीला ( १०७ )

सत्राजित् भनि नामका नरपती ! * श्री द्वारिका पुर् महाँ ।
यादव् एक थिए रवीकन पुजा * गर्थे सदा तप् त्यहाँ ।।
एक् दिन् श्री रविले बहुत् खुशि भई* आफ्नू स्यमन्तक् मणी ।
दीनू भो तिनिलाइ लाउ सब फल् * दीनेछ यस्ले भनी ।।१।।

पाई दिव्य-मणी ति सूर्य भगवान्- * देखी खुशी भै त्यहाँ ।
आए त्यै मणि पैह्रि ती हरिजिका * एकदिन् सभा बिच्महाँ ।।
टाढै देखि नजर् परेर मणिमा * यादव्हरू छक् परी ।
भन्छन् कृष्णजिलाइ सूर्य सरिका * हुन् यो कउन् यो घरी।।२।।

ठान्छौं दर्शन गर्न सूर्य अहिले * आए हजुर्कों यहाँ ।
ती सब्का सुनि बात यस् तवरको * श्री कृष्णजीले त्यहाँ ।।
विस्तार् पूर्वक सब् बताउनु भयो * हो त्यो स्यमन्तक् मणी ।
सत्राजित् मणि बाँधि आउँछ यहाँ * शंका नलेऊ भनी ।।३।।

सत्राजित् यहि रीतले गरि मणी * पैह्री सभा बिच् महाँ ।
बस्थे आइ मुसुक्क हाँसि हरिले * ठट्टा गरे झैँ त्यहाँ ॥
एक् दिन् भन्नु भयो मणी असल यो * देख्छू म राम्रो यहाँ ।
राजा योग्य हुँदा चढ़ाउ तिमिले * श्री उग्रसेन्जी महाँ ॥४॥

यी बात् कृष्णजिको सुनी नदिइ क्यै * उत्तर् उठी घर् गए ।
जानी उत्तम त्यो मणीकन पुजा * ती गर्न लाग्दा भए ॥
एक् दिन् भाइ प्रसेनका सँग महाँ * चर्चा गरे यो अनी ।
माग्थे यो मणि कृष्णजी तर कहाँ * दिन्थैं म येसै भनी ॥५॥

दाज्यूका मुखदेखि यी सकल बात् * सूनेर खूब् क्रोध् गरी ।
घोड़ामा चढ़ि पैह्रि त्यै मणि शिकार् * खेल्ने इरादा धरी ॥
निस्के झट् लिइ हातमै धनु र बाण् * पौँचे ति जङ्गल् महाँ ।
त्यै बिच्मा सँगिहेरु सब् छुटि प्रसेन् * एक्लै भए छन् त्यहाँ ॥६॥

थीयो एक गुफा त्यहाँ पुगि गए * घुम्दै ति फेरी जसै ।
यौटा सिंह थियो त्यहीं धरि लियो * झम्टेर आई तसै ॥
यस्ता रित्सित ती प्रसेन् मरि गए * बाघ्का मुखैमा परी ।
निस्के फेर् त्यहिं ऋक्षराज विर एक् * नाम् जाम्बवान् त्यैघरी ॥७॥

गूफादेखि सुनेर चाल् ति निकसी * बाहीर आए जसै ।
त्यो हाल् देखि नि भाइ सिंह मणि त्यो * खोसी लिए झट् तसै ।
गूफामा पसि ली गएर मणि त्यो * खेलाउ छोरी ! भनी ।
दीए देखि कुमारिले झट लिइन् * हातमा अती खुश् बनी ॥८॥

फर्कैनन् किन भाइ रात् परि गयो * भन्दै बड़ो ताप् गरी ।
सत्राजित् न सुतो, बसी कन रहे * खुब् शोकले रात् भरी ॥

पत्नीले त्यहिं आइ सोधनि गरिन् * हे स्वामि! के दुख पर्‍यो ।
आज्ञा होस् किन भै उदास् रहनुभो * कस्ले बिजाईं गर्‍यो ॥९॥

नारीका सँग बात गुप्त कहिल्यै * भन्नू अनूचीत हो ।
भन्छू तैंपनि गुप्त राख्नु तिमिले * हूनू जउन् भै गयो ॥
माग्थे कृष्ण मणी नजानि तिनिकै * हो खेल यो की भनी ।
शंका लाग्छ मलाइ कीन अझतक् * फर्केन भाई पनी ॥१०॥

मारी भाइ प्रसेन लाइ हरिले * लीए मणी छल् गरी ।
येती बात् सुनि पत्निलाइ निंद् क्यै * लागेन त्यो रात् भरी ॥
भोली पल्ट सबेर् उठेर सँगिनी- * का सङ्महाँ झट् गइन् ।
पेट्मा बात् नसकेर पच्न तिनिले * सब्बात् प्रकट् गर्दिइन्॥११॥

मारी कृष्णजिले प्रसेन् मणि लिए * भन्ने कुरा त्यै घरी ।
एक् कान् फेर् दुइ कान् भएर मइदान् * फैल्यो सबै पुर् भरी ॥
झूठो त्यो अपवाद् सुनी लिनु भयो * श्री कृष्णजीले पनी ।
दुःखित् भैं भइ शोच्नुभो कसरि यो * जाला कलङ्क भनी ॥१२॥

जाम्बवान युद्ध जाम्बवती विवाह लीला ( १०८ )

राजन् ! चिंतित धेर् भएर हरि सब् * यादव् लिई सङ् महाँ ।
खोज्दै त्यो मणि पाल्नुभो उहि घरी * थीयो विकट् वन् जहाँ ॥
खोजी त्यो मणि दिन्छु त्यस्कन र फेर् * मेट्छू म यो दोष् भनी ।
जाँदा भेटिन गै प्रसेन सँगका * साथी त्यहाँ सब् अनी ॥१॥

ती सब्ले अघि भित्र ये वन महाँ * जाँदा प्रसेन् अल्पिए ।
येती बात भनी हरी कन उही * बाटो बताई दिए ॥

सब्लाई लिइ साथमा हरि जसै * रस्ता वनैको घरी ।
जाँदा पुग्नु भयो जहाँ उहि गुफा * थीयो निकट् त्यै घरी ॥२॥

ताहीं सिंह र फेर् प्रसेन् मरि दुवै- * लाई गुफा-द्वार् महाँ ।
मुर्दा देख्नु भयो जसै प्रभुजिले * सोही बखत्मा त्यहाँ ॥
भन्नू भो सुन यस् प्रसेन् कन अघी * मारेछ यस् सिंहले ।
यस्लाई पनि फेर् निभाइ मणि त्यो * लीयो कुनै वीरले ॥३॥

देख्यौ ! एक ठुलो गुफा पनि छ यो * होला कुनै वीर् यहाँ ।
जाऊँ लौ हिंड् भित्र हेरुँ मणि त्यो * कस्ले लिई गो कहाँ ॥
यस्ता बात् हरिका सुनेर सबले * बिन्ती गरे हे हरी ! ।
गूफाको मुख देखि लाग्छ भय लौ * जाऊँ कउन् रित् गरी ॥४॥

भैगो दोष हजूरको छुटि गयो * जानू वृथा हो भनी ।
बिन्ती ती सबले गरे र हरिले * भन्नू भयो फेर् अनी ॥
याहीं तीमि हरू सबै बसि रहू * पस्छू म गूफा महाँ ।
फिर्नेछू अति शीघ्र दश् दिन तलक् * पर्खी रहे सब् यहाँ ॥५॥

येती बात् भनि पस्नुभो हरि गई * एक्लै गुफा बिच् महाँ ।
देख्नू भो पुगि भित्र ऋक्षपतिको * राम्रो महल् एक् त्यहाँ ॥
निद्मा ऋक्षपती थिए उस घरी * कन्या अती सुन्दरी ।
खेल्थिन् एक् मणि त्यै लिएर करमा * शोभा बहुतै गरी ॥६॥

देखी कृष्णजिलाइ खूब् भय गरी * दासी कराई जसै ।
आए ऋक्षपती सुनी कन अवाज् * जागेर जल्दी तसै ॥
थीए भक्त ति रामका अघि हरी- * लाई नचीन्छी त्यहाँ ।
दीए हाँक् लड्ने लिएर मनसुब् * श्रीकृष्णका सङ्महाँ ॥७॥

पेह्ले हाँक् दिइ फेर् भिड़े प्रभुजिका * सङ्मा अती कोप् गरी ।
लागे लड्न ति मल्ल-युद्ध गरि खूब् * जित्ने इरादा धरी ॥
दाऊ पेंच अनेक् लगाइ लड्थे * ती ऋक्षराजै पनी ।
मान्थे खूब अचम्भ जित्त नसकी * शंकित् बहुतै बनी ॥८॥

अट्ठाइस् दिन सम्म यै तरहले * खूब् मल्ल-युद्धै गरे ।
थाकी आखिरमा यि विर् कउन हुन् * भन्ने ति शोच्मा परे ॥
राम्-लक्ष्मण् दुइ भाइ छोड़ि अरु ता * कौनै यि पृथ्वी भरी ।
छैनन् विर् बलि युद्ध गर्न सकने * मेरा अगाड़ी सरी ॥९॥

ज्ञान्ले मन्मन यै विचारि अनि फेर् * हात् जोरि नम्रै बनी ।
लागे ती स्तुति गर्न मालिक यि हुन् * मेरा रघूनाथ् भनी ॥
चीन्हें नाथ ! हजूर लाइ मइँले * देख्दै यहाँ यस् घरी ।
लीला भारि अगम् छ श्री प्रभुजिको * को सक्छ वर्णन् गरी ॥१०॥

उत्तम् हो अवतार् लिनू हजुरले * यो हर्न भू-भार् भनी ।
त्रेता देखि यहाँ छु नाथ् ! हजुरको * दर्शन् गरूँला भनी ॥
भन्थे नारदजी मणी लिन भनी * होला सवारी जसै ।
पाऊला तिमि त्यै घरी प्रभुजिको * दर्शन् अवश्यै तसै ॥११॥

दर्शन् हे रघुनाथ ! बक्सनु हवस् * भन्दै पुकारा गरी ।
जाम्बैवान् विरले स्तुती जब गरे * खूशी भई श्री हरी ॥
राम् रुप्ले धनु-बाण ली, हुनु भयो * साक्षात् प्रकट् झट् जसै ।
हात् जोरी विनती गरे खुशि भई * सोही बखत्मा तसै ॥१२॥

धन्यै भएँ जनम आज सुफल् भई गो ।
पाप् ताप नाशिइ शरीर विमल् भई गो ॥

हे नाथ ! हे रघुपते ! प्रभुका चरण्मा ।
बिन्ती म गर्छु अभिलाष् लिइ एक मन्मा ॥१३॥

यस्तो ति ऋक्षपतिको सुनि बिन्ति ताहाँ ।
भन्नू भयो प्रभुजिले उहि बीच माहाँ ॥
इच्छा छ जे भन भनी हरिले जसैता ।
बिन्ती गरे खुशि भईकन यो तसैता ॥१४॥



छोरी जाम्बवती छ मेरि प्रभुले * आफ्ना चरण्मा धरी ।
दासी त्यस्कन लौ बनाइ लिनुहोस् * इच्छा छ यै हे हरी ! ॥
नाथ्लाई न चिह्नी गरें जति यहाँ * अपराध त्यो सब् पनी ।
माफ् पाऊँ भनि बिन्ति ऋक्षपतिले * गर्दाभए झट् अनी ॥१५॥
यस्ता नम्र वचन् ति ऋक्षपतिको * सुन्नू भएथ्यो जसै ।
भन्नू भो छ मलाइ मंजुर सबै * खूशी भई झट् तसै ॥
गद्-गद् भैकन फेरि ऋक्षपतिले * पैह्ले हरीको त्यहाँ ।
पूजा खूब् विधि पूर्वके गरि लिई * भक्ती धरी मन्महाँ ॥१६॥
फेरी जाम्बवती कुमारि कन झट् * सुम्पेर बीहा गरी ।
दाईजो मणि धेर् स्यमन्तक सहित् * अर्पण् गरे त्यै घरी ॥

पाई त्यो मणि फेरि जाम्बवतिका * सङ्‌मा खुशी भै हरी ।
वीदा भैकन फिर्नुभो घर तरफ् * आनन्द मङ्गल् गरी ॥१७॥
राजन् ! कृष्णजिलाइ पर्खि सब ती * यादव् बसेका जहाँ ।
थीए द्वार गुफामहाँ परखि दश् * दिन्सम्म आखिर् महाँ ॥
फर्के चिन्तित भै र फेरि सबले * द्वारा—वतीमा गई ।
सब् हाल् बिन्ति गरे सुनी महलमा *कल्पे विकल् सब् भई ॥१८॥
लागे रुक्मिणि नारिहेरु सब ती * साह्रै विलौना गरी ।
सम्झी ईश्वर लाइ रून मनमा * सुर्ता बहूतै परी ॥
साथमा जाम्बवती मणी लिइ हरी * सोही बखत्‌मा त्यहाँ ।
पाल्नू भो सब देखि दर्शन गरी * गद्‌गद् भए मन्महाँ ॥१९॥

सत्यभामा विवाह लीला ( १०६ )

राजन् ! श्री हरिले उसै बखत झट् * पौंची सभामा गई ।
सत्राजित्‌कन डाकि सुम्पि दिनुभो * सोही मणी हाल् कही ॥
फिर्ता पाइ मणी, फिरे घर तरफ् * साह्रै ति लज्जित् भई ।
लागे गर्न विचार स्त्री सँग तिने * सोही बखत् घर् गई ॥१॥
मैले व्यर्थ न जानि दोष हरिमा * दीएँ खराब् काम् भयो ।
प्यारी ! लौ भन कौन काम् गरि लिंदा* पाप्-ताप सब् टर्छ यो ।
भन्छिन् पत्नि सुनेर बात पतिको * हाँसेर त्यै बिच् महाँ ।
कन्या कृष्णजिलाइ सौंपि दिनुहोस्* श्री सत्यभामा यहाँ ॥२॥
गर्दा यो शुभ-काम पाप पनि फेर् * टर्नेछ सारा अनी ।
हूनेछन् हरि खुशि हामि सँग यी * सम्बन्धि मेरा भनी ॥

सत्राजित् सुनि बात यी खुशि भई * सब् काम झट् त्यै घरी ।
ठिक्ठाक् पारि मिलाइ बात् पनि लिए * साइत् असल् एक् घरी ॥३॥

छोरी कृष्णजिलाइ झट् गरि बिहा * श्री सत्यभामा दिए ।
कन्या साथ् मणि त्यो पनी नजर दी * सम्बन्ध बाँधी लिए ॥
कन्या दान् गरि दाइजो पनि दिए * रत्नादि धेर् फेर् अनी ।
नम्रै भैकन प्रार्थना गरि लिए * खूशी हुनोस् नाथ् भनी ॥४॥

फेरी श्री हरिले खुशी भइ मणी * फिर्ता गरी त्यै घरी ।
भन्नू भो तिमि नै लगाउ मणि यो * आनन्द पूर्वक् गरी ॥
यस्ता रित्सित फिर्नु भो हरि लिई * श्री सत्यभामा अनी ॥
सत्राजित मणि ली रहे घर महाँ * हर्षित् बहूतै बनी ॥५॥

हेर्दा चन्द्र चतुर्थि भाद्र शुदिका * श्रीकृष्ण लाई त्यहाँ ।
लागेको भनि दोष जानि लिनु होस् * हे भूपते ! मन् महाँ ॥
देख्दा त्यस् दिनका शशी त्यस् उपर * लाग्ला वृथा दोष यो ।
पढ्दा फेरि चरित्र यै सहजमा * टर्ला सबै दोष त्यो ॥६॥

शतधन्वा वध लीला ( ११० )

राजन् ! एकदिन कृष्णजी र बलराम् * पाण्डव् मरे सब् डढी ।
भन्ने हाल् सुनि हस्तिनापुर गए * बूझूँ भनी त्यै घरी ॥
क्यै एक् वीर् शतधन्व नाम् भनि थिए * श्री द्वारिका पुर् महाँ ।
सत्राजित् कि कुमारिलाइ तिनि नै * माग्थे पहीले त्यहाँ ॥१॥

१ भाद्रशुक्ल चतुर्थीको चन्द्रमा हेर्नाले श्रीकृष्णजीलाई मणि चोरी गर्‍यो भन्ने कलङ्क लागेको हो। त्यो दोष शान्ति गर्ने मन्त्र—सिंह प्रसेनमवधीत् सिंहो जाम्बवता हतः । सुकुमारकमारोदिस्तवह्येष स्यमन्तकः ॥१॥

कन्या दिन्छु भनी कबुल् पनि गरी * तिन्ले लिएका थिए ।
फेर् लोभ्ले मणिको गएर दुहिता * श्री कृष्णलाई दिए ॥
दश् भार् स्वर्ण दिने मणी जउन त्यो * हर्छू भनी इख् धरी ।
बस्थ्यो छोरि दिएन लौ भनि सदा * त्यै कारणैले गरी ॥२॥

मन्मा डर् तर कृष्णको हुन गई * चुप्चाप लागी त्यहाँ ।
बस्थ्यो गर्न न क्यै सकी उस घरी * लाचार् भई मन् महाँ ॥
हेर्थ्यो गम् गरि कोहि औसर महाँ * हात् पारुँला त्यै भनी ।
जालान् कृष्ण कतै र त्यै घरि गई * हर्नेम छू त्यो भनी ॥३॥

जानू भो बलराम् हरी उहि घरी * फेर् हस्तिनापुर् जसै ।
लाग्यो औसर पाइ गर्न गम त्यो * सोही बखत्मा तसै ॥
अक्रूरले कृतवर्मले यहि भने * शतधन्वका सङ् महाँ ।
विश्वास् घात गरे अघी तिमि सँगै * सत्राजितैले यहाँ ॥४॥

दिन्छू छोरि भनेर फेर् पछि दिए * श्री कृष्णलाई अनी ।
हात्मा पारि लिए मणी अब गई * रात्मा तिमीले पनी ॥
लेऊ आफ्नु इबी चुकाइ बदला * औसर् छ येही यहाँ ।
छैनन् यस् घरि कृष्ण-रामजि पनी * छन् हस्तिनापुर् महाँ ॥५॥

सूनी वचन् यी लिइ खड्ग हात्मा ।
पौंच्यो गई झट् शतधन्व रात्मा ॥
मारेर शत्राजित लाइ फेरी ।
फर्क्यो मणि ली नलगाइ देरी ॥६॥

लागे रून सबै जना घर महाँ * हा! हा! गरी खूब् जसै ।
पौंचिन् त्यो सुनि हाल सब् उहि घरी * श्री सत्यभामा तसै ॥

हा बूवा ! भनि रोइ खूब् सित पछी * फेर् धैर्य ली मन् महाँ ।
सम्झाई सबलाइ लाश् धरि लिइन् * पीताजिको तेल्महाँ ।।७।।
पौंची झट् हरिका अगाड़ि जब सब् * बिन्ती चँढ़ाइन् जसै ।
आए राम्-हरि मार्नु पर्छ भनि त्यस् * लाई चढ़ी रथ् तसै ।।
चाल् पाई शतधन्व काँपि डरले * अक्रूर थीए जहाँ ।
पौंच्यो ली मणि झट्ट त्यै बखत फेर् * आतस् परी मन् महाँ ।।८।।

भन्दो भो अब देउ मद्दत यहा * प्राण् हर्न आए हरी ।
तिम्रै बातमहाँ परी गरि लिएँ * हत्या खराब् यस् घरी ।।
यी बात् ती दुइले जसै सुनि लिए * शत्धन्वको त्यै घरी ।
दिन्नौं हामि सहायता भनि दिए * मन्मा ठुलो डर् गरी ।।९।।

यस्तो साफ जवाब् सुनी मणि तहाँ * फ्याँकेर डर्मा परी ।
भाग्दोभो शतधन्व त्यै घरि चढ़ी * घोड़ा बड़ो बेग् गरी ।।
रथ् माथी चढ़ि राम्-हरी पनि गए * खेद्दै बुझी चाल् सबै ।
घोड़ा मर्न गयो परीश्रम परी *त्यस्को त्यहीं झट् तबै ।।१०।।

लाग्यो पैदल भाग्न दौड़ि अनि फेर् * पूगी जनक्-पुर् महाँ ।
काट्नू भो शिर चक्रले प्रभुजिले * पक्रेर जल्दी त्यहाँ ।
त्यस्का पास पनी नदेखि मणि त्यो * व्यर्थै लिएँ ज्यान् भनी ।
भन्नू भो हरिले अती भइ उदास् * राम्का सँगैमा अनी।।११।।

सूनी यो बलरामले कहनु भो * "यस्ले अवश्यै कहीं ।
राखेको छ मणी लुकाइ गर खोज् * गै द्वारिकामा वहीं" ।।
"मिल्ला त्यो मणि गै जहाँ पनि म ली* जानेछु खोज्नै भनी"
पाल्नू भो बलरामजी नगर ग्राम् * घुम्दै जनक्-पुर् अनी।।१२।।

सम्चार् यो बलराम आउनु भयो * भन्ने जनक्ले जसै ।
सूने त्यै घरि खूब् गरेर सनमान् * ल्याए महल्मा तसै ॥
क्यै दिन् धार्मिक ती जनक् नृपतिका * घर्मा रही फेर् अनी ।
लाग्नू भो जब जान त्यै घरि तहाँ * आए सुयोधन् पनी ॥१३॥

विद्या पढ्छु सिकाइ बक्सनु हवस् * हे नाथ् ! मलाई भनी ।
गर्दा बिन्ति तिनै सुयोधनजिले * साह्रै दयालू बनी ॥
खुश् भै रामजिले सिकाइ दिनु भो * विद्या गदा-युद्धको ।
दुर्योधन् गुरु सम्झि मान् गरन खूब् * लाग्दाभए रामको ॥१४॥

खोजी मिल्न सकेन त्यस् नगरिमा * सुन्दर् मणी त्यो जसै ।
फिर्नू भो पछि द्वारिका पुरि महाँ * बल्देवजी फेर् तसै ॥
तेल्देखी हरिले निकासिकन लाश् * शत्राजितैको त्यहाँ ।
गर्नू भो सब दाह-कर्म विधिले * फेरी उसै बिच् महाँ ॥१५॥

गर्नन् की हरि केहि येहि मणिका * खातिर् मलाई भनी ।
रात्मा अक्रुर झट् उठी कन गए * भागी लिई त्यो मणी ॥
काशीमा गइ गुप्त भै कन रहे * सोही बखत्मा जसै ।
लाग्यो पर्न अकाल वृष्टि न भई * अक्रूर् नहूँदा तसै ॥१६॥

रोग् व्याधी दुख कष्टले पिडित भै * सब् पौरवासी गई ।
लागे गर्न ति बिन्ति श्री प्रभुजिका * लत्रेर सामू भई ॥
हे नाथ् ! अक्रुरका पिता अघि थिए * धर्मात्म ज्ञानी पनी ।
काशीमा अघि क्वै बखत् जल न भै * रुन्थे सबै हा ! भनी ॥१७॥

बाबू अक्रुरका गए उहि घरी * काशी पुरीमा जसै ।
वृष्टी भो भनि काशिका नृपतिले * खूशी भई झट् तसै ॥

कन्या आफ्नि स्वफल्किलाइ दिइ खूब् * खातिर् गरे बेसरी ।
तिन्कै पुत्र यि हुन् समान गुणका * अक्रूर् पनी ये घरी ॥१८॥

डाक्नू पर्छ कुनै जतन् गरि यहाँ * तिन्लाइ ऐह्ले भनी ।
गर्दा ती सबले पुकार विनती * यस्ता तवर्को अनी ॥
आज्ञा गर्नु भयो उही घरि प्रभू- * जीले सबै जन् गई ।
ल्याऊ खोजि ति छन् जहाँ यस घरी * साह्रै चनाखो भई ॥१९॥

छन् ती यो घरि काशिमा भनि प्रभू- * जीको हुकुम् भो जसै ।
मानिस् हेरु गएर अक्रुर कनै * लीएर आए तसै ॥
डाक्नू हुन्थ्रे हरी भनेर खुशि भै * अक्रूरजी घर् महाँ ।
आएथे जब व्याधि सब् हटि गयो * सोहीबखत्मा त्यहाँ ॥२०॥

फिर्ता द्यूँ मणि यो कसोरि मइले * ऐह्ले सरा-सर् भनी ।
मान्थे अक्रुर लाज, मागि हरिले * लीनू भयो त्यो मणी ॥
छैनन् मालिक क्वै लिने मणि यहाँ * छन् सत्यभामा फगत् ।
तिन्लाई दिनु पर्छ यो मणि भनी * नाथ्ले भने त्यै बखत् ॥२१॥

दीनू भो मणि रानिलाइ हरिले * अत्यन्त प्यारो गरी ।
खुशी भैकन नाथका सँग रहिन् * भक्ती मनैमा धरी ॥
पढ्लान् जो जन यो चरित्र हरिको * भक्ती लिई मन् महाँ ।
भोगी सौख्य अनेक आखिर तिनी * जानन् परम्पद् महाँ ॥२२॥

---

कालिन्दी विवाह लीला ( १११ )

पाण्डव्लाई म भेट्छु भनिकन गई फेर्, हस्तिनापूर माहाँ ।
भेट्नैलाई न पाई उहि घरि ससुरा, बित्नु भो सुनि ताहाँ ॥

पाल्नू भो साथमा ली पुरजन बहुतै, श्री हरी त्यै घरीमा ।
साथ्मा बल्देव थीए सहज सँग पुगे, इन्द्रप्रस्थै पुरीमा ॥१॥

कुन्ती पाण्डव हेरुका सँग महाँ * भेट् भो हरीको जसै ।
रोई दुःख पुकार सब् गरि लिए * पाण्डवूहरूले तसै ॥
रक्षा गर्नु हवस् प्रभो ! दुख कती * हामी सहौं लौ यहाँ ।
नाथ् बाहेक् अरु को छ हामिहरुको * आधार पृथ्वीमहाँ ॥२॥

कुन्ती पाण्डवको सुनेर विनती * यस्ता तवर्को अनी ।
खुश् भै भन्नु भयो पछी म गरुँला * उद्धार तिम्रो भनी ॥
यस्तो खातिरि सूनि श्री प्रभुजिको * खुश् भै गए सब् त्यहाँ ।
कुन्ती पाण्डव द्रौपदी प्रभुजिको * लम्री परी पद् महाँ ॥३॥

यस्ता रितुसितले त्यहाँ रहनुभो * सब्मा ठुलो प्रेम् धरी ।
एक् दिन् अर्जुन साथ ली बन तरफ् * पाल्नू भयो श्री हरी ॥
लाग्यो खूब थकाइ गै कन शिकार् * खेल्दाहुँदी वन् महाँ ।
अर्जुन् कृष्ण गएर राज् हुनु भयो * एक् वृक्षका तल्महाँ ॥४॥

देख्नू भो नदि तीरमा प्रभुजिले * योटी अती सुन्दरी ।
आँखा पद्म समानका, रति समान् * तेज् पूर्ण चन्द्रै सरी ॥
सोध्नू भो अनि फेरि अर्जुन सँगै * हे भाई ! एह्ले यहाँ ।
देख्छू सुन्दरि एक् गजब् कउन हुन् * एक्लै नदी तिर्महाँ ॥५॥

येती बात् मुख देखि श्री प्रभुजिको * सूनेर झट् त्यै घरी ।
पौंचे अर्जुन गै नदी तिर महाँ * थीइन् जहाँ सुन्दरी ॥
सोध्रे अर्जुनले 'बताउ मकनै * को ह्वौ कहाँकी ?' भनी ॥
भन्छिन् सुन्दरि 'हूँ म सूर्य दुहिता * कालिन्दि हो नाम् पनी ॥६॥

बस्छू ध्यान् गरि हर्-घड़ी प्रभुजिको * एकाग्र ली मन् महाँ ।
रत्नै-रत्न जडित् महल् जल महाँ * मेरा पिताले यहाँ ॥
दीनू भो र बनाइ बस्छु म यहीं * काहीं न गै हर् घरी ।
दर्शन दीनु हुनेछ श्री प्रभुजिले *मन्मा यही आश् धरी'॥७॥

यस्तो बात् सुनि खुशि भै मनमहाँ * अर्जुन्जि फर्की गए ।
सारा हाल् जति हो सबै प्रभुजिमा * बिस्तार गर्दा भए ॥
पाल्नू भो सुनि बात यी, हरि पनी * हर्षित् भई धेर् जसै ।
पाऊमा ति परिन् गएर हरिको * पाएर दर्शन् तसै ॥८॥

आफू माथि बुझेर भक्ति तिनको * अत्यन्त प्रेम्मा परी ।
पक्री हात उठाइ राखि रथमा * फर्कें हरी त्यै घरी ॥
देखे पाण्डव कुन्ति हेरु सबले * कालिन्दि ली साथ् महाँ ।
पाल्नू भो हरि लौ भनेर खुशि भै * सम्मान् गरे खूब् त्यहाँ।९।

फेरी दिव्य महल् पनी रचि दिए * गै विश्व-कर्माजिले ।
कालिन्दीसँग झट् बिहा गरि लिए * श्री कृष्ण मोहन्जिले ॥
आज्ञाले हरिका गई अघि सरी * अर्जुन्जिले बेसरी ।
खाण्डव् बन् कन दग्ध पारि मयको * रक्षा गरे त्यै घरी ॥१०॥

खुशी भै मयले पनी उहि घरी * राम्रो महल् एक् रची ।
पाण्डव् खातिर झट् तयार् गरि दिए * सुन्दर् जुहार्ले जड़ी ॥
अग्नीले पनि तृप्त भैकन धनुष् * गाण्डिव् , कवच् एक् त्यहाँ ।
दीए अर्जुनलाइ खूब् खुशि भई * तिन्ले उसै बिच्महाँ ॥११॥

यस्ते रित्सित इन्द्रप्रस्थ पुरिमा * श्री कृष्णजी राज् गरी ।
चार् मैन्हा रहि कुन्ति पाण्डव सँगै * सब्का उपर् प्रेम् धरी ॥

बीदा फेरि भएर सब् कन तहाँ * धैर्यै बहुतै दिई ।
फिर्नू भो हरि द्वारिका पुरि महाँ * कालिन्दिलाई लिई ।।१२।।

मित्रविन्दा विवाह लीला ( ११२ )

राजन्! सुन्दरि एक् थिइन् अति असल् * रूप्मा र गुण्मा पनी ।
बैह्नी ती नृप मित्रसेन विरकी * नाम् मित्रविन्दा भनी ।।
तिन्के गर्न बिहा स्वयम्वर रचे * भन्ने खबर् यो जसै ।
सुन्नू भो लिइ साथ अर्जुन हरी * पाल्नूभयो झट् तसै ।।१।।

सोही दिव्य सभा महाँ जब हरी * पुग्नू भयो झट् गई ।
देखी श्री हरि लाइ राज-दुहिता * अत्यन्त मोहित् भई ।।
पैह्राइन् वरमाल कण्ठ बिचमा * श्री कृष्णजीका जसै ।
त्यो देखी सब भूपती मन महाँ * लज्जित् भए खूब् तसै ।।२।।

फेरी राज-कुमारिको प्रभुजिले * पक्रेर झट् बाहुली ।
राखी लीनु भयो उठाइ रथमा * त्यो देखि रिस्ले जली ।।
लागे गर्जन खूब् सुयोधन सही * शक्ने न भै त्यै घरी ।
लीऊँ सुन्दरि जीति कृष्ण सँग लौ * भन्ने इरादा धरी ।।३।।

हाँक् दी सब् नृपहेरु क्रोधित् भई * आए अगाड़ी सरी ।
कृष्णार्जुन् दुइले पिटीकन सबै * खेद्दा भए साफ् गरी ।।
हारी घर् तिर सब् फिरे नृपहरू * शेखी र इज्जत् गई ।
राज्-पुत्री लिइ पुग्नु भो हरि अनी * द्वारावती खुश् भई ।।४।।

सत्या विवाह लीला ( ११३ )

राजन् ! लौ सुन भन्दछु प्रभूजिले ❋ कस्ता प्रकार्ले गई ।
सत्याका सँग गर्नुभो शुभ बिहा ❋ सब्का अगाड़ी रही ॥
थीए भूपति एक नाग्नजित नाम् ❋ प्रख्यात् अयोध्या महाँ ।
तिन्ले गर्छुं म छोरिको भनि बिहा ❋राखे कबोल् एक् त्यहाँ ॥१॥

जस्ले छेड्दछ नाक एक् पटकमा ❋ सातै बयल्को गई ।
त्यस्लाई म कुमारि त्यै बखतमा ❋ दीनेछु खूशी भई ॥
पाल्नू भो हरि प्रण् सुनेर तिनिको ❋ यस्ता प्रकार्को जसै ।
आदर् खुब् गरि खुश् भएर नृपति ❋ हात्जोरि भन्छन् तसै ॥२॥

सारा देश विदेशका नृप हरू ❋ हे नाथ ! एक्-एक् गरी ।
आएथे प्रण पूर्ण गर्न न सकी ❋ फर्के शरम्मा परी ॥
सामर्थी प्रभु लाइ जानि अहिले ❋ बिन्ती म गर्छू हरी ! ।
पूरा यो गरि मेरि पुत्रि लिनुहोस् ❋ वेद्का विधीले गरी ॥३॥

यी बात् सुनीकन खुशी भइ कृष्णजीले ।
ल्याऊ बयल् भनि हुकुम् दिनुभो खुशीले ॥
पर्वत् समान् अति भयङ्कर सिङ् भएका ।
आएर गोरु प्रभुका ति अघी रहेका ॥४॥

देखेर गोरु प्रभुले पनि पङ्क्ति ताहाँ ।
एकेक् स्वरूप धरि एकइ बेर माहाँ ॥
छेड्नू भयो प्रभुजिले जब नाक् समाई ।
पुत्री दिए नृपतिले पनि खूब् रमाई ॥५॥

सत्या पियारि लिइ साथ फिरेर आई ।
बस्नू भयो तिनि उपर् हरि प्रेम् बढ़ाई ।।
सत्या कुमारि सँग देखि मुरारिलाई ।
खूशी भए सब जना पुरका रमाई ।।६।।

भद्रा विवाह लीला ( ११४ )

भद्रा नाम गरेकि राज-दुहिता * सुन्दर् स्वरुप्की त्यहाँ ।
कन्या श्री ऋतुकृत् नृपेन्द्रकि थिइन् * देश् श्री गयाजी महाँ ।।
तिन्को हुन्छ अरे स्वयम्वर भनी * पाल्नू भयो श्री हरी ।
जम्मा देश विदेशका नृपहरू * थीए त्यहाँ त्यस् घरी ।।१।।

साथ्मा लिई सखिहरू अति ठाँट पारी ।
माला लिएर करमा युवती कुमारी ।।
हेर्दै चलिन् सब तरफ् हरि छेउ जाई ।
मोहित् भएर वर-माल दिइन् लगाई ।।२।।

त्यो देखि दिक्क भइ सब् नृपहेरु ताहाँ ।
लज्जित् भईकन फिरे उहि बीच माहाँ ।।
माता-पिता ति दुइले पनि प्रेम् धरेर ।
भद्रा दिए प्रभुजिलाइ बिहा गरेर ।।३।।

दाईजो अनि फेरि दीकन बहुत् * आदर् सहित् प्रेम् गरी ।
छोरी ज्वाइँ विदा गरे नृपतिले * खूशी भई त्यै घरी ।।
भद्रा लाइ लिएर श्रीहरि पनी * द्वारावती पुर् महाँ ।
फिर्नू भो प्रिय-रानि देखिकन खुब् * खूशी भए सब् त्यहाँ ।।४।।

लच्मणा विवाह लीला ( ११५ )

राजन् ! भूपति मद्रदेश बिचमा * थीए बहुतै बली ।
तिन्की पुत्री ति लच्मणा भनि थिइन् * मानू गुलाब्की कली ।।
कन्याको अब गर्छु लौ भनि बिहा * तिन्ले इरादा धरे ।
राजाहेरु अनेक् मुलुक् मुलुकका * डाकी स्वयंवर् गरे ।।१।।

आए सब् नृपती जसै हरि पनी * अर्जुन्जि लाई लिई ।
पुग्नू भो रथमा चढ़ी उहि घरी * मण्डप् विषे शोभिई ।।
बेला भो जब ठीक् स्वयम्वर हुने * माला लिई कर् महाँ ।
पैह्राइन् हरि लाइ झट् खुशि भई * श्रीलच्मणाले त्यहाँ ।।२।।

राजाले हरि लाइ पुत्रि विधिवत् * बीहा गरी दी दिए ।
त्यो देखी नृप हेरुले रिस गरी * लड्ने इरादा लिए ।।
फिर्नू भो लिइ लच्मणा हरि जसै * अर्जुन् सहित् त्यै घरी ।
दौड़े सब् नृप रथ् त्यजी अघि सरी * पक्री लिने सुर् गरी ।।३।।

छिन् भर्मा सब लाइ अर्जुनजिले * पीटी भगाए त्यहाँ ।
रथ् हाँकी हरि रानि, पार्थ सँग ली * पाल्नू भयो घर् महाँ ।।
आठ् पट्रानि बिहा गरी यसरि खूब् * प्रीती बरा-बर् गरी ।
लाग्नू भो सबका सँगै रस बिहार् * गर्नै रमानाथ् हरी ।।४।।

भौमासुर बध लीला ( ११६ )

राजन् ! पृथ्वि अघी कुनै समयमा * एकाग्र भै मन् महाँ ।
लागिन् गर्न कठोर तप् उहि घरी * तीन् देव आए त्यहाँ ।।

सोधे हे पृथिवी ! बताउ अहिले * कुन् कारणौले गरी ।
गछ्यौं यो तप साधना अति कठोर् * नाहक् तिमीयो घरी ॥१॥

ब्रह्मा, शङ्कर, विष्णुका वचन यो * सूनेर पृथ्वी अनी ।
भन्छिन् हे प्रभु ! दीनुहोस् मकन एक् * वीर् पुत्र बल्को धनी ॥
त्यस्का साथ् गरि युद्ध जित्न न सकुन् * कस्तै बड़ा वीर् पनी ।
क्वै देखी नमरोस् अमर् भई रहोस् * सब्लाइ तुच्छै गनी ॥२॥

यस्ता बात् सुनि भूमिको खुशि भई * तीन् देव भन्छन् त्यहाँ ।
होला पुत्र तथास्तु त्यै रकमको * चिन्ता न लेऊ यहाँ ॥
तीनै लोक् बशमा गरेर जितला * सब्लाइ त्यस्ले जसै ।
भन्नेछौ गइ मार्नुहोस् हरि भनी * तिम्ले र मार्नन् तसै ॥३॥

इच्छा माफिक भूमिलाइ वर दी * यस्ता प्रकार्को त्यहाँ ।
त्री-मूर्ती जब पाल्नुभो र पृथ्वी * चिन्ता गरी मन् महाँ ॥
भन्छिन् मार् भनि पुत्रलाइ कसरी * भन्ने म छू व्यर्थमा ।
यस्तै मन्मन बात् विचारि पृथिवी * बस्दी भइन् हर्षमा ॥४॥

जन्म्यो नौ महिना पछी सुत भई * भौमासुरै वीर् अती ।
नाम् त्यस्को हुनगो प्रसिद्ध नरमा * वर्णन् गरूँ धेर् कती ॥
प्राग् ज्योतिष् पुर राजधानि बलियो * त्यस्ले बनाई लियो ।
जस्को अग्नि, पहाड़, शस्त्र, जलको * चार्तर्फ किल्ला थियो ॥५॥

तीनै लोक् वशमा म गर्छु भनि त्यो * निस्केर जाँदो भयो ।
पाताल् मर्त्य जिती लिएर अनि फेर् * त्यो स्वर्गलोक्मा गयो ॥
इन्द्रासन् पनि जीती फेरि सहजै * ली छत्र कुण्डल् त्यहाँ ।
आयो पुष्पकमा चढ़ी कन असुर् * खूशी भई मन् महाँ ॥६॥

फेरी सोह्र हजार एक् सय सबै * राज्-पुत्रि लाई पनी ।
ल्यायो बल्-जफती जितेर सहजै * गर्छ्न् म बीहा भनी ॥
यस्तै रित्सित देव, नर्, मुनि सबै- * लाई बड़ो दुख् दिई ।
लाग्यो गर्न उपाधि भूमिसुत त्यो * देखेर चिन्ता लिई ॥७॥

मन्मा कृष्णजिले विचार् गरनुभो * त्यस्लाइ ऐह्रे गई ।
मारी सङ्कट सब् हटाउनु पर्‍यो * लोक्को दयालू भई ॥
भूमीकै अवतार मेरि महिषी * हुन् सत्यभामा पनी ।
भन्ने छन् जब मार्नुहोस् म सहजै * मारी दिनेछू अनी ॥८॥

भन्नूभो अनि फेरि गैकन थिइन् * श्री सत्यभामा जहाँ ।
भौमासुर् कन मार्न जान्छु हिंड़ लौ * तीमी पनी सङ्ग् महाँ ॥
भौमासुर् अति वीर भूमि-सुत हो * त्यस्लाइ बर्दान् छ यो ।
मार् भन्निन् जब भूमि त्यै घरि उही * काल् आइ मर्नेछ त्यो ॥९॥

भूमीकै तिमि अंश ह्रौ बुझ तिमी * कारण् छ यै यस् घरी ।
जानू पर्दछ साथमा तिमि न गै * मर्दैन त्यो क्यै गरी ॥
एक् दिन् फेर् अघि कल्पवृक्ष रुखको * ल्याएर एक् फुल् यहाँ ।
नारदूले मकनै दिए उहि घरी * मैले पनी त्यो त्यहाँ ॥१०॥

दीएँ रुक्मिणिलाइ त्यो सुनि तिमी * लाई उठ्यो रिस् अती ।
मैले फेरि भनें पियारि ! मनमा * चिन्ता नल्यौ एक् रती ॥
वृक्षै ल्याइ दिनेछु लौ भनि दिएँ * मैले वचन् त्यस् घरी ।
सोही पूर्ण गराउना कन वहाँ * जानू पर्‍यो सुंदरी ! ॥११॥

येती बात् भनि पीठमा गरुड़का * रानी समेत् झट् चढी ।
पाल्नू भो हरि भौमका नगरिमा * आकाश गतीले गरी ॥

किल्ला अग्नि, पहाड़, शस्त्र, जलको * चौतर्फि देखी त्यहाँ ।
हुकुम् चक्र गरूड लाइ दिनुभो *लौ तोड़ छिन्भर् महाँ।१२॥

आज्ञा पाइ गरुड् र चक्र दुइले * सोही बखत्मा गई ।
सब् किल्लाहरु तोड़ि नाश् गरि दिए * अत्यन्त क्रोधित् भई ॥
पालेहेरु जती थिए असुर सब् * हात्मा हतीयार् लिई ।
आए दौड़ि प्रभुजिले गरि दिए * संहार सूचन् दिई ॥१३॥

सम्चार् यो सुनि मंत्रि 'मूर' भनि जो * नाम् पाँच शिर्को थियो ।
आई सामु त्रिशूल् उठाइ करमा * गर्जेर खूब् हाँक् दियो ।
लाग्यो भन्न रिसाइ फेर् अघि सरी * मेरा अगाड़ी महाँ ।
आइस् मर्न तँ व्यर्थ हेर्छु अहिले * तेरो पराक्रम् यहाँ ॥१४॥


येती बात् भनि दाँत् किटी हरि उपर् * झम्ट्यो असुर्ले जसै ।
काटी दीनु भयो त्रिशूल् प्रभुजिले * त्यो दैत्य मुर्को तसै ॥
हान्यो फेरि अमोघ ली परिघ एक् * सोही बखत्मा त्यहाँ ।
काटी दीनु भयो परिघ् सहित हात् *त्यस्को उसैबिच्महाँ ॥१५॥

धायो फेरि असुर् म निल्दछु भनी * साहै भयङ्कर् बनी ।
त्यस्का पाँच् शिर चक्र हानि हरिले * काटी दिनूभो अनी ॥
आए लड्न भनी रिसाइ मुरका * सात् पुत्र फेर् त्यै घरी ।
तिन्लाई पनि मार्नुभो प्रभुजिले * छिन्मा अगाड़ी सरी ॥१६॥

मन्त्री मर्न गयो भनी रिस गरी * त्यो भौम आई त्यहाँ ।
लाग्यो हाँक् दिइ भन्न श्रीप्रभुजिका * आएर सामू महाँ ॥
जालास् उम्कि कहाँ म हान्दछु गदा * यस्को कठिन् चोट् परी ।
मर्नेछस् भनि नाथका उपरमा * हान्यो बड़ो वेग्गरी ॥१७॥

हानी वज्र प्रभुजिले पनि गदा ∗ चूर् पारि दीनू भयो ।
हात्मा लीकन फेर् त्रिशूल चुरिंदै ∗ दौड़ी नगीचै गयो ॥
त्यस्लाई पनि भाँच्नुभो प्रभुजिले ∗ यस्ता तवर्ले जती ।
हान्थ्यो त्यो हतियार श्री प्रभुजिले ∗ काट्नूभयो सब् तती॥१८॥

सारा दैत्यहरू निभाउनु भयो ∗ मारेर एक् छिन् महाँ ।
लागिन् बग्न रगत्कि खूब् ठुलि नदी ∗ त्यस् युद्ध-भूमी महाँ ॥
आयो भौम अनी लिएर करमा ∗ ठूलो त्रिशूल् एक् जसै ।
त्यो देखीकन भन्दछिन् भय गरी ∗ श्रीसत्यभामा तसै ॥१९॥



चाँड़ो मार्नु हवस् भनी जब वचन् ∗ तिन्ले भनिन् यो त्यहाँ ।
हात्मा लीकन चक्र भौम विरको ∗ शिर्लाइ एक् छिन्महाँ ॥
काटी फालि दिनू भयो प्रभुजिले ∗ आकाशमा त्यै घरी ।
लागे दुन्दुभि बज्न देवहरुका ∗ खूब् पुष्पवृष्टी गरी ॥२०।

पौं चिन् भूमि उसै बखत् प्रभुजिका ∗ सामू अगाड़ी महाँ ।
नम्रै भैकन हात जोरि स्तुति फेर् ∗ लागिन् ति गर्नैं त्यहाँ ॥
हे नाथ् ! लच्छिमपते ! प्रभो ! जगतका ∗ मालिक् कृपालू हरी !
सक्तैनन् हरिको बखान्न महिमा ∗ लीला अगम् गान् गरी ।

मानिस्कै सरि रूप ली जगतको * उद्धार गर्नै भनी ।
पाल्नू भै गरि बक्सियो सकलको * उद्धार् दयालू बनी ।।
यस्ता आदि अनन्त श्रीप्रभुजिको * स्तव् गर्नलाई यहाँ ।
बुद्धीहीन् अति दीन फेरि अबला * सक्छू कृपानाथ्! कहाँ।।२२।।

मद्ले मत्त थियो कुपुत्र, महिमा * नाथ्को न जान्ने रती ।
मारी त्यस्कन तारि बक्सनु भयो * देखेर खुश्छू अती ।।
यस्तै धेर् स्तुति भूमिले गरी लिइन् * भक्ती लिई मन् महाँ ।
नाती फेर् भगदत्तलाइ हरिका * सुंपी दिइन् पद्महाँ।।२३।।

यस्माथी करुणा गरी अभय दान् * दीनू हवस् हे हरी ! ।
फेरी घर् त पवित्र गर्दिनु हवस् * पाल्नू भई यै घरी ।।
यस्तो बिन्ति सुनेर श्री हरि बहुत् * खूशी हुनू भो जसै ।
नाथ्लाई महिषी समेत् घर लगी * सत्कार् गरिन् खूब् तसै।२४।

छाता, कुण्डल इन्द्रका अघि धरी * हात् जोरि सामू गई ।
छोरो फेर् भगदत्त भौम विरको * पाऊ पऱ्यो खुश् भई ।।
खूशी भै हरिले पनी उहि घरी * लीई दया मन् महाँ ।।
भन्नू भो गर राज्य निर्भय भई * आनन्दपूर्वक् यहाँ।।२५।।

यस्तो खातिरि भौम-सुत्कन दिई * सुम्पेर राज्-पाट् अनी ।
जम्मा सोह्र हजार एक् शय थिए * राज्-पुत्रि गूफा मनी ।।
देश् देश्का नृप भौमले जिति जिती * राज्-पुत्रि ल्याई हरी ।
बिस् हज्जार पुऱ्याइ गर्दछु बिहा * भन्ने इरादा धरी ।।२६।।

थूनेको खलले थियो उहिं हरी * रानी लिई सङ् महाँ ।
पाल्नू भै सबलाइ मुक्त गरि फेर् * भन्नू भयो यो त्यहाँ ।।

ऐह्ले सुन्दरि हो ! छुट्यो दुख सबै * घर् जाउ खूशी भई ।
आज्ञा यो सुनि मोह भै विनति यो *गर्छन् ति सामू गई ।।२७।।

हाम्रो कष्ट छुटाइ बक्सनु भयो * राखी दया मन् महाँ ।
दासी हौं लिनुहोस् प्रभो ! शरणमा * छोड़ी चरण् यी कहाँ ।।
जाऊँ नाथ ! भनेर बिन्ति सबले * पारी लिएथे जसै ।
जानी आग्रह सुन्दरी ति सबको * खुश्हूनुभो नाथ्तसै ।।२८।।

इच्छा यै छ भने म लान्छु तिमि सब्- * लाई सँगै घर् महाँ ।
यस्ता प्रेमि वचन् सुनाइ पहिले * फेर् वस्त्र भूषण् त्यहाँ ।।
पैह्राई कन स्नान् गराइ रथमा * राखेर फेर् प्रेम् गरी ।
सब्लाई हरिले हिंडाउनु भयो * रानी सरीका गरी ।।२९।।

जानू भो चढ़ि पीठमा गरुडका * ली छत्र स्वर्गै महाँ ।
देखी श्री हरिलाइ खूब् खुशि हुँदै * श्री इन्द्रले झट् त्यहाँ ।।
पाऊमा परि खूब् पुजा गरि लिए * राम्रा प्रकार्ले जसै ।
खुश् भै छत्र दिनू भयो प्रभुजिले * सोही बखत्मा तसै ।।३०।।

कल्पवृक्ष हरण, सोह हज्जार एकसय रानी विवाह लीला ( ११७ )

आए नारद त्यै घरी प्रभुजिको * दर्शन् म गर्छू भनी ।
देखी तिन्कन भन्नु भो प्रभुजिले * झट् बात यो फेर् अनी ।।
नारद्जी ! गइ कल्पवृक्ष अहिले * श्री इन्द्रका सङ् महाँ ।
भन्नोस् द्यौ भनि माग्द्छिन् बुझ तिमी* श्रीसत्यभामा यहाँ ।।१।।

नारद्ले गइ इन्द्र लाइ सब यो * सूचन् दिए त्यै घरी ।
इन्द्राणी सँग इन्द्रले पनि गरे * सल्लाह चिन्ता परी ।।

इन्द्राणी सब बात् बुझी पति सँगै * भन्छिन् हरी मन् महाँ ।
राख्नू हुन्छ कपट् हजुर् सित पनी * बुझ्नूहवस् यो यहाँ ॥२॥

भुल्नू भो कि पुजा हरे हजुरको * ब्रज्मा अनादर् गरी ।
आए लौ हुन साँचिला अब यहाँ * छत्रै लिई यस् घरी ॥
माग्छन् फेरि ति कल्पवृक्ष फुल यो * जो स्वास्निका बस् परी ।
त्यस्तालाइ कदापि हुन्न दिनु, हुन् * ती दुश्मनैका सरी ॥३॥

यस्ता वचन् सुरपती, जब सुन्न पाए ।
साँचो भनिन् भनि, उठी कन झट्ट आए ॥
दीए जवाब् अति रुखो, म त दिन्न जाऊ ।
जाऊन् हरी, नगरि औधि, भनी सुनाऊ ॥४॥

यस्तो जवाब अति साफ्, हरिले जसैता ।
सुन्नू भयो बहुत क्रुद्ध भइ, तसैता ॥
पाल्नूभयो झट उठी, कन बाग माहाँ ।
रुख् कल्पवृक्षकन झट्ट, उखेलि ताहाँ ॥५॥

धर्नु भयो गरुडका पिठमा चढ़ाई ।
पाले जती सकल लाई पिटी धपाई ॥
पाल्नू भयो हरि जसै फिरि द्वारिकामा ।
लड्छू भनी सुरपती पनि बाटिकामा ॥६॥

दौड़े लिएर तिनि वज्र, जसै रिसाई ।
पक्रे गएर तहिं नारदले बुझाई ॥
धिक्कारी धेर समझाइ, लिए जसैता ।
लज्जित् भईकन, फिरे, सुरराज् तसैता ॥७॥

पाल्नुभो घर फर्कि श्रीहरि अनी * आँगन् बिचैमा धरी ।
रोप्नुभो रुख त्यो महीषि सित प्रेम् * राखेर खूब् हित् गरी ॥
पाई सुन्दर स्वर्गको फुल असल् * श्री सत्यभामा त्यहाँ ।
लागिन् खुश् भइ बस्न प्रेम गरदै * श्रीकृष्णका सङ्महाँ ॥८॥

फेरी सोह्र हजार एक् सय सबै * राज्-पुत्रि हेरू पनी ।
बस्थे ध्यान् गरि नाथका सँग बिहा * होला कहीले भनी ॥
भक्ती प्रेम बुझेर ती सकलको * सोधी लगन् त्यै घरी ।
उत्तम् रितिसित सुन्दरी हरु बिहा * गर्दा भए श्रीहरी ॥९॥

रानी सोह्र हजार एक सयमा * प्रीती बरा-बर् गरी ।
थाल्नुभो हरि गर्न सौख खुशिभै * क्रीड़ा निरन्तर् गरी ॥
प्रत्यक्षै रुपले हरेक् सँग रही * मानिस् सरीका बनी ।
सब्को दिल् भरि प्रेम गर्न सबमा * लागे जगत्का धनी ॥१०॥

रुक्मिणी मान हरण लीला ( ११० )

राजन् ! कुनै दिन हरी बसि रङ् महल्मा ।
साथमा पियारि लिइ रुक्मिणि सुख् शयन्मा ॥
कोल्टे परी मगन भै कन हाँसि हाँसी ।
गर्थे अनेक रस बात् अति प्रेम गाँसी ॥१॥

सुन्को असल् पलङ सुन्दर बेस् सजेको ।
रत्नादि नीलम अरू पुखराज् जड़ेको ॥
माला अनेक फुलका लिइ खुश्बु भारी ।
गम्कींदथे उस बखत् मन मस्त पारी ॥२॥

हीरा मोति र रत्नको चमकले * चम्-चम् गरी बेसरी ।
चम्कन्थ्यो हरिको महल् रवि सरी * तेज् दिव्य ताहीं छरी ।।
हर्षित् भै कन रुक्मिणी प्रभुजिका * पाऊ कमल् त्यै घरी ।
मिच्थिन् प्रेम्सित खूब सुस्त करले * मन्मा विचार् यो गरी।।३।।

सब्मा रात्रि पनी म छू रुप महाँ * जेठी पनी छू भनी ।
येसै कारणले विशेष् प्रभुजिको * प्यारी भएकी पनी ।।
यस्तै ली अभिमान मस्त भइ ती * साथ्मा रहीथिन् जसै ।
तिन्को बात् मनको बुझी प्रभुजिले * शोच्नू भयो यो तसै ।।४।।

यिन्लाइ मनमा भएछ अभिमान् * ऐह्ले म तोड्छू भनी ।
हाँसी त्यै घरि भन्नु भो प्रभुजिले * मानिस् सरीका बनी ।।
हे प्यारी! भन सोध्छु बात अहिले * साँचो न ढाँटी रती ।
शंका पर्न गयो मलाइ तिमिले * देऊ जवाब् ठीक् अती ।।५।।

राजा भीष्मककी कुमारि तिमि छौ * सुन्दर् स्वरुप्मा पनी ।
हूँ पाखे म अहीर जाति सबले * भन्छन् छ कालो भनी ।।
यस्ताका सँग गर्नु प्रेम तिमिले * साह्रै अनूचित् भयो ।
यस् कामले गरि नाउँ इज्जत सबै * तिम्रो रसातल् गयो ।।६।।

राजा छैन धनी म छैन तिमिले * मौका चुक्यौ सुन्दरी ! ।
राजा हेरु ठुला विवाह गरने * आशा मनैमा धरी ।।
आएका ति वहाँ थिए उस घरी * तिन्मा कुनै एक् अती ।
पर्थ्यो सुन्दर रोज्नु वर् अघि वृथा * मौका चुक्यौ हे सती ! ।।७।।

ठूला वीर् शिशुपालका सँग महाँ * बीहा हुने बात् थियो ।
तिम्रो दिल् किन त्यागि तिन्कन वृथा * मेरा उपर् लोभियो ।।

जाऊ लौ शिशुपाल् कहाँ अझ पनी * इच्छा भए ये घरी ।
यस्ता बात् सुनि झट् गिरिन् पृथिविमा * रानी ति मूर्छा परी ॥८॥
त्यो देखी हरिले उठाइ कन झट् * काखमा लिई प्रेम् गरी ।
लाग्नूभो करले मुसार्न सब गाथ् * चार्–बाहुको रुप् धरी ॥
एक् हात् छाति विषे धरेर अनि फेर् * पङ्खालिई हात् महाँ ॥
साह्रै प्रेम् गरि केश् सह्यारि करले * कोमल् भई खूब् त्यहाँ ॥९॥

लाग्नूभो हरि प्यारिको मुख कमल्- * मा म्वाँ ई खानै अनी ।
एक् हात्ले करुणा बढ़ाइ कन फेर् * पुछ्तै नयन्-जल् पनी ॥
भन्नूभो बुझ सुन्दरी ! यि सब बात् * ठट्टा गरेको भनी ।
दिक्दार् कीन भयौ उसै यस बखत् * लोटेर मर्च्छित् बनी॥१०॥

प्यारी ! नेत्र-पलक् उघार रति क्यै * शङ्का न ली मन् महाँ ।
होश्मा आउ र बोल वाणि मुखले * शीतल् गराई यहाँ ॥
बोल्दीनौ जबसम्म प्यारी ! मुखले * दुख् पाउँने छू अती ।
यस्ता प्रेम वचन् सुनी उहि घरी * जाग्दी भइन् झट् सती ।११।

हेरिन् नेत्र उघारि फेर् प्रभुजिको * काख्मा रहेकी जसै ।
देखिन् झट् उठि हात जोरि प्रभुका * पद्मा परिन् ती तसै ॥
प्रेम्ले फेर् गरि अंकमाल खुशिभै * नाथ्ले पनी त्यै घरी ।
भन्नूभो तिमि तुल्य प्यारि मकनै * छैनन् अरू क्यै गरी ॥१२॥

यो बात् सत्य भनेर जान तिमिले * तिम्रा उपर् हर् घरी ।
मेरो प्रेम अगम् छ लौ भनुँ कती * भन्दै अती प्रेम् धरी ॥
मर्जी भो हरिले जसै रुकमिणि * हात् जोरि फेरी त्यहाँ ।
भन्छिन् अल्प भएर ज्ञान अहिले * हे नाथ ! यो मन् महाँ ।१३।

मैले भ्रम् लिइ व्यर्थ दोष् गरि लिएँ * माफ् पाऊँ त्यो सब् यहाँ ।
इच्छा यै छ सदा पुजा गरि रहूँ * दासी भई पद् महाँ ॥
जन्मान्तर् हरुमा पनी चरणको * सेवा न छूटोस् भनी ।
बिन्ती गर्दछु हे प्रभो ! प्रियपते *संपूर्ण लोक्का धनी ॥१४॥

नाथ् बाहेक् अरु छैन कोहि जगमा * ठूलो र प्रेमी पनी ।
सारा विश्व छ व्याप्त धेर् भनुँ कती * नाथ्कै उदर्का मनी ॥
मन् दुख्ने गरि बात् कठोर् प्रभुजिले * भन्नू भयो जो यहाँ ।
मायामा यसरी भुलाइ बहुतै * शङ्का गरी मन् महाँ ॥१५॥

नाथ् भन्दा अरु को ठुलो छ बलियो * त्रैलोक्यमा हे हरि ! ।
त्यागी नाथ्कन और लाइ जपने * हुन् मूर्ख पागल् सरी ॥
आज्ञाभो नृप छैन, कोहि म ठुलो * कुल्को भनी जो यहाँ ।
संसारै छ हजूरको त अरु फेर् * ठूलो छ कुन् लोक् महाँ १६

जन्मैं दासि भएर भाग्य बलियो * हूँदा जगत्का धनी ।
यस्ता नाथ्कन पाइ धन्य छु प्रभो ! * तन्ले र मन्ले पनी ॥
यै रित्ले गरि धेर बिन्ति तिनिले * पक्रेर पाऊ परिन् ।
नाथ्ले चुम्बन गर्नु भो र उ बखत् *आनन्द मन्मा धरिन्॥१७॥

दिन्-दिन् यही तवरले अति प्रेम राखी ।
आनन्दको रस बिहार् पनि खूब चाखी ॥
खुशी भई टहल ती अति गर्न ताहाँ ।
लाग्दी भइन् प्रभुजिका उहि बीच माहाँ ॥१८॥

श्रीकृष्ण सन्तती वर्णन लीला ( ११९ )

भन्छन् श्री शुकदेव हे नरपते ! * श्रीकृष्णजी सङ् महाँ ।
रानी सोह्र हजार एक सय आठ् * लीएर खुश् भै त्यहाँ ।।
लाग्नूभो नित द्वारिका पुरी महाँ * सब्मा अति प्रेम् धरी ।
गर्नै खूब बिहार् र रानि हरु सब् * हुन्थे मगन् हर् घरी ।।१।।

कोही बिहानै उठि अङ्ग माहाँ ।
दल्थे बुकूवा हरि लाई ताहाँ ।।
क्वै स्नान् गराई अति खूशि मन्ले ।
गर्थे टहल् प्रेम सहित् वचन्ले ।।२।।

कोही बनाई पकवान सारा ।
पूरी हलूवा मनभोग बारा ।।
नाना प्रकार्का षड्रस् बनाई ।
ख्वाऊँदथे प्रेम् सित नाथलाई ।।३।।

यस्तै रित्सित नारि हेरु सब ती * आठौं प्रहर् प्रेम् गरी ।
गर्थे श्री हरिका अनेक् तरहले * सेवा टहल् बेसरी ।।
रानी हेरु जती थिए प्रभुजिका * प्रत्येक तिन्का त्यहाँ ।
दश्-दश् पुत्र भई भइन् पछि त एक् * कन्या पनी सब् महाँ ।।४।।

पैदा हूँन गइन् यथा समयमा * रुप्मा र गुण्मा पनी ।
थीए कृष्ण समानकै सब कुमार् * वर्णन् गरूँ के अनी ।।
एक् लाख साठि र एक् हजार् अनि असी * जम्बा कुमार् सब् त्यहाँ ।
थीए रुक्मिणि पुत्र मुख्य हरि भैं * प्रद्युम्न वीर् सब् महाँ ।।५।।

कन्या रुक्मिकि यौटि रुक्मवति नाम् * थीइन् खुबै सुन्दरी ।
त्यै विच्मा हुनगो स्वयम्बर अनी * प्रद्युम्न जीले हरी ॥
ल्याए रुक्मवती अती गुणवती * श्री रुक्मिणीकै सरी ।
थीइन्, तिन्कन पाइ खूब् खुशि भए * प्रद्युम्नजी त्यस् घरी ॥६॥

खूशी भैकन रुक्मले पनि बिहा * प्रद्युम्नका सङ् महाँ ।
वीधी पूर्वक गर्दिए धरि लगन् * भारी तवर्ले त्यहाँ ॥
केही काल् पछि पुत्र रुक्मवतिका * पैदा भए वीर् अती ।
तिन्कै नाम् अनिरुद्ध फेर् हुन गयो * साक्षात् रतीका पती ॥७॥

यस्तै रित्सित धेर् अरू सकल ती * रानी हरूका पनी ।
छोरा वीर पराक्रमी हुन गए * कृष्णै समान्का बनी ॥
नाती पुत्र पनातिले हरि पनी * अत्यन्त शोभित् भई ।
लाग्नूभो बसि गर्न कौतुक ठुलो * सब्का सँगैमा रही ॥८॥

अनिरुद्ध विवाह रुक्म वध लीला ( १२० )

केही काल् पछि फेरि हे नरपते ! * नाती हरीका जसै ।
बालक् श्री अनिरुद्ध क्रम्सित बढे * सोही बरक्तमा तसै ॥
कन्या नातिनि रुक्मकी दिन भनी * बात्-चित् मिलाई लिए ।
पाल्नूभो बलराम जन्ति सब ली * यादव्हरू जो थिए ॥१॥

जन्ती सब् घरमा लगेर खुशि भै * झट् रुक्मवीर्ले पनी ॥
बीहा नातिनिको गरे उहि घरि * सोझो र सामू बनी ।
बीहा श्री अनिरुद्धको हुन गयो * वेदूका विधीले जसै ।
दीए दौलत दाइजो पनि बहुत् * श्रीरुक्म वीर्ले तसै ॥२॥

राजा हेरु तहाँ थिए जति सबै * यो देखि रिस् मन् महाँ ।
लागे गर्न धरेर इख् अति ठुलो * रामका उपर्मा त्यहाँ ।।
फेरी रुक्मजिका अगाड़ि गइ सब् * पारेर भेद् बेसरी ।
लागे गर्न कुरा यि यादवहरू * छल् गर्दछन् हर् घरी ।।३।।

दाईजो दिनुभो जती ति सबमा * किञ्चित् रती-भर् पनी ।
मानेनन् अधिदेखिका खुनि ति हुन् * यो बात साँचो भनी ।।
जान्नू होस् छल एक् गरी धन सबै * खेली जुआ यै घरी ।
ल्यूँ फिर्ता गरि लौ तुरुन्त नृपते ! * बल्रामलाई धरी ।।४।।

यो सल्लाह सुनेर ती सकलको * हो बात साँचो भनी ।
डाके झट् बलरामलाइ खुशि भै * ती रुक्म वीर्ले अनी ।।
अभ्यास् धेर् छ तपाइँलाइ बलजी ! * यस् द्यूत-विद्या महाँ ।
तस्मात् कारण खेल्नलाइ छ ठुलो * इच्छा मलाई यहाँ ।।५।।

आदर् पूर्वक यी वचन् बलजिले * सुन्नू भएथ्यो जसै ।
हर्जा के छ तयार् म छू भनि दिंदा * जूआ मच्यो घोर् तसै ।।
दश् बाजी विर रुक्मले जिति लिए * पैह्ले पछी फेर् अनी ।
राख्नू भो दश अर्ब धन् उहि घरी * बल्रामजीले पनी ।।६।।

जित्नू भो बलरामले जब सबै * राजाहरू भेल् गरी ।
लागे भन्न कराइ रुक्म विरले * जीते भनी त्यै घरी ।।
झोंकीई बलरामले सकल धन् * थापी दिए फेर् जसै ।
जीते यो पनि रुक्मले भनि झुटो * बोल्दाभए सब् तसै ।।७।।

यस्तो भारि अनर्थ ती सकलको * देखेर झट् त्यै घरी ।
आकाश्वाणि भयो जिते बलजिले * भन्ने त सूचन् गरी ।।

आकाश्वाणि समेत् नटेरिकन सब् * बल् गर्न लागे त्यहाँ ।
छेड्का बात भए दुवै तरफको * दौलत् रह्यो बिच्महाँ ।।८।।

जूआको तिमि मर्म जङ्गलि अहीर् * के जान्न सक्छौ भनी ।
निन्दा श्री बलदेवको गरि लिए * रुक्मादि सब्ले अनी ।
यस्ता रित्सित हँस्सि श्री बलजिको * सब्ले गरेथे जसै ।
ठोक्नू भो भइ क्रुद्ध श्री बलजिले * मूशल् हलोले तसै ।।९।।

बज्र्यो जोर्सित रुक्मका शिर महाँ * मूशल् जसै त्यै घरी ।
प्राण् त्यागीकन रुक्मविर् गिरि गए * छाद्दै रगत् त्यै घरी ।।
हाँस्थे जो नृपहेरु हँस्सि गरि खूब् * तिन्लाइ पक्री अनी ।
ठोक्नू भो सबलाइ भाँचिकन दाँत् * लौ हाँस् अरु फेर् भनी ।।

यस्ता रित्सित चोट खाइ सब ती * राजाहरू घर् महाँ ।
फर्के भागि र फेरि कृष्णजि हरू * थीए रहेका जहाँ ।।
पाल्नू भो बलराम यादव हरू * सब् लाइ सङ्मा धरी ।
हर्षित् भै दुलहा लिई पुरि महाँ * फिर्नूभयो राम्-हरी ।।११।।

उषा अनिरुद्ध सम्मिलन लीला ( १२१ )

भन्छन् श्री शुकदेव हे नरपते ! * जस्ता प्रकार्ले यहाँ ।
ल्याए श्री अनिरुद्धले अघि उषा- * लाई हरी घर् महाँ ।।
फेरी श्री हरिले जसोरि अभिमान् * बाणा-सुरैको पनी ।
तोड़ी दीनु भयो उ सब् म गरछू * विस्तार् यसो हो भनी ।।१।।

ब्रह्माका कुलमा अघी मुनि ठुला * कश्यप्जि पैदा भए ।
तिनका पुत्र हिरण्यकश्यप ठुला * सामर्थि वीर् भै गए ।।

फेरी भक्त प्रह्लाद पुत्र तिनिकै * हूँदा भए क्रम् गरी ।
फेर् बीरोचन तीनिकै सुत भए * राजा वली नाम् धरी ।।२।।

राजा ती बलिको भयो अनि पछी * एक् पुत्र पैदा त्यहाँ ।
बाणासुर् भनि नाम त्यस् असुरको * प्रख्यात् भयो जग् महाँ ।।
बल्मा त्यो बलि-पुत्रका उस घरी * जोड़ी कुनै वीर् पनी ।
थीएनन् गरि ध्यान् पुजा शिवजिको * बस्थ्यो सदा त्यो अनी ।।३।।

एक् दिन् श्री शिवको गरीकन पुजा * खूशी गराऊँ भनी ।
लाग्यो नाच्न बजाइ खूब् सित मृदङ् * गद्-गद् बहूतै बनी ।।
त्यो देखी अति खुश् भएर शिवले * भन्नू भयो यो त्यहाँ ।
हे बाणासुर भक्त ! माग वर क्यै * इच्छा भए मन् महाँ ।।४।।

त्यो आज्ञा शिवको सुनी खुशि भई * दानव् पनी त्यै घरी ।
माग्दो भो वर हात जोरि शिवको * लम्बेर पाऊ परी ।।
गर्छन् जो जन भक्ति ध्यान प्रभुको * आशा मनैमा धरी ।
तिन्को पूर्ण भई मनोरथ सदा * बस्छन् मगन्मा परी ।।५।।

हे भक्तवत्सल ! प्रभो ! करुणा जनाई ।
दी बक्सियोस् वर यही अहिले मलाई ।।
मेरा समान विर क्वै जग बीच माहाँ ।
हूँदै न हुन् सब रहुन् वशमा ति याहाँ ।।६।।

मेरा शोणित-पुर् महाँ हजुरका * गण् हेरु रक्षा गरुन् ।
हज्जार् बाहु मलाइ बक्सनु हवस् * जस् देखि सारा डरुन् ।।
यस्तो श्री शिवले सुनेर विनती * 'होला तथास्तू' भनी ।
दीनू भो वर यो जसै हुन गयो * त्यो बाण-वीर् खुश् अनी ।।

पाई यो वर खूब् रमाइ मनमा * फक्र्यों असुर् घर् जसै ।
वशमा पारि लियो अजेय भइ सब् * लाई जिती झट् तसै ॥
जाऊँ लड्न कता छ को विर भनी * गर्व गर्दथ्यो यै सदा ।
आखिर् कोहि न पाइ फोर्नकन त्यो * लाग्यो पहाड् ली गदा ॥८॥

कैल्हे वृक्ष शिला उठाइ करले * फ्याँकेर बल् पोख्तथ्यो ।
यस्तै रित्सित लड्न खातिर असुर् * जोरी सदा खोज्दथ्यो ॥
आखिर्मा बल गर्वले अति भई * उन्मत्त झट् त्यै घरी ।
पौंच्यो बाण् शिवका अगाड़ि गइ फेर् * हात् जोरि पाऊ परी ॥९॥

लाग्यो गर्न असूर बिन्ति प्रभुले * ऐल्हे मलाई यहाँ ।
हज्जार् हात् दिइ बक्सियो खुशि भई * शक्ती शरीरै महाँ ॥
त्यस्को भार अधिक् भयो मकन नाथ् * कस्ता हिसाब्ले गरी ।
आफ्नू बल् अजमाउँ जोड़ि त कुनै * देख्दीन तिन्लोक् भरी ॥१०॥

तस्मात् जोड़ि कुनै बताउनु हवस् * जस्को सँगैमा लड़ी ।
आफ्नू शेखि पुरा गरूँ लड़ि बहुत् * भीड़ेर सामू भई ॥
नाहीं ता प्रभुनै लड़ेर अहिले * मेरा सँगैमा यहाँ ।
इच्छा पूर्ण गराइ बक्सनु हवस् * जाऊँ अरू लौ कहाँ ॥११॥

यस्ता बात् सुनि बाणका शिवजिले * चिन्ता मनैमा गरी ।
भन्नू भो अभिमान् भएछ बलको * यस्लाइ लौ यस् घरी ॥
यस्को लौ अब गर्व टुट्छ सहजै * यो बात् विचारी अनी ।
भन्नू भो मनमा न गर् तँ अहिले * चिन्ता रतीभर् पनी ॥१२॥

केही दिन् पछि श्री यदूकुलमहाँ * श्रीकृष्ण औतार् जसै ।
होला त्यै घरि जोड़ि लड्न सक्नै * पाएर रणमा तसै ॥

गर्लास् युद्ध भनेर भन्नु जब भो * सोझो भयो यो पनी ।
होला सूचन नाथ्! कसोरि भकनै *त्यो वीर जन्म्यो भनी ।।१३।।

यस्तो प्रश्न सुनी उसै घरि ध्वजा * दीएर एक् झट् त्यहाँ ।
भन्नू भो शिवले लगेर धरिले * यस्लाइ घर् बिच् महाँ ।।
गिर्ला जुन् दिन यो ध्वजा उहि घरी * आफैं अवश्यै पनी ।
जान्नू श्री यदुवंशमा हुन गयो *श्रीकृष्ण औतार् भनी ।।१४।।

आज्ञा यो सुनि शम्भुको लिइ ध्वजा* खूशी भई त्यै घरी ।
बाणासुर् घर फर्कि गो मन मनै * आशा अटल् यै धरी ।।
लाग्यो पर्खन फेरि जोडि कहिले * मिल्ला लडूँला भनी ।
त्यस्की पुत्रि उषा थिइन् अति सुशील्*सुन्दर् स्वरुप्की धनी।।१५।।

पढ्थिन् दिन्‌दिन गै उमासँग तिनी * अत्यन्त खूशी भई ।
गर्थिन् खूब टहल् लिएर मनमा * भक्ती समीप्मा रही ।।
देख्ता पार्वतिले सदा शिवजिको * सेवा गरेको त्यहाँ ।
ठान्थिन् चाकरि स्वामिको म गरुँला* यस्तै भनी मन्‌महाँ ।।१६।।

तिन्‌को बात् मनको बुझी सकल फेर् * श्री पार्वतीले पनी ।
खूशी भै वर यो दिइन् रहु घरै * मिल्ने पती छन् भनी ।।
दर्शन् पाउलि स्वप्नमा तिमि भनी * वर्दान पाइन् जसै ।
आइन् फर्कि उषा हुँदै खुशि बहुत् * मन्मा अनी फेर् तसै ।।१७।

दिन्-दिन् खूब् तरुणी हुँदै क्रमसितै* आइन् उषा फेर् तहाँ ।
कैह्ले स्वामि म पाउँला भनि सदा * शोच् गर्दथिन् मन्‌महाँ ।।
तिन्का खातिर एक सुन्दर महल् * बेग्लै पिताले अनी ।
दीए झट्ट बनाइ कान्ति रति क्यै * थीएन चीज्-बिज् पनी ।१८।

साथमा ली सखिहेरु बस्न खुशि भै * लागिन् उषा फेर् त्यहाँ ।
होला वर् कहिले सफल् भनि सदा * आशा लिई मन् महाँ ॥
एक् दिन् श्रीअनिरुद्ध लाइ तिनिले * रात्री विषे स्वप्नमा ।
देखिन् भोग-विलास् गरेर रहँदी * आफ्ना त्यहाँ सङ्गमा ॥ १९ ॥

ब्यूँझी फेरि नदेखि हा प्रिय ! भनी * आशक्त भै मन् महाँ ।
लागिन् रून उसै घरी सखि थिइन् * नाम् चित्ररेखा त्यहाँ ॥
लागिन् सोध्न ति आइ हाल् जति सबै * आश्चर्य साह्रै भई ।
हो त्यो कौन पुरुष् विहार् गरि लियौ * कस्का सँगैमा रही ॥ २० ॥

खोज्यौ लौ कसलाइ प्रेम रसमा * कस्मा डुब्यौ सुन्दरी ! ।
सब् बात् सत्य बताउ के हुन गयो * चिन्ता न ली धीर् धरी ॥
छोरी मन्त्रि कुभाण्डकी अति चतुर् * थिन् चित्ररेखा पनी ।
तिन्ले सोधि लिंदा यसोरि खुशि भै * भन्छिन् उषा फेर् अनी ॥ २१ ॥

हे प्यारी सखि ! आज स्वप्न बिचमा * सुन्दर् पुरुष् एक् अती ।
श्यामल् रङ्ग कमल् सरी नयन खूब् * मानू रतीका पती ॥
देखें पासमहाँ जसै भइ विवश् * प्रेम्मा अगाड़ी सरी ।
आँटें गर्दछु अंकमाल् भनि जसै * जागी गएँ त्यै घरी ॥ २२ ॥

जागें जाग्न तथापि पागल सरी * होश् छैन केही पनी ।
मेरो चित्त हर्‍यो उसै पुरुषले * साह्रै निठुर् भैं बनी ॥
पाऊँ त्यै मन-चोरलाइ कसरी * हा दैव ! कुन् काम् गरी ।
काहाँ गै ढुँडुँ हे सखी ! विरहमा * आयो मरण्को घरी ॥ २३ ॥

नाऊँ गाउँ पनी म जान्दिन भनी * विस्तार् गरीथिन् जसै ।
भन्छिन् फेर् सुनि हाल् बुझाइकन यो * ती चित्ररेखा तसै ॥

फिक्री केहि न लेउ प्यारि ! अहिले * मन्-चोर तिम्रा जहाँ ।।
होलान्, गै तिन लोकमा म सहजै * हाजिर् गरूँला यहाँ।।२४।।

मेरो दिव्य गती छ जान सब ठाम् * सक्छू सुन्यौ सुन्दरी ! ।
केवल् नाम पता बताउ चिन्हु क्यै * तिन्को विचार् खूब् गरी ।
यो सूनीकन भन्दछिन् प्रिय सखी * नाम्-ग्राम् पता क्यै पनी ।
जान्दीहूँ त वृथा यहाँ किन म शोच् * गर्थें र व्याकुल् बनी।।२५।।

यस्ता बात् सुनि भन्दछिन् गम गरी * फेर् चित्ररेखा त्यहाँ ।
तस्वीर् लेखि म दिन्छु सब् अमरगण् * मानिस् हरूको यहाँ ।।
एक्-एक् हेरि चिन्ही बताउ सखि ! हुन्*यिन्मा यि प्यारा भनी ।
पत्ता लाइ म ल्याइ दिन्छु उ पुरुष् * काहीं हवस् तापनी ।।२६।।

येती बात् भनि फेरि चित्र सबको * लेखेर अन्तिम् महाँ ।
देखाइन् खिंचि चित्र श्री हरिजिको * तिन्ले दुरुस्तै त्यहाँ ।।
भन्छिन् मन्मन हर्ष मानिकन त्यो * देखेर ऊषा अनी ।
रूप् ता हो यहि हे सखी ! तर पुरुष् * यो छैन दिल्को धनी।।२७।।

यो सूनी सखिले विचार् गरि लिइन् * श्रीकृष्णका कुल् महाँ ।
यिन्को प्रेमि रहेछ निश्चय भयो * ऐह्ले मलाई यहाँ ।।
सोची येति प्रद्युम्नको उहि घरी * लेखेर तस्वीर् अनी ।
सोधिन् हे सखि ! लौ बताउ यिनि नै * हुन्की पियारा भनी।।२८।।
पैह्ले ता यहि हो भनिन् अनि पछी * फेरी परीक्षा गरी ।
आखिर् छैन भनिन् र फेरि सखिले * लेखेर झट् त्यै घरी ।।
देखाइन् अनिरुद्धको पट जसै * अत्यन्त प्यारो गरी ।
लागिन् भन्न उषा 'यिनै हृदय चोर् * हुन् प्राणतुल्यै सरी'।।२९।।

येती बात् भनि हर्ष मानि बहुतै * तस्वीर् लिइ कर् महाँ ।
लागिन् प्रेमूसित स्वाइँ खान पटको * राखेर छाती महाँ ॥
यो देखी सखिले भनिन् बुझि लिएँ * तिम्रा पियारा पती ।
बेसै भो सखि ! ल्याइ दिन्छु हरिको * हुन् नाति सुन्दर् अती ।३०।

येती बात् सखिले भनी तुलसिको * माला लगाई अनी ।
गोपी चन्दन छाप् तिलक् धरि लिइन् * प्रत्यक्ष वैष्णव् बनी ॥
काख्मा श्री भगवद्गिता पनि धरी * भक्ती लिई मन् महाँ ।
ऊषा सीत बिदा भई चलि गइन् * वायू गतीले त्यहाँ ॥३१॥

पोँचिन् झट् गइ द्वारिका पुरि महाँ * सोही बखत्मा जसै ।
गर्थ्यो चक्र प्रभुजिका नगरिको * रक्षा जतन्ले तसै ॥
देखी तिन्कन जानि वैष्णव 'सुदर्- * शन्' ले बिना क्यै भनी ।
बाटो जान् दियो र झट् गइ पसिन् * नाथ्का महल्मा अनी ॥३२॥



देखिन् श्री अनिरुद्ध लाइ निंद्मा * तिन्ले जसै त्यै घरी ।
झट् पट् पङ्कि पलङ्समेत् लिइ उड़िन् * वायू-गतीले गरी ॥
छिन्भर्मा लगि खोपिमा धरि दिइन् * ऊषा रहन्थिन् जहाँ ।
'तौ आनन्द-समुद्रमा डुब भनी' * आफू फिरिन् घर्महाँ ॥३३॥

थीए श्री अनिरुद्ध त्यस् घरि अचेत् ※ निंद्मा उषा त्यै घरी ।
तारीफ् खूब् गरि धन्यवाद् सखिमा ※ गर्दी भइन् प्रेम् गरी ।।
जान्छू सुत्न भनी सबै सखिहरू ※ जाँदा भए घर् महाँ ।
कैल्हे जाग्नु हुनेछ नाथ् भनि रहिन् ※आफू पलङ् बीच्महाँ।३४।।

क्यै बेर्मा अनिरुद्ध जागृत भए ※ सोही बखत्मा जसै ।
झन् लाज्मानि रहिन् उषा हृदयमा ※ उत्साह ली धेर् तसै ।।
देखी तिन्कन यो कउन् नगरि हो ※ आएँ कसोरी भनी ।
लागे श्री अनिरुद्ध भन्न मनमा ※ एक्दम् चकित् भैं बनी।३५।

सोधे फेरि 'बताउ सुन्दरि ! तिमी ※ को हौ कसोरी यहाँ ? ।
आएँ रात महाँ पलङ् सहित यस् ※ अन्जान ठाऊँ महाँ' ।।
यस्ता बात् सुनि लाजले अधिक झन् ※ संकोच मन्मा गरी ।
उत्तर् केहि न दी रहिन् मुख-कमल् ※ हेर्दै उषा सुन्दरी।।३६।।

यो देखीकन झट् समाति करले ※ राखी पलङ् बिच् महाँ ।
लागे श्री अनिरुद्ध गर्न प्रिय बात् ※ संकोच् हटाई त्यहाँ ।।
काख्मा लीकन अङ्कमाल् गरि तसै ※ चुम्बन् अधर्को पनी ।
लीए खूब् सित कुच् समाति करले ※ उन्मत्त साह्रै बनी ।।३७।।

यस्तै रित्सित प्यारि भैकन उषा ※ आनन्द मन्मा धरी ।
लागिन् गुप्ति हिसाबले सुख विहार् ※ गर्नै अती प्रेम् गरी ।।
तिन्का सब् सखिहेरुले पनि बुझे ※ चाला उषाको जसै ।
गर्थिन् भोग-विलास ती हरघड़ी ※ देखे सखीले तसै ।।३८।।

श्रीकृष्ण बाणासुर संग्राम लीला ( १२२ )

हे राजन् ! सबले बुझे अलि-अली * चाला उषाको जसै ।
बाणासुर् सित गै कुनै पुरुषले * चुक्की लगायो तसै ।।
चाला बिघ्न खराप् बुझिन्छ अहिले * स्वामित् कुमारीजिको ।
निस्कन्नन् घर देखि बाहिर कतै *बात्छैन यो ता निको।।१।।

कोठैमा बसि दिन् बिताइ फुस-फुस् * गर्छिन् कुरा रात् महाँ ।
पक्का बात बुझिन्छ क्यै पुरुषका * सुत्छिन् तिनी सङ् महाँ।।
देख्तैनौं सब बात स्पष्ट तर नाथ् ! * सन्देह पूरा भई ।
बिन्ती पारि लियौं उचित् जउन हो * सो गर्नुहोस् झट् गई।।२।।

यस्ता बात् सुनि बाणले उहि घरी * रिस्ले अती चूर् भई ।
दीयो उर्दि सबै महाँ तिमिहरू * ली शस्त्र ऐहे गई ।।
चौतर्फी सित घेर लौ महल त्यो * ऊषा बसेकी जहाँ ।
एकैछिन् पछि आउँछू म पनि सब् *हाल्-चाल बुझ्ने त्यहाँ।।३।।

आज्ञा यो सुनि विर्हरू उहि घरी * हात्मा हतीयार् घरी ।
दल् बाँधी सबले महल् कन गई * घेरी लिए त्यै घरी ।।
त्यो देखी डरले अती थर–हरी * ऊषा भइन् मन् महाँ ।
सम्झाए अनिरुद्धले प्रियतमे ! * डर् क्यै नलेऊ यहाँ।।४।।

नाती म हूँ श्री हरिको पियारी ! ।
छोड्छू कहाँ सैन्य विनाश् न पारी ।।
नाथ्का प्रतापले सब ध्वस्त गर्छू ।
तिम्रो सबै दुःख र ताप हर्छू ।।५।।

दीं दै थिए धैर्य पियारि लाई ।
सोही बखत् सब् विर हेरु आई ॥
लीए इरादा अनिरुद्ध लाई ।
बाँध्ने भनी झट् बलले समाई ॥६॥

त्यो देखी अनिरुद्धले पनि शिला ※ सौ हातको एक् त्यहाँ ।
वज्रे तुल्य उठाइ तत्पर भए ※ सन्मुख् उसै बिच् महाँ ॥
झम्टे पक्रन वीरहरू जब सबै ※ सोही शिलाले गरी ।
ठोके श्री अनिरुद्धले उहि घरी ※ व्याकुल् भए सब् अरी ॥७॥

लागे फेर् सब छोड्न साहस धरी ※ शस्त्रादि धेर् कोप् गरी ।
तोड़े सब् अनिरुद्धले उहि शिला ※ लिएर सामू सरी ॥
भागे सब् विर हार खाइ जब फेर् ※ तिन्का पछाड़ी गई ॥
ठोके केहि मरे कती शिर फुटी ※ लोटे ति मूर्च्छित् भई ॥८॥

त्यो देखीकन बाण क्रुद्ध अति भै ※ मार्छू म ऐह्ले भनी ।
आयो झम्टि लिई त्रिशूल करमा ※ कालाग्नि रूप्को बनी ॥
भाँचे झट् अनिरुद्धले त्रिशुल त्यो ※ फेरी अरू सब् जती ।
छोड्थ्यो श्री अनिरुद्ध टुक्-टुक गरी ※ दिन्थे हतीयार् उती ॥९॥

हार् मानी पछि फेरि बाण विरले ※ खूब् क्रुद्ध भै मन् महाँ ।
नाग् पाशले अनिरुद्ध लाइ सहजै ※ बाँधी लियो झट् त्यहाँ ॥
ब्रह्माको बुझि पाश हुन्छ अपमान् ※ तोडी दिंदा यो भनी ।
बन्धन्मा अनिरुद्धजी परि गए ※ हुन् शक्तिवान् तै पनी ॥

तिन्लाई लगि कैदमा असुरले ※ राख्यो अती क्रोध् गरी ।
राख्यो थूनि न निस्कनू भनि उषा- ※ लाई पनी त्यै घरी ॥

हा स्वामी ! प्रियनाथ हा ! परनुभो * दुख्मा भनी खूब् त्यहाँ ।
लागिन् रून उषा विलाप् गरि बहुत् * संताप ली मन् महाँ ॥११॥

बीत्यो चार् महिना यही तवरले * शोक् गर्न के भो भनी ।
लाग्नू भो अनिरुद्ध वीर नहुँदा * श्रीकृष्ण बल्राम् पनी ॥
आई नारदले उसै घरि सबै * सम्चार् हरीमा दिए ।
यो यो हाल भयो यसो भनि कही * बीदा भई ती गए ॥१२॥

यो हाल् नारदबाट पाइ सँगमा * ली यादवी फौज् हरी ।
पाल्नू भो जब त्यस् घरी हुन गयो * शोणीतपुर् थर्-हरी ॥
बल्राम् वीर प्रद्युम्न भै सँग महाँ * श्री कृष्णजीले गई ।
किल्ला-गढ् सब तोडि बक्सुनु भयो * अत्यन्त क्रोधित् भई॥१३॥

आफ्ना भक्त उपर् पऱ्यो दुख भनी * साह्रै दयालू भई ।
पुग्नू भो शिवजी लिई गण सबै * सोही बखत्मा गई ॥
भीड़े यादव दल् असुर् दल दुवै * जोड़ा मिलाई त्यहाँ ।
साक्षात् काल-स्वरूप शंकर भिड़े * गै कृष्णका सङ्महाँ॥१४॥

बाण्को पुत्र त स्कन्द गैकन भिड्यो * प्रद्युम्नका सङ् महाँ ।
बाणासुर् बलरामका सँग भिड्यो * बाँधेर जोड़ी त्यहाँ ॥
लागे गर्न यही तवर् सित दुवै * दल् द्वन्द-युद्धै जसै ।
आए हेर्न खुसी हुँदै समर त्यो * ब्रह्मादि द्यौता तसै ॥१५॥

शम्भूले धनु ली पिनाक शर धेर् * छोड़ी दिए त्यै घरी ।
शारङ्गै धनुमा चढ़ाइ कन बाण् * हान्दा भए श्रीहरी ॥
छोड़े पाशुपतास्त्र शंकरजिले * श्री कृष्णजीले पनी ।
नारायण् शर हानि रोकि दिनुभो * सोही बखत्मा अनी॥१६॥

फेर् अग्नी-शर शम्भुले गरि प्रहार् * व्याकुल् गराई दिए।
छोडी बारुणि अस्त्र शान्ति हरिले * ताहीं फिंजाई लिए !।
यै रित्ले हरि-हर् दुई समरमा * लड्थे अती कोप् गरी ।
हेर्थे सब् जन त्यो समर् मन महाँ * आश्चर्य माहाँ परी।।१७।।

हार्-जीत् केहि न भै भयंकर अती * संग्राम हूँदा महाँ ।
काट्थे बाण् बिचमै हरीजि त जती * छोड्थे सदाशिव् त्यहाँ ।।
आखिर् आलस बाण् चलाइ हरिले * सब्लाइ बेहोश् गरी ।
दानव् दल्कन ध्वंस गर्न अनि फेर् * लाग्नूभयो त्यै घरी।।१८।।

शंकर्का सब गण्हरू पनि विकल् * भै भाग्न लागे जसै ।
अल्छी लागि ति हाइ-हाइ गरने * लागे सदाशिव् तसै ।।
हट्नू भो शिवजी अलिक् पर गई * विश्राम गर्छू भनी ।
मारे त्यै घरि स्कन्दलाइ रणमा * प्रद्युम्नजीले पनी ।।१९।।

काटे मन्त्रि कुभाण्डको शिर प्रभू- * जीले पनी त्यै घरी ।
त्यो देखीकन क्रुद्ध बाण् प्रभुजिको * आयो अगाडी सरी ।।
लाग्यो छोड्न हजार कर् बिच धनू * लीएर शर् त्यो जसै ।
हानी चक्र प्रभूजिले सकल ता * काटी दिनूभो तसै ।।२०।।

फेर् रथ् सारथि अश्व काटि दिनू भो * सोही बखत्मा त्यहाँ ।
व्याकुल् भै नसकेर टिक्न झट बाण् * सोही बखत्मा त्यहाँ ।
दौड़े शंख बजाइ जोर् सित हरी * त्यस्लाइ पक्रूँ भनी ।
दानव्का पछि लागि सोहि घरिमा * गर्दै ठुलो हाँक् अनी।।२१।

छोरा लाई बचाउनू अब पऱ्यो * भन्ने विचार्मा परी ।
माता बाणकि 'कोटरा' प्रभुजिका * आई आगाडी सरी ।।

लज्जा त्यागि झिकेर सारि कटिको * नाङ्गी खड़ा भै जसै ।
त्यो देखीकन नेत्र चिम्लि यदुनाथ् * फिर्नूभयो झट् तसै ।।२२।।

एक् अक्षौहिणि सैन्य ली असुर फेर् * आयो अगाड़ी सरी ।
लड्छू कृष्णजिका भनेर सँगमा * मन्मा ठुलो इख् धरी ।।
लाग्यो गर्न प्रहार शर् हरि उपर् * त्यस् बाणले धेर् जसै ।
बीचैमा शर छोडि काटि दिनुभो * नाथ्ले पनी झट् तसै।।२३।।

फेर् हात्ती, रथ, अश्व, सैन्य हरिले * संहार् गरे छिन् महाँ ।
आए फेर् गण रुद्रका अघि सरी * सोही बखत्मा त्यहाँ ।।
बीस् अक्षौहिणि फौज यादब मिली * घेरी लिएथे जसै ।
त्यो देखी कन बाणले पनि हुकुम् * दींदोभयो यो तसै ।।२४।।

बीस् अक्षौहिणि फौज् तयार् गरि सबै * मेरा पनी यै घरी ।
ल्याऊ लड्न भनेर ध्यान् शिवजिको * गर्दो भयो प्रेम् गरी ।।
हे नाथ् ! हे प्रभु ! यस् घरी हजुरले * आएर रक्षा यहाँ ।
गर्नू होस सहाय दी मकन झट् * राखी दया मन्महाँ ।।२५।।

यस्तै रित्सित ध्यान् गरेर शिवको * सज्जित् भई त्यै घरी ।
पौंच्यो बाण् रण-भूमिमा गइ अती * हुँकार ठूलो गरी ।।
ह्वौ मेरा तिमि भक्त केहि मनमा * चिन्ता न लेऊ रती ।
रक्षा गर्छु अवश्य जान मनमा * तिम्रो भनूँ धेर् कती ।।२६।।

सम्बोधन् गरि बाण लाइ यसरी * शंकर्जिले झट् तहाँ ।
कृष्णैनेर पठाइयो विषम ज्वर् * डाकेर त्यै काल् महाँ ।।
शिर् तिन् नौ पद तिन् नयन् छ कर छन् * जस्को छ भीषण् स्वरूप् ।
पूग्यो त्यो ज्वर यादवी गण महाँ * दींदो भयो ताप खूब् ।।२७।।

ज्वर्ले व्याकुल यादवी विर हरू * हूँदा भए खूब् जसै ।
गर्नू भो हरिले प्रकट् उहि घरी * ज्वर् शीतलाई तसै ।।
माहेश्वर् ज्वर वैष्णवी ज्वर दुई * भिड्दा भए त्यस् घरी ।
संग्राम् भारि भयो विषम् र शितज्वर् * मिल्दा अती कोप्गरी ।। २८।।

आखिर् शीत प्रबल् भएर शिवको * ज्वर्लाइ बाधा गर्‍यो ।
साह्रै त्रास हुँदा विषम् शिवजिका * आएर पाऊ पर्‍यो ।।
भन्नू भो शिवले बिना प्रभुजिकै * सारा जगत् भर् महाँ ।
सक्तैनन् ज्वर यो हटाउन कुनै * जाऊ हरी छन् जहाँ ।। २९।।

शक्तीहीन् भइ फेरि त्यो विषमज्वर् * काम्दै अती त्यै घरी ।
जान्छू कृष्णजिथ्यैं भनीकन गयो * भक्ती मनैमा धरी ।।
थीए श्री प्रभुजी जहाँ उहिं गई * व्याकुल् बहूतै भई ।
पर्दो भो प्रभुका चरण् कमलमा * लत्रेर जल्दी गई ।।३०।।

माहेश्वर ज्वर कृत श्रीकृष्ण स्तुती लीला ( १२३ )

हे लोकनाथ ! दुखभञ्जन ! हे मुरारी ! ।
हे भक्तवत्सल ! प्रभू ! दुख ताप हारी ।।
हे देव-देव भगवन् ! बहु-रूप धारी ! ।
मारेर दुष्ट लिनुहुन्छ भु-भार् उतारी ।।१।।

सक्दीन गर्न प्रभुको स्तुति क्यै म याहाँ ।
हूँ मूढ मन्दमति मस्त छु गर्व माहाँ ।।
हे नाथ ! शीत ज्वरले बहुतै सतायो ।
बाधा गरी जिउ महाँ बहुतै कमायो ।।२।।

आँटे म मर्न अब निश्चय भागि आएँ ।
लीनू हवस् शरणमा प्रभु, बिन्ति लाएँ ।।
यस्तो स्तुती विषमको सुनि खुशि मानी ।
भन्नू भयो प्रभुजिले अति प्रेम वाणी ।।३।।

'हे माहेश्वर ज्वर् ! निडर् भइ रहू * मेरा कृपाले गरी ।
बाँच्यौ नाहिं मरण् थियो दुख सबै * जाऊ गयौ लौ टरी ।।
मेरा छन् जति भक्त तिन्कन कबै * बाधा न दीए गई ।
यो सूनी ज्वरले गऱ्यो विनति फेर् *अत्यन्त गद्-गद् भई ।।४।।

'हे नाथ् ! जो जन यो चरित्र सुनलान्* एकाग्र मन्ले जबै ।
तिन्लाई रति शीतको विषमको * होला न बाधा कबै ।।
बिन्ती येति गरी परी चरणमा * बीदा भई ज्वर् गयो ।
फेर् लड्छू भनि बाण श्री प्रभुजिका * सामू रणैमा भयो ।।५।।

तिन्लाई पनि वीर यादव हरू * जम्मा भई त्यै घरी ।
लागे पिट्न अनेक् प्रकार्सित बहुत् * वर्षा शरैको गरी ।।
बाणासुर् न सकेर टिक्न शिवको * फेर् गै शरण्मा पऱ्यो ।
साह्रै खेद् मनमा लिएर दुइ कर् * जोरेर बिन्ती गऱ्यो ।।६।।

हे गौरीपति ! ईश ! शंकर प्रभो ! * क्रोधित् हुनू भो र की ।
मैलाई यस युद्धमा हजुरको * मार्ने इरादा छ कि ? ।।
मेरा मालिक इष्ट देव हजुरै * साक्षात् हुँदामा पनी ।
ऐह्ले यो हविगत् भयो कसरि ज्यान् * राखूँ बचाई अनी ।।७।।

यादव् सब् उठि हुल् विनाश् गरि सके* गर्नू न गर्नू यहाँ ।
नाथ्कै आधिनमा छ के गरुँमधेर् * बिन्ती हजूरै महाँ ।।

यै रित्ले गरि बाण धेर् शिवजिको * लत्री चरण्मा परी ।
लाग्यो गर्न पुकार् पठाउँनु भयो * रण्मा जहाँ छन् हरी ।।८।।

थाल्यो गर्न प्रहार फेर् शर अनेक् * हज्जार कर्ले जसै ।
शोच्नू भो हरिले पनी उहि बखत् * मन्मा विचारी तसै ।।
तोड्छू शेखि म यो घमण्डि हुनगो * साह्रै भनी फेर् त्यहाँ ।
चार् हात् राखि अरू गिराइ दिनु भो * काटी उसै बिच्महाँ ।।९।।

आँटे ज्यान् लिन लौ भनी शिवजिले* सामू हरीका गई ।
भन्छन् हे प्रभु !आज ज्यान् नलिनुहोस्* यस्को दयालू भई ।।
हो यो भक्त हजूरको पनि सदा * यस्का उपर् प्रेम् धरी ।
यस्को सब् अपराध् क्षमा गरि दिनोस् *हे नाथ् ! दयालू हरी।।१०।।

यस्तो श्री शिवको सुनेर विनती * खुश् भै हरीले पनी ।
मर्जी भो शिवजी ! म मार्दिन कसै * चिन्ता नलीनोस् भनी ।।
जस्ले भक्ति तपाईंको गरि लियो * त्यो प्रेमि मेरो भयो ।
मान्छन् जो जन भेद् हामि दुइमा *त्यो कुंभिपाकमा गयो।११।।

यस्ले ध्यान तपाईंको गरि लियो * एकाग्र मन्ले गरी ।
तस्मात् कारण खुश् म छू यस उपर् * जान्नू हवस् यस् घरी ।।
जस् लाई वर दीनु भो हजुरले * रक्षा म त्यस्को सदा ।
गर्ने छू यस लाइ निर्भय गरें * होवैन डर् क्यै सदा ।।१२।।

हात् काटी सब चार बाहुलि फगत् * राखी दिएँ यस् घरी ।
शेखी मात्र हटोस् भनेर शिवजी * चिन्ता नहोस् क्यै गरी ।।
यस्तो श्री हरिको सुनी कन कुरा * शङ्कर्जि खूशी भई ।
पाल्नू भो गरि दण्डवत् भइ विदा * कैलाश् तिरै गण् लिई।१३।।

बाणासुर् कन फेरि भन्नु हरिले * भो, 'वीर' शेखी रती ।
पैह्लै भैं अब आज देखि न गरेस् * तेरो रहोस् सद्‌मती ॥
आज्ञा यो सुनी खूशी भै प्रभुजिका * पाउँ विषे शिर् धरी ।
'हे नाथ् ! पाऊँ क्षमा भनेर हरिको * सत्कार् गर्‍यो बेसरी॥ १४॥

ल्याई फेर् अनिरुद्ध लाइ र उषा * राखेर पाल्की महाँ ।
पैर्‍हाई कन वस्त्र भूषण असल् * धन्-रत्न दी धेर् त्यहाँ ॥
बीदा प्रेम सहित् गर्‍यो हरि पनि * नाती बुहारी लिई ।
फिर्नू भो घर तर्फ शीघ्र सबका * सङ्‌मा अती शोभिई॥ १५॥

नृग राजा मोक्ष लीला ( १२४ )

इक्ष्वाकू कुलमा अघी नरपते ! * राजा कुनै एक् यहाँ ।
थीए खूब प्रतापि नाम् नृग भनी * प्रख्यात पृथ्वी महाँ ॥
दानीमा पनि ती सरी उस बखत् * कोनै थिएनन् वहाँ ।
हज्जार् गाइ सुवर्ण साथ् दिन दिनै * दान् गर्दथे ती त्यहाँ ॥ १॥

क्याबात हुन् यिनि दानि पुण्य गरछन् * यस्ता प्रकार्ले भनी ।
गर्थे तारिफ खूब प्राणि हरु सब् * सोही बखत्‌मा अनी ॥
तिन्ले जो गउदान् गरे अधि बयान् * त्यस्को म लौ के गरूँ ।
वर्षामा जति पर्छ बूँद् सब गने * कम्ती हुनन् ती बरु ॥ २॥

एक् दिन् दान गरेकि गाइ नृगले * भूलेर सोही त्यहाँ ।
फेर् ब्राह्मणकन दान् दिंदा प्रथमका * विप्रै उसै बीच् महाँ ॥
आफ्नी गाइ चिन्हेर माग्न तिनिले * लागे गऊ द्यौ भनी ।
तिन्का बात् सुनी दिन्न गौ बरु नयाँ * भन्दा ति ब्राह्मण् अनी ॥

भन्थे फेर् अधिका ति विप्र गउ लौ ❋ छोड्दीन केही गरी ।
मेरी यी गउ हुन् भनी दुइ लड़ी ❋ गर्थे विवाद् त्यै घरी ॥
आए फेरि ति गर्न निर्णय दुबै ❋ एक् साथ राजा कहाँ ।
सूनी ती दुइका कुरा दुख बहुत् ❋ मानेर राजा त्यहाँ ॥४॥

भन्छन् खूब् समझाई विप्र दुइका ❋ साम्ने अगाड़ी गई ।
कर् जोड़ीकन बिन्ति फेर् गरि लिए ❋ लत्रेर नम्म्रित् भई ॥
'इन्साफ् के गरुँ विप्रजी ! गरि लिएँ ❋ गोदान भूल्मा परी ।
माफ् पाऊँ बरु दिन्छु निग्रह अरु ❋ गाई उसैका सरी ॥५॥

छोड़ी दीनुहवस् म दिन्छु बदला ❋ एक्का उपर् लाख् अरु ।
अन्जान्ले गरि काम यो हुन गयो ❋ हे विप्रजी ! के गरूँ ! ।
यस्तो बिन्ति गरे तथापि अधिको ❋ मालिक् उठी घर् महाँ ।
आए लिन्न भनेर दान गउको ❋ कौनै प्रकार्को त्यहाँ ॥६॥

आर्को विप्रजिले पनी ढिपि गरी ❋ लिन्छू म यै गौ भनी ।
लागे तान्न लिएर गाइ अनि फेर् ❋ जाँदा भए ती पनी ॥
सन्तोष् पार्न सकीन विप्रकन लौ ❋ भन्ने लिई ताप् अती ॥
दान् दीए नृपले बहुत् अरु पनी ❋ संकोच् नमानी रती ॥७॥

केही काल् पछि आयु शेष् हुन गई ❋ राजा मरेथे जसै ।
पक्री यमदुत हेरुले लिइ गए ❋ सोही बखत्मा तसै ॥
सोधे फेर् यमराजले नरपते ! ❋ धेर् पुण्य गर्नू भयो ।
गोदान् धर्म अनेक् गरी कन पछी ❋ यौटा फगत् पाप् छ यो॥८॥

भुल्ले दान दिएकी गाइ पछि यै ❋ दींदा हुँदी दान् महाँ ।
लाग्यो पाप् अब भोग्नु हुन्छ पहिले ❋ कुन् भन्नुहोस् लौ यहाँ ॥

प्रश्नै यो नृपले सुनेर पहिले * भोग्छु म पापलौ भनी ।
बिन्ती पारि लिए जसै यमजिले * आज्ञादिए झट् अनी ।।९।।

'छेपारो भइ बस्न जाउ कुपमा * श्रीकृष्ण औतार् जसै ।
होला त्यै घरि आइ श्री प्रभुजिले * मुक्ती दिने छन् तसै ।।
छेपारो भई सोहि कारण त्यहाँ * बस्थें म कूप्मा परी ।
आए कृष्णजिका कुमार् हरु तहीं *एक्दिन् धनुर्बाण् धरी।१०।।

लाग्यो प्यास शिकार खेलि घुमदा * वन्मा पिऊँ जल् भनी ।
पौंचे गै झट सोहि कूप बिचमा * ती सब् पियासा बनी ।।
देखे सोहि बखत् कुवा बिच गजब्- * को एक् छेपारो जसै ।
दुख् पाएछ भनेर झिक्न सबले * मन्सुब् गरे झट् तसै ।।११।।

ताने अंकुशि हालि फेरि सबले * क्यै सीप गर्दा पनी ।
रत्ती भर् न डगेर त्यो अड़ि रह्यो * हेर्छन् सबै छक् बनी ।।
सब्ले गै विनती गरे सकल हाल् * श्री कृष्णका सङ् महाँ ।
सूनी हेर्छु भनेर श्री हरि पनी *पाल्नू भयो झट् त्यहाँ ।१२।।

छेपारो जब कूपमा प्रभुजिले * देख्नू भएथ्यो जसै ।
बायाँ हात बढ़ाइ छोइ दिनु भो * त्यस्का शरीर्मा तसै ।।
दिव्यै-रूप् भइ फेरि आफ्नु सब हाल्* बिन्ती चढ़ाई त्यहाँ ।
वीदा भै परि पाउमा स्तुति गरी * जाँदो भयो धाम् महाँ ।।१३।।

यस्ता रित्सित एक् पुरुष् कन चढ़ी * दिव्यै विमान्मा अनी ।
जाँदा दिव्य-स्वरूप् धरी सकलले * सोधे यि को हुन् भनी ।।
यस्तो प्रश्न सुनेर श्री प्रभुजिले * भन्नू भयो प्रेम् गरी ।
हे बाबू ! नृगराज हुन् यि बुझिल्यौ * दानी ठुला जग् भरी ।।१४।।

भुल्ले दान गरेकि गाइ गरदा * दान्‌को कठिन् दुख् महाँ ।
यिन्‌ले पर्नु पन्यो भई कन अती * तुच्छै छ गरो यहाँ ॥
खान्छन् जो विष आफु मात्र फगतै * त्यै वीषले मर्दछन् ।
विष् ब्रह्मस्व परे अनेक् कुल समेत् * गै नर्कमा पर्दछन् ॥१५॥

तस्मात् केहि पनी भुलेर कहिले * ब्रह्मस्व तिल् भर् पनी ।
लीनू हुन्न कदापि येही बुझिल्यौ * साँचो कुरा हो भनी ॥
यस्तै धेर् उपदेश् दिएर सबमा * शिक्षा बहूतै गरी ।
सब् लाई सँगमा लिएर घरमा * फिर्नू भयो नर्-हरी ॥१६॥

बलराम व्रज गमन लीला (१२५)

राजन्! एक् दिन सोध्नु भो बलजिले * ब्रज्वासि हेरू त्यहाँ ।
बस्ता हुन् सब दिन् ति हामि दुइको * चिन्ता गरी मन् महाँ ॥
दीनू पर्छ गएर धैर्य सबमा * भन्ने विचार् यो गरी ।
पाल्नू भो बलराम् चढेर रथमा * सौगात ली त्यै घरी ॥१॥

पुग्नू भो ब्रजमा गएर बलराम् * सोही बखत्‌मा जसै ।
हर्षित् भैकन देखि नन्द, यसुदा * आए अगाड़ी तसै ॥
सामू देखि ति दूइ लाइ बलराम् * जीले पनी त्यै घरी ।
पाऊमा परि दण्डवत् गरि लिए * मानेर पूज्यै सरी ॥२॥

धेर् दिन्‌देखि बिछोड् भएर यसुदा * व्याकुल् बहूतै थिइन् ।
तिन्‌ले प्रेमसित राम लाइ खुशि भै * काख्‌मा बसाई लिइन् ॥
आशिर्वाद् दिएर फेरि यसुदा * हे बाबु! भन्छिन् त्यहाँ ।
भाईको पनि क्षेम्-कुशल् सब कहू * मेरा अगाड़ी महाँ ॥३॥

गर्छन् याद् कहिल्यै कि ती मन महाँ * हाम्रो पनी बात् गरी ।
भूले की ब्रजबासि लाइ हरिले * आनन्द सोख्मा परी ॥
येती बात् भनि प्रेमले विकल भै * बल्रामको शिर् महाँ ।
धारा आँशु बहाइ सेचन गरिन् * सोही बखत्मा त्यहाँ ॥४॥

सोधे नन्दजिले पनी कुशल क्षेम् * फेरी लगी त्यै घरी ।
ख्वाए व्यञ्जन फेर् अनेक् तरहका * रामलाइ खूब् प्रेम् गरी ॥
पङ्खा ली करमा यशोमति तहाँ * हाँकिथिन् समीप्मा गई ।
यो खाऊ प्रिय बाबु ! यो अति मिठो *भन्थिन् बहुत् खुश् भई ।५॥

माताको बुझि प्रेम-भाव अति फेर् * बल्रामजी खुश् भए ।
आए राम् भनि यो खबर् सुनि सबै * गोप्हेरु भेट्नै गए ॥
खूशी सब् ति भएर फेरि बलराम् * जीले पनी प्रेम् गरी ।
प्रत्येक्का सँग अङ्कमाल् गरि लिए * आदर् गरी बेसरी ॥६॥

आए फेर् हरिका ति गोपिनि सबै * थीए सखी जो त्यहाँ ।
आफ्नू दुःख पुकार् गरी सब कही * बलराम्का सङ् महाँ ॥
हे नाथ् ! दासि भयौं कुटुम्ब तजि सब् * हामी त जस्का उपर् ॥
बस्छन् ती अब लौं निठूर भइ हा ! * केही न ली खोज् खबर् ॥७॥

ऐह्ले ती रहि द्वारिका पुरि विषे * रानी हजारौं लिई ।
गर्दा हुन् सुख-भोग नित्य खुशि भै * आनन्दमा मन् दिई ।
दासी हुन् भनि केही बात गरदा * कैह्ले हरी मन् महाँ ।
सम्झन्छन् कि कसो बताउनु हवस् * या बिर्सि बस्छन् त्यहाँ ॥८॥

यस्ता गोपिनिहेरुका प्रिय-वचन् * राम्ले सुनेये जसै ।
क्षेम्-कुशल् हरिको सुनाइ सबको * मन् खुश् गराए तसै ॥

सोही औसरमा वसन्त ऋतु भर् * वृन्दा-वनैमा गई ।
रामूले रास् गरनू भयो सकलका * सङ्‌मा बहुत् खुश् भई ।।९।।

पूर्णै चन्द्र उदाइ त्यैं घरि अती * शीतल् किरण्ले गरी ।
आफ्नू ज्योति फिंजाइ खूब् सित सुधा * वर्षा गरे त्यैं घरी ।।
लाग्यो वायु पनी लिई मलयको * खुश्बू उही काल् महाँ ।
चीसो भैकन् चल्न, गोपिनि लिई * बल्‌राम थीए जहाँ।।१०।।

बल्‌रामूले पिइ वारुणी जल-क्रिडा * गर्छू म ऐल्है भनी ।
डाके श्री जमुनाजि लाइ नजिकै * सोही बखत्‌मा अनी ।।
मन्‌मा ली अभिमान् नटेरि यमुना * चुप्‌चाप लागिन् जसै ।
तान्नूभो बलरामले घरि हली * आफ्नू नगीच्मा तसै।।११।।

डर् मानी अति काँपि स्त्री-रुप लिई * रामूका चरण्मा परी ।
लागिन् खूब् यमुनाजि गर्न स्तुति फेर् * हात् जोरि साम्नू सरी ।।
हे राम्! हे प्रभु! शेषनाथ्! हजुरको * आज्ञा न मानी यहाँ ।
मैले खूब अनादरै गरि लिएँ * बुद्धी न पुग्दा महाँ।।१२।।

यस्तो हो महिमा भनी हजुरको * जानीन केही पनी ।
माफ् पाऊँ अबला भनेर विनती * गर्दी भइन् खूब् अनी ।।
यस्ता स्तव् सुनि माफ् दिएर यमुना- * जी लाइ बाधा हरी ।
पस्नू भो बलरामजी जल महाँ * सब् गोपिनीसाथ् धरी।१३।

केही काल् जलमा गरीकन क्रिडा * अत्यन्त शोभित् भई ।
जल्देखी निसके ति गोपिनि सहित् * श्रीराम् किनार्‌मा गई ।
टक्रयाए नव-वस्त्र भूषण अनेक् * धौता हरूले त्यहाँ ।
पैह्री सोहि समस्त भूषण लुगा * फर्के सबै घर् महाँ।।१४।।